ISSN 2091 2013

# हाम्रो पुरुषार्थ

त्रैमासिक

## कवि प्रयासी स्मृति-अङ्क



"संसारमा माटोभन्दा
पानी धेरै ह कि ?
सकेसम्म आँसुलाई
संगालेर हो कि ?"

किरण पुस्तकालय
तम्घास, गुल्मी



तत्कालीन श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीरविक्रम शाहदेव तम्घास सवारी हुँदा स्काउटको तर्फबाट अभिवादन चढाउँदै कवि प्रयासी



अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टरसँग कवि परिवार



किरण पुस्तकालयको प्राङ्गणमा कविशिरोमणि लेखनाथ-जयन्ती समारोहमा कवि प्रयासीका साथ अन्य साहित्यकारहरू

# हाम्रो पुरुषार्थ
(त्रैमासिक)

❑ वर्ष : ४७ ❑ अङ्क : ३ ❑ सम्पूर्णाङ्क : ८६ ❑ वैशाख-असार, २०७७

**सम्पादक**
शशि पन्थी

**सह-सम्पादक**
दीन पन्थी

**सहायक सम्पादक**
भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**
गोपाल पन्थी
राधा पन्थी
हिमकला राना
ईश्वर वि.क.

**किरण पुस्तकालय**
तम्घास, गुल्मी (फोन : ०७९-५२०२८७)
सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३)
मो.नं. : ९८५११४८८०७, ९७४७००२०७९
E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com
Website : www.kiranpustakalaya.com

मूल्य : रु.२००/-

*कम्प्युटर सेटिङ : ईश्वर वि.क.*
*मुद्रक : सुशिला प्रिन्टर्स, गुल्मी ०७९-५२०४५०*
*E-mail : spgulmi 33@yahoo.com*

आवरण चित्र : कवि प्रयासी (चित्रकार : रमेशजंग कुँवर)

## काठमाडौं प्रतिनिधि

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७

**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ०१-४८२०२२१

**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६

**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६

**ध्रुवराज पन्थी**
फोन नं. ०१४२७८६५१

**कृष्णप्रसाद भण्डारी "मुमुक्षु"**
फोन नं. ९८५६०३२४७७

## रुपन्देही प्रतिनिधि

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८

**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११

**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४

**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

## पाल्पा प्रतिनिधि

**कमल खत्री**
फोन नं. ९८४७३०९०८

## चितवन प्रतिनिधि

**पूर्णप्रसाद अधिकारी**
फोन नं. ०५६-५२८१६०

## दाङ प्रतिनिधि

**अर्जुनप्रसाद भट्टराई**
फोन नं. ९८६८६३०४६१

## पोखरा प्रतिनिधि

**शङ्कर ज्ञवाली**
फोन नं. ९८५६०३१४४४

## विदेश प्रतिनिधि

**डा. गोपालप्रसाद शर्मा**
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

**शंकरप्रसाद शास्त्री**
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९९७२०७४८४

**महेन्द्रकुमार लम्साल**
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

**विष्णु शर्मा**
पी. डब्लू. डी. कोलोनी
डिफू, कर्बी, एङ्लोङ्, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

**हरिनारायण सापकोटा**
७१९-सेमेका एभेन्यू, १ आर, रिजबुड, क्वीन्स, जिप्कोड-११३८५, न्यूयोर्क, अमेरिका
फोन नं. १-३४७-५१०-२७७१

सम्पादकीय

# प्रयासीको सम्झनामा

- अँध्यारो थियो त्यो समय । शिक्षा र ज्ञानको उज्यालो टाढै थियो अझै । ज्ञानको ज्योति सल्काउने सुरसार हुँदै थियो गुल्मीमा । किरण पुस्तकालय झुल्कदै थियो मिर्मिरेमा । उज्यालोलाई बोलाउन र बढाउन प्रयासरत थिए–कवि प्रयासी अर्थात् भेषबहादुर कुँवर पनि । जुनकिरी झैं थिए उनी अँध्यारोमा सानो उज्यालो बालेर ।

- कलाले, गलाले, भावनाले, विचारले परिपूर्ण थिए उनी । समस्याहरूसित जुझ्दै शिक्षित बनेका थिए उनी । सहज प्रतिभा र अन्तःप्रेरणाले कवि बनेका थिए उनी । नियतिका प्रहारले, अनन्त संवेदनाले भावुक बनेका थिए उनी । वनफूल झैं निर्जनमा फुलेका प्राकृत फूल थिए उनी । उनले जति लेखे जनताको भाषामा लेखे, जति गाए स्वान्तःसुखाय गाए ।

- किरण पुस्तकालयको स्थापनामा, सञ्चालनमा, संवर्धनमा एवं 'हाम्रो पुरुषार्थ'को पुरुषार्थमा उनका पुरुषार्थ मिसिएका छन् । आफ्ना सृजनाले, स्वरले, अक्षरले डाँडापाखा जगाएका छन् उनले । आफ्ना अजरामर कृतिहरूमा अमर भएका छन् उनी । उनको देहावसानबाट अपूरणीय क्षति भएको छ–साहित्यको समृद्धिमा, चेतनाको प्रवाहमा, अक्षरको प्रसारमा ।

- शिक्षणमा, सृजनामा, गायनमा प्रयासीको प्रतिभा स्मरणीय छ । देवकोटा र धर्मराज थापाको प्रभाव उनको सृजना र गायनमा प्रतिबिम्बित छ । नेपाली कविताको रोमान्टिक धारका कवि हुन् उनी । युगबोध छ उनका कवितामा । मानवता र स्वतन्त्रताका अटूट स्वर छन् उनका सृजनामा । नेपाल राष्ट्रका स्पन्दन र गुञ्जन छन् उनका अक्षर र शब्दमा । किरण पुस्तकालयका पूर्व कोषाध्यक्ष 'हाम्रो पुरुषार्थ'का सहायक सम्पादक एवं प्रतिभाशाली कवि, गायक उनै भेषबहादुर कुँवर 'प्रयासी'को सम्झना र सम्मानमा 'हाम्रो पुरुषार्थ'को प्रस्तुत अंक समर्पित छ ।

–०००–

# कुटुरो फुकाउँदा


| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| १. | कक्षामा कथा, कविता, गीत सृजना ... | चिरञ्जीवी शर्मा | १ |
| २. | सधैं किरणको सम्झनामा | भेषबहादुर कुँवर प्रयासी | ६ |
| ३. | प्रयासीसंगका पचास वर्ष | शशि पन्थी | ८ |
| ४. | कवि प्रयासीको सम्झनामा | दीन पन्थी | १६ |
| ५. | मेरा असल गुरु भेषबहादुर कुँवर | बमबहादुर कार्की | २० |
| ६. | कवि भेषबहादुर कुँवरका काव्यप्रवृत्ति... | पदमप्रसाद पाण्डे | २३ |
| ७. | बाईस तरङ्ग कविता-सङ्ग्रहमाथिको ... | टंकप्रसाद पन्थ | २९ |
| ८. | My Memories of Kabi Sir | Michael Harris | ४२ |
| ९. | गुर्धुमको भीर | दीपक विश्वकर्मा | ४६ |
| १०. | कवि सरलाई सम्झिदा | डबल बि.सी. | ५१ |
| ११. | बादल टुक्रा-टाक्रीभित्रका कवि प्रयासी | भुवनप्रसाद अर्याल | ५५ |
| १२. | शब्दश्रध्दा कवि भेषबहादुर कुँवरप्रति | त्रैलोक्यप्रताप सेन | ६७ |
| १३. | शब्द श्रद्धाञ्जलि : कवि प्रयासीप्रति | लक्ष्मणप्रसाद रिजाल | ६९ |
| १४. | भेषबहादुर कुँवर 'प्रयासी' भीरपाखामा... | भुवनप्रसाद श्रेष्ठ | ७२ |
| १५. | कवि कुँवर मेरो मनपर्दो व्यक्तित्व | ध्रुवराज पन्थी | ७५ |
| १६. | कवि भेषबहादुर कुँवर 'प्रयासी'प्रति ... | ज्ञानबहादुर कार्की | ७८ |
| १७. | भेषबहादुर कुँवर सरको सम्झनामा | राजेन्द्रप्रसाद श्रेष्ठ | ८३ |
| १८. | गर्व छ मलाई हजुरको सन्तान हुनुमा | डा. ईश्वरीजंग कुँवर | ८५ |
| १९. | यसरी सम्झन्छु म भेषबहादुर... | डोरविक्रम श्रीस | ९० |
| २०. | एक युगीन प्रतिभा : कवि भेषबहादुर ... | भीष्मप्रसाद श्रेष्ठ | ९३ |
| २१. | मेरो दृष्टिमा भेषबहादुर दाइ | महेन्द्र पाण्डेय | १०० |
| २२. | कवि भेषबहादुर सरसँगको सामीप्यता | गोपाल पन्थी | १०२ |
| २३. | बुबाका बारेमा मेरा गन्थनहरू | डा. विजयजंग कुँवर | १०६ |
| २४. | प्रतिमानको कुटी | विश्वनाथ पन्थी | ११२ |
| २५. | कवि प्रयासीलाई सम्झदा | माधवप्रसाद ज्ञवाली | ११४ |
| २६. | भेषबहादुर सरप्रति श्रद्धासुमन | मोतीप्रसाद खनाल | ११५ |
| २७. | कवि प्रयासी र उहाँको बाईस तरङ्ग ... | लक्ष्मी अर्याल | ११७ |
| २८. | स्व. भेषबहादुर सरप्रति | गोमा सेन | १२६ |
| २९. | आदरणीय गुरु भेषबहादुर कुँवरप्रति... | विष्णु सापकोटा | १२८ |
| ३०. | अब स्मृतिमा मात्र भेषबहादुर सर | ढुण्डिराज पन्थी | १३० |
| ३१. | भेषबहादुर सरलाई सम्झदा | कविता पन्थी | १३३ |
| ३२. | बहुआयामिक व्यक्तित्व स्व. भेषबहादुर... | सन्तोष गौतम | १३५ |

| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| ३३. | स्मृतिको तरेलीमा भेष सर | नवीन मरासिनी | १३७ |
| ३४. | प्रयासीका प्रयासहरूलाई पच्छ्याउँदा | पन्थी रामप्रसाद | १४० |
| ३५. | प्रेरक व्यक्तित्व भेषबहादुर सरको... | गणेश श्रीपाली | १४५ |
| ३६. | मेरो स्मरणमा भेष बहादुर सर | वीरेन्द्र श्रेष्ठ | १४७ |
| ३७. | मेरो स्मृतिमा कान्छाबा 'प्रयासी' | चनकबहादुर कुँवर | १४८ |
| ३८. | मेरो बुबा मेरो जीवनको आदर्श शिक्षक | रमेशजंग कुँवर | १५० |
| ३९. | बुबासंग जोडिएका यादहरू | हेमन्तजंग कुँवर | १५६ |
| ४०. | अलबिदा भेषबहादुर सर | वसन्त भुजेल | १६० |
| ४१. | बुबालाई सम्झदा | शान्ता के.सी. कुँवर | १६२ |
| ४२. | मैले चिनेको भेषबहादुर सर बुबा | निराशा के.सी. कुँवर | १६४ |
| ४३. | सम्झनामा बुबा हजुर ! | बीमा के.सी. कुँवर | १६६ |
| ४४. | आदरणीय बुबा | माया कुँवर | १६७ |
| ४५. | मैले चिनेको बुबा | सन्तोषी पोखरेल कुँवर | १६९ |
| ४६. | मामासंगका केही ससंम्रणहरू | कमला मरासिनी | १७१ |
| ४७. | मेरालागि बुबाको मार्गदर्शन | गायत्री कुँवर कार्की | १७३ |
| ४८. | बुबाका सृजना सम्बन्ध र स्मृतिमा म | मायालक्ष्मी कुँवर | १७४ |
| ४९. | बुबाविनाको घर | दयालक्ष्मी कुँवर | १७८ |
| ५०. | दाजु भेषबहादुर कुँवरप्रति श्रद्धासुमन | शारदा पन्थी खनाल | १७९ |
| ५१. | गुरुसँग जोडिएका यादहरू | निर्मला श्रेष्ठ | १८० |
| ५२. | Grandchildren's memories of... | Gaurav, Pratistha, Nishant, Aabhakhusi Kunwar | १८२ |
| ५३. | मभित्र जीवित भेषबहादुर कुँवर 'प्रयासी' | सबिन बस्नेत | १८६ |


## स्थायी स्तम्भहरू


| | | | |
|---|---|---|---|
| १. | सम्पादकीय | सम्पादक | iii |
| २. | भेटघाट | शशि पन्थी | १ |
| ३. | पुस्तकालय परिचय | भारद्वाज | १८८ |
| ४. | किरण पुस्तकालयको पातो | सचिव | १९० |
| ५. | नौलो सृष्टि : सानो दृष्टि | अकिञ्चन | १९२ |
| ६. | यताउताबाट | बादल | १९७ |
| ७. | पाठक-प्रतिक्रिया | रमेशजङ्ग कुँवर | १९८ |
| ८. | किरण पुस्तकालयका विशिष्ट/आजीवन सदस्यको परिचय | | २०० |
| ९. | हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरूको नामावली | | २०१ |


ooo

किरण पुस्तकालय, गुल्मीले 'हाम्रो पुरुषार्थ' साहित्यिक त्रैमासिक पत्रिकाको सम्पूर्णाङ्क-८६ लाई 'कवि प्रयासी स्मृति-अङ्क'को रूपमा प्रकाशनमा ल्याउन थालेकोमा शुभकामना व्यक्त गर्दै स्वर्गीय कवि प्रयासीप्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

# काली गण्डकी गाउँपालिका परिवार

**गुल्मी**

(गाउँपालिकावासी सबैले जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, सम्बन्ध विच्छेद एवम् बसाइँसराइ जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराउन, खुला स्थानमा दिसापिसाब नगर्न, सार्वजनिक सम्पत्तिको संरक्षण गर्न, खाली ठाउँमा वृक्षरोपण गरी वातावरणीय सौन्दर्य बढाउनका लागि ध्यान दिन हामी सबै दाजुभाइ तथा दिदीबहिनीहरूलाई हार्दिक अनुरोध गर्दछौं ।)

# कथा, कविता, गीत सिर्जना गरी रोचक शैलीमा विद्यार्थीहरूलाई शिक्षण गर्ने प्रयासीको बानी थियो ।



✍ **चिरञ्जीवी शर्मा**

*(श्री चिरञ्जीवी शर्माको जन्म वि.सं. १९९३ चैत्र २९ गते हालको रेसुङ्गा नगरपालिका वा.नं. ४, रोहिदी अर्खलेमा भएको थियो । उहाँले प्रारम्भिक शिक्षा घरमै प्राप्त गर्नुभएको थियो । लघुकौमुदी र अमरकोष तम्घास उधिनढुङ्गामा पं. कृपाराम पन्थीद्वारा निर्मित पौवामा वि.सं. २००५ सालमा पं. गोविन्द मरासिनीबाट सञ्चालित पाठशालामा पढ्न प्रारम्भ गरी धुर्कोट कटौजे, मुसिकोट भराहा, रूकुम मुसिकोट खलङ्गा, ऋषिकेश आदि ठाउँमा संस्कृत शिक्षा अध्ययन गरी नेपालबाट २०१७/२०१८ सालमा १० महिने नर्मल तालिम प्राप्त गर्नुभएको थियो । २०१८ साल फागुनदेखि तम्घास स्थित महेन्द्र हाई स्कूलमा अध्यापन कार्य प्रारम्भ गरी २०२५ सालमा त्यसै हाई स्कूलबाट छुट्टिएको रेसुङ्गा प्राथिमक विद्यालय (हाल रेसुङ्गा माध्यमिक विद्यालय) मा २८ वर्षभन्दा लामो समयसम्म प्रधानाध्यापकको जिम्मेवारी कुशलतापूर्वक पूरा गरी सेवानिवृत्त हुनुभएको थियो । उहाँ शिक्षाप्रेमी, समाजसेवी, साहित्यानुरागी हुनुका साथै आध्यात्मिक ज्ञान र धर्मशास्त्रका अध्येता हुनुहुन्छ । उहाँका बिहानीपख, शैल-सन्देश, हाम्रो पुरुषार्थ आदि पत्रिकामा कविताहरू छापिएका छन् । उहाँले कवि भेषबहादुर कुँवर 'प्रयासी'लाई पढाउनुका साथै सँगै अध्यापन पनि गर्नुभएको थियो । उहाँले आफूले पढाउँदा र रेसुङ्गा प्राथमिक विद्यालयमा सँगै अध्यापन कार्य गर्दा प्रयासीलाई निकै नजिकबाट चिन्नुभएको थियो । त्यसैले उहाँसँग भेट गरी श्री शशि पन्थीले लिएको अन्तर्वार्ताको संक्षिप्त विवरण यहाँ प्रस्तुत गरिएको छ ।*

***-सम्पादक)***

**१. अहिले तपाईं कति वर्षको हुनुभयो ? अहिलेका बालक र युवाहरूलाई अनौठा लाग्ने उतिबेलाका तपाईंको बाल्यजीवन र युवावस्थाका केही रोचक प्रसङ्गहरू उल्लेख गरिदिनुहोस् न ।**

❑ अहिले म ८३ वर्ष पूरा भै ८४ वर्षामा लागें । म बालक हुँदा पढाइका लागि बाँसका सुपला र काठमा माटो राखी छेस्काले लेख्न र सिकियो । अलिपछि काठको पिर्कामा अँगारले कालो लगाई पहेंलो ढुंगाले लेखिन्थ्यो । केही समयपछि कलमबारेमा थाहा पाएर पं. डिलाराम पन्थीले निगालोको कलम बनाइदिनुभयो र मसीका लागि मकैको पोके, सिमीको पात, मसुरे कटुस, आँपका बोक्रा पकाएर मसीको प्रयोग गरियो । खेल खेल्दा बाँसका लट्ठी, मकैको ठोडलाई माथि चढेर दौडने अनि पहिलो हुनेले हार्नेलाई थप्पड लगाउने गरिन्थ्यो ।

**२. तपाईंले शिक्षा आर्जन् कहाँ कसरी गर्नुभयो ?**

❑ साधारण अक्षरारम्भ घरमै हजुरबुबाबाट नै शुरू गरी चण्डी र रुद्रीको अध्ययन पूरा गरें । वि.सं. २००५ सालमा उधिनढुङ्गा चौपारी र पौवामा अर्घाखाँची भ्वाँग निवासी श्री गोविन्द मरासिनी (ऋषभदेवका पिता)बाट लघुकौमुदी र अमरकोषको शिक्षा आरम्भ गरें । त्यसपछि २००७ सालमा पिपलधाराको कटौंजेमा स्वर्गद्वारीका गणेश । ऋषिराम खनालका घरको पाठशालामा पढें । २००८ सालमा रूकुम जिल्लाको मुसिकोट खलङ्गा गै १ वर्ष अध्ययन गरें । २००४ सालमा भारतको ऋषिकेशको १०८ बाबा कालीकमली संस्कृत विद्यालयमा औपचारिक शिक्षा आरम्भ गरें ।

**३. तपाईंले अध्यापन कार्य कहिलेदेखि कहिलेसम्म कहाँ कहाँ गर्नुभयो ?**

❑ मैले अनौपचारिक रूपमा २०१५/१६ सालतिर हालको जनविकास मा.वि.पराल्मीमा पढाउन सुरू गरें । केही समयपछि पुनः भारतमा गएँ । २०१७ सालतिर घर आई अर्खलेका पन्थीको पौवा (हाल बुद्ध मा.वि भएकै ठाउँ) मा अनौपचारिक रूपले पढाउन थालें । १ माना आटो र ०।५० पैसा प्रति विद्यार्थीबाट शुल्क उठाइन्थ्यो । त्यसपछि २०१९।०१।१४ देखि तम्घासको महेन्द्र हाई स्कूलमा औपचारिक रूपमा नियुक्ति पाई शिक्षण गर्न थालें । २०२५/०५/१० मा त्यस विद्यालयको व्यवस्थापन समितिको निर्णयअनुसार छुट्टै प्रा.वि.कक्षा सञ्चालन गर्ने निर्णयबमोजिम श्री रेसुङ्गा प्रा.वि.को नामकरण गरी त्यस विद्यालयको प्र.अ.भै कार्य गरी २०२७ सालदेखि तम्घासको उधिनढुङ्गामा रहेको कृपाराम पन्थीद्वारा निर्मित पौवामा उक्त विद्यालयको सञ्चालन आरम्भ गरी त्यस विद्यालयमा २०५३/०८/०३ सम्म प्रधानाध्यापकको रूपमा सेवा गरी २०५४/०८/०४ गतेदेखि सेवानिवृत्त भै जीवन व्यतीत गरिरहेको छु ।

## ४. अध्यापनकालका सुखद र दुःखद अनुभूतिहरू के कस्ता छन् ?

❑ मेरो अध्ययन-कालमा पढ्ने अवसर नहुँदा धेरै ठाउँ डुलेर पढ्नु पर्ने, विद्यालय खुलेको छ भनेर त्यो ठाउँमा पुग्दा आफूले पढेभन्दा तल्लो स्तरको पढाइ हुने ठाउँ भएको र आफू त्यसै फर्किनुपर्दा अत्यन्तै दुःखित बन्नुपर्थ्यो । जब म पढ्नलाई ऋषिकेश पुगें तब गुरु गंगाधर झाले मलाई प्रश्न सोध्नुभो, "तिमी नेपाली, गडबाली, मैथिली के हो ? व्रतबन्ध भो कि भएन ? गायत्री मन्त्र थाहा छ कि छैन ?" थाहा भए भन भन्दा मैले गायत्री मन्त्र सुन्ने गरी भन्न हुँदैन भन्ने जवाफ दिंदा गुरुले मसँग भन्न हुन्छ भन भनेपछि मैले स्पष्ट गायत्री मन्त्र सुनाउँदा स्याबास सक्कली बाहुनको छोरा रहेछौ । तिमीलाई पढ्ने व्यवस्था म मिलाउँछु भन्दा सबैभन्दा बढी खुसी भएको अवस्था हो ।

## ५. तपाईंले भेषबहादुर कुँवरलाई पनि पढाउनुभयो । होइन र ?

❑ हो, पढाएँ ।

## ६. विद्यार्थीकालका भेषबहादुर कुँवरलाई कसरी सम्झनुहुन्छ ?

❑ भेषबहादुर कुँवरलाई महेन्द्र हाई स्कूलमा पढाउने मौका पाएँ । विद्यार्थीकालका भेषबहादुर कुँवरलाई पढाउँदा कक्षामा बसेर पढ्दै गर्दा कक्षाका साथीहरूले उनको मसीको भाँडोबाट मसी खनाइदिएछन् । म पढाउन जाँदा कसले यस्तो गरे भन्दा उनले साथीको नाम पटक्कै लिन चाहदैनथे । साथीसँग उनको असाध्यै घनिष्ठता थियो । उनी लगनशील, इमानदार, अध्ययनशील विद्यार्थीको रूपमा मेरो स्मरणमा रहेका छन् ।

## ७. तपाईं र भेषबहादुर कुँवरले सँगै पढाउँदाका अनुभवहरू के कस्ता छन् ?

❑ संयोगले भेषबहादुर कुँवर र मैले महेन्द्र हाई स्कूलमा सँगै अध्यापन आरम्भ गरेपछि २०२५ सालमा रेसुङ्गा प्रा.वि.को स्थापना (महेन्द्र हाई स्कूलको प्राथमिक कक्षा अलग भएपछि) सँगै उनीसँगै म रेसुङ्गा प्रा.वि.को प्र.अ. भएँ र उनले सहायक प्र.अ.को रूपमा काम गरे । पछि शिक्षा कार्यालयले पूर्व व्यावसायिक तालिमका लागि भेषबहादुर कुँवरलाई बुटवल पठायो । तालिम पूरा गरी फर्केपछि नि.मा.वि.स्तरको शिक्षकको रूपमा नियुक्ति पाई उनले पुनः महेन्द्र हाई स्कूलमा अध्यापन गर्ने कार्य गरे ।

## ८. भेषबहादुर कुँवरलाई सम्झन खोज्दा उनका स्मरणीय कार्यहरू के के देख्नुभएको छ ?

❑ उनी, असाध्यै चतुर, हँसाएर मात्रै बोल्ने, आफू निकै अध्ययनशील थिए । हामीसँगै पढाउँदा आफ्नो कार्यलाई असाध्यै महत्त्व दिने गर्दथे । शिक्षण

गर्दा विद्यार्थीहरूलाई दन्त्यकथा, पहेली, हँस्यौली आदि सुनाएर विद्यार्थीलाई आकर्षण गर्ने क्षमता थियो । आफ्ना बाबुको भक्तिसंगीतबाट प्रेरित भएर आफ्नो शिक्षण कार्यमा पनि गीत र कविता सिर्जना गरी रोचक शैलीमा विद्यार्थीहरूलाई सुनाउने उनको बानी थियो । मिहिनेत र इमान्दारिता भेषबहादुर कुँवरको मसँगको शिक्षण कार्यको विशेषता नै थियो ।

**९. तपाईं किरण पुस्तकालय व्यवस्थापन समितिमा जिल्ला शिक्षा कार्यालयको प्रतिनिधित्व गर्दै लामो समय सदस्य भएर रहनुभयो । पुस्तकालयका गतिविधिहरूको के-कसरी मूल्याङ्कन गर्नुभएको छ ?**

❑ मैले महेन्द्र हाई स्कूलका तत्कालीन प्र.अ. प्रयागलाल श्रेष्ठद्वारा स्थापित गुल्मी ६ जिल्ला पुस्तकालयको सचिवको रूपमा काम गरेको थिएँ । पछि किरण पुस्तकालयमा जिल्ला शिक्षा कार्यालयबाट मलाई मनोनीत गरियो । सुरूमा साप्ताहिक लुम्बिनी सन्देश, दैनिक निर्णय, गोरखापत्र, स्वतन्त्र विश्व र सोभियतभूमि भन्ने पत्र-पत्रिका पुस्तकालयमा आउँथे । सुरूमा यसरी आरम्भ गरिएको पुस्तकालयले आज 'हाम्रो पुरुषार्थ'लाई आफ्नो पत्रिकाको रूपमा प्रकाशन आरम्भ गरी निरन्तर रूपमा पत्रिका प्रकाशन भैरहदा निकै खुशी लागेको छ । पुस्तकालयले विभिन्न पुस्तकहरू र हाम्रो पुरुषार्थका विशेष अङ्कका रूपमा विभन्न विशेषाङ्कहरू प्रकाशन गरेकोमा हर्ष लागेको छ । सुरूमा हाम्रो पुरुषार्थको प्रधान सम्पादक शशि पन्थी, सम्पादक म र सहायक सम्पादक भेषबहादुर कुँवर भै प्रकाशन आरम्भ गरेका थियौं । पुस्तकालयको आजीवन सदस्य रहेर धेरै समय काम गर्ने अवसर मिल्यो । बौद्धिक व्यक्तित्व श्री शशि पन्थीज्यूको आगमन र प्रयासले पुस्तकालयलाई आजको अवस्थामा ल्याइपुर्‍याउन सक्षम भएको अनुभव मैले गरेको छु ।

**१०. जीवन कस्तो लाग्यो ?**

❑ जीवन संघर्षमय छ । समयअनुसार जीवनलाई परिवर्तन गर्न सक्नुपर्छ, त्यसो भएमा कसैले निराश बन्नु पर्दैन । सुख खोज्नेले समयको सदुपयोग गर्न जान्नुपर्दछ । जीवनको उत्तरार्धसम्म बाँचेर संसारका विभिन्न वस्तुको उपयोग गर्न पाउनु र गुरुबाट पाएको उपदेशअनुसार कार्य गर्न पाउनुलाई मैले आफ्नो जीवन सफल भएको अनुभव गरेको छु ।

**११. नयाँ पुस्तालाई तपाईं के भन्न चाहनुहुन्छ ?**

नयाँ पुस्ताले पनि समयअनुसार चल्न सक्नुपर्छ र समय चिन्नुपर्दछ । समय सधै एकनास हुँदैन ।

**१२. अरू थप कुरा पनि केही छन् कि ?**

❑ अन्त्यमा, मैले शिक्षा लिने क्रममा मेरो जीवनका लागि जीवनकालको अवधि सन्तषोषपूर्वक व्यतीत गर्ने अवसर मिल्यो । जुनकुरा मैले मेरो गुरुबाट प्राप्त गरेको थिएँ । जहाँ जति वर्ष बस्छौ बस, पढ्छौ पढ तर 'गभर्नमेन्टको सर्भेन्ट नहुनू' भनेको आदर्श भनाइअनुसार मैले ३५-३६ वर्षसम्म शिक्षण गर्ने अवसर प्राप्त गरें । गुरुको आज्ञाअनुसार विद्यादानभन्दा ठूलो दान अरू केही छैन । यस्तो महत्त्वपूर्ण विद्यादान गर्न पाएकोमा मलाई धेरै खुशी लागेको छ । जीवनमा भोगेको सबैभन्दा ठूलो दुःख भनेको महेन्द्र हाई स्कूलमा पढाउँदा एउटा बाँदर काण्ड घट्यो । यसै क्रममा बाँदर काण्डमा परी एकरात पुलिस थानामा बस्नुपर्‍यो र पुलिसको पिटाइ पनि खानुपर्‍यो । यसबाहेक अरू त्यस्तो ठूलो कष्ट ब्यहोर्नु परेन । सरल र सहज जीवन बिताउन पाइरहेको छु । यसैमा मलाई आनन्द छ ।

ooo


काठमाडौं उपत्यकाभित्रका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहक एवम् लेखक र कविहरूले भक्तपुर बसस्टप नजिकै बागबजार, काठमाडौंमा रहेको

**भण्डारी बुक्स एण्ड स्टेशनरीज**

**(फोन नं. ०१-४२४१४८५/२६०९०६)**

बाट आफ्नो प्रति बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।

**सम्पादक**

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

**किरण पुस्तकालय**

**तम्घास, गुल्मी**

# सधै किरणको सम्भनामा

✍ **भेषबहादुर कुँवर 'प्रयासी'**
**रे.न.पा.-२, गुल्मी**

आयौ सर्र कुनै बतास सरिको बाढीमहाँ हुत्तियौ
उत्रियौ तिरमा अनन्त पिरमा क्या सारो मत्मत्तियौ ।
देखिन्छौ अति शुभ्र स्वच्छ गति त्यै कान्ती छटा भैं भयौ
आयो रात अहो ! जघन्य कलिमा, यो रोक्न लौ तम्सियौ ॥

सोभ्का सर्र तिखा अभद्र कलिका, जो मस्तमा मच्चियौ
उड्दै छन् अति धेर काल कलुषा थांग्रा र भांग्रा लिई ।
यसैका तिमि छौ तथापि परिचित आन्द्रा लुकाइदियौ
डुबेका मति अन्धकार भुतरा आजै सुकाइदियौ ॥

चारै युग धुरे तथापि कलिको यो चम्किलो कालीमा
जो भ्यास्सै अब ता सिधै पर गस्र्यो द्वापरको मूल घाँटीमा ।
पढ्नेछन् ईशले विचित्र कलिको यो रामछाया पनि
भुल्नेछन् कति खेर छोडेर खितका धन्नै हो माया भनी ॥

यस्तै थे अधिका तथापि गुणका जोखिममा अल्भिए
आजै जाल पस्र्यो हो धुरी बिचमा श्री सूर्य भैं बल्भिए ।
कौनै कार्य यहाँ थिएन अगुवा यो सेंठ तम्घासमा
व्यर्थै यो किन हो रह्यो अघि पनि सदरमुकाम गुल्मीको ॥

आए लाख यहाँ चकोर चमेरा जो रातमा तन्किए
धाए उल्लु पनि उडे जुनकिरी पारूँ उज्यालो भनी ।
छ्या ! छ्या ! छ्या ! किन थ्यो सहस्र गतिलो न बान्किलो नै थियो
भुके स्यालहरू तथापि खाल्डो सारै मसन्नै थियो ॥

चम्के दीपहरू तथापि उजेलो कान्ति थिएन यहाँ
भर्के भेलहरू तथापि खँदिलो जलै बगेन यहाँ ।
भल्के लाइटका सहस्र फकसा जो निर्निमेषै रहे
भल्के खाली पला चिमिक्क नभई बल्दै र निभ्दै गए ॥

आयो छक्क भयो एकान्त यो कुना देखेर नौलो शशी
जो चर्को नथियो थिएन मनमा रत्ती त भर्को पनि ।

बल्दै धप्प चुली सिगारी अर्जुन पूर्वै निहारी रह्यो
राखी शिरमहाँ मुकुट हसिलो दङ्थ्यो रेसुङ्गा पनि ॥

आयौ झल्ल बली सहर्ष धागिथुम् आजै उज्यालो भयो
खानिगाउँ पनि बल्यो भुजेलको खर्कै पनि हर्षियो ।
पुग्यो किरण यो सरर्र छिरदै उपल्लो तम्घासमा
एवं रीत गरी यो पुग्छ कहिले सारा नेपालै भरी ॥

यो टालो एक हो तथापि पुतली बन्ने महा लक्ष्य छ
बाटाको सब दुख् धुरी पर छरी बगोस् छ शुभकामना ।
यो भेल हो बरखे तथापि यसले सागर पनि सिर्जियोस्
यो बीजै कलिलो तथापि लहरी चारौं तरफ् जेल्दियोस् ॥

यो बालक कलिलो तथापि दिनदिन् हुर्केर यो बड्दियोस्
जो चाह्यो शशिको सुवानी गतिलो उस्को पिरै हर्दियोस् ।
यस्ता पुण्य मती कुँदे जब यहाँ यो ठाउँ पवित्र भो
बाँकी हाड पनि पचून् यही भूमि मुटु सरी बन्दियोस् ॥

सहेर तुसारो तुवाँल कुहिरो जो कष्टले हुर्कियोस्
आँधीबेरी पनि सहोस् तर पनि झाडी बनी फुल्दियोस् ।
औधी स्वच्छ सबै तरफ सर सरी यो तेज अब खुल्दियोस्
छाँगाले अति धेर सफर् अँघि लिई सुख्खै पनि भुल्दियोस् ॥

ooo


रेसुङ्गा नगरपालिका वडा नं. २ निवासी स्वर्गीय कवि भेषबहादुर कुँवर प्रयासीको २०७७ साल ज्येष्ठ कृष्ण द्वादशीका दिन परेको वार्षिक पुण्य तिथिमा कविप्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछु ।

**उदयबहादुर थापा**
**अध्यक्ष**
**रेसुङ्गा नगरपालिका वडा नं. २**
**तम्घास, गुल्मी**

# प्रयासीसँगका पचास वर्ष

✍ **शशि पन्थी**
**सम्पादक - हाम्रो पुरुषार्थ**

कवि भेषबहादुर कुँवर 'प्रयासी' एउटै दशकभित्र जन्मेका मेरा समवयस्य साथी हुन् । उनको जन्म २००५ साल भाद्र १९ गते भएको थियो भने मेरो जन्म २००९ साल जेठ ७ गते भएको रहेछ । जन्मका हिसाबले ४ वर्ष जतिले मभन्दा जेठा भएका हुनाले मैले उनलाई दाइ भन्नुपर्ने भए पनि उनको वंशसँग हाम्रो परम्परागत गुरु-शिष्यको सम्बन्ध रहेको हुनाले उनको बुबा प्रतिमान कुँवरले मलाई भाइ भन्नुहुन्थ्यो । त्यसै आधारमा मैले भेषबहादुर कुँवरलाई दाइका छोरालाई जे-जसरी सम्बोधन गरिन्छ त्यसैगरी सम्बोधन गर्थें । हाम्रो उधिनढुङ्गाको बूढो घरभन्दा अलिकति माथि धागिथुममा उनको घर छ । उनीहरूको घर बाटाका नजिक भएकाले उनीहरूलाई बाटे कुँवर भनेर गाउँघरमा चिन्ने गरिन्छ । हाम्रा बुबा उधिनढुङ्गाबाट छुट्टिभिन्न भएपश्चात् वर्तमान आदर्श निकेतनमा हाम्रो परिवारको बसाइ हुन थालेपछि हामी वरपरका भए पनि एकदमै नजिकमा रहेका छौं । हाम्रो एउटै गाउँ, एउटै पँधेरो र एउटै वनपाखो छ । हरेक सुखदुःखमा हाम्रो पुस्तेनी सम्बन्ध गाँसिएर आएको छ ।

गाउँघरका समकालीन बालसखा भएका कारणले हामी एउटै परिवेशमा हुर्कियौं, बढ्यौं । त्यतिबेला हाम्रो गाउँको मुख्य व्यवसाय गोपालन र कृषि थियो । खेतबारीमा सँगै जान्थ्यौं । वन-चौरमा सँगै गाई चराउँथ्यौं । सँगै घाँस-दाउरा बटुल्थ्यौं । सँगै डण्डी-बिगो खेल्थ्यौं । कहिलेकाहीं सँगै पढ्थ्यौं पनि । शुरूमा हाम्रो पढाइमा अलिकति भिन्नता थियो । भेषबहादुर स्कूल जान्थे । म गाउँघरे पाठशालामा पढ्थें । आ-आफ्नै तरिकाले पढ्दै जाँदा उनले एस्.एल.सी. नगर्दै मैले कलेजमा पढ्न थालें । उनले घमिरमा पढाउन थाले । उनी शिक्षक भए । म विद्यार्थी नै भएँ । मैले गुल्मी इन्टर कलेजमा पढ्दा-पढ्दै उनले एस्.एल.सी. पास गरे । त्यसपछि उनी फेरि शिक्षक बने । म फेरि बनारस-पाल्पा-काठमाडौंतिर पढ्न हिडें । २०३२ सालतिर आइपुग्दा हामी दुबै महेन्द्र व्यावसायिक माध्यमिक विद्यालयका शिक्षक भयौं । हाम्रो कर्मस्थान र व्यवसाय एउटै भयो । करीब १५ वर्ष एकै ठाउँ पढाएपछि रेसुङ्गा क्याम्पसको जिम्मेदारी बोकेर मलाई विद्यालयबाट छुट्टिनुपर्ने परिस्थिति खडा भयो । त्यसले गर्दा कवि भेषबहादुरसँग सहशिक्षण गर्ने अवसर गुमे पनि हाम्रो पारिवारिक, शैक्षिक र सामाजिक सम्बन्ध अझ नजिक र अझ प्रबल हुँदै आइरहेको छ ।

भेषबहादुर कुँवरसँग मेरो आधा शताब्दी अर्थात् ५० वर्षभन्दा बढी साहचर्य छ । बाल्यावस्थादेखि प्रौढावस्थासम्मको यति लामो साहचर्य कमै मानिसहरूसँग हुने

गर्छ । विशेष गरेर २०२५ सालमा किरण पुस्तकालयको स्थापना भएदेखि उनी र म निकै नजिकिएका हौं । २०२५ साल कार्तिक २० गते पुस्तकालय स्थापना भएको पहिलो दिन पुस्तकालयको बारेमा लिखित सम्मति र शुभकामना दिने उनी पहिलो व्यक्ति थिए भने पुस्तकालयबाट औपचारिक रूपमा अभिलेखीकरण गरी पुस्तक पढ्न लैजाने पहिलो पाठक पनि उनी नै थिए । पुस्तकालयले हामी दुबैलाई छुट्टिन नसक्ने अवस्थामा पुऱ्यायो । त्यतिबेला गोठमा एउटा कोठा निर्माण गरी स्थापना गरिएको पुस्तकालयमा निकै रमाइलो वातावरण बन्दै गयो । त्यहाँ हामीहरूले पढ्ने ठाउँका साथै ३-४ जना मान्छे बिस्तारामा बस्न, पढ्न र सुत्ने सक्ने पनि बनाएका थियौं । म त सधैं त्यसै बिस्तारामा सुत्थें । भेषबहादुर कुँवर, पद्मपाणि उपाध्याय, विश्वनाथ पन्थी आदि पनि बेलाबखतमा त्यहाँ बस्ने, पढ्ने र सुत्ने गर्नुहुन्थ्यो । बढी बस्ने, पढ्ने र सुत्नेमा म र भेषबहादुर नै थियौं ।

पुस्तकालयमा हामीहरूले बढी पुस्तक, पत्रपत्रिका जम्मा गर्न थाल्यौं । धेरै मान्छेहरूलाई पढ्न, लेख्न प्रेरित गर्न थाल्यौं । यसले गर्दा मान्छेहरू आउने-जाने, पढ्ने-पढाउने बडो रमाइलो वातावरण तयार भयो । महेन्द्र हाई स्कूलका संस्थापक प्रधानाध्यापक प्रेमलाल थापा, गुल्मी इन्टर कलेजका प्राचार्य लक्ष्मीनाथ चिरञ्जीवी गौतम, उपप्राचार्य डा. टीकाराम पन्थी, प्राध्यापकहरू चोलराज शर्मा, धनबहादुर गुरुङ्ग, ज्ञानहरि आचार्य, रमेशकुमार शर्मासहित धेरै शिक्षक, विद्यार्थी र कर्मचारीहरू पनि पुस्तक लिन, पढ्न, आउने-जाने गर्दा पुस्तकालयको उपयोगिता बढ्दै गयो । हामीहरू कसरी नयाँ पुस्तकहरू र पत्रिका थप्ने भन्ने ध्याउन्नमा हुन्थ्यौं । पुस्तकालयमा बसेर सम-सामयिक विषयमा चर्चा गर्थ्यौं । गोष्ठीको आयोजना गर्थ्यौं । कविता, लेख सुनाउँथ्यौं । भेषबहादुरले स्वर मिलाएर, भाका हालेर गीत गाउँदा, कविता पढ्दा वातावरण अझ रमाइलो हुन्थ्यो । हुँदाहुँदै एक दिन छुट्टिन पर्दा पनि हामीलाई नरमाइलो लाग्थ्यो । म नभेट्टिदा उनी खोज्न हिंड्ने र उनी नभेटिदा म खोज्न हिंड्ने गर्थ्यौं । हामी आपसमा एक अर्काबाट निकै प्रभावित थियौं । हामीले सकारात्मक र सिर्जनात्मक कसरी हुन सकिन्छ भन्ने बारेमा प्रयास गरिरहन्थ्यौं । यसै प्रयासको परिणामस्वरूप उनले आफ्नो उपनाम 'प्रयासी' राखे । त्यतिबेला उपनाम राख्नें बढी चलन थियो । यसभन्दा अगाडि उनले 'वियोगी' उपनाम राखेका थिए । सानैमा आमासित वियोग भएकाले वियोगी उपनाम राखेका थिए । यस्ता वियोगी अरू पनि देखेपछि उनले यसको सट्टा 'प्रयासी' लेख्न थालेका थिए । उनकी आमा डम्बरकुमारी कवि सानैछदा बिते तापनि उनकी फूपू धनकलाले कविलाई राम्रोसँग पालन-पोषण र शिक्षादीक्षामा सहयोग पुऱ्याएकी थिइन् ।

भेषबहादुरले जतिबेला पनि केही न केही लेखिरहने, गुनगुनाउने, गीत गाउने गरेपछि मैले एक दिन उनलाई भनें - 'अब म तिमीलाई भेषबहादुर नभनेर 'कवि'

भनी सम्बोधन गर्छु । तिमी यसमा सहमत छौ ?' भनी सोधें । उनले तपाईंको आफ्नो विचार, तपाईंले जे भने पनि म खुशी नै हुन्छु भने । मैले उनलाई फेरि भनें - तर मैले कवि भनेर बोलाएपछि जीवनभर कवि कर्मबाट विचलित हुन पाइने छैन । उनले भने - 'म सक्दो प्रयास गर्छु । त्यसैले त मैले आफूलाई प्रयासी बनाएको हुँ नि । मैले पनि अब तपाईंलाई 'पन्थीजी' भनेर बोलाउँछु ।' मैले पनि उनलाई तिम्रो खुशी गर भनें । त्यहाँदेखि मैले उनलाई जहिले सुकै कवि भनेर सम्बोधन गरें । उनले मलाई पन्थीजी भनेर बोलाइराखे । आज उनी मेरा मात्र कवि नभएर सबैका साझा कवि बनेर चिनिएकोमा मैले गर्वको अनुभव गरेको छु ।

५० वर्षभन्दा बढी लामो समय कवि भेषबहादुर कुँवरसँग सङ्गत गर्दा पनि मैले एक-दुईवटा कुरा उनीसँग सोधुँला भन्दाभन्दै सो सोध्न नपाएकोमा मलाई पछुतो छ । सोध्ने समय अझ बाँकी छ भन्ने मलाई लागेको थियो । उनी बिरामी परेको बेलामा सोध्न मन लागेन । पछि फेरि सो अवसर प्राप्त भएन । सोधेको भए पनि उनले बताउन सक्थे कि सक्दैनथे मैले यसै भन्न सक्दिनँ । त्यो सोध्न बाँकी रहेको कुरा के थियो भने उनको पहिलो सिर्जना कुन हो र सर्वप्रथम छापिएको रचना कुन हो ? उनले आफ्ना सिर्जनाहरूको त्यति जतन गरेको मैले पाएको छैन । त्यसैले उनलाई ती कुराहरूको पनि हेक्का रहेन कि जस्तो लाग्छ । सानैदेखि उनले लेखे, गाए । कति कता दिइयो, कता छापियो त्यसको खासै मतलव राखी स्याहारसम्भार गरेको पाइन्न । यसको एउटा ज्वलन्त प्रमाण 'बादल' को दोस्रो संस्करण छपाउन खोज्दा आफूसँग नभएर पुस्तकालयबाट उपलब्ध गराउनुपरेको थियो । आफ्नो पहिलो कृतिको पनि जतन नगर्नेले दिनदिनै डायरी र कागजका अन्य पन्नामा लेखेका कुराहरू कति सुरक्षित छन् भन्न गाह्रो छ । घरको संग्रहमा रहेका डायरी, पुस्तक, पत्रपत्रिकाहरू हेरेर, केलाएर सुरक्षित राख्ने र उपयुक्त समयमा प्रकाशन गर्दै जानेतर्फ उनका शिक्षित छोराछोरीहरूको ध्यान पक्कै जानेछ भन्ने मलाई विश्वास छ ।

कविले रेसुङ्गा प्राथमिक विद्यालयमा पढाउन थालेपछि बीचमा ५ वर्षजति म पनि भैरहवा-काठमाडौंतिर बसेर पढ्न र पत्रकारिता गर्न थालें । भैरहवातिर नै मेरो बढी बसाइ भयो । भैरहवा बस्दा पनि तम्घासमा कविगोष्ठीको आयोजना गर्न र कविजयन्ती मनाउन म आइरहन्थें । २०२७ सालदेखि पुस्तकालय चिदीचौरस्थित प्रशासनिक भवनअगाडि वर्तमान समयमा जिल्ला खेलकूद विकास समितिको भवन बनेको ठाउँमा सारिसकिएको थियो । त्यहाँ हामी चारैतिरबाट जम्मा हुन्थ्यौं । चारैतिर पर्खालले घेरिएको सुन्दर बाटिकाभित्रको एकतले भवनको प्राङ्गणमा हामी रमाई-रमाई पढ्थ्यौं । गोष्ठीहरू गर्थ्यौं । त्यहाँको वातावरण धेरै शान्त र रमाइलो थियो । पुस्तकालय सूचना र संचारको मुख्य केन्द्र बनेको थियो ।

कवि भेषबहादुर कुँवरको हजुरबुबा कुलवीर कुँवर र हजुरआमा पवित्रा कुँवरका तीन भाइ छोरा र चारवटी छोरीहरू थिए । जेठा छोरा चन्द्रबहादुर, माइला रणबहादुर र कान्छा प्रतिमान कुँवर हुन् भने छोरीहरू धनकला, रुद्रकुमारी, बालकुमारी र ढुँगीकला थिए । प्रतिमान ज्यादै मीठो स्वरमा भजन गाउने भजन मण्डलीका एक ख्यातिप्राप्त सदस्य थिए । उनी ईश्वर र गाईका पनि भक्त थिए । यिनलाई भजनिया बाटे कान्छा भनेर चिनिन्थ्यो । प्रतिमानकी श्रीमतीको नाम डम्बरकुमारी थियो । यिनीहरूका दुई छोरा र एक छोरी गरी तीन सन्तान हुन् । दुई छोराहरूमध्ये जेठा शिवबहादुर कुँवर हुन् भने कान्छा छोरा भेषबहादुर कुँवर हुन् । छोरी ठगीकलाको घर गुल्मीदरबार गाउँपालिकामा पर्दछ । भेषबहादुरलाई गाउँमा बाटे कान्छाका छोरा कान्छा भनेर पनि चिन्ने गर्थे ।

बाटे कान्छा प्रतिमानको पैत्रिक गुण विशेष गरेर सिर्जना र संगीतको प्रभाव उनका तीनै थरी सन्तानमा स्पष्टसँग देख्न सकिन्छ । शिवबहादुर र ठगीकलामा पनि राम्रो सिर्जना र गायनकला भएको उनीहरूलाई चिन्ने सबैले स्पष्टसँग बुझ्न सक्दछन् । उनीहरूमा शिक्षा र प्रचारको कमीले त्यो प्रतिभाको प्रभाव टाढासम्म फैलिन सकेन । भेषबहादुरको क्षेत्र र क्षितिज अलि फराकिलो भएकोले उनको गायन र लेखनकलाले अलि विस्तारित हुने मौका पायो । भेषबहादुर गायक र कवि दुबै हुन् । विशेष गरेर कविताका उनी भक्त नै हुन् । सामान्य कविताहरू पनि उनको गायनकलामा घोलिएर प्रस्फुटित हुँदा कविताहरू श्रोताहरूका लागि निकै मुग्धकारी बन्छन् । उनका कविताहरू ज्यादै मार्मिक हुन्छन् । उनी भावमा धेरै गहिरिन्छन् । उनको स्वरपक्ष र भावपक्ष ज्यादै प्रबल भएर उम्रन्छ । संरचनापक्ष कमजोर जस्तो देखिए पनि भावपक्ष ज्यादै गहिरो हुन्छ । उनका कविताका भावको गहिराइ ठम्याउन जो तोलाई गाह्रो पर्छ । सबैले बुझ्न नसक्ने भएर नै यस्ता कविता पनि के होलान् भन्ने लाग्न सक्छ । उनले अनेकौं विम्ब र प्रतीकहरूको प्रयोग गर्दछन् । उनका कवितामा कल्पना, चिन्तन र भावको त्रिवेणी भेट्टाउन सकिन्छ । भेषबहादुरले गायनकलामा सानैदेखि पिताकै गुण ग्रहण गरे । प्रतिभा उनको जन्मजात प्राप्ति हो । २०२० को दशकमा उनी १५-१६ वर्षको हुँदा तम्घासमा धर्मराज थापा आएर गीत गाउँदा उनी अझ बढी प्रभावित भएर उनकै स्वर, भाका र गीतलाई पनि पछ्याए । महाकवि लक्ष्मीप्रसाद देवकोटाका कविता पढेपछि यिनी अझ बढी प्रभावित भए । यिनका गीत र कविताको विकासमा पिता, जनकविकेशरी धर्मराज थापा र महाकवि लक्ष्मीप्रसाद देवकोटा तीनै जनाको गहिरो छाप परेको छ । यिनको कल्पना र रचनामा आफ्नै प्रकारको मौलिकता झल्कन्छ । उनी जुनसुकै विषयलाई आफ्नै मौलिक दृष्टिबाट हेर्छन्, त्यसलाई कल्पना शक्तिले केलाउँछन्, नचाउँछन् र सिर्जना गरेर उमार्छन् ।

भेषबहादुर कुँवरको रचनाकारिता विद्यार्थीकालदेखि नै स्फूरित भएको हो । उनमा सिर्जना शक्तिको अङ्कुर किशोरावस्थामा नै अङ्कुरित भएको हो । त्यसलाई घर, विद्यालय, गायक र कविहरूका स्वर र कृतिहरूबाट अभिसिंचित हुँदै पल्लवित र पुष्पित हुने अवसर मिल्दै गयो । देशव्यापी रूपमा झाङ्गिने अवसर भने अपेक्षित मात्रामा विकसित हुन सकेन । लुम्बिनीको सेरोफेरोमा कविको प्रतिभा चर्चित बन्यो । तम्घासका कविहरूको प्रसङ्ग कोट्याउँदा भेषबहादुरको नाम एक नम्बरमा पर्छ । तम्घासमा आयोजना गरिने कवि गोष्ठीहरूमा अधिकांशमा उनी नै प्रथम, द्वितीय र तृतीयभित्र पर्दथे । त्यसैले होला कहिलेकाहीं ठट्टा गरेर उनले मसँग भन्थे – 'पन्थीजी, अहिलेको कवि गोष्ठीमा रकम कति छ ? पुरस्कारको रकम पेस्कीको रूपमा दिनुभयो भने गोष्ठीपछि फर्छौट गरौंला ।' गोष्ठीका श्रोताहरूलाई पनि भेषबहादुरले कविता वाचन गरेपछि एउटा पुरस्कार उतै जान्छ भन्ने सहजै अनुमान गर्दथे । पुस्तकालयमा आयोजना गरिने सबै जसो कार्यक्रमका उनी धुरी हुन्थे ।

मेरो जीवनमा कवि भेषबहादुरसँगको सामीप्यता र सहकार्यका ५० वर्षमध्ये २०२५ सालदेखि २०४५ सालसम्मका २० वर्ष ज्यादै रमाइला र उत्साहपूर्ण थिए । हाम्रो जीवनको सबैभन्दा उर्वर र सिर्जनशील समय थियो त्यो । यसै अवधिमा नै हामीहरूले जागिर खाने योग्यता आर्जन् गर्‍यौंस । जागिरमा लाग्यौं । पुस्तकालयको स्थापना र विकास गर्‍यौं । स्कूलमा अनेकौं रचनात्मक कामहरू गर्‍यौं । पुस्तक, पत्रपत्रिकाको प्रकाशनमा हात हाल्यौं । शैलसन्देशको पुनःप्रकाशन र उपकार त्रैमासिकको थालनी यसै अवधिमा गर्‍यौं । महेन्द्र व्यावसायिक माध्यमिक विद्यालय नमूना विद्यालयमा परिणत भयो । विद्यालयमा गठित नेपाल जुनियर रेडक्रस सर्कल राष्ट्रिय स्तरमा अग्रगण्य भयो । खेलकूदमा विद्यालयले प्रथम स्थान प्राप्त गरिरहन्थ्यो । यसै बीचमा २०३९ सालमा रेसुङ्गा क्याम्पस स्थापना गरियो । यसको पृष्ठभूमिमा हामी पनि कतै न कतै जोडिएका हुन्थ्यौं । कवि कुँवरलाई शैलसन्देशको प्रकाशनको क्रममा मैले सँगै लिएर गई बनारस देखाउने मौका पाएँ । नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको रजत-जयन्तीमा काठमाडौं देखाउने र त्यहाँ केही प्राज्ञहरूसित कविलाई परिचित गराउने संजोग पनि मलाई जुट्यो । सिंहदरबारभित्र रेडियो नेपालमा गएर यज्ञनिधि दहालसँग परिचय गराई तीनवटा गीत र कविता रेकर्ड गराइयो । यसबाट कविलाई राष्ट्रियस्तरमा परिचित गराउन पाएकोमा मलाई निकै आनन्दानुभूति भयो ।

२०३० सालमा म भैरहवामा बसेको बेला कवि कुँवर पनि बुटवलमा पूर्वव्यावसायिक विषयको तालिम लिन गएका थिए । मैले त्यहाँ 'खसोखास' साप्ताहिक, 'भेटघाट', 'सङ्कल्प' (सामयिक संकलन) आदिको सम्पादन र प्रकाशन गर्दथें । त्यतिबेला नै उनको बुटवल बसाइको क्रममा २०३१ सालको प्रारम्भमा 'बादल' छापियो । यसमा छापिएका गीत, कविताको परिचय बुटवल-भैरहवाका

साहित्यकारका माझमा पुस्याउन मैले पनि केही मद्दत गरें । भेटघाटका २०२९ र २०३० सालका चरण २, ३, ४ र ५ मा कविका क्रमशः 'चेतना तिमी बल्ल उदायौ सिंगार्न तिम्रो घर संसार', 'मेरो भन्नु के छ र यहाँ ?', 'गुजारा मूल मन्त्र भो' र 'हामी युगका कर्मी हौं' भन्ने कविताहरू छापिएका छन् । भेटघाटको चरण ३ मा उनको संक्षिप्त परिचय दिइएको छ । त्यसमा उनलाई बाल्यावस्थादेखि नै कविता र गीत केलाउँदै आएका नवोदित कवि र सफल गायक भनी चिनाइएको छ । धेरै पहिले लुम्बिनी अञ्चलव्यापी साहित्य सेमिनारमा उनको रचना पुरस्कृत भएको जानकारी त्यसमा दिइएको छ । त्यसमा कविको एक कथा-संग्रह र एक उपन्यास छाप्नलाई तयार भएको अनि खण्डकाव्य र महाकाव्य तयार भएर पनि प्रकाशित हुन सकेका छैनन् भनी लेखिएको छ । यी कथा, उपन्यास, खण्डकाव्य र महाकाव्यबारे पछि कविले प्रकाशनमा ल्याउन प्रयास गरेको पाइएन । फुटकर कविता लेख्न र संग्रह प्रकाशनतर्फ मात्र उनको अभिरुचि देखियो । २०३९ सालको 'हाम्रो पुरुषार्थ' को लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्कमा उनको फोटोसहित संक्षिप्त परिचय छापिएको छ । यसमा उनका अप्रकाशित कृति 'झरी' र 'साँघुरो आकाश' (कविता-संग्रह) छन् भनिएको छ । यी दुई नछपाईकन उनले 'घुम्तीहरूको आभास', 'मेरा केही अनुभूतिहरू' र 'बाईस तरङ्ग' छपाउनतिर ध्यान दिए । पहिले प्रचारित उनका अन्य कृतिहरू के भए समयमै सोध्न र बुझ्न पाइएन । घरमै थन्किएर रहेका भए पछि चर्चामा आउने नै छन् । मनको कल्पनामा मात्र रहेका, आकार ग्रहण नगरेका र आकार ग्रहण गरेर पनि सुरक्षित राख्न नसकिएका भए ती सपनाकै संसारमा रहनेछन् । यदि ती सुलभ भएमा उनको परिवारबाट प्रकाशनमा ल्याउने कार्यमा कुनै प्रकारको कमी कमजोरी हुने छैन भन्ने कुरामा ढुक्क हुन सकिन्छ ।

कवि प्रयासीको परिवार एउटा सुशिक्षित घरको रूपमा चिनिन्छ । २०२८ सालमा बाग्लुङ हुग्दिशिर (तत्कालीन गुल्मी) निवासी लीलबहादुर र पवित्रा बर्माकी सुपत्री अमृतासँग उनको विवाह भएको थियो । शिक्षक पतिकी सहधर्मिणी हुन आएकी अमृताले २०३३ सालबाट पढाउन शुरू गरिन् र २०३६ सालमा एस्.एल्.सी. परीक्षा उत्तीर्ण गरिन् । तत्कालीन रेसुङ्गा प्राथमिक विद्यालय (हालको रेसुङ्गा माध्यमिक विद्यालय) मा उनले ३० वर्ष शिक्षण कार्य गरी प्राथमिक विद्यालयको द्वितीय श्रेणीको शिक्षक पदबाट उनी सेवा निवृत्त भइन् । दुबै जना शिक्षक भएको घरपरिवारमा छोराछोरीलाई सम्पत्तिभन्दा शिक्षा दिनुपर्छ भन्नेतर्फ कवि कवयित्री दुबैकै बढी ध्यान गएको मैले देखिरहेको हुँ । उनीहरूका ५ भाइ छोरा र ३ बहिनी छोरी भए । तीमध्ये २०२९ सालमा जन्मेकी जेठी छोरी मीनाको ९ वर्षको अल्पायुमै निधन भयो । अरू छोराछोरीहरू बुबाआमाको चाहनाअनुसारै शिक्षित र दीक्षित भएका छन् । जेठो छोरा डा. ईश्वरीजङ्ग कुँवर वर्तमान समयमा सपरिवार अमेरिकामा बस्छन् । उनले त्यहाँको जर्जिया इन्स्टिच्युट अफ टेक्नोलजी

एटलान्टा जर्जियाबाट गणित विषयमा विद्यावारिधिको उपाधि ग्रहण गरी फोर्टभ्याली स्टेट युनिभर्सिटी फोर्टभ्याली जर्जियामा प्राध्यापन गर्छन् । जेठी बुहारी शान्ता के.सी. BSN गरी हाउस्टन मेडिकल सेन्टर, वार्नर रविन्स, जर्जियामा रजिष्टर्ड नर्स छिन् । माहिलो छोरा विजयजङ्गले फ्लोरिडा स्टेट युनिभर्सिटीबाट गणित विषयमा विद्यावारिधि गरी अल्बानी स्टेट युनिभर्सिटी, अल्वानी जर्जियामा प्राध्यापन गर्छन् । माहिली बुहारी निराशा के.सी. अल्वानी स्टेट युनिभर्सिटीमा स्वास्थ्य विज्ञान पढ्दैछन् । साहिंलो छोरा रमेशजङ्ग भारतीय सेनामा १६ वर्ष कार्य गरी सेवानिवृत्त भएर अहिले रूडेक नेपालमा कार्यक्रम व्यवस्थापक छन् भने त्रिभुवन विश्विविद्यालयबाट समाजशास्त्रमा एम.फिल.पूरा गर्दैछन् । उनले उज्यालाका खोजीमा भन्ने पुस्तक लेख्नुका साथै वीरको सन्तान र खुकुरीको सान म्युजिक एल्बममा गीतहरू लेखेका छन् । उनी एउटा राम्रो आर्टिष्ट पनि हुन् । साहिंली बुहारी बिमा के.सी । अग्रेजीमा स्नातकको उपाधि लिई मन्टेश्वरी प्रशिक्षक बनेकी छिन् । काहिंलो छोरा किरणजङ्ग कुँवरले त्रिभुवन विश्वविद्यालयबाट कन्फ्लिक्ट म्यानेजमेन्ट (द्वन्द्व, शान्ति र विकास अध्ययन) मा स्नातकोत्तर गरी नेपाल प्रहरी सेवाको प्रहरी नायव उपरीक्षक पदमा कार्यरत छन् । काहिंली बुहारी चाइल्ड डेभलपमेन्ट एण्ड जेन्डर सेन्सिटाइजेशन भन्ने विषयमा एम.ए.गरेकी छन् । हाल उनी नेपाल सरकारको निजामती सेवाअन्तर्गत म्याग्दीमा सहायक प्रमुख जिल्ला अधिकारी पदमा कार्यरत छन् । त्यसै गरी कान्छो छोरा हेमन्तजङ्ग कुँवर अमेरिकाको क्लेमसन युनिभर्सिटीमा गणित विषयमा विद्यावारिधि गर्दैछन् । कान्छी बुहारी सन्तोषी पोखरेल कुँवर एम.बी.बी.एस.पूरा गर्दैछन् । यसरी कविका छोरा र बुहारीहरू सबैले स्नातक र सोभन्दा माथिको योग्यता हासिल गरी विभिन्न् क्षेत्रमा सेवा पुर्यापउँदैछन् भने छोरीहरू पनि त्यस्तै योग्यतम छन् । एउटी छोरी मायालक्ष्मी कुँवरले नेपालबाट बी.एड.गरी अष्ट्रेलियाबाट नर्सिङ्गमा डिप्लोमा गरेकी छन् । उनी अहिले अस्ट्रेलियामै वेस्टर्न स्टडी युनिभर्सिटीमा बेचलर अफ नर्सिङ्गमा अध्ययनरत छन् । गायनको क्षेत्रमा उनले प्रसिद्धि प्राप्त गरेकी छन् । उनी विन्ध्यवासिनी म्युजिक एवार्डबाट विभूषित भइसकेकी छन् । कान्छी छोरी दयालक्ष्मी व्यवस्थापन विषयमा स्नातक छन् । यसरी कवि कुँवरका सबै छोरा-छोरीहरू स्नातकभन्दा माथिको अध्ययन पूरा गरी विभिन्न क्षेत्रमा कार्यरत छन् । सबैले आ-आफ्नो क्षेत्रको जिम्मेदारी पूरा गरी उत्कृष्टता देखाउँदैछन् । समाज र राष्ट्रप्रतिको कर्तव्यबोधप्रति उनीहरूको राम्रो निष्ठा र लगनशीलता छ । आफ्ना सन्तानको प्रगतिबाट कवि दम्पतीहरूलाई मैले सदै सन्तुष्ट देखें । छोराछोरीहरू पनि पिता-माता र गुरु एवं अन्य मान्यजनहरूप्रति विनयशील भएको मैले पाइरहेको छु । प्रयासी बिरामी भएको बेलामा श्रीमती, छोराछोरी, बुहारीहरू सबैले आ-आफ्नो ठाउँबाट कविलाई राम्रोसँग सेवा, सत्कार र उपचार गरे । राम्रो सेवा पाएर नै प्रयासीको ४-५ वर्ष

आयु अझ लम्बिएको हो भन्ने मलाई लाग्छ । श्रीमती, छोराछोरी र बुहारीहरूले कविलाई गरेको सेवा देखेर अरू बाहिरबाट देख्ने मान्छेहरूले श्रीमती र छोराहरू त कविले नै पाएका रहेछन् भन्ने गरेको मैले सुनें । पितृभक्त, मातृभक्त र गुरुभक्तहरूलाई पिता, माता र गुरुको सदैव आशीर्वाद प्राप्त भइरहन्छ भनी हाम्रा शास्त्रहरूले पनि बताएका छन् । यस्तो आशीर्वाद कविको परिवारमा लागु भएको प्रत्यक्ष देख्न सकिन्छ ।

कवि प्रयासीका छोराछोरी मात्र होइन नातिनातिनीहरूमा पनि हुने बिरूवाको चिल्लो पात भनेजस्ता लक्षणहरू देखिइसकेका छन् । ईश्वरी/शान्ताका दुई छोराहरू गौरव विक्रम र निशान्तविक्रम, विजयरनिराशाका दुई छोरी प्रतिष्ठा र आभाखुशी र एक छोरा ओमविक्रम, रमेश र बिमाका दुई छोरी चाँदनी र मानस्वी, किरण र मायाको एक छोरा कल्याणविक्रम अत्यन्त स्वस्थ र होनाहार छन् । यिनीहरू हुर्कदै छन्, पढ्दै छन् र केही लेख लेख्न पनि थालिसकेका छन् । म यी सबैको उज्ज्वल भविष्यको कामना गर्दछु ।

बाल्यकालदेखि बाचुञ्ज्यालसम्म कवि प्रयासीसँग मेरा ६० भन्दा बढी वर्ष बिते । बाल्यकालका ५-६ वर्षका दिनहरू बालरसमै सकिए । किशोरावस्थादेखि प्रौढावस्थासम्मका वयमा ५० वर्षीभत्रका दिनहरू निकै उज्याला र रसपूर्ण भए । पछिल्ला ५-७ वर्षका दिनमा रोगाक्रान्त भएपछि कविलाई उपचारतिर बढी समय खर्च गर्नुपर्ने भयो । घर-परिवारका सदस्यहरूको ध्यान पनि त्यतै लाग्यो । त्यसले गर्दा कविका रचनाहरूको शोधखोज, सङ्ग्रह र सुरक्षा गर्नेतर्फ कसैको पनि बढी ध्यान पुग्न सकेन । अब जे जति उपलब्ध छन् तिनको सङ्कलन, संरक्षण र प्रकाशनमा हाम्रो ध्यान जानु आवश्यक छ । कृति जोगाएर र छापेर मात्र पुग्दैन । कृतिमा कविले दिएका सन्देशलाई ग्रहण गरी तदनुकूल हामीले आफ्नो जीवन रसपूर्ण र अर्थपूर्ण बनाउनसक्नुपर्छ । कवि प्रयासी हामीबाट बिदा भए पनि कवितामा हामीसँगै छन् । हामी बरू हराउन सक्छौं । उनी हराउन सक्दैनन् । जसको कृति छ, ऊ मर्दैन । कवि प्रयासी उनले आफै जोडेका अक्षरमा, शब्दमा, भावमा, स्वरमा, कृतिमा अजरामर छन् । उनी हातमा कविताका पोका 'डायरी' लिएर यतै घुमिरहेका छन् । हामी उनलाई पछ्याउन मात्रै सकौं ।

ooo


बुटवल, भैरहवा, परासी र कपिलवस्तुका 'हाम्रो पुरुषार्थ'का आजीवन ग्राहक, लेखक र कविहरूले

**हिमालय बुक्स हाउस**

मणिपथ, मिलनचोक, बुटवल (फोन नं. ०७१-५४१००९) मा
सम्पर्क गरी आफ्नो प्रति पत्रिका लैजानुहुन अनुरोध छ ।

**सम्पादक**

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

# कवि प्रयासीको सम्झनामा

✍ **दीन पन्थी**
**सह-प्राध्यापक**
**रेसुङ्गा बहुमुखी क्याम्पस, गुल्मी**

- जीवन एउटा यात्रा रहेछ । हामी यात्री रहेछौं त्यस यात्रापथका । यात्रीहरू फेरिइरहन्छन् । यात्रा जारी रहन्छ । अनन्तसम्म नदीमा पानी बगेझैं । जन्म, जीवन र मृत्यु पनि स्वाभाविक रहेछन् प्रकृतिमा । यी व्यष्टिमा आकस्मिक लागे पनि समष्टिमा नियमित रहेछन् - फूल फुलेझैं, फूल ओइलाएझैं, पात पलाएझैं, पात झरेझैं । हामी जेबाट बन्यौं त्यसैमा विलय हुन्छौं । जसरी पानीका फोका पानीबाट उठेर पानीमै बिलाउँछन् । यस्तो अस्थिर चोला छ हाम्रो । मायाको निर्देशनमा चल्छन् जीवनलीलाका अभिनयहरू ।

- यात्रामा सहयात्रीहरू जुट्छन् छुट्छन् । जुट्दा हामी रमाउँछौं, छुट्दा हामी सन्तप्त हुन्छौं । प्रियवियोग दुःखदायी हुन्छ हामीलाई । मृत्यु, वियोग र दुःख छन् मर्त्यमा । जरा, व्याधि र मृत्यु छन् यस लोकमा । यस जगत्का सत्यहरू म बुझ्छु । जीवनको क्षणभंगूरतालाई म आत्मसात् गर्छु तर प्रिय व्यक्ति गुमाउँदा म शोकसन्तप्त हुन्छु । अहिले म मेरा प्रिय मित्र भेषबहादुर कुँवर 'प्रयासी' लाई सम्झिरहेछु । उनी दिवंगत भइसकेका छन् । म अहिले उनको पार्थिव शरीर देख्न सक्दिनँ । शरीरलाई छाडेर उनको आत्मा दिव्यधाममा पुगिसकेको छ । उनीले निष्कलंक सार्थक जीवन बाँचेर महानिर्वाण प्राप्त गरेका छन् । अब उनी हाम्रा मनमा छन्, हाम्रा स्मृतिमा छन्, आफ्ना कृतिमा छन् । म उनका गुनहरू सम्झिरहेछु । अहिले उनी सांसारिक राग, द्वेष, पीडा, चिन्ताबाट पर दिव्य लोकमा छन् । यहाँ उनका कृति, प्रीति र स्मृतिहरू छन् जसको आँखीझ्यालबाट हामी उनलाई देख्छौं । हिजो जो हामीहरूसँग रमाइला कुरा गर्दै थियो । अँस्ति जो आफ्नो प्रतिभा र कलाले सबैलाई भावविभोर बनाउँदै थियो । आँखामा राखे पनि नबिझाउने मेरो प्रिय कवि अब कहिल्यै फर्कन्न भनेर सम्झँदा मलाई कहाली लाग्छ । कसरी भुलूँ मसँगै रमाउँदै हिडेका सहयात्रीलाई । म कसरी श्रद्धाञ्जलि दिऊँ छुटेको आफ्नै अंगलाई ? म कसरी समवेदना दिऊँ आफैले आफ्नो मनलाई ?

- कवि प्रयासी अर्थात् भेषबहादुर कुँवर अनि म । समय र ठाउँले मिलायो अलिकति हामीलाई । चिन्तन र सिर्जनाको सामीप्यले जोड्यो अलिकति हामीलाई । लहडले, रहरले, रुचिले, पेशाले जोड्यो अलिकति हामीलाई । सबैभन्दा बढी प्रेमले जोड्यो हामीलाई जसको म व्याख्या गर्न सक्दिनँ ।

दुख्खमा, सुख्खमा, सम्पत्तिमा, विपत्तिमा हामी सँगै थियौं । जीवनका साँघुरा गल्छेंडाहरूमा, भीरमा, जंघारमा हामी सँगै थियौं । एउटै पथका पथिक थियौं हामी । जीवनको यात्रामा हामीलाई छाडेर उनी हिंडे । उनलाई अब दिने कुरा केही छैन । यस अवसरमा म प्रिय कवि प्रयासीलाई दुई थोपा आँसु सिवाय अरू के दिन सक्छु ? श्रद्धा, सम्मान र स्मृतिबाहेक अरू के टक्राउन सक्छु ?

- धुलेबाजी खेल्दा-खेल्दै कहिले चिनें मैले उनलाई मलाई नै याद छैन । मभन्दा एक दशक जेठा भए पनि उनी मेरा दमालीझैं थिए । उनी फरासिला, रमाइला प्रत्युत्पन्नमतिका थिए । नयाँ-नयाँ सोंच र शैली फुर्थे उनको चित्तमा । जिभ्राको टुप्पामा सरस्वती बस्थिन् उनको । कोकिलका झैं मनमुग्धकारी गला बपौतीमा मिलेको थियो उनलाई । उनका दाइ र बहिनी पनि कोकिलकण्ठ स्वरमा गीत गाउँथे । कवि प्रयासीलाई म साधक ठान्दिनँ । उनी प्रतिभाको वरदान पाएका व्यक्ति हुन् । प्रतिभामा उनी असाधारण लाग्थे, छाटकाँट नगरेका गुलाबका झ्याङ्जस्ता लाग्थे उनी । काव्यसिर्जनका तीन कारण मानिएका छन्-१.प्रतिभा २.व्युत्पत्ति ३.अभ्यास । प्रतिभा प्राकृत हो, व्युत्पत्ति र अभ्यास आर्जित हुन् । उनले प्रतिभाअनुसार साधना गरेनन् । प्रतिभाशालीले साधना गरे भने सुनमा सुगन्ध हुन्छ । समयले, संगतले, परिवेशले, बानीले अलिकति ठुँग्यो उनलाई । जीवनका दौडहरूमा सँगै दगुर्दाका केही अन्तरंग छन् मसँग उनका ।

- हामी महेन्द्र माध्यमिक विद्यालयमा मास्टर थियौं कुनै बेला दुबै । कहिलेकाहीं घरबाट निर्लक्ष्य यात्रामा निस्कन्थ्यौं हामी । यात्राको लक्ष्य राखिएमा हाम्रो असीम स्वतन्त्रतालाई त्यसले गिजोल्छ भन्ने हामी दुबैको रोमान्टिक मान्यता थियो । निर्लक्ष्य हिड्नुको आनन्द वर्णनातीत हुन्छ । हामी यस्ता निर्लक्ष्य यात्रामा दुई दिन, सात दिन, दश दिन वा दुई हप्तासम्म बरालिन्थ्यौं । सँगै हिडे पनि मैले उनका केही बानी सिकिनँ । उनको गायन र कवि प्रतिभाको दशांश पनि ममा सरेन । उनीसँग सँगै हिड्नु अपूर्व आनन्द प्राप्त गर्नु हुन्थ्यो । हामी अज्ञात वासतर्फ लाग्दा घरधन्दा वा त्यसका झमेला भुलिदिन्थ्यौं । हामी सात वर्षका बालकझैं निस्फिक्री बनिदिन्थ्यौं त्यसबेला । त्यसैले मैले भन्छु - निर्लक्ष्य यात्राका ती आनन्दहरू वर्णनातीत छन् । २०४३ सालको माघ ४ देखि माघ १७ सम्म १४ दिन हामी दुईमात्र एउटा निर्लक्ष्य यात्रामा बरालिएका थियौं । आज पनि त्यो यात्रा सुमधुर स्मृति बनेर रहेको छ मेरो मनमा । यद्यपि त्यस यात्रामा हामीले भाषासंस्कृति, रीतिस्थिति, जीवनशैली आदिबारे नूतन अनुभूतिहरू आर्जन् गरेका थियौं तथापि हाम्रो त्यस यात्रामा न कुनै निश्चित गन्तव्य थियो न कुनै निश्चित काम । मनको लहडमा चल्थ्यौं

हामी । मलाई लाग्छ भ्रमणको अन्तर्य नबुझेका समाजमा यसरी बरालिनेलाई आबारा भन्छन् । एक प्रकारका आवारा थियौं हामी । त्यस यात्रामा हामी गुल्मी, बाग्लुङ, पर्वत, म्याग्दी र मुस्ताङ्का केही ठाउँहरू घुमेका थियौं । भ्रमण गर्दा कवि प्रयासीले अनेक ठाउँमा कविता वाचन गर्थे । मैले त्यहाँको भाषासंस्कृतिका विशेषता बताइदिन्थें । तिनताक कवि ३८ र म २८ वर्षका तन्नेरी नै थियौं । २०४२ सालको शिवरात्रिबाट कविले मदिरासेवनलाई तिलाञ्जलि दिएका थिए । यात्रामा हाम्रो खर्च नगण्य थियो । परिचित र आफन्त खोज्दै हिड्थ्यौं हामी । कवि आशुकवि थिए - भानुभक्तझैं - जहाँ पुग्यो त्यहींका कविता फुराउने । कतै दुईचार जना जम्मा भएका ठाउँमा कविता सुनाउँदा पूरै गाउँ जम्मा हुन्थ्यो - श्रुतिमधुर स्वर सुनेर । केही गीतका टुक्राहरू मेरो यादमा छन् अझै -

- **वामी टक्सार ढुंगा छन् गोला**
  **कुकुर भुक्दा टोक्छन् कि झैं होला ।**
- **तल्लो घुम्टेमै आँखा गयो**
  **स्वर्गको शिर छुन्छ कि झैं भयो ।**
- **अरू हिमाल देखिए सेतै**
  **धौलागिरि लाजले बेपत्तै ।**

त्यस यात्रामा रचित एउटा कविता 'गलेश्वर यात्रा स्मरण' भन्ने शीर्षकमा कविको कृति 'मेरा केही अनुभूतिहरू' मा प्रकाशित छ । त्यही सानो कविताबाट कविको सिर्जनसामर्थ्य, कल्पनाशक्ति र अनुभूतिको तीब्रता छर्लङ्ग हुन्छ । यहाँ म कविका उक्त कविताका केही हरफहरू सापट लिन्छु । कति मनमुग्धकारी छन् कविताका पंक्तिहरू !

**खुला छ माथि अग्लाइँलाई आकाशे ढकनी**
**अग्लिएँ कि झैं लागेर आयो वा उत्रै म पनि ।**
**सुन्दर दृश्य बेनीको राम्रो आजले देखेको**
**सभ्यतासंगम हुर्केर बस्छ डाँडाले छेकेको ।**

**काली र म्याग्दी बाटिए डोरी आफैमा बिलाए**
**पावनभूमि अमर पार्न मिलेर रमाए ।**
**कालीले रेटी बनेका ढीक पहाड बराबर**
**उकाली थाहै नपाई हामी पुगौंला सरोवर ।**

❑ कवि भेषबहादुर कुँवरका कविताहरूमा सूक्ष्म दार्शनिक चेत हुन्छ । उनका कविताहरू प्रथमतः साधारण लाग्छन् । अलि घोरिएर सोंच्दा तिनमा अद्भुत कल्पनात्कि, विचारशक्ति र शाश्वत भावहरूको उदात्तता भरपूर रहेको

देखिन्छ । मैले उनका तीनवटा कालजयी कविताहरू पढेको छु जसमा उनको विलक्षण प्रतिभा, कला, अतुलनीय सिर्जनसामर्थ्य, अद्‌भुत कल्पनाशक्ति र अनुभूतिको तीब्रता प्रकट भएका छन् । ती तीन कविता हुन् - 'भान', 'मान्छे : बाँदरको दृष्टिमा' र 'आमाका पाइलाहरू' । म पाठकहरूलाई यी कविताहरू दोहोराएर पढ्न आग्रह गर्छु । सरल रूपमा कविले जीवनजगत्‌का रहस्यहरू र सौन्दर्यहरूका ढोका ढक्ढकाएका छन् । कविका कविताहरूले सत्, चित् आनन्द तीनैलाई सुमसुम्याउन खोजेका छन् ।

- भेषबहादुर कुँवर एउटा असल मान्छे थिए - निष्कपट, निश्छल, भावुक र निष्कलङ्क । उनी शिक्षण पेशामा समर्पित योग्य शिक्षक थिए । उनी प्रतिभासम्पन्न कवि र गायक थिए । उनको कवितासिर्जनमा महाकवि देवकोटाको प्रभाव प्रष्ट बुझिन्छ भने गायनमा धर्मराज थापाको । कवि भेषबहादुर कुँवरको पारिवारिक स्थिति सन्तोषजनक रह्‌यो । उनी यस धर्तीमा सुखपूर्वक निर्मल निष्कलंक जीवन बाँचे । उनकी धर्मपत्नी गुणवती स्वयं विदुषी हुनाले उनलाई सधै भरपूर सहयोग रह्‌यो । उनले सच्चा कमाइबाट आफ्नो र परिवारको भरणपोषण गरे । न त उनले कसैको निन्दा गरे न कसैले उनको निन्दा गर्‍यो । समाजमा उनी सदा प्रतिष्ठित र सम्मानित रहे । उनका सबै सन्तानहरू विद्वान्, प्रज्ञावान् र सुधी छन्, देश-देशान्तरमा यश-ऐश्वर्यशाली बनेका छन् । कवि प्रयासी तम्घासको कुँवर कुलका कुलदीपक हुन्, हाम्रा गौरव हुन्, नेपाली भाषा साहित्यका एउटा नक्षत्र हुन् ।

**एक सार्थप्रयातानां सर्वेषां तत्र गामिनाम्**
**यस्य कालः प्रयात्याग्रे तत्र का परिवेदना ।.**

***- महाभारत, स्त्रीपर्व २.१०***

'जो संसारको यात्रामा सँगै आएका छन्, ती सबैलाई एक दिन यहाँबाट जानु नै छ । जसको पालो आउँछ ऊ पहिल्यै जान्छ । शोक गर्नु पर्ने नै के छ र ?' प्रिय व्यक्ति गुमाउँदा दुःख त लाग्छ नै । हामी मर्त्यमा मृत्युको अभिशाप बोकेरै आएका छौं । मृत्युबाट कोही जोगिन् सक्दैन । मृत्यु अनिवार्य छ भन्ने जान्दाजान्दै पनि कवि भेषबहादुर कुँवरको मृत्युले मलाई विचलित बनायो । उनीसँगका मधुर पूर्वस्मृतिहरूले एकान्तमा बस्दा मनमा कस्तो कस्तो भावना आइरह्‌यो । भुल्नै पर्दो रहेछ । प्रिय मित्रको वियोगलाई भुल्ने प्रयास गर्दैछु । मेरा स्वर्गवासी मित्र तिम्रो निर्मल-निराकार आत्माप्रति शब्दश्रद्धा अर्पण गर्दछु ।

ooo

# मेरा असल गुरु - भेषबहादुर कुँवर

✍ **बमबहादुर कार्की**
**मालिका गाउँपालिका-७, घमिर, गुल्मी**
**हाल-सिनामंगल, काठमाडौं**

हिजोदेखि नै स्कूल, गाउँघर, छरछिमेक र टोलटोलमा चर्चा भैसकेको थियो - हाम्रो भैरवकाली प्राइमरी स्कूल, घमिरका लागि तम्घासबाट नयाँ शिक्षक आएका छन् रे भनेर । को होला, कस्तो होला भनेर सबैमा उत्सुकता थियो । हामीमा झन् कम उत्सुकता थिएन - नयाँ सरसङ्ग पढ्न पाइनेभयो भनेर । त्यतिबेला म तीन कक्षामा पढ्थें । गाउँघरमा त्यतिबेला शिक्षक पाउन ज्यादै गाह्रो थियो । भारतबाट समेत शिक्षक ल्याउने चलन थियो जसको कारण भाषामा ठूलो समस्या हुन्थ्यो ।

आज हाम्रो नयाँ सर आउने दिन थियो, त्यसैले हामी एकदमै हर्षित थियौं र सदाभन्दा विद्यार्थीको उपस्थिति पनि अलि बढी नै थियो । त्यसमाथि पनि अभिभावकहरू र गाउँवासीको पनि बाक्लो उपस्थिति थियो । आज विद्यालयको चौर भरिभराउ छ । यसै बीचमा हाम्रो हेड सर ऋषिराम खनालको साथमा अन्य सरहरू र गाउँका प्रधानपञ्च जगतबहादुर कार्की, उप-प्रधानपञ्च पूर्णबहादुर कार्की तथा अन्य सदस्यहरू र भद्रभलाद्मीयसहित एउटा गहुँगोरो वर्णको फूर्तिलो अपरिचित व्यक्तिको प्रवेश भयो । सबैले स्वागत अभिवादन गरेपश्चात् हेड सर ऋषिराम खनालले उहाँको ठेगानासहित छोटो परिचय दिँदै चिनाउनुभयो - भेषबहादुर कुँवर भनेर । हेड सरले उहाँको परिचयसङ्गै आफ्नो मन्तव्य राखिसकेपछि नयाँ सर भेषबहादुर कुँवरलाई मन्तव्य राख्न अनुरोध गरिरहँदा उहाँले कवितात्मक शैलीमा आकर्षक ढङ्गले मन्तव्य राख्नुभयो । मन्तव्यसँङ्गै गाउँको सेरोफेरोलाई समेटिएको कविताले सबैको मन जित्ने गरी आफ्नो सुरिलो स्वरमा गीत प्रस्तुत गर्नुभयो । यसबाट म बढी नै प्रभावित भएको थिएँ ।

अहिले सर हाम्रो कक्षामा प्रवेश गरिसक्नुभएको छ । हामी सबै दङ्ग छौं । मीठो शैलीमा बालसुलभ तरिकाले पढाउनु उहाँको विशेषता रहेछ । उहाँले सम्पूर्ण विषय पढाउनुहुन्थ्यो तापनि नेपाली विषयलाई रोचक ढङ्गले पढाउनुका साथै हस्तलेखनलाई पनि उत्तिकै प्राथमिकता दिनुहुन्थ्यो । उहाँको अक्षरको लिपि एकदमै राम्रो थियो । त्यसैबमोजिम अक्षर राम्रो होस् भन्ने हेतुले लेखन प्रतियोगिता गराई राम्रो अक्षर लेख्नेलाई मौखिक र भौतिक रूपमा पुरस्कृत गर्नुहुन्थ्यो । जसको कारण पछिसम्म हामीले हस्तलेखनलाई त्यही रूपमा निरन्तरता दिएको कारण आज पनि उहाँको र मेरो लिपि उस्तै उस्तै लागेको अर्थमा र अरूले आफ्नो अक्षरप्रति प्रशंसा गर्दा उहाँलाई स्मरण गर्दै गर्व गर्छु । चित्रकला उहाँको अर्को विशेषता थियो । उहाँले सरल ढङ्गले आफ्नो वरिपरि

देखिने रूख बिरूवा, घर कटेरा, विद्यालय, पहाड, हिमाल, गाई वस्तु, चराचुरूङ्गी, मान्छे आदिका चित्र बनाउन सिकाउनुहुन्थ्यो । अनि कक्षामा चित्रकला प्रतियोगिता गराउनुहुन्थ्यो जसको कारण यसतर्फ आकर्षण बढ्न गई हाई स्कूलमा पढ्दा आफ्नो तस्वीर हेरी दुरूस्त बनाउनेसम्मको क्षमता विकास गरेको थिएँ मैले । त्यसैगरी बेला बेलामा गीतसङ्गीत, प्रहसनसहितको सांस्कृतिक कार्यक्रमको आयोजना गरी शिक्षक तथा विद्यार्थीहरूलाई सरिक गराई स्थानीय संस्कृतिको उत्थानमा विद्यार्थीलाई प्रोत्साहन दिनुहुन्थ्यो । उहाँका गीत सुन्न र नाटक (त्यतिबेला सांस्कृतिक कार्यक्रमलाई नाटक भनिन्थ्यो) हेर्न वल्लोपल्लो गाउँ र टाढा-टाढाबाट समेत घमिरको भैरवकाली प्राइमरी स्कूलको प्राङ्गणमा मानिसहरू भेला हुन्थे । यसले गर्दा हाम्रो गाउँको र स्कूलको नाम उचो बनाएको थियो ।

विद्यार्थी र शिक्षकको नाता त छँदै थियो, हाम्रो घर विद्यालयबाट दुई मिनेटको फरकमा भएको हुँदा शिक्षकहरूलाई कहिलेकाहीं तिर्खा लाग्दा तिर्खा मेटाउने थलो जस्तै बनेको थियो हाम्रो घर । त्यसैले उहाँसङ्ग मैले पनि बढी नजिक हुने र झिम्मिने मौका पाएको थिएँ । यसले गर्दा हाम्रो सम्बन्ध पारिवारिक बन्दै गएको थियो । पारिवारिक र मायालु वातावरणमा उहाँसङ्ग तीन र चार कक्षा अध्ययन गर्ने अवसर मिलेको थियो मलाई । तीन र चार कक्षामा प्रथम भएबापत विद्यालयले दिने पुरस्कारमा उहाँले थप छुट्टै पुरस्कार दिनुभएको कारण मलाई पढ्नमा महत्त्वपूर्ण हौसला मिलेको थियो । यसरी उहाँसङ्ग विद्यार्थी शिक्षकको सम्बन्ध अरू लामो समय रहन सकेन किनकि यस बीचमा उहाँ आफ्नो अध्ययनलाई निरन्तरता दिने सिलसिलामा अध्यापनलाई बिटमार्ने दिन आयो, हाम्रो खुशीमा बादल छायो । उहाँको यति छिटै बिदाइ गर्ने दिन आउला भन्ने सोचेका पनि थिएनौं । उहाँलाई बिदाइ गर्दा फेरि स्वागत गर्दा जस्तै विद्यालय परिवार र गाउँवासीहरूको बाक्लो उपस्थिति थियो । उहाँले बिदाइ मन्तव्यको साथमा घमिर र घमिरबासीको बारेमा रचना गर्नुभएको **'घमिरको माया'** शीर्षकको कविता र **'बादल'** बोलको गीत अनि जनकवि केशरी धर्मराज थापाको **'हरिया डाँडामाथि हलो जोत्ने साथी'** बोलको गीत गाउँदा उपस्थित सबैका गह आँसुले भरिएका थिए । यसरी छोटो समयमै भैरवकाली प्राइमरी स्कूल, घमिर ठाँटी, गुल्मीबाट आफ्नो अमिट छाप छोड्दै हँसाउँदै प्रवेश गरेर रूवाउँदै बिदा हुनुभएको थियो उहाँ ।

अलि फरक परिवेशबाट उहाँको अनुपस्थितिमा नमीठो अनुभूतिसहित पाँच कक्षा उत्तीर्ण गरेपछि गाउँमा छ कक्षा पढ्नको लागि विद्यालय नभएको कारण मालिका मिडिल स्कूल, मर्भुङ्, नमातमा र पछि २०२८ सालमा घमिरमै स्थापना भएको देवीस्थान मिडिल स्कूल, भानुपोखरामा पढ्दासम्म यदाकदा शिक्षक सूर्यबहादुर अर्याल दाजुसङ्गबाट केही जानकारी पाउनुबाहेक उहाँसङ्गको प्रत्यक्ष सम्बन्धबाट अलग्गिएँ । हिमालय हाई स्कूल, वस्तु, धुर्कोटमा अध्ययन गरी एस.एल्.सी. को जाँच दिने सिलसिलामा तम्घास जाँदा प्राइमरी स्कूलका सहपाठी मित्र केहरसिङ

खत्रीको माध्यमबाट २०३१ सालमा भेट्ने अवसर मिल्दा पनि उहाँले त्यस्तै हौसला दिनुभएको थियो । त्यतिबेला नै मैले तम्घासस्थित किरण पुस्तकालयबाट प्रकाशित हुने 'हाम्रो पुरुषार्थ' पत्रिकामा उहाँको कविता पहिलोपटक पढ्न पाउँदा मलाई गर्वानुभूति भएको थियो । एस.एल्.सी. उत्तीर्ण गरिसकेपछि केही समय मालिका मिडिल स्कूल, मर्भुङ्, सिमलटारीमा अध्यापन गराउँदा पनि उहाँका थप कविताहरू पढ्ने अवसर मिलेको थियो ।

अनि केही समयको अध्यापनपछि म आफ्नो उच्चशिक्षा अध्ययनको सिलसिलामा काठमाडौं आएँ र अध्ययन सकेपछि रेडियो नेपालमा २०३९ सालमा स्थायी जागिरे भई २०४१ सालमा प्रतिभा साँझ सञ्चालन गर्दाताक कार्यक्रममा हुलाकमार्फत पठाउनुभएको कविता र गीत प्राप्त गरें । गीत अलि अलि भाका मिलाएर मैले नै प्रत्यक्ष गाएर प्रसारण गरिदिएँ भने कविता चाहिँ दाहाल यज्ञनिधिलाई दिएँ र उहाँले प्रसारण गरिदिनुभयो । यसरी हामीबीच लामो समय अलग्गिएको हाम्रो सम्बन्धलाई रेडियो नेपालले नजिक्याइदियो । २०४७ सालमा रेडियो नेपाल अवलोकन गर्ने क्रममा सोधखोज गर्दै उहाँ मसङ्ग आइपुग्नुभयो । प्रत्यक्ष भेट भयो । अनि उहाँको तीब्र इच्छाबमोजिम प्रतिभा साँझको लागि एउटा गीत रेकर्ड गर्‍यौं । गीत रेकर्ड गरिसकेपछि उहाँले भन्नुभयो 'कुनैबेला म तपाईंको गुरु थिएँ आज चाहिँ तपाईं मेरो गुरु ।' यी शब्दहरूले अहिले पनि झलझली स्मरण गराइरहन्छन् । त्यो भेटमा उहाँले मलाई थप ऊर्जा दिंदै भन्नुभएको थियो 'एउटा चेलो जसले आफूलाई मात्रै चिनाएन गुल्मीलाई मात्रै चिनाएन समग्र राष्ट्रलाई समेत मौलिक संस्कृतिको माध्यमबाट चिनायो । धन्यवाद छ बमबहादुर कार्कीलाई । अरू प्रगतिको शुभकामना ।'

त्यसपछि भने उहाँ गुल्मी म काठमाडौ भए तापनि गुल्मीको तम्घासमा हुने महोत्सवहरूमा प्रायः हाम्रो भेटघाट भैरह्यो, एउटाले अर्काको गुणगान गाइरह्यौं, रमाइरह्यौं । सधै समय र दिन एउटै नहुँदोरहेछ, एक्कासि अपत्यारिलो उहाँको दुःखद निधनको खबरले स्तब्ध बनायो । हामीले एउटा गीत सङ्गै गाउने रहर साँचेका थियौं । त्यो रहर अधुरै रह्यो । चलचित्रको कथा र रिल घुमे झैँ उहाँसङ्गका भेटहरू फनफनी घुम्न थाले । गुल्मीले जन्माएको बहुप्रतिभाका धनी आँसशुकवि, होनहार कलाकारको यो अप्रत्याशित निधनमा कतै रेसुङ्गाले शिर झुकाए जस्तो, कतै अर्जुन डाँडाले हाँसो लुकाए जस्तो, चिदीचौर छाती पिटिपिटी मूर्छा परे जस्तो, वनचरी र घरचरीहरूले कोलाहल गरे जस्तो ! जताततै सुनसान छ । सबै स्तब्ध भए जस्तो तर म अभागी रहेछु । मेरो त भाग नै कस्तो कस्तो ! सशरीर उपस्थित भई न श्रद्धाको एक थुङ्गा फूल चढाउन सकें, न एक बुँद अवीर छर्न सकें, यही भो हजुरको लागि श्रद्धासुमन । आँसु नै आँसुको मसीले हजुरको सम्झनामा अलिकति भए पनि खालि ठाउँ भर्न सकें ! जहिलेसम्म लेखिरहन्छु हजुरकै लिपिमा लेख्न सकूँ । मैले कोर्ने कविता, गाउने गीतहरूमा हजुर नै हजुर देख्न सकूँ । यहाँका सुकीर्तिहरूले यहाँलाई अमरत्व प्रदान गरून्, यत्रतत्र सर्वत्र सुवास छरून् ! हार्दिक नमन श्रद्धेय गुरुलाई !

ooo

# कवि भेषबहादुर कुँवरका काव्यप्रवृत्ति र 'भान' कविताको संक्षिप्त विवेचना

✍ **पदमप्रसाद पाण्डे**
**उप-प्राध्यापक**
**रेसुङ्गा बहुमुखी क्याम्पस, गुल्मी**

## १. परिचय

गुल्मी जिल्लामा जन्मी यसै जिल्लालाई कर्मथलो बनाएका साहित्यकार भेषबहादुर कुँवर 'प्रयासी' (२००५-२०७६) मूलतः कवि, गीतकार, गायक र शिक्षक व्यक्तित्वका रूपमा देखा परेका छन् । लामो समय शिक्षण सेवामा बिताएका कुँवर साहित्यिक पत्रिका 'हाम्रो पुरुषार्थ' को सहायक सम्पादकका रूपमा सम्पादक र समालोचक व्यक्तित्व भएका बहुआयामिक प्रतिभा देखिन्छन् । उनको 'तम्घास सेरोफेरो र साहित्य' समालोचनात्मक प्रबन्ध हो भने 'तिनताकका केही सम्झनाहरू' संस्मरणात्मक लेखका रूपमा रहेको छ । कवि व्यक्तित्व उनको मूल पहिचान हुनाले उनलाई कवि 'प्रयासी' उपनामबाट परिचय र लोकप्रियता प्राप्त भएको छ । यस संक्षिप्त लेखमा उनका प्रकाशित कविता-सङ्ग्रह र विभिन्न पत्रिकाहरू (खासगरी हाम्रो पुरुषार्थ र शैलसन्देश) मा प्रकाशित कविताहरूको अध्ययनबाट उनको काव्यप्रवृत्ति ठम्याउने प्रयत्नका साथै उनको बहुचर्चित 'भान' कविताको संक्षिप्त विवेचना गर्ने जमर्को गरिएको छ ।

## २. कवि कुँवरका काव्यप्रवृत्ति

कवि कुँवरको पहिलो कविता-सङ्ग्रह **'बादल'** (प्रथम संस्करण २०३१) हो । त्यस्तै **घुम्तीहरूका आभास** (२०६७), **मेरा केही अनुभूतिहरू** (२०७१), **बाईस तरङ्ग** (२०७३) उनका प्रकाशित अन्य कविता-सङ्ग्रहहरू हुन् । यी सङ्ग्रहहरूका अतिरिक्त उनका कविताहरू स्थानीय स्तरका पत्रपत्रिका र विद्यालय एवम् संस्थाहरूका मुखपत्रहरूमा समेत प्रकाशित भएका छन् । प्रकृतिका कवि कुँवरका **बादलप्रति, फूल, बादल, छहरासँग एक छिन, साउन मास, भदौको त्यो दिन, वसन्तागमनसँगै, मेरी फेवा, पानी, जब वसन्त आउनेछ, बरै बरै निस्ती, हावासँग घोत्लिदा** जस्ता कविताहरू प्रकृतिपरक विषयमा केन्द्रित छन् भने **शपथ, जब तन्देरी लाग्छन् परदेश, आऊ वार्ता गरौं, उचाइ रोज्दा, जान्न आमा भो जान्न, वैशाख आ है अब, मेरो प्यारो मुकुट हिमाल, आर्तनाद** कविताहरू राष्ट्रप्रेमको भाव व्यक्त गर्ने प्रतिनिधि रचना हुन् । **कोलम्बसको गुफा, भान, मयुरको प्वाँख, के बोल्छ सिमल रुख, घर, मलाई एक्लै हिड्न मन लाग्छ, जिज्ञासा** जस्ता कवितामा कविको जीवन दर्शन र वैचारिकता पाइन्छ भने **यसरी पङ्चर होइँदो**

**रहेछ, खेद छ मलाई, केवल कुरिरहेछ, खोज्दै केवल अवसान** आदि कविताहरू विसङ्गतिवादी चिन्तनको झझल्को दिने कविताको श्रेणीमा पर्दछन् । **चित्रे, भरिया, अनिकाल पस्यो, त्यहाँ खलबल मच्चिइरहेछ, सारेगमको दैनिकी, कुल्लीसँग एक दिन** जस्ता कविताहरू निम्नवर्गीय जीवनका पीडा र समस्या अभिव्यक्त गर्ने कविता हुन् । स्वच्छन्दतावादी कवि कुँवरले **आफ्नै ऐना हेर्दा, पहेंली घाम देख्दा, जीवनको पाटो फेरिदा, हिजो नआउने गरेर गयो** जस्ता कवितामा अतीतप्रेम र विगतको समयको सुमधुर स्मृति गरेका छन् । **मन लाग्छ** कवितामा विकृति र बेथितिप्रतिको आक्रोश र कविको विद्रोहीपन देख्न पाइन्छ । **पिन्जराकी मैना र 'गइन् तिनी दुलही बनेर'** कविता कारूणिक र मर्मस्पर्शी कविता हुन् भने **छाता र सुराही, भानु जन्मे र पो, स्मृतिको सानो शब्दचित्र** अग्रजहरूको सम्मानमा समर्पित कविताका रूपमा रहेका छन् । **जय मानवता, मान्छे थला परिरहेको छ, मेरो त नाक कान दुख्छ** आदि मानवतावादी विचारमा केन्द्रित कविता हुन् भने **एकादेशका मान्छेहरू, मान्छे : वानरको दृष्टिमा, कुकुरदेखि सावधान !, मलाई कलम पैचो देऊ, मुडुला बोकाहरू, खै प्रजातन्त्र ?, भो उस्तै हो गणतन्त्र आए पनि** कविताहरूमा सामाजिक र राष्ट्रिय विकृति र विसंगतिप्रति कविको व्यङ्ग्य चेतना प्रष्ट भएको पाइन्छ । यीबाहेक उनका धेरै कविताहरू फुटकर रूपमा प्रकाशित र अप्रकाशितसमेत रहेकाले उनका सबै कविताहरू एउटै सङ्ग्रहमा संकलन गरी प्रकाशन गरिएमा लोकप्रिय कविता रचनाको आस्वादन गर्न चाहने पाठक र अध्येता दुबैका लागि सहज हुने देखिन्छ ।

प्रकृतिका गायकका रूपमा रहेका कवि कुँवर प्रकृतिप्रेमी कवि देखिन्छन् । उनका उपलब्ध कविताहरूको सर्सर्ती अध्ययन गर्दा उनका कवितामा महाकवि लक्ष्मीप्रसाद देवकोटाको स्वच्छन्दतावादी शैलीको प्रभाव रहेको प्रतीत हुन्छ । गायकका रूपमा उनमा धर्मराज थापाको झझल्को मिलेझैं कवितामा देवकोटाको झल्को पाउन सकिन्छ । उनका कविताहरू निजी जीवन भोगाइको अभिव्यक्तिमा मात्र सीमित नरही राष्ट्रिय सन्दर्भ र युग जीवनको अभिव्यक्तिसम्म विस्तारित भएका छन् । प्रकृतिप्रेम र अतीतप्रेमको रोमान्सेली भावका साथै उच्च भावनात्मकता कारूणिकता र मानवताको प्रयोगले कवि 'प्रयासी' स्वच्छन्दतावादी कवि ठहर्छन् । माटोप्रतिको ममता, श्रमप्रतिको आस्था, बेथिति र शोषण प्रतिको आक्रोश, निम्न वर्गीय जीवन भोगाइको अभिव्यक्ति, गरिबी र अभावको पीडा, इतिहास र पुर्खाप्रतिको गौरव, अग्रजप्रतिको सम्मान, भाषिक सरलता, वैचारिक गहनता र जीवनवादी दृष्टिकोण कवि 'प्रयासी'का मूल काव्यप्रवृत्ति मान्न सकिन्छ ।

गद्य कविता र लोकलयका कवितामा विशेष झुकाव राख्ने कुँवर कवितामा स्वतःस्फूर्त बिम्ब र प्रतीकको प्रस्तुतीकरण गर्न कुशल देखिन्छन् । उनका कवितामा प्रकृति मात्र छैन प्राकृतिक सहजता पनि छ । कृत्रिमता, आडम्बर र

सजधजको गन्ध र स्पर्श पनि भेटिदैन । मानवीय संवेदना, संवेग र करूणाको प्रकाशन एवम् कला र भावको सुन्दर समन्वयमा उनका कविता केन्द्रित छन् । उनका प्रकृतिपरक कवितामा प्राकृतिक सौन्दर्यको चित्रणका साथै प्रकृतिको मानवीकरण गर्दै प्रकृतिको सादृश्यतामा मानव जीवनका विविध पक्षहरूको कलात्मक उद्घाटन पाइन्छ । उनका केही कविताहरू जीवनको उत्तरार्धको अनुभूति प्रकाशन र जीवनको अन्तिम सत्यको प्रस्तुतिमा केन्द्रित छन् । उनको 'अनुत्तरित प्रश्न' कविताले सामाजिक समस्याको चित्रण गर्दै जीवनवादी दृष्टिकोण अभिव्यक्त गरेको छ । आफ्ना रचनालाई परिस्थिति र परिवेशको उपज मान्ने कुँवर कवितामा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशको जीवन्त चित्र उतार्न खप्पिस छन् । इराकमा रेटिँदा, बुद्धत्व जिउँदो राख्छौं ! राख्छौं !, बन्दुकहरूसँग अपिल जस्ता कवितामा युद्ध र हिंसाको विरोध र शान्तिको समर्थन रहेको पाइन्छ । सिर्जनाका नवक्षितिज र नयाँ पाटाहरू उघार्न कवि कोलम्बस बन्न खोज्दै भन्छन् :

**'साँघुरा बस्तीमा पटक्कै अटाउन्न कोलम्बस**
**आकाश जत्तिकै फराकिला होऊ ठाउँहरू**

*- कोलम्बसको गुफा*

प्रकृति र मानव जीवनको अभिन्नता र शाश्वत पक्षलाई उनका कविताले सुन्दर ढङ्गले चित्रण गरेको पाइन्छ -

**निमेषभरको फक्रिदो यौवन**
**निमेषभरकै जीवनजाल**
**विधिले चुट्दछ आज कि भोलि**
**वासना सबको छ अनमोल**

*- फूल*

**जुनकिरीले दुनियाँलाई**
**बत्ती दिन्छ ह कि ?**
**उसको पनि भित्र-बाहिर**
**राँको बल्दो हो कि ?**

*- भान*

मानव जीवनलाई ईश्वरीय लीला र विधिको खेल मान्दै दुःखान्त जीवन दर्शनको प्रस्तुतीकरण गर्ने कुँवरका कवितामा दार्शनिकता र वैचारिकता प्रकट भएको पाइन्छ ।

**प्रारब्ध चाल्छ, अनौठा चाल, सुहाल बिहाल**
**सुदिन थोरै दुर्दिन धेरै सृष्टिको कमाल**

*- के बोल्छ सिमल रुख ?*

**खोजिन्छ धेरै पाइन्छ थोरै जीवन रहुञ्जेल**
**संगसँगै मेटौं भोक र तिर्खा आउन काकाकुल**
***- काकाकुल र म***

**संसारमा माटोभन्दा**
**पानी धेरै ह कि ?**
**सकेसम्म आँसुलाई**
**संगालेर हो कि ?**
***- भान***

## ३. 'भान' कविताको दार्शनिक पक्ष

प्रकृति र मानवीय संवेदनाका कवि भेषबहादुर कुँवर 'प्रयासी'का उत्कृष्ट कविताहरूमध्येको एक 'भान' कविता हो । यस कवितामा जीवन, जगत्को सत्य प्रकाशनका साथै कवि कुँवरको दार्शनिक चेत अभिव्यक्त भएको छ । उनका उत्कृष्ट कविताहरूको श्रेणीमा पर्ने प्रस्तुत कविता २०५७ सालमा किरण पुस्तकालय गुल्मीद्वारा आयोजित बृहत् कविता प्रतियोगितामा प्रथम स्थान प्राप्त गर्न सफल रचना हो । प्रकृति र मानव जीवन बीचको अभिन्न सम्बन्धलाई कवितात्मक रूप दिने प्रयासीको समग्र काव्यप्रकृतिको सुन्दर र प्रतिनिधित्वमूलक प्रतिविम्बन पाइने यस कवितामा प्रकृतिका अनेक विम्ब र प्रतीकहरूको प्रयोग गरी मानव जीवनको सत्यको चित्रणका साथै कविको जीवन दर्शनको अभिव्यक्तिसमेत रहको छ ।

नेपाली बृहत् शब्दकोषका अनुसार भान भन्नाले कुनै विश्वस्त तथ्य फेला नपरेको ज्ञान, आभास, झझल्को । भ्रमपूर्ण धारणा । भ्रान्त ज्ञान भन्ने बुझिन्छ । हाम्रो पूर्वीय दर्शनले इन्द्रिय, मन र बुद्धिबाट प्रत्यक्ष हुने ज्ञानलाई माया, भ्रम, छायाँ र प्रतीति मात्र मान्दछ । त्यसै गरी पाश्चात्य सापेक्षतावादी सिद्धान्तले पनि समय, स्थान, गति र सत्यको निरपेक्ष मूल्य र सत्ता नहुने र सत्य अलग-अलग स्वरूप र सापेक्षतामा आधारित हुने तथ्य अघि सारेको छ । भौतिकतावादी दर्शन् र विज्ञानले पनि इन्द्रिय प्रत्यक्ष ज्ञान र सत्य कहिलेकाहीं भ्रम (Illusion) र भ्रान्तिका रूपमा रहने बताउँछ । मूलतः अध्यात्मवादी चिन्तन र ईश्वरीय सत्तामा विश्वास राख्ने कवि कुँवरले मानव जीवनका विविध स्वरूपलाई दृश्य सत्ताभन्दा बढी अदृश्य सत्ताका रूपमा हेर्न पुगेका छन् । स्वछन्दतावादी कवि कुँवरले यस कविताका माध्यमबाट स्वच्छन्दतावादी मान्यताअनुसार नै वस्तुसत्य र भौतिक सत्यलाई मिथ्या र भ्रम मान्दै आत्मसत्यप्रतिको आस्था प्रकट गर्दै छायाँवाद र रहस्यवादलाई पछ्याएको अनुभूत हुन्छ । मानव जीवनको भ्रान्तिपूर्ण अवस्थाको चित्रण गरिएको यस कवितामा अदृश्य सत्य, आन्तरिक सत्य, आत्मीय सत्य र

आध्यात्मिक सत्यप्रतिको कविको लगाव मुखरित भएको छ । मानिसको दृष्टकोणअनुसार सत्य सापेक्ष हुन्छ भन्ने दार्शनिक मान्यताका साथै सत्य बहुआयामिक हुने र सत्य र तथ्यमा अन्तर रहने मान्यता यस कविताको वैचारिक धरातल बनेको छ । फूलको आँखामा फूलै संसार भनेजस्तै सत्य, धारणा र दृष्टिकोण व्यक्ति, समय र स्थान सापेक्ष हुने चिन्तनको कलात्मक प्रकाशन यस कवितामा गरिएको छ ।

प्रकृति र मानव जीवनको सादृश्यताको बिम्बात्मक चित्रण कवि कुँवरको वैशिष्ट्य रहेकाले 'भान' कवितामा पनि प्रकृति र मानव जीवनको तादात्म्यताका साथै पृथकताको प्रतीकात्मक अभिव्यक्ति छ । प्रकृतिमा आफूलाई भन्दा अरूलाई राम्रो देख्नें प्रवृत्ति हुने तर मानिसमा भने अरूको अवगुण मात्र देख्नें प्रवृत्ति रहने एवम् मानिसमा आफू ठूलो बन्न अरूलाई सानो देख्ने गलत प्रवृत्ति यस कविताको भाव कविको अनुभवजन्य जीवन दर्शन हो भन्न सकिन्छ । प्रसन्नता वा सुख भ्रम मात्र रहेको र दुःख, पीडा, रोदन नै मानव जीवनको शाश्वत सत्य रहेको वैचारिक दृष्टिकोण कविताले आत्मसात गरेको छ । दाँत हाँसे पनि आँत रोइरहेको हुनु, कोइलीको मीठो आवाज सुन्नेले उसको रूवाइ सुन्न नसक्नु र काकाकुलको वेदना आकाशले बुझ्न नसक्नु जस्ता विम्बबाट कवि 'प्रयासी' ले मानव जीवनको गम्भीर व्याख्या गर्न खोजेको प्रतीत हुन्छ ।

हामी जुनकिरीको बत्ती मात्र देख्छौं तर ऊभित्रको विरहको राँको देख्दैनौं, हामी गाइनेले रेटेको सारङ्गीको सुन्दर धुन मीठो मानी सुन्छौं तर खोत्रो पेटको चिच्याहटको अनुमान र कल्पना पनि गर्न सक्दैनौं । कविले भने यी दुई प्रसङ्गका माध्यमबाट वैयक्तिक जीवन भोगाइको अभिव्यक्तिका साथै समग्र मानव जीवनको मार्मिक र कारूणिक अवस्थालाई उजागर गर्न खोजेका छन् । संसारमा धनी र गरिबको भेदलाई विशाल संसाररूपी नाट्यशालामा मञ्चन भएको कालको खेल वा नाटकको संज्ञा दिने कविको पूर्वीय अध्यात्मवादी दर्शनप्रतिको आस्था प्रष्ट रूपमा देख्न सकिन्छ । भूगोल विषयका अध्यापक कवि कुँवरले पृथ्वीमा दुई भाग पानी र एक भाग जमीन रहेको सामान्य विषयलाई मानव जीवनको दुःखान्त अवस्थासँग जोड्न पुगेका छन् भने कक्षा कोठामा ग्लोव देखाउँदा पृथ्वीमा अक्षांश र देशान्तरका काल्पनिक रेखाको अवस्थितिको व्याख्या गर्न कवि यस कवितामा यो पृथ्वी र मानव जीवनलाई पिंजरा देख्ने दार्शनिक बन्न पुगेका छन् ।

### ३. निष्कर्ष

स्वच्छन्दतावादी काव्य प्रवृत्तिलाई आत्मासात गर्ने कवि कुँवरको 'भान' कवितामा दुःख, पीडा र आँसुलाई जीवनको सत्य मान्ने दुःखान्त जीवन दर्शन, सत्य निरपेक्ष नभई सापेक्ष रहने सापेक्षतावादी सिद्धान्त, मानव जीवनलाई भ्रम मान्ने

अध्यात्मवादी दर्शन तथा आत्मिक र आन्तरिक सत्यमा विश्वास राख्ने स्वच्छन्दतावादी विचारको समन्वय रहेकोले प्रस्तुत कविता दार्शनिक चेतना प्रकट भएको कविको सर्वोत्कृष्ट कविता हो भन्नुमा कुनै अतिशयोक्ति नहोला ।

**सन्दर्भ-सामग्री**


- **हाम्रो पुरुषार्थ** - किरण पुस्तकालय, गुल्मी ।
- **शैलसन्देश** - महेन्द्र मा.वि., गुल्मी ।
- **नेपाली बृहत् शब्दकोष**, सातौं संस्करण, २०६७, नेपाल प्रज्ञा-प्रतिष्ठान ।
- **बादल** (२०३१) - भेषबहादुर कुँवर ।
- **घुम्तीहरूका आभास** (२०६७) - भेषबहादुर कुँवर ।
- **मेरा केही अनुभूतिहरू** (२०७१) - भेषबहादुर कँवर ।
- **बाईस तरङ्ग** (२०७३) भेषबहादुर कुँवर ।
- **विद्या** - रेसुङ्गा बहुमुखी क्याम्पस, गुल्मी ।
- **आवाज** - सिद्धबाबा मा.वि., गुल्मी ।


ooo


**किरण पुस्तकालय, गुल्मीले आफ्नो प्रकाशनमालाको सत्रौं पुष्पको रूपमा सबैले एक पटक पान गर्ने पन पुस्तक अमृतपान**




**प्रकाशनमा ल्याएको छ । एक पटक पान गरी तृप्त हुनुहोस ।**

# बाईस तरङ्ग कविता–सङ्ग्रहमाथिको विमर्श

✍ **टंकप्रसाद पन्थ**
**छत्रकोट-४, गुल्मी**
**हाल : उप-प्राध्यापक - त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा**

## १. विषयप्रवेश

भेषबहादुर कुँवर 'प्रयासी' गुल्मीका परिचित साहित्यिक प्रतिभा हुन् । २००५ सालमा गुल्मीको धागिथुममा जन्मेका कुँवर हँसमुख, प्रखर तथा सिर्जनात्मक व्यक्तित्वका धनी तथा साहित्यकारका रूपमा परिचित छन् । २०३१ सालमा बादल कविता–सङ्ग्रह प्रकाशित गरेका प्रयासी लामो समयपछि २०६७ सालमा आएर घुम्तीहरूका आभास कृति प्रकाशित गरेका हुन् । यसपछि मेरा केही अनुभूतिहरू नामक कविता–सङ्ग्रह २०७१ सालमा प्रकाशित गरेका यिनको अर्को कृति बाईस तरङ्ग २०७३ सालमा प्रकाशित भएको हो । चारवटा कविता–सङ्ग्रह नेपाली साहित्यलाई अर्पण गरेका प्रयासीको व्यक्तित्व मूलतः कविता विधामै आलोकित बन्न पुगेको देखिन्छ । गुल्मीको शैक्षिक, सामाजिक तथा साहित्यिक क्षेत्रमा यिनले पुऱ्याएको योगदान महत्त्वपूर्ण बनेर रहेको छ । यस पंक्तिकारले नजिकबाट त्यति सङ्गत नगरे तापनि पाल्पा र गुल्मीका केही कार्यक्रमहरूमा प्रयासीसँग साक्षात्कार भएको र उनको प्रखर शैलीको कवितावाचनको आस्वादन गरेको अनुभूति भने अहिले पनि ताजा बनेर रहेको छ । कला र गलाका धनी प्रयासीको लेखनमा मानवीय संवेदना भाव प्रबल रूपमा मुखरित भएको पाइन्छ । प्रकृति, जीवन र मानवीय अस्तित्वलाई छामेर आफ्नै भाषा र विचारमा ढाली प्रस्तुत गर्ने कला उनको मौलिकता मान्नुपर्दछ । प्रस्तुत लेखमा प्रयासीको पछिल्लो कृति **बाईस तरङ्ग (२०७३)** माथि चर्चा गरिएको छ ।

## २. कथ्य र संरचना

प्रस्तुत **बाईस तरङ्ग** कृतिमा कवि प्रयासीका बाईसवटा कविताहरू समेटिएका छन् । कविताको कथ्य र भावको पक्षलाई छाम्दा पञ्चायती निरङ्कुशताका केही बाछिटाहरू, प्रजातान्त्रिक व्यवस्थाप्रतिका सुनौला आशाहरू, प्रजातान्त्रिक समयमा भित्रिएका विकृति र विसङ्गतिहरू, सशस्त्र सङ्घर्ष र त्यसपछिको सङ्क्रमणकालीन नेपाली परिवेश र यस समयमा विकास भएका क्षुद्र प्रवृत्ति र विसङ्गतिलाई समेटिएको छ । हाम्रो राष्ट्र प्राकृतिक, सांस्कृतिक तथा उत्पादनका हिसाबले प्रचुर सम्भावना बोकेको भएर पनि गरिबीको जाँतोमा पिसिएर विदेशीको गुलामी गरी ज्यानलाई समेत जोखिममा राखेर जीवन बिताउन विवश नेपालीहरूको अवस्थालाई मार्मिक रूपमा उठान गरिएको छ । कवि प्रयासीका कविताहरूको अध्ययन गर्दा उनीभित्र मानवीय संवेदना र जीवन चेतना सघन रूपमा मुखरित

भएर आएको पाइन्छ । जीवनका रहस्यलाई खोतली वास्तविकतालाई बाहिर उजागर गर्ने तरिका यिनको आफ्नै प्रकृतिको रहेको पाइन्छ । नागरिकहरूमा असल आचरणको खोजी गर्ने यिनका कविताहरूमा मानवीय स्वतन्त्रता र जिजीविषापूर्ण भावहरू सघन रूपमा प्रतिबिम्बित भएर आएका छन् । प्रकृति, समाज, जीवन, संस्कृति, विकृति, स्वाभिमान, अस्तित्व, मानवता, शान्ति आचरणमा परिष्कार, नेतृत्वमा इमान्दारिता, समानता र न्यायको स्थापना जस्ता कुराहरूमा कविताको कथ्य केन्द्रित रहेको छ ।

कविताको खास संरचना हुन्छ । कविता भन्नाले कुनै भाव वा अनुभूतिविशेषलाई लिएर लेखिएको कुनै फुटकर रचना हो भन्ने बुझिन्छ । यसलाई स्फुट वा मुक्तक कविताको संज्ञा पनि दिइन्छ (थापा, २०५०:३३) । प्रस्तुत कविता-सङ्ग्रहको संरचना पक्षलाई दृष्टि दिँदा आवरण पृष्ठबाहेक जम्मा अठचालीस पृष्ठमा यसको बाह्य कलेवर निर्माण भएको छ । आवरण पृष्ठको अग्र भागमा कविता-सङ्ग्रहको शीर्षक हरियो छायामा र तलपट्टि सेतो भुइँमा स्रष्टाको नाम उल्लेख गरिएको छ । यसैगरी आवरण पृष्ठको पश्च भागमा कविको परिचय खुल्ने संक्षिप्त झलक र प्रकाशित कृतिहरूको सूची समावेश गरिएको छ । यहाँ प्रकाशोन्मुख कृति **'भावना व्यञ्जन'** को पनि उल्लेख गरिएको छ । कविता-सङ्ग्रहको भित्री पक्षलाई अध्ययन गर्दा यहाँ कुल बाईसवटा कविताहरू रहेको र एउटा कवितालाई एउटा तरङ्ग मानी कविता-सङ्ग्रहको शीर्षक बाईस तरङ्ग राखिएको पाइन्छ । यी बाईसवटा कविताहरू फरकफरक संरचनामा निर्मित छन् । कविताको अवलोकन गर्दा एक पृष्ठमा संरचित सातवटा कविता रहेका छन् । यस्तै दुई पृष्ठमा संरचित दसवटा कविता रहेका छन् । तीन पृष्ठमा संरचित चारवटा कविता र चार पृष्ठमा संरचित एउटा कविता रहेको पाइन्छ । यस आधारमा हेर्दा धेरैजसो कविताहरूको संरचना लघु प्रकृतितर्फ नै केन्द्रित रहेको पाइन्छ । छोटो संरचनामा विषयलाई च्वास्स छोएर विचार सम्प्रेषण गर्नमा प्रयासी सफल रहेको पाइन्छ । पिता-माता र नेपाली भाषासेवीप्रति समर्पित प्रस्तुत कृतिको अन्तिम पृष्ठमा भन्छन् स्तम्भमा कविता र जीवनसम्बन्धी चिन्तनलाई जोडिएको पाइन्छ ।

## ३. बाईस तरङ्गमा निहित प्रवृत्तिगत विशेषता

कविताको खास धर्म र विशेषता हुन्छ । यो सामान्य मानिसको अभिव्यक्तिभन्दा विशिष्ट प्रकृतिको हुन्छ । विशिष्ट भाषा र विशिष्ट लय कविताका मुख्य अभिलक्षण हुन् । लय कवितालाई अरू विधाबाट अलग्याउने निजी तत्त्व भएकाले कविता विशिष्ट लयात्मक हुन्छ भनिएको हो (गौतम, २०६९ : २६) । आफ्ना अनुभूतिलाई कवितात्मक कलेवरमा ढाली मूर्त रूप दिँदा कविताको बान्की निर्माण हुन्छ । कविले भोगेका जीवनका झाँकी र झलकहरू विशिष्ट लय र अभिव्यक्तिमा उनिएर कविता कलाको स्वरूप ग्रहण गर्दछ । प्रस्तुत कृतिमा कवि

प्रयासीले आफ्नो जीवन भोगाइका क्रममा साक्षात्कार गरेका विविध झलकहरूलाई प्रस्तुत गरेका छन् । भावनाका आलोकमा विचरण गर्ने क्रममा यिनका कविताले विविध प्रवृत्ति र मर्मलाई आत्मसात गरेको देखिन्छ । स्वच्छन्दतावादी प्रकृति चेतनाका साथमा मुखरित भएको यिनको कवित्व फराकिलो फाँटमा विचरण गर्न खोजेको अनुभूति हुन्छ । 'मेरा रचनामा जो देखिन्छन्, ती परिस्थिति र परिवेशका उपज हुन्' भन्ने प्रयासीले देश, काल, परिस्थितिका झाँकीहरूलाई यस कविता-सङ्ग्रहमा समेटेको अनुभव हुन्छ । आफू बाँचेको समाजका यथार्थ कुरालाई कविता कलामा ढालेर प्रस्तुति दिने प्रयासीका कविताभित्र समेटिन आएका विशेषतालाई यहाँ प्रकाश पार्ने प्रयास गरिएको छ ।

### ३.१. स्वच्छन्दतावादी प्रवृत्ति

कवि प्रयासीका कवितामा स्वच्छन्दतावादी चेतना प्रतिबिम्बित भएर आएको पाइन्छ । प्रकृति र मानव जीवनको सघन सम्बन्धलाई भावनात्मक कल्पनामा ढालेर प्रस्तुत गर्ने प्रवृत्ति अनि आत्मपरक निजात्मक अनुभूतिको प्रबलता यी कविताहरूमा सल्बलाएकाले यिनका कवितामा मूलतः स्वच्छन्दतावादी प्रवृत्ति देखिन्छ । सरलताभित्र सघन प्राकृतिक झलक तथा सामाजिक जीवनका क्रियाकलापहरू यहाँ प्रतिबिम्बित भएर आएका छन् । परिष्कारका अपेक्षा स्वतःस्फूर्त अभिव्यक्ति कलाको स्वच्छन्दतावादी प्रवृत्ति यहाँ प्रभावशाली रूपमा मुखरित भएको पाइन्छ । नागर सभ्यताका तुलनामा ग्रामीण-प्राकृतिक परिवेश र त्यसभित्रको आनन्दको पाटोलाई पनि यहाँ उजागर गराइएको छ । **'एकादेशका मान्छेहरू', 'आमाका पाइलाहरू', 'गइन् तिनी दुलही बनेर', 'कुकुरदेखि सावधान !', 'जिज्ञासा'** आदि कवितामा स्वच्छन्दतावादी चेतना प्रखर रूपमा मुखरित भएको पाइन्छ । दृष्टान्तका रूपमा यहाँ एउटा कविताको नमूना राखिएको छ ।

**हामी निस्फिक्री घुम्थ्यौं वनमा**
**जहाँ कहिले भेटिन बाघदेखि सावधान !**
**जहाँ कहीं भेटिएन -**
**भालु, ब्वाँसा, हात्ती, गैँडादेखि सावधान !**
**क्या हो यो ? बाक्लो बस्तीमा 'कुकुरदेखि सावधान ! '**
**सुनसानसँग पो डराउनु**
**खै कता गयो यहाँको निर्धक्कता ?**

***- कुकुरदेखि सावधान !***

यस कवितांशमा सहरका ठूला घरहरूमा **'कुकुरदेखि सावधान !'** लेखिएको सन्दर्भलाई आधार बनाई घना बस्तीमा धेरै मानिसहरूका बीचमा पनि कुकरदेखि डराउनुको मानवीय प्रवृत्तिलाई झल्काई ग्रामीण जीवनको प्राकृतिकता र नागर जीवनको आडम्वरपूर्ण कृत्रिमतालाई यहाँ प्रकाश पारिएको छ ।

### ३.२. राष्ट्रवादी भावना

राष्ट्र भनेको ढुङ्गा र माटो मात्र होइन, मात्र भूगोल पनि होइन । राष्ट्रको आफ्नै स्वत्व र पहिचान हुन्छ । राष्ट्र एक समष्टि सत्ता हो । त्यो सत्ता देशको मृत्तिकादेखि लिएर देशवासीको आत्मासम्म परिव्याप्त हुन्छ । व्यक्तिको जस्तै राष्ट्रको पनि आत्मा हुन्छ, उसका स्वभाव र चरित्र हुन्छन्, विश्वास र दर्शन हुन्छन् (घिमिरे, २०५८ : ८७) । नागरिकको ढुकढुकीमा राष्ट्र जीवित रहेको हुन्छ । साहित्यकारले आफ्नो दृष्टि र चिन्तनका कसीमा गालेर राष्ट्रको आवाजलाई बुलन्द गर्दछ । कवि प्रयासीका कवितामा राष्ट्र र राष्ट्रियताप्रतिको मोहभाव मुखरित भएको पाइन्छ । हाम्रो देश विश्वमै सुन्दर, रमणीय र अनुकूल अवस्था भएर पनि विकास र समृद्धिका क्षेत्रमा सधैँ पछाडि पर्नुको नियतिलाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ । पञ्चायत कालदेखि अहिलेसम्म व्यवस्था फेरिए पनि अवस्था उस्तै रहेको कुरालाई यहाँ झल्काइएको छ । हाम्रो गरिबी अवस्था र नेतृत्वको कमजोरीले गर्दा विश्वमै निरीह बन्नु परेको नेपालीको अवस्थालाई यहाँ उद्घाटन गरिएको छ । **'खेद छ मलाई', 'इराकमा रेटिँदा', 'खै प्रजातन्त्र ?', 'होसियार नयाँ युग आइरहेछ !', 'वैशाख आ है अब', 'आऊ वार्ता गरौँ'** जस्ता कवितामा राष्ट्रवादी भावना प्रबल रूपमा मुखरित भएको देखिन्छ । नेतृत्वमा रहनेहरूमा भएको अदूरदर्शिता, अकर्मण्यता, पार्टी र व्यक्ति स्वार्थ अनि अन्योलका कारण निम्तिएका समस्यालाई उठाई सुधारका लागि घच्घच्याउने काम पनि कविले गरेका छन् । देशमा संविधान बन्न नसकेर अलमलको स्थिति रहेका बेला नेतृत्वमा अर्जुन दृष्टिको अभाव भएका कारण निकास ननिस्किएको कुराका साथमा खबरदारी पनि यहाँ गरिएको पाइन्छ । साझा स्वार्थ र राष्ट्रिय सहमतिमा विश्वास गरी अगाडि बढ्न नेतृत्व तहलाई आह्वानसमेत गरिएको पाइन्छ । जस्तो :

**निहुरेको कतै हो र कठै ?**
**मुकुट हिमाल !**
**कसैको दास होला र कठै ?**
**विशाल नेपाल !**
**बुद्धका मूर्ति हजारौं थान**
**करोडौं पुजारी !**
**सर्वोच्च हामी सगरमाथा**
**क्या हुँला भिखारी ?**

**- आर्तनाद**

हिमालको धर्म सधैँ उँचो रहने मर्मका साथमा बुद्ध, सीता, भृकुटी, जनक, सगरमाथा, डाँफे, मुनाल, गुराँस र नदीनालाहरूले सिँगारेको स्वर्ग जस्तो हाम्रो देश कसैको दास नहुने अभिप्रायका साथमा सघन राष्ट्रवादी भावना मुखरित भएको पाइन्छ ।

### ३.३. व्यङ्ग्य अनि विद्रोह

समाजको एउटा एकाइका रूपमा कवि स्वयं बाँचेको हुन्छ । युगीन चेतनाका आधारमा उसले समाज र राष्ट्र अनि विश्वजनीन परिप्रेक्ष्यमा विकास भएका असङ्गतिहरूलाई सम्प्रेषण गर्दछ । आजको कविताले स्वदेश र परदेशको बिजोक र विसङ्गति, असमयका धक्का र समयको तीव्र गतिमा चेपिएको मानिसलाई यथारूप प्रस्तुत गर्ने प्रयत्न गरिरहेको छ (भट्टराई, २०६७:१५४) । जीवन भोगाइका अमिला, नुनिला, तिता र टर्रा परिस्थितिलाई कटाक्षपूर्ण शैलीमा प्रस्तुत गरी सुधारको सन्देश प्रवाहित गर्नु एक सचेत साहित्यकारको उत्तरदायित्व पनि रहेको हुन्छ । कवि प्रयासीका धेरैजसो कवितामा समाजमा भित्रिएका विकृति, विसङ्गति र मानवीय आचरणमा आएको स्खलनप्रति कटाक्ष गरिएको छ । समाजमा विद्यमान खराब र नकारात्मक प्रवृत्तिलाई इङ्गित गरी तिनले देखाएको विद्रूप अवस्था अनि राष्ट्र र सम्पूर्ण मानवलाई पार्ने नकारात्मक प्रभावतर्फ लक्षित गरी व्यङ्ग्यात्मक रूपमा धज्जी उडाउने काम यहाँ गरिएको छ । देशमा भएका भोक, रोग, गरिबी, निराशा, बेथिति, शोषण, अन्याय, अराजकता जस्ता अवस्थालाई झल्काई सुधारको सन्देश प्रवाहित गरिएको छ । समाजमा भएका रूढिबुढी र अन्धविश्वास प्रेरित कृत्यहरूलाई लक्षित गरी मानिसको बुद्धिमा बिर्को लगाउने र प्रगतिका बाटाहरूमा अवरोध खडा गर्ने कुराको सशक्त विमतिका साथमा कविभित्र निहित विद्रोही चेतना सल्बलाएर आएको पाइन्छ । कलम, चेतना र विचारमा नभई बन्दुक र गोलीमा विश्वास गर्ने शासकहरूप्रति प्रहार गरी युगीन चेतना प्रवाहित गरिएको पाइन्छ । यहाँ कविले हामी नेपालीहरूमा निहित कृतघ्नतापूर्ण व्यवहारलाई लक्षित गरी सुधार र परिष्कारको अपेक्षा राखेका छन् । **'मुडुला बोकाहरू', 'खै प्रजातन्त्र ?', 'ठहरै पारेछौ कौवा तर', 'एकादेशका मान्छेहरू', 'कुकुरदेखि सावधान !', 'आऊ वार्ता गरौं'** जस्ता कवितामा व्यङ्ग्य विद्रोही चेतना सल्बलाएर आएको पाइन्छ । जस्तो :

**घरानिया कहाँ मस्त छ कि प्रजातन्त्र ?**
**विस्तार गर्दै छ कि हालीमुहाली ?**
**खुबै उत्साह लिएर-आउँछ-लाग्थ्यो मलाई**
**खुबै उमङ्ग लिएर आउँछ लाग्थ्यो मलाई**
**आकाशको फल हो कि प्रजातन्त्र ?**
**लक्ष्मणरेखाभित्रकी सीता ?**
**कि शिशु हो पछारिएर मऱ्यो ?**
**- *खै प्रजातन्त्र ?***

प्रजातन्त्र आएपछि पनि लक्षित जनताले प्रजातन्त्रको अनुभूति गर्न नपाएको, सीमित व्यक्ति र घरानियाहरूलाई प्रजातन्त्र फलिफाप बनेको अवस्थाप्रतिको कटाक्षपूर्ण विद्रोही चेतना यहाँ प्रतिबिम्बित भएको पाइन्छ ।

### ३.४. मानवीय संवेदनाको प्रस्तुति

कवि प्रयासीका कविताहरूमा मानवीय संवेदना भाव मार्मिक रूपमा प्रतिबिम्बित भएको पाइन्छ । यिनका कविताहरू पढ्दै जाँदा खास वर्ग र उपेक्षित जनताप्रतिको सहानुभूति भाव व्यक्त भएको पाइन्छ । मानिसले दैनन्दिन भोगेका व्यवहार र वास्तविक अवस्थालाई कविको सूक्ष्म दृष्टिले समेटेर गम्भीर रूपमा प्रस्तुत गर्नुले कविभित्र रहेको संवेदना भाव प्रकट भएको पाइन्छ । प्रकृति र जीवनका सूक्ष्म रहस्यलाई उजागर गराई भावनात्मक संवेगलाई जगाउने काम गरिएकाले मानवीय संवेदनाको पाटो यहाँ जीवन्त रूपमा आएको पाइन्छ । **'गइन् तिनी दुलही बनेर', 'छाता र सुराही', 'खोन्द्राभित्रको भाले', 'सारेगमको दैनिकी', 'आमाका पाइलाहरू', 'इराकमा रेटिँदा', 'के बोल्छ सिमल रूख ?'** जस्ता कवितामा मानवीय संवेदना मुखरित भएको पाइन्छ । जस्तो :

**मुटुमा गाँठो परे होला वा**
**वेदना छाल उर्लेर हो**
**जमाना बुझ्ने विशेषज्ञले**
**जान्दछ उनको त्यो हाल ।**

*- गइन् तिनी दुलही बनेर*

माइतमा रमाएकी छोरीचेली दुलही बनेर पराइ घरमा जाँदाको संवेदनामूलक भावुक अवस्थालाई यहाँ उद्घाटन गराइएको छ । विरहिणी दुलहीका मनभित्रको पीडा र वेदनालाई बुझ्न मनोवेत्ता विशेषज्ञले मात्र सक्दछ सामान्य मान्छेले सक्दैन भन्ने मर्म यहाँ व्यञ्जित भएको छ ।

### ३.५. स्वतन्त्रता चेत

कवि प्रयासीका कवितामा मानवीय स्वतन्त्रता र अस्तित्वको पक्षलाई उच्च महत्त्व दिइएको छ । प्रजातन्त्र प्राप्तिका लागि लडेर सादा जीवनको आदर्शमा बाँचेका सन्त नेता कृष्णप्रसाद भट्टराईप्रतिको आस्थाभाव होस् वा खोन्द्राभित्रको बेचैन भालेको अन्तर्मनको संवेदना प्रस्तुतिमा होस् कविका अन्तर्मनमा निहित स्वतन्त्रताप्रतिको आस्था र आग्रह भाव व्यक्त भएको पाइन्छ । **'खै प्रजातन्त्र ?'**मा आशा भरोसा र विश्वासमा सजाइएको प्रजातान्त्रिक व्यवस्था घरानियाहरूकै सेरोफेरोमा सीमित भएकाले वास्तविक स्वतन्त्रताको अनुभूति हुन नसकेको मर्म प्रकट गरिएको छ । **'ठहरै पारेछौ कौवा तर'** शीर्षकको कवितामा प्रतीकात्मक रूपमा हातहतियारधारी मानवीय प्रवृत्तिबाट मानवीय स्वतन्त्रता र अस्तित्व नै कुण्ठित हुन पुगेको चेतना अभिव्यक्त भएको छ । **'होसियार नयाँ युग आइरहेछ !'** शीर्षकको कवितामा निरङ्कुशतालाई फालेर प्रजातान्त्रिक युगको आगमन भएको विचारका साथमा कविभित्र अक्षुण्ण रूपमा रहेको स्वतन्त्रता चेत सल्बलाउन गएको पाइन्छ । **'आफै मान उठाऊ'** शीर्षकको कवितामा नारी स्वतन्त्रता र अस्तित्व स्थापनाको सवाललाई केन्द्रमा राखिएको छ । जस्तो :

**आज छ काट्नु काल कठोर**
**कसरी दिऊँ प्रातः सुइँको ।**
**आज छ भोग्नु काल कठोर**
**कसरी मारूँ मैले फुइँको ।**
***- खोन्द्राभित्रको भाले***

प्रस्तुत कवितांशमा कविभित्र निहित स्वतन्त्रताप्रतिको चेतनाका साथमा मानवीय संवेदना भाव मुखरित भएर आएको पाइन्छ । खोन्द्रामा प्रतिबन्धित अवस्थामा रहेको भालेका सन्दर्भबाट निरङ्कुशताका चेपुवामा परेका नेपाली जनताको निरीह अवस्थालाई यहाँ प्रतीकात्मक रूपमा प्रकाश पारिएको छ ।

### ३.६. समानताको आग्रह

कविता मानवीय मनको संवेगात्मक अभिव्यक्ति हो । कविहरू स्वतन्त्रता र स्वाधीनताका हिमायति हुन्छन् । व्यक्तिले भोगेका अनुभूति, पीडा र चाहनाको अभिव्यक्ति साहित्यको मर्म हो । जीवनीमूलक संवेदनाद्वारा उद्दीप्त अनुभूतिबाट जन्मिने हुनाले कविता जीवन सापेक्ष हुन्छ र यसमा समाज र राष्ट्रको अन्तर्भावना प्रतिध्वनित हुन्छ । कविता र जीवनको सहअस्तित्व र सहभाव हुन्छ र त्यसैले यिनमा बिम्ब-प्रतिबिम्ब भाव हुन्छ (उपाध्याय, २०५० : ३५) । समाजका परिदृश्यले कविको चेतनालाई उद्दीप्त तुल्याई खास दृष्टिकोण र मान्यतालाई कविले प्रवाहित गर्दछ । कवि प्रयासीका कवितामा मानव समाजमा विद्यमान रहेका असमानता, भेदभाव, अन्याय र गरिबीको जाँतोमा पिसिएका जनताप्रति सहानुभूति भाव प्रकट भएको पाइन्छ । **'सारेगमको दैनिकी', 'मुडुला बोकाहरू', 'होसियार नयाँ युग आइरहेछ !', 'वैशाख आ है अब' 'आफै मान उठाऊ'** जस्ता कवितामा कविभित्र निहित समानताको भावना मुखरित भएको पाइन्छ । **'सारेगमको दैनिकी'** कवितामा अभाव, गरिबी र विपन्नतासँग संघर्ष गर्दै बाँचेका व्यक्तिहरूको यथार्थ अवस्थालाई झल्काइएको छ । मेसिन जस्तै जोतिएर अर्काको सेवा गरी जीवन गुजार्ने विवश अवस्थालाई उठाई निम्न वर्गीय आम नागरिकहरूको प्रतिनिधिका रूपमा सारेगमलाई प्रस्तुत गरिएको छ । समाजमा विद्यमान असमानताको संरचनाले कोही खाएर डकार्ने अनि कोही भोकै मर्नुपर्ने नियतिलाई यहाँ पनि सङ्केत गरिएको छ । समाजमा भएका विभेदका पर्खालहरू भत्काएर समानतायुक्त समाज निर्माण गर्ने चेतना यहाँ सल्बलाएको पाइन्छ । जस्तो :

**नेपाली गालाहरूमा हेर्न होइन**
**एकातिर रोएको र अर्कातिर हाँसेका**
**हेर्न होइन**
**हिमाल, पहाड, तराईको फरक वैभव**
**अब रहन नदिने गरी तलमाथि**

**अब रहन नदिने गरी हैकमवादी**
**कुन नेपाली हुने दास ?**
**कुन नेपाली हुने मालिक ?**
***- नयाँ युग आइरहेछ !***

देश सबैको साझा आधार भएकाले सबै नागरिकहरूको समान अधिकारको मान्यता कवितामा प्रतिबिम्बित भएको छ । कोही नेपाली दास र कोही नेपाली मालिक बन्ने प्रवृत्तिको अन्त्य गरी समानतामूलक समाज निर्माणको अपेक्षा यहाँ प्रतिबिम्बित भएको छ ।

## ३.७. मानवतावाद

कवि प्रयासीका कवितामा मानवीय भावना, मानवीय सत्ता र अस्तित्वको भाव मुखरित भएर आएको पाइन्छ । एकातिर मानिसले मानिसलाई गरेको विभेद, शोषण र अन्यायको अवस्थालाई यहाँ उजागर गरिएको छ भने अर्कोतिर पशुपंक्षी र जनावरहरूको बाँच्ने अधिकारलाई कुण्ठित गरिएका भावहरू पनि कवितामा प्रतिबिम्बित भएर आएको पाइन्छ । **'इराकमा रेटिँदा'** कवितामा वीभत्स रूपमा मारिएका बाह्र जना नेपाली युवाहरूको पृष्ठभूमिबाट मानवतावादको हेक्का नराखी रेटेर मार्नेहरूप्रति गम्भीर रूपमा प्रहार गरी मानवीय अस्तित्वबोध अभिव्यक्त भएको छ । **'एकादेशका मान्छेहरू'** शीर्षकको कवितामा अलौकिक ढोंग र आडम्बर पालेर वैतरणीका नाममा गरिने कृत्य अनि अपत्यारिला घटना र प्रवृत्तिलाई लक्षित गरी मानवीय सत्ताभन्दा बाहिरका कुरा वाहियात भएको विचारका साथमा मानवतावादप्रतिको कविचिन्तन मुखरित भएको पाइन्छ । **'बुद्धत्व जिउँदो राख्छौं ! राख्छौं !'** शीर्षकको कवितामा जाति भेद, रङ्ग भेद अनि सम्प्रदायबीचको द्वन्द्व र काटमारले मानवता हराउन पुगेको मर्म प्रस्तुत गरी मानवीय मूल्यका पक्षमा वकालत गरिएको पाइन्छ । जस्तो :

**जातिभेद युद्धका ऐयाहरू !**
**रङ्गभेद युद्धका ऐयाहरू !**
**किल्ला फोरा-फोरका खेलहरू !**
**साँध मिचामिचका सौखहरू !**
**भाइ भाइमा बढ्दै गइरहेका**
**यी सब तामस र ईर्ष्याहरू !**
***- बुद्धत्व जिउँदो राख्छौं ! राख्छौं !***

बुद्धको शान्तिकामी जीवनदृष्टिका पृष्ठभूमिमा उठेको नेपाली पहिचानलाई पृष्ठभूमिमा राखी समाजमा बढ्दै गएको द्वन्द्व र अहङ्कारले निम्त्याएको वीभत्स अवस्था र दम्भलाई यहाँ झल्काइएको छ ।

## ३.८. आध्यात्मिक चेतना

कवि प्रयासीका कवितामा ईश्वरप्रतिको आस्थाका साथै सबै कुराको केन्द्रमा ईश्वरीय सत्ता रहेको मर्म व्यञ्जित हुन पगेको देखिन्छ । यहाँ कविले ढोंग र आडम्बरपूर्ण व्यवहारबाट ईश्वरवादी दृष्टि नभई मानवीय हित, कल्याण र अस्तित्वका केन्द्रमा ईश्वरको व्याख्या गर्दछन् । वैतरणीको प्रथा अनि सत्तरी बर्से बुढो र सात बर्से कन्याको विवाहका आख्यानप्रतिको विमति राख्नुले कवि अलौकिक घटना र मान्यतालाई आत्मसात गर्ने पक्षमा देखिँदैनन् । **'जिज्ञासा', 'के बोल्छ सिमल रूख', 'आर्तनाद', 'एकादेशका मान्छेहरू', 'आमाका पाइलाहरू'** जस्ता कवितामा ईश्वरीय आध्यात्मिक चेतनाका स्वरहरू मुखरित भएको पाइन्छ । प्रकृति, ऋतुचक्र, जन्म, मृत्यु, सिर्जना, सौन्दर्य, गहिराइ, उचाइ आदिको रहस्यमय आधारको खोजीका पृष्ठभूमिमा सघन रूपमा आध्यात्मिक चेतना भाव व्यक्त भएको पाइन्छ । जस्तो :

**फूलहरूमा लुकेर**
**को भर्छ रङ्ग ? कुन बेला ?**
**फूलहरू छन् एकै ठाउँ**
**गुलिया, तिता, अमिला**
**स्वरूप रूप अमिल्दा**
**लुकेर कस्ले कुद्दो हो ?**
**सायद यस्तो-उस्तो हो,**
**दृष्टि र ज्ञान बुझ्दो हो ।**
**- *जिज्ञासा***

जिज्ञासायुक्त प्रश्नहरूका साथमा वास्तिविकताको रहस्यबोध गर्ने दार्शनिक चेतना पनि यहाँ प्रतिबिम्बित भएको पाइन्छ । सबै कुराको सञ्चालक र नियामक तारतम्यको कारक अदृश्य ईश्वरीय सत्ता रहेको मर्म यहाँ व्यञ्जित हुन पुगेको छ ।

## ३.९. सुधार र परिष्कारको आग्रह

कवि प्रयासीका कविताको प्रमुख उद्देश्य मानवीय सुधार र परिष्कारको चेतना सम्प्रेषण गर्नु रहेको छ । यहाँ सबैजसो कविताका माध्यमबाट हाम्रा विधि, व्यवहार र जीवनको वास्तविक अवस्था के कस्तो छ ? र हुनुपर्ने कुरा के हो ? भन्ने सेरोफेरोमा नै कविको चासो र चिन्ता रहेको पाइन्छ । खास बिम्ब वा सङ्केतका माध्यमबाट कथ्यलाई उठाई सद्भाव, सहिष्णुता, विकास, समृद्धि तथा मानवताको हितका पक्षमा यिनको कलम चलेको देखिन्छ । पौराणिक तथा ऐतिहासिक पात्र र प्रवृत्तिलाई उठाई वर्तमान पुस्तालाई आदर्श मार्गमा लाग्न

प्रेरित गर्नुका पछाडि कविले मानिसमा सुधार र परिष्कार चाहेको कुरा स्पष्ट हुन्छ । 'आह्वान' शीर्षकको कवितामा खराब बानी र क्षुद्र विचारलाई त्यागेर सादा जीवन र उच्च विचारको आदर्शलाई पछ्याउन घच्घच्याउनुले नीति, आचार, विचार र संस्कारबाट बालबालिकाहरूलाई असल मार्गमा लैजान सकिने विचार प्रस्तुत भएको पाइन्छ । आदर्श विचारहरू बोकी सत्यको मार्गमा अगाडि बढेमा मात्र असल नागरिक बन्न सकिने सूत्रहरू यहाँ प्रस्तुत गरिएको छ । जस्तो :

**लिडे ढिपी त्याग तिमी**
**ढिपी राम्रो पार ।**
**जीवन सपार आजै**
**जीवन सपार**
**घरले मात्र होइन तिम्रो**
**देशले राख्छ आशा**
**आखिर हो मान्छेलाई**
**चाहिने भरोसा**
**त्यही पूरा गर्न उठ**
**कर्तव्यमा जुट ।**
***- आह्वान***

मानवीय जीवनमा नीति चेतना, अध्यात्म ज्ञान र कर्तव्यको पाठ पढाउने कविले आम रूपमा मानवीय परिष्कार र शुद्धीकरणको अपेक्षा राखेका छन् । व्यक्ति, समाज र राष्ट्रप्रतिको कर्तव्यबोधको पाठ पढाई मानिसलाई आदर्शको बाटोमा हिँडाउन यिनका कविताले प्रेरकको भूमिका खेलेको पाइन्छ ।

## ३.१०. आमा र जन्मभूमिप्रतिको कर्तव्यबोध

कवि प्रयासीका कवितामा जन्म दिने आमा र जन्मभूमिप्रतिको गहिरो अनुराग व्यक्त भएको पाइन्छ । समाजका आदर्श व्यक्तिको मार्गदर्शन गरी सरलता र स्वाभाविकतालाई महत्त्व दिने कवि मानिसलाई आडम्बर र कृत्रिमताको भ्रमबाट यथार्थको धरातलमा फर्कन आह्वान गर्दछन् । 'आमाका पाइलाहरू' शीर्षकको कवितामा बाल्यकालमै आमा गुमाउनुको पीडा, आमाको सम्झनाले मावली घरमा पुर्‍याउनुका साथै त्यहाँका भित्ता, दलिन र आँगनमा आमाको छाया खोज्नुले कविमा निहित आमाप्रतिको आस्थाभाव मुखरित भएको पाइन्छ । वार्षिक तिथिमा आमाको आगमन हुने विश्वास कविमा देखिन्छ । यस्तै आफ्नो जन्मभूमि, हावापानी, आकाश, आफन्त, सद्भाव, सरल जीवनशैली र प्राकृतिक परिवेशलाई गह्रूङ्गो ठानेर विदेश पलायन हुने प्रवृत्तिलाई उठाई हामीहरूमा धराप्रेम वा देशभक्तिको भावना कमजोर हुँदै गएको आसयका साथमा देशभक्तिपूर्ण भावनाहरू

सल्बलाएर आएको देखिन्छ । यसै गरी कविले राष्ट्र धुत्नेहरूलाई विभिन्न बिम्ब र प्रतीकको प्रयोग गरी कटाक्ष गर्न पुग्दछन् । आमाप्रतिको आस्थाभाव झल्किने कविताको अंश :

**त्यहाँ किरमिर छन् अझै**
**आमाले पोतेका भित्ताहरू !**
**आमाले सिँगारेका दलिनहरू !**
**अनि त्यो आँगन**
**जहाँ मेरी आमाले नाचेका तीजहरू !**
**अनि उनै चराका गान**
**त्यसैमा छन् मेरी आमाका गीतहरू !**
***- आमाका पाइलाहरू***

प्रस्तुत कवितांशमा बाल्यकालमै आमालाई गुमाउनु परेको पीडा अनि स्मृतिमा सीमित रहेका आमाका छायाहरूलाई साक्षात्कार गरेर आमाको न्यानो स्पर्शको अनुभूति हुने मर्म यहाँ मार्मिक रूपमा अभिव्यञ्जित भएको पाइन्छ ।

## ४. शैलीशिल्प

कवि भेषबहादुर कुँवर 'प्रयासी' सरलता र सहजताबाट जीवनको रहस्य र अस्तित्वको सत्ता पहिल्याउन लालायित देखिन्छ । सरल भाषाशैलीमा बगेको कवित्व छटाका साथमा मधुर अभिव्यक्ति कलाको संयोजन गर्नु यिनको विशेषता नै हो । सरलताभित्र सघनता अनि प्राकृतिक, सामाजिक बिम्ब, प्रतीक र सङ्केतहरूको प्रयोगले कवित्व कलालाई आकर्षक, ओजपूर्ण र प्रभावशाली बनाउनु यिनको विशेषता रहेको छ । यिनका कवितामा प्रयुक्त यस्ता बिम्बहरू सरलता र स्वाभाविकताकै रसानमा जोडिएर आएको पाइन्छ । यहाँ भाले, स्यालहरू, मुडुला बोकाहरू, कौवा, सिमल, बुद्ध जस्ता बिम्बलाई शीर्षकमै विन्यास गरी खास प्रवृत्ति र अवस्था विशेषलाई लक्षित गरिएको छ । खास गरी बोलीचालीको भाषा र त्यसमा पनि गुल्मेली भाषिकाको छनक पाइनु यिनको भाषाशैलीगत निख्खरापन मान्नुपर्दछ । केही कवितामा भएको अनुकरणात्मक शब्दको स्वाभाविक प्रयोगले कवितालाई थप आस्वाद्य बनाएको अनुभव हुन्छ । प्रकृतितः आएको भाषाको प्रयोग गर्ने हुनाले यिनको शब्द चयनमा तत्सम र आगन्तुक शब्दका अपेक्षा तद्भवनिष्ठ र झर्रा नेपाली शब्दको प्रयोग ज्यादा मात्रामा भएको पाइन्छ । सरलतामा आधारित जनजिब्रोको भाषिक प्रयोगमै रमाउनु कवि प्रयासीको आफ्नोपन मान्न सकिन्छ । प्रश्नात्मक, आश्चर्यमूलक पदावली तथा तार्किक शैलीको प्रयोग अनि स्थानीय प्रभावको अभिव्यक्तिले यिनको प्रस्तुति कला आफ्नै प्रकृतिको रहेको छ । भाषिक प्रयोगका तहमा वर्णविन्यासीय सचेतताको अभाव भने ठाउँठाउँमा खड्किन जान्छ ।

प्रयासीको यस सङ्ग्रहका कविताहरूको अध्ययन गर्दा यहाँ लोकलय, गद्यलय, मात्रा छन्द अनि शार्दूलविक्रीडित छन्दको प्रयोग भएको पाइन्छ । लोकलयको फरकफरक प्रयोग, मात्रा छन्दको पनि विविधता, गद्यलयभित्र पनि पद्यात्मकताको छनक पाइनु यिनको लयगत प्रवृत्ति मान्न सकिन्छ । 'वैशाख आ है अब' र 'आफै मान उठाऊ' शीर्षकका दुईवटा कविता शार्दूलविक्रीडित छन्दमा रचिएको पाइन्छ । छन्द र लयको प्रयोगलाई हेर्दा पनि कविभित्र निहित स्वच्छन्दतावादी प्रवृत्ति नै हाबी हुन् पुगेको देखिन्छ । भावले मागेका आधारमा लयलाई आत्मसात गरिएकाले यहाँ छन्दको पूर्ण अनुशासन कायम हुन सकेको देखिँदैन । प्रकृतिको मानवीकरण र प्रकृति र जीवनको तादात्म्यतालाई झल्काउनु यिनको कवित्वगत प्रवृत्ति हो । अनुप्रासीय विधानका दृष्टिले यिनका कवितामा छुट्टै खालको मिठास पाउन सकिन्छ । गद्य कविताभित्रको अन्तरअनुप्रास र केही ठाउँमा स्वतः मिलेर आएको अन्त्यानुप्रासले गर्दा यिनका गद्य कवितामा पनि पद्यात्मकताको झल्को पाइन्छ । छन्दका कवितामा अन्त्यानुप्रास विधानमा कवि सचेत नै रहेको देख्न सकिन्छ । यसै गरी उपमा, रूपक, दृष्टान्त, स्वभावोक्ति, अतिशयोक्ति जस्ता अलङ्कारहरूको स्वाभाविक प्रयोग पनि यहाँ पाउन सकिन्छ । शैलीशिल्पगत गुण र कवित्वगत मिठासका दृष्टिले यिनका कविताहरू उच्च स्तरमा रहेको अनुभव हुन्छ ।

### ५. निष्कर्ष

भेषबहादुर कुँवर 'प्रयासी' खास गरी मोफसलमा बसेर नेपाली भाषा साहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने व्यक्तित्व हुन् । नेपाली साहित्यका फाँटमा चारवटा कविता-सङ्ग्रहको प्रकाशन गरी आफ्नो विशिष्ट प्रतिभा देखाएका यिनी लुम्बिनी अञ्चलका विभिन्न साहित्यिक मञ्चहरूमा कविता पाठ गरी आफ्नो प्रखरताको परिचय दिन सफल कवि प्रतिभा हुन् । नेपाली कविताको समसामयिक कालखण्डका प्रवृत्तिलाई पछ्याएर कविता लेख्नें यिनका कवितामा समकालीन समाज तथा राष्ट्रमा हुर्किएका विकृति र विसङ्गतिलाई झल्काई भित्री मर्ममा छुने गरी प्रहार गर्ने हुनाले यिनको प्रस्तुतिमा प्रखरता रहेको पाइन्छ । नेपाली जनबोलीलाई पक्रेर कविता लेख्ने यिनका कवितामा सरलता, सहजता र जीवन्तताको प्रस्तुति पाइन्छ ।

यिनको **बाईस तरङ्ग** (२०७३) कविता-सङ्ग्रहमा कुल बाईसवटा कविताहरू सङ्गृहीत छन् । यहाँ विविध छन्द र संरचनामा निर्मित कविताहरू रहेका छन् । केही कवितामा पञ्चायती निरङ्कुशताको झलक पाइनुका साथै बहुदलीय व्यवस्थाको प्राप्ति र त्यसपछिको समयमा भित्रिएका विसङ्गति, दिशाहीनता, अकर्मण्यता र नेतृत्वमा निहित स्वार्थी प्रवृत्तिलाई झल्काइएको छ । कृष्णप्रसाद भट्टराईको जीवनशैली र आदर्शको पाटोलाई उठान गर्नुका साथै

बालबालिकाहरूमा आत्मज्ञान भर्ने भावहरू पनि कवितामा प्रतिबिम्बित भएको पाइन्छ । आमा र मातृभूमिप्रतिको अगाध आस्था पनि केही कवितामा झल्किन पुगेको छ । नेपालका प्राकृतिक तथा सांस्कृतिक सम्पदाका साथमा नेपालीहरूको स्वाभिमानपूर्ण आत्मगौरवलाई पनि कवितामा प्रस्तुत गरिएको छ । पछिल्लो समयमा वैदेशिक रोजगारीमा लाम लागेर जानुपर्ने बाध्यता अनि इराकमा बाह्र जना निर्दोष नेपालीहरूलाई निर्मम तरिकाले रेटेर मारिएको पीडादायी घटनाबाट स्तब्ध बनेका कवि आफ्ना सन्तानलाई स्वदेशमा राख्न नसकेकोमा नेपाल आमाप्रति नै आक्रोश पोख्दछन् । कविभित्र निहित स्वतन्त्रता, समानता, शान्ति र मानवताको चेत पनि यी कवितामा प्रतिबिम्बित भएर आएको पाइन्छ । नारीहरूलाई आफ्नो पृष्ठभूमिबाट उठेर अधिकार लिनुका साथै राष्ट्रलाई योगदान पुऱ्याउन आह्वान गरिएको छ । राष्ट्रमा बढ्दै गएको हत्या, हिंसा अनि मानवीय संवेदना गुम्दै गएको अवस्थालाई कटाक्षपूर्ण शैलीमा प्रस्तुत गरिएको छ । बिम्ब, प्रतीक र अलङ्कारको स्वाभाविक प्रयोगका साथमा खास मर्मलाई व्यञ्जित गर्नु यिनको लेखकीय धर्म मानिन्छ । प्रश्नात्मक, विस्मयात्मक पदावली र तार्किक शैलीका साथमा रोचक र घोचक पाराले वास्तविकतालाई उजागर गराउने हुनाले यिनका कविताहरू मर्मस्पर्शी र जीवन्त रहेको पाइन्छ ।

**सन्दर्भ-स्रोत**


- उपाध्याय, केशवप्रसाद, दोस्रो संस्करण, (२०५०), **विचार र व्याख्या**, काठमाडौं : साझा प्रकाशन ।
- कुँवर प्रयासी, भेषबहादुर, (२०७३), **बाईस तरङ्ग**, गुल्मी : अमृता कुँवर ।
- गौतम, लक्ष्मणप्रसाद, (२०६९), **कविताको सैद्धान्तिक विमर्श**, काठमाडौं : पाठ्यसामग्री पसल ।
- घिमिरे, माधव, (२०५८), **चारू चर्चा**, ललितपुर : साझा प्रकाशन ।
- थापा, मोहनहिमांशु, चौथो संस्करण, (२०५०), **साहित्य परिचय**, काठमाडौं : साझा प्रकाशन ।
- भट्टराई, गोविन्दराज, तेस्रो संस्करण, (२०६७), **काव्यिक आन्दोलनको परिचय**, ललितपुर : साझा प्रकाशन ।


ooo


**गुल्मी जिल्लामा आधा शताब्दीभन्दा लामो इतिहास बोकेको किरण पुस्तकालयमा तपाईंका कुनै प्रकाशनहरू छन् भने तुरुन्त दिन नबिर्सनुहोला ।**

# MY MEMORIES OF KABI SIR

✍ **Michael Harris, Ph.D.**
**Professor Emeritus of English**
**Central College, USA**

(Peace Corps Volunteer को रूपमा सन् १९७९ देखि १९८२ सम्म तम्घासमा रही महेन्द्र मा.वि.मा अध्यापन गर्नुभएका डा. माइकल ह्यारिसले स्वर्गीय कवि भेषबहादुर कुँवरको सम्झनामा छोरा ईश्वरीलाई पठाउनुभएको पत्र ।)

Dear Ishwari,

I'm very sorry to hear of your father's passing. Thank you for informing me. I had a feeling when I saw your message that you might have some sad news to tell me. I am writing to share some memories of your father. Most of my memories regarding him are happy ones. He and I often got together, and knowing him helped me a great deal in feeling welcome in Tamghas. He would often explain Nepali customs and beliefs to me, so that helped me understand this new culture I was living in. He helped me to appreciate the beauty and friendliness of the Nepalese people and the country of Nepal. I recall that he could recite many poems from memory; many of those poems he had written himself! He also tried hard to teach me the Nepali language, and would sometimes express hopelessness. He would tell me, "You don't have a good mind for the Nepali language." But he always kept trying to teach me.

I recall one humorous experience that he and I shared. We were upstairs in a house in Tamghas where they sold local raksi. We had had a glass or two when suddenly we both felt the house begin to shake. We became quiet, and then both agreed that maybe we had drunk too much raksi, but we had only had a couple glasses by then. So we were confused. Later we realized there had been an earthquake (or tremor) near Tamghas, and that that was what we had felt. The house had literally been shaking. But the earthquake wasn't a big one, so we felt it more as a tremor. I even recall that the Nepali word for earthquake was buinchalo, or something like that. He and I heard people talking downstairs and saying,

"Buinchalobhayo, buinchalobhayo!" That's when we realized what had happened.

I am not sure I should tell you about the sad memory I have regarding your father, but I will just mention it. It stands out in my memory because it was a moment when I saw your father express emotion. Maybe that's why I haven't forgotten. I had just arrived at school one morning and was getting ready to go to class when I saw your father and he was crying and visibly upset. Some other colleagues had told me a few minutes earlier that Besh Bahadur Sir's daughter had died, and I knew that that was why he was crying. (I had never seen him cry before.) I remember that he said that he and your mother thought it was just a routine sickness and then suddenly the illness grew much worse and his young daughter suddenly died. It seemed like he couldn't believe it. (I also could not believe that a child could pass so suddenly. I had seen her before and knew her.) It was the first time that I had seen your father grieve like that: it was very sad, and I have never forgotten it. Death always hits hard, but it's especially hard when a parent loses a young child like that.

Besides these humorous and sad memories, the main thing I would emphasize is that I knew your father as a colleague, a fellow teacher as well as a friend. So, I saw him almost every day for two years (1979-81) as we were both carrying out our jobs and professions as teachers. There must have been about twelve teachers at Mahendra School in Tamghas at that time. All of the teachers were very friendly and welcoming to me as an "outsider" at their school. But, of all those, only three or four were really very interested in getting to know me, and one of those was your father. At that time everyone called him Kabi, the Nepali word for poet. People would refer to him as "Kabi Sir" more often than Bhesh Bahadur. There were other teachers at the school who were also very kind and welcoming to me, such as Hem Raj Marasini and Shashi Panthi, and also one named "Chhabi": I can't recall his full name, but he was also very friendly.

I don't recall any really big events. The small, everyday events were more important: the daily occurrences when these other teachers

would show interest in me, my background, or my country. Your father was definitely one of the ones who showed interest and thoughtfulness toward me. He didn't have to do that, but he did. I recall the perceptiveness and insight of Kabi Sir. He had a keen intelligence. For instance, when I first arrived in Tamghas, I was accompanied by an older American Peace Corps volunteer who was guiding and helping me to get established in my new job. I remember that later your father remarked to me that he thought this guide and I were very similar in nature. I questioned Kabi Sir about this and told him that this other volunteer was actually bigger and older than I was, and therefore very different. Your father, however, insisted that we were similar, by saying something like, "Pharakchha, taramaanchejustochha." He was referring to the type of person that we were: he had noticed a similarity in personality and nature -- something deeper than physical characteristics. That was the kind of thing that Kabi Sir would notice and remark on. Like a good poet, he noticed things, even things invisible to most people: he could perceive others' essential nature and special character. He possessed that type of insight.

Your father was also very inquisitive and curious about the world. He would often ask me questions about life in the States and how we did things in America. He also wanted me to help him improve his English language ability, so we would often talk in a mixture of Nepali and English. He was trying to improve his English, and I was trying to improve my Nepali. He never feared appearing to be ignorant in his many questions: he was genuinely curious about my country and culture. He (and the other teachers at Mahendra) actually knew quite a lot about the US: they would read or hear news reports about events there. Sometimes when I got to school, the other teachers would tell me about things they had heard on the BBC and Indian radio stations. For instance, when someone attempted to assassinate President Reagan in 1981, the teachers learned that before I did, and told me about it at school. I recall the term was something likegolihaniko : "Tapaaikotalukdaargolihaniko." It took me a while to figure out what they were talking about.

I will mention two more important things about your father. First, he was very funny, and loved to laugh. He could always see the humorous side to life. I can still picture him laughing, which he did often. That's why it was so startling when I saw him crying on that one occasion. He always saw the bright, positive side of life. Second, your father was a poet -- a kabi. That was a big part of his identity and his profession. His interests were in literature, poetry, and language; and that's a big reason that he and I became good friends: I am also interested in those same things. Writing and literature is my discipline: I made my living as a Professor of Literature. So he and I had that mutual interest that tied us together. I used to enjoy hearing him recite poetry from memory: that was very cool.

I think I should stop here. I'm wondering if you know how Hem Raj Marasini, Shashi Panthi, and Chhabi Sir are doing now. I'm very curious about them, and the other teachers at Mahendra School in Tamghas.

ooo

थोरै पढेर धेरै बुझ्न चाहनुहुन्छ भने किरण पुस्तकालय प्रकाशनमालाको सोह्रौं पुष्प श्री दीन पन्थीद्वारा लिखित हुटिट्याउँको मन एक पटक अवश्य पढ्नुहोस् ।



# गुर्धुमको भीर

✍ **दीपक विश्वकर्मा**
**भाडगाउँ**
**हाल – बुटवल, रूपन्देही**

कत्री हुँदिहुन् गुरुपुत्री मीना बाँचेको भए अहिले ? हुँदिहुन् पचास वर्षको हाराहारिकी वा त्यो भन्दा कमबेस । नातिनातिना खेलाएर बस्दिहुन् वा छोराछोरीको बिहेवारीको तर्खर गर्दिहुन् । मिनाको मृत्यु जीवनको अनिवार्यता थिएन । अनिवार्यता त गुरु भेषबहादुर कुँवरको पनि थिएन । किनकि गुरुको पनि हामीसँग बिदा भएर जाने उमेर भएकै थिएन । निकै छिटो जानुभयो गुरु प्रथमपुत्री मीनालाई गुर्दुमको भीरको सेरोफेरोमा गुञ्जयमान हुने कालजयी गीतलाई काखमा राखेर सुनाउन ।

हाफछुट्टीको बेलामा हामीले थाहा पाएका थियौं मीनाको देहावसान भएको खबर । सो बेलाका मेरा हितैषी बालसखा गोमा, गुमानसिंह तथा शेरबहादुर थापा, यज्ञ पन्थीहरूले 'जाम हिड् छवे सरका घराँ, सर खुब रुनुभएको छ रे, हेरेर आम' नभनेका होइनन् । तर म सरको घरमा जान हिम्मत जुटाइन । किनकि म सानैदेखि अति कमलो मनको थिएँ । जसको कारणले गुरुको रुवाइलाई सहन गर्ने हिम्मत जुटाउन सकिनँ । यसै कारणले पनि म सरको घरमा गइनँ ।

गुरु भेषबहादुरकी प्रथम सुपुत्री थिइन् मीना । छोरीको नाम मीना रहे तापनि उनी गुरुका लागि छन्दोवद्ध कविता जस्तै थिइन् अति सुन्दर । कविका हर सिर्जना कविता हुन् । यसर्थ मीना पनि गुरु एवम् गुरुआमाको लागि कविता जस्तै एक सुन्दर थिइन् ।

सबैको जीवन दीर्घ नहँदो रहेछ । उसरी नै मीनाले पनि लामो जीवन देख्न र भोग्न पाइनन् । तर गुरुपुत्री मीना गीत, कविता बनेर कविवर भेषबहादुर कुँवरको अन्तिम सिरानीसम्म पच्छ्याई रहिन् । लाँकुरीमञ्च, महेन्द्र हाई स्कूलको आँगन र चिदीचौरको डिलमा बनेको मञ्चबाट बाबुको आवाजमार्फत गुल्मेली साहित्यपारखी तथा आम जनताहरूलाई मन्त्रमुग्ध पारिरहिन् । यस्तो लाग्दछ, गुरुले महाप्रस्थान गर्नुभयो तर उहाँको गुर्धुमको भीरको ओजस्वी भाकाले गुर्धुमको भीर रहेसम्म सुसेली मारिरहनेछ । हिउँले सेताम्मे हुँदा, साउने झरीले भिजेर ओतप्रोत हुँदा र जेठअसारको आकाशे गर्जनको बेला रेसुङ्गाको एक सुन्दर पाखो गुरुको साङ्गीतिक उपमा गुर्धुमको भीर गीत भने गाइरहनेछ, बाँसुरी बजाइरहने छ ।

गुरु भेषबहादुर कुँवरको म छात्र मात्र होइन । छिमेकी पनि हुँ । यद्यपि मेरो तम्घासमा घर थिएन । छेमेकी हुँ भन्ने यति सानो कुराले पनि मलाई अपार आनन्द प्राप्त हुन्छ । उहाँहरूको परिवारका सदस्यको सम्पत्ति वा जमिन हाम्रो बारीसँग जोडिएको थियो । हुनसक्छ त्यतिबेला जमिन संगोलमा थियो । पर्देंलपोखरासँगै जोडिएको उहाँहरूको पाखोबारी र खऱ्यान हाम्रो जग्गाको साँध सँग जोडिएको थियो र आजपनि छ । सो जग्गामा उहाँहरूकै दाजुभाइमध्ये एक जना काका बलबहादुर कुँवर एक सन्यासी थरकी स्थानीय महिलासँग घरजम गरेर बस्नुभएको थियो । भेषबहादुर सर र काका बलबहादुरको बीचमा पारिवारिक नाता भएको कारणले मैले कुँवर सरलाई मेरो छिमेकी हो भनेर भन्नसक्ने अधिकार राख्दछु । यस अधिकारलाई कसैले हनन नगरोस्, यो मेरो दिलेरी चाहना हो । कहिलेकसो भेषबहादुर सर आउनुहुन्थ्यो भाडगाउँतिर । पर्देंलपोखरा आसपासका मानिसहरूलाई तम्घास आइजाइ गर्न हाम्रै घरमाथिको बाटो पायक पर्ने हुँदा, उहाँ पनि त्यही बाटो हिड्नुहुन्थ्यो । 'सर आउनुभा'छ रे, घाँसाँ भारी बोक्न ।' यस कुराको भेउ पाएपछि म कतिबेला सर हाम्रो घरहुँदै कतिबेला पार हुनुहोला भनेर कुरेर बस्थें । अचम्म लाग्थ्यो हामीलाई–सरले पनि घाँसको भारी बोकेर हिड्नुहुन्छ भन्ने कुरा सुन्दा र देख्दा पनि । पढालेखा मान्छेले घाँसदाउराको काम गर्न हुँदैन भन्ने मान्यताले बाँधेको थियो गाउँसमाजलाई । सो बेला त्यही मान्यताले समाएको थियो हामीजस्ता कलिला केटाहरूको मनमस्तिष्कलाई पनि । उहाँको भाडगाउँ आगमन सँग गुरुआमाको कुरो पनि सँगैजोडिएर आउँथ्यो । सबैले भन्थे, खुब पढेकी बिहे गर्नुभएको छ रे । आफै मन पराएर बिहे गर्नुभएको हो रे । 'घासको भारी बोक्ने पढेलेखेका जोडीको रूप कस्तो होला ?' यस कुराको पनि हामीहरूबीच चासोको विषय बन्थ्यो ।

काका बित्नुभयो केही वर्ष पहिले । उहाँसँग जोडिएका अनेकौं किस्साहरू मसँग सुरक्षित छन् । उहाँ मेरो गोठाला जाँदाको साथी पनि हो । काकाको घर्ती कान्छा बुढाबासँग गहिरो मित्रता थियो । जहिल्यै म प्रदेश वा बुटवलबाट घर गएको हुन्थें, उहाँहरू दुबैलाई भेट्न छुटाउँदिनथें । आमरूपमा चल्तीको उपहार चाउचाउ र बिस्कुट टक्राउँथे । यद्यपि उहाँ पछिल्लो समय पर्देंलपोखराको जमिन जेठा छोरा दाजु टोमलाल कुवँरलाई सुम्पेर कोलपोखराका सुवेदी (सिउडी) परिवारको नजिक जग्गा जमिन जोडेर जेठी छोरी मीना कुँवरसँगै बस्नुभएको थियो । अहिले मीना सोही ठाउँमा बस्छिन् । बाबुको स्याहारसंहार गर्दागर्दै उनको उमेरले नेटो काट्यो । विवाह गर्ने समय नै जुराउन सकिनन् मीनाले । त्यसैले उनको थर पनि बदली भएन । मीना गोठालो लागेर गाईबाख्रा चराउँदाकी मेरी दमाली हुन् ।

म बालकै थिएँ घर छोड्दा । पछि प्रदेश खाइवोरी बुटवलतिर घरजम गरियो । तम्घासमा घरवार जोर्नेतिर लागिएन । रोजीरोटीलगायत यावत् कारणले भाडगाउँ गएर बस्न सक्ने अवस्था रहेन । तर पनि जब घर जान्थें, किरण पुस्तकालय र मेरा गुरुवर्ग र मित्रबन्धुहरूलाई साहित्यिक उपहार लिएर जान्थें । जनघोष नामको साहित्यिक पत्रिका छापिन्थ्यो दिल साहनीको प्रधान सम्पादकत्वमा । आज पनि अक्कलझुक्कल छापिन्छ । सो पत्रिकाको सहयोगीमध्ये म पनि एक थिएँ र हुँ । त्यसैले पनि आफ्नै पत्रिकाको हैसियतमा म गुरु भेषबहादुरलाई सो पत्रिका उपाहरस्वरूप टक्राउँथे । औधी खुशी हुनुहुन्थ्यो सर । यति लामो समयको अन्तरालपछि पनि मलाई चिन्नु भएकोमा म आफै दंग पर्थें । दशकौं पहिले उहाँसँग जम्माजम्मी दुई वा तीन वर्षको अवधि मात्र न हो मैले ज्ञान आर्जन गर्ने मौका पाएको । उधिनढुङ्गास्थित रेसुङ्गा प्राथमिक विद्यालयमा म तीन कक्षामा पढ्दा उहाँले पढाएको सम्झना छ । पछि पाँच कक्षा पास गरेपछि हामी महेन्द्र हाई स्कूलमा आउँदा उहाँ सोही स्कूलमा रहनु भएकोले उहाँको विद्यार्थी हुने मौका जुरेन । तर पछि सात र आठ कक्षा पढ्दाताका भने ममा पनि केही साहित्यिक रुझान पलाएको कारणले साहित्यिक कार्यक्रमहरूमा भेट हुन थाल्यो । राजाको जन्मोत्सवमा हुने साहित्य गोष्ठी र साँस्कृतिक कार्यक्रममा सँगै हुन थालियो । महेन्द्र हाई स्कूलको चौरमा हुने कविता वाचन कार्यक्रममा उहाँले पढ्ने छन्दोबद्ध कविताको माधुर्यमा श्रोताहरू हर्षविभोर हुन्थे । बेलुकी मैनटोलको मधुरो उज्यालोमा हुने सांस्कृतिक कार्यक्रममा उहाँले प्रायः गरेर गाउने–**'गर्धुमको भीरैमा हो सान्नानी, गुर्धुमको भीरैमा...'** बोलको गीतलाई पुषमाघको जाडोको प्रवाह नगरी मानिसहरू वन्स मोरको नारा लगाउँथे । मैले बेसुरको भए पनि तिरिररररर बाँसुरी बजाउँथे । यदाकदा साथी वसन्त भुजेलसँगै घिन्ताङ्–घिन्ताङ् मादल पनि ठोकिहाल्थें । हामीभन्दा एक वर्ष सिनियर राजेन्द्र चन्द बोहराको पछि लागेर जोकरको नाटक पनि गर्थें । यस उसले हाम्रो कतिपय अवसरहरूमा सहकार्य भयो भन्दा पनि हुन्छ ।

वि.सं.२०३५ सालको राजा वीरेन्द्रको जन्मोत्सव मेरो लागि खास महत्त्वको रह्यो । सो समय म पोखराको लामाचौर स्थित गण्डकी बोर्डिङ् स्कूलमा अध्ययनरत थिएँ । जाडो बिदा मनाउन घर आएको बेलामा गुरु शशि पन्थीको सक्रियता र किरण पुस्तकालयको आयोजनामा जिल्ला स्तरीय साहित्यिक कार्यक्रमको आयोजना भएको रहेछ । मलाई पनि सो कार्यक्रममा भाग लिन मन लाग्यो । सत्य घटनालाई बिम्बात्मक रूप दिएर आत्मपरक कथा लेखें । मेरो कथा वाचनको लागि स्वीकृत भयो । वाचन पनि गरें । सो कार्यक्रममा गुरु भेषबहादुरले पनि छन्दोबद्ध कविता सुनाउनुभएको थियो । मलाई आज पनि घुर्मैलो सम्झना छ, उहाँ नै सो साहित्यिक कार्यक्रममा प्रथम हुनुभएको थियो । म तेस्रो भएको थिएँ । उहाँको साहित्यिक चेत, शब्दसंयोजन, छन्दमा पकड तथा वाचन शैली आदि कारणले गर्दा उहाँ सो स्थानको विकल्पहीन दावेदार हुनुहुन्थ्यो ।

मेरो जीवनमा मसँग गर्व गर्नलायक केही सीमित कुराहरू मात्र छन् । त्यसमा सबैभन्दा उत्सर्गात्मक कुरो चाहिं उधिनढुङ्गाको रेसुङ्गा प्राथमिक विद्यालयमा प्रत्येक शुक्रबार आयोजना हुने साप्ताहिक कार्यक्रम एउटा हो, जहाँ म लगलगी खुट्टा कमाउँदै कविताको नाममा झ्याउरे गीतहरू गाउँथे । यद्यपि मेरो आवाजमा माधुर्य थिएन र सो आज पनि छैन । तर पनि सोही साहित्यिक कार्यक्रमले मलाई साहित्यको क्षेत्रमा लाग्ने आधार दियो, जग प्रदान गऱ्यो । अनेक कारणले शिक्षा र साहित्यिक साधनामा तगारो लाग्यो, तर पनि जे जति आज कलम चलाउने, साहित्यको अध्ययन, मनन र चिन्तन गर्ने गर्दछु, त्यो सबै सोही शुक्रबारे साहित्यिक कार्यक्रमको देन हो । यस कार्यक्रमको मियो हुनुहुन्थ्यो आदरणीय गुरु भेषबहादुर कुँवर 'प्रयासी' ।

गुरुको बारेमा मैले अन्यत्र पनि लेखेको छु । एक वर्षको कक्षा हपाइ र गोठाले जीवनको निवृत्तिपछि पुनः स्कूल भर्ना भएर कक्षाकोठामा पस्दा गुरुसँग अनुमति लिँदै भन्नु पर्ने अंग्रेजी वाक्य 'मे आइ कमिङ्ग सर' नभनेको कारणले उहाँले दिएको मिठो चट्कनउपर लामै लेख लेखेको छु । यो चट्कन चट्कन मात्र थिएन । जीवनको अनमोल शिक्षासमेत थियो । केही वर्ष पहिले रेसुङ्गा सन्देशमा गुल्मीको सेरोफेरो भन्ने नियमित कोलममार्फत गुरुको बारेमा अनेकौं सन्दर्भसहित उल्लेख गरेको छु । वर्तमान विगतको जगमा खडा भएको हुन्छ । यस सार्वभौम तथ्यलाई कसैले इन्कार गर्न सक्दैन । आज हामी जहाँ छौं सबै विगतका परिणामहरूको सांगोपांगो रूप हो । यसउसले हामी स्वयम् 'प्रयासी' गुरुहरूकै हांगाबिंगा हौं भन्दा अन्यथा नहोला ।

अर्गली, रिडी, थोर्गा, बलेटक्सार शृङ्गा, टक्सार हुँदै उत्तरपश्चिम हानिएपछि आउँछ वीरबास । हो त्यहींबाट शुरू हुन्छ रेसुङ्गाको फेरो । चारपाला, उर्लेनी, सिमीचौर, भंगेरी, नेटा हुँदै देउराली नकाटेसम्म रेसुङ्गाको फेरो सकिदैन । हो यही रेसुङ्गाको एउटा पाखोमा अवस्थित छ – गुर्धुमको भीर । बहुप्रतिभाशाली गुरु भेषबहादुर कुँवरको संगीत शार्दूल वा गीताञ्जलि उहाँले मेसो पाउनुभयो कि भएन, तर मेसो पाएका संगीतप्रेमीहरूले उहाँको सो गीतलाई उहाँकै आवाजमा रेकर्ड गरेर राखेको भए, गुल्मेली सांगीतिक इतिहासमा कोसेढुङ्गा साबित हुने थियो । त्यतिमात्र होइन, उहाँका कविताहरूलाई उहाँकै आवाजमा रेकर्ड गरेर राख्न सकेको भए आगामी पुस्ताहरूलाई गुल्मेली साहित्यको जीवन्त इतिहाससँग परिचय गराउन सकिने थियो । सायद यो काम भएको हुनुपर्छ । नभएको भए उहाँले कार्यक्रमहरूमा वाचन गर्दाका ध्वनि रिकर्डिङ्ग (श्रव्यदृष्य) त पक्कै होलान् । यी सबैलाई जम्मा गरेर भए पनि उहाँको नाममा प्रतिष्ठान बनाएर संग्रह गरिनुपर्छ । यो पनि कविवरप्रतिको सम्मान हो ।

एक पटकको घरसम्मको यात्रामा गुरुलाई भेट गरी जनघोषको लागि कविता माग गरेको थिएँ मैले । उहाँले वचन दिनुभयो र स्वयम् आफै बुटवलस्थित मेरो घरमा आएर कविता र फोटो छोडेर जानुभएको थियो । तर विडम्बना जनघोष विविध कारणले प्रकाशन हुन सकेन र कविता पनि मसँगै रहन गयो । कविताको भाव अति सुन्दर हुनुका साथै वर्तमान परिवेशउपर खरो आलोचनात्मक छ । कविले कवितामार्फत आधुनिकताको नाममा मौलाउँदै गएका विकृति र विसंगतिको खुलेर विरोध गर्नुभएको छ । सो कविता जनघोष पुनः प्रकाशित हुनथाल्यो भने छापिने वाचा गर्दछु ।

पुत्रीरत्न मीनालाई असामयिक गुमाउनुभयो गुरुले । प्रथमपुत्री मीना कविता जस्तै थिइन् । सन्तानको आफ्नै काखमा विलय वा अवसान कसैलाई सह्य हुँदैन । गुरुलाई पनि हुने कुरो भएन । त्यही नहुनुको पीडामा गुरु भेषबहादुर आजीवन गीत, कविताको सिर्जनामा जिउनुभयो । गुर्धुमको शिखर अनेकौं पटक चढ्नुभयो । समकालीनहरूका सहयात्री बन्नुभयो र युवा पुस्ताका लागि पथप्रदर्शक बन्नुभयो । मूलतः सार्थक जीवनको परिभाषा यही होला । मृत्युपश्चात् पनि हजारौंको दिलमा बाँच्नु नै जीवनको सार हो । प्रिय कवि, समादारणीय गुरु, मेरा अति आदरणीय छिमेकी तपाईंलाई शततः नमन ।

ooo


किरण पुस्तकालय, गुल्मीबाट नियमित रूपमा प्रकाशनमा आइरहेको 'हाम्रो पुरुषार्थ'को 'कवि प्रयासी स्मृति अङ्क' मार्फत हामी स्वर्गीय कवि प्रयासीप्रति हार्दिक श्रद्धाञ्जलि चढाउँदै व्यवसायी महानुभावहरूलाई आफ्नो व्यवसाय सुरू गर्दा या सञ्चालन गर्दा निम्न कुरामा ध्यान दिन अनुरोध गर्दछौं :-

**❑ व्यवसाय दर्ता ❑ व्यवसायको करदर्ता नवीकरण / व्यवसायको साइनबोर्ड ❑ व्यवसायमा वस्तुहरूको मूल्यसूची सबैले देख्ने गरी राख्नुहोस् । ❑ वस्तुहरूको लेवलिङ्ग ❑ वस्तुको बिक्री मूल्य, उत्पादन तथा म्याद नाघ्ने मिति हेर्नुहोस् । ❑ वस्तुको मिश्रण (वस्तुको प्रकृति अनुसार) वस्तुहरूको गुणस्तर ।**

**अनुरोधक**

**गुल्मी उद्योग वाणिज्य संघ**

**तम्घास, गुल्मी**

# कवि सरलाई सम्झिँदा

✍ **डबल बि.सी.**
**बुटवल उ.म.न.पा.-७, रूपन्देही**

प्राणीमध्ये अति दूरदर्शी र सचेत भएकोले मानिस जहाँ जहिले र जस्तो परिस्थितिमा बस्नु परे पनि मूकदर्शक भई निस्क्रिय बनेर बसेको पाइँदैन । सिर्जनशीलता, सहअस्तित्व र रचनात्मकता मानिसका जन्मजात गुण हुन् । यही शाश्वत सत्यको उदाहरण हुनुहुन्छ स्व. भेषबहादुर कुँवर 'प्रयासी' ।

गरीबीको कारणले विद्यालय जान नपाएका र जीविकाको लागि घरायसी, होटल तथा पाउरोटी, कारखानाहरूमा बालमजदुरको रूपमा काम गर्ने र आराम गर्ने समयमा साथीहरूसँग पुस्तक मागी टुकीको उज्यालोमा अध्ययन गर्ने बालक पछि गएर विश्वविख्यात साहित्यकार म्याक्सिम गोर्की हुन पुगे, घर बनाउने साधारण काठमिस्त्रीको छोरा जो सौतेनी आमाको काखमा हुर्केको थियो, सो ठिटो पछि गएर संयुक्त राज्य अमेरिकाको प्रख्यात राष्ट्रपति अब्राहम लिंङ्कन हुन पुगे । भोकभोकै कलेजमा जाँदा कक्षामै बेहोस हुने केटी संसारकै महंगो धातु रेडियमको आविष्कारक म्याडम क्यूरी हुन् पुगिन् । आमाको श्रमबाट आउने दैनिक ज्यालाले खान नपुगी छिमेकीको कुखुरा फर्ममा श्रम गर्न पुगेको निरीह बालक जसले आमाको दश ठाउँमा टालेर लगाएको धोती देखेर भन्थ्यो - **'म ठूलो भै धेरै पैसा कमाई आमालाई एउटा नयाँ धोती किनिदिनेछु'**, पछि उसले प्रशस्त धन कमाउँदा आमा बितिसकेकी थिइन् तर उनी त्यस बेला एउटा सार्वजनिक पुस्तकालयलाई ३ करोड डलरको धनराशी चन्दा दिने दाताको रूपमा चर्चित भए । रक फेलर सानैमा आमा गुमाएका र बाबुको मायाबाट वञ्चित बालक पछि गएर प्रख्यात शिक्षाशास्त्री रूसो बने । यसरी साधारणभन्दा साधारण परिवारमा जन्मेर पनि आफ्नो लगनशीलताद्वारा सफल र समाजलाई केही दिएर गएका प्रख्यात व्यक्तिहरूका उदाहरण प्रशस्त छन् ।

स्व. भेषबहादुर कुँवर 'प्रयासी' पनि एउटा सामान्य किसानको कोखमा जन्मिनुभएको थियो । उहाँमा रहेको अन्तरनिहित प्रतिभा प्रस्फुटनमा बहुमुखी प्रतिभाका धनी साहित्यकार शशि पन्थीको सँगत मलिलो बन्यो । उहाँहरूकै गर्भबाट अन्धकारमा रहेको तम्घास बजारलाई साहित्यिक प्रकाशपुञ्जको रूपमा 'किरण पुस्तकालय' को जन्म भयो । उहाँहरूकै पहलमा अन्य स्रष्टाहरू समेतलाई साथमा लिई विविध साहित्यिक गतिविधिहरू हुन् थाले । नवप्रतिभाहरूलाई साहित्याकाशमा विचरण गर्ने अवसर मात्र नभै साहित्य पारखीहरूका लागि अर्गानिक खुराक दिदै आएको कुरा दिनको घाम झैं छर्लङ्ग छ । २०२५ सालमा जन्मिएको 'किरण पुस्तकालय' हाम्रो अमूल्य निधि बनेको छ भने यसको मुखपत्र

**हाम्रो पुरुषार्थ** नेपाली भाषा तथा साहित्यनभमा एउटा चम्किलो ताराको रूपमा स्थापित भएको छ ।

केही मानिसहरू समस्या आइलागे हडबडाउने, आत्तिने र आफ्नो आत्मविश्वास गुमाउने गर्छन् । त्यस्ता मानिसहरूको जीवन निराशाले भरिएको हुन्छ । तर कोही मानिसहरू भने समस्यालाई सहज रूपमा स्वीकार गरी ती समस्याहरूभित्र पनि अवसरहरू खोजी गर्छन्, आफ्नो उत्साह, लगनशीलता र आत्मविश्वास कायम राखी अगाडि बढ्दै आफ्नो जीवन सार्थक तुल्याउँछन् । त्यस्तै जीवन सार्थक तुल्याउने व्यक्तिको रूपमा मैले स्व. भेषबहादुर कुँवर प्रयासीलाई ठानेको छु । उहाँको सात दशकको जीवन-यात्रामा अनेकौं उतारचढाब, घुम्तीमोड, हण्डर ठक्कर र आँधीबेरी आए । तर ती समस्याहरूसँग सिंगौरी खेल्दै र हेकुलाले पेल्दै सफल गृहस्थ जीवन पार गरेको पाउँछौं । शिक्षण पेशाबाट र घरायसी कामबाट फुर्सद निकालेर साहित्य फाँटलाई सिंचित गरी हराभरा पार्नुभएको छ ।

खुला आत्मा, स्वच्छ मन, स्वाभिमानी व्यक्तित्व, परोपकारी भावना र कविहृदय उहाँको पहिचान हो । कविता विधालाई नै आफ्नो साहित्यसाधनाका लागि छान्नु भएका स्व. भेषबहादुर कुँवर 'प्रयासी' ले **'बादल, कविता-संग्रह'** (प्रथम तथा दोस्रो संस्करण), **'घुम्तीहरूका आभास'** कविता-संग्रह, **'मेरा केही अनुभूतिहरू'** कविता-संग्रह र **'बाईस तरंग'** कविता-संग्रह प्रकाशित गरी नेपाली भाषा तथा साहित्य क्षेत्रलाई अमूल्य सम्पत्ति प्रदान गरी **'गरे हुँदोरहेछ, इच्छा शक्तिलाई कुनै पनि ताकतले छेक्न सक्दैन'** भन्ने कुरालाई सबैको सामु छर्लङ्ग पार्नुभएको छ । उहाँले लुम्बिनी अञ्चल गुल्मी जिल्ला विशेष गरी तम्घास बजारलाई कवितामार्फत सौरभित तथा सुशोभित पार्नुभएको छ ।

स्व. प्रयासीका कविताहरूका भावपक्ष एकदम वजनदार र उहाँको स्वर पनि दमदार थियो । उहाँले कविता वाचन गर्दा समारोहमा उपस्थित बालबालिकाको गाइँगुइँ आवाज पूर्णरूपले शान्त हुन्थ्यो भने अन्य उपस्थित व्यक्तिहरू मन्त्रमुग्ध हुन्थे । मेरो वाद ! आशावाद ! हो भन्न् रुचाउने कविले **'शपथ'** कवितामा पुगुँला कहाँ म चुलीमाथि नगरी कोसिस ?' भन्दै प्रयास अनवरत रहनेछ भन्ने प्रण गर्नु भएको छ भने नेपाल आमाप्रति कर्तव्य निर्वाह गर्ने अर्थमा लेख्नुहुन्छ - **'कचेरा पुछी नेपाल टेक्दै हिमाल हेरूँला, धोक्का रहँदै मरिनँ भने म भारा तिरूँला'** भनी शपथ खानुभएको छ । उहाँका कविताहरूमा गरिबका कहर, रोदन, छटपटीहरू र वेदनाहरू सलबलाउँछन् भने अन्याय, अत्याचार दुराचारको सख्त विरोधका साथै स्वतन्त्रता, स्वाधीनता र समावेशिताको आधारमा सामाजिक चेतनाको देखालो आभास प्रस्टिएको पाइन्छ । प्रकृतिका अनुपम छटाहरूको नियन्त्रण, पारख र त्यसैबाट शान्ति प्राप्त गर्न सक्ने प्रकृतिप्रेमी कोमल हृदय भएका स्व. भेषबहादुर कुँवर प्रयासीले कहिलेकाहीं बेथितिप्रति अलि कडा बनी हास्य छनकका साथ च्वास्स घोचिदिन पनि पछि पर्नुहुन्थेन ।

स्व. प्रयासी एउटा कुशल अभिभावक, कुशल शिक्षक, कुशल सामाजिक अभियन्ता, कुशल कलाकार र मित्रमण्डलीका तीब्र शौकीन हुनुहुन्थ्यो । तम्घासलाई साहित्यमय बनाउने एउटा अनुकरणीय सर्जक हुनुहुन्थ्यो । उहाँका प्रेरणाले अनगिन्ती विद्यार्थीहरूले आफूलाई साहित्यिक फाँटमा अब्बल स्थान ओगट्न सफल बानाएका छन् । हरेक कार्यक्रममा उहाँले कविता वाचन गर्ने हुँदा कतिबेला उहाँको पालो आउँछ भनि पर्खिएर बस्थे सबै विद्यार्थी तथा अन्य व्यक्तिहरू । त्यसैले होला उहाँलाई भेषबहादुर कुँवर भन्न छाडेर 'कवि सर' नामले पुकार्थे । सो कवि सरको साहित्यिक यात्रामा अनवरत साथ दिने उहाँकी जीवन संगिनी अमृता कुँवर सही अर्थमै उहाँका लागि अमृतमय नै हुनुभयो । 'जसका गाई उसको वन, जसका छोराछोरी उसको धन' भन्ने नेपाली उखानलाई चरितार्थ गर्दै स्वदेश तथ विदेशमा कुशलतापूर्वक विचरण गर्ने उहाँका पितृभक्त, मातृभक्त तथा अनुशासित छोराछोरीहरू सबैका लागि उदाहरण बनेका छन् । उहाँका छोरा ईश्वरी र विजयले विद्यावारिधिको उपाधि हासिल गरिसकेका छन् भने हेमन्त कान्छो पनि विद्यावारिधिका लागि अध्ययनरत छन् । अन्य छोराबुहारी तथा छोरीहरूले पनि उच्चतम शैक्षिक योग्यताका नजिक-नजिक पुग्दै रहेको अवस्था छ । निकट भविष्यमै धेरै जना विद्यावारिधि जन्माउने परिवारको रूपमा हामीले देख्न र सुन्न पाउने आशा गर्न सकिन्छ ।

२०४० सालमा म गुल्मी जिल्ला शिक्षा कार्यालयमा विद्यालय निरीक्षकको हैसियतले सरूवा भई हाजिर हुन पुगें । जिल्लास्तरीय विभिन्न अतिरिक्त क्रियाकलापहरू संचालन गर्ने क्रममा स्व. कवि सरलाई बढी सक्रिय भएको पाएँ । खेलकुद, साहित्यिक तथा सांस्कृतिक कार्यक्रमहरू मेरा पनि रुचिका विषय भएकोले उहाँसँग नजिकिनु स्वाभाविकै थियो भने एउटा विद्यालय निरीक्षकको लागि बहुमुखी प्रतिभाका धनी शिक्षक पाउनु खुशीको विषय पनि थियो ।

हरेका वर्षको पौष १४ गते पूर्व राजा स्वर्गीय वीरेन्द्रको जन्मोत्सव मनाउने क्रममा तम्घासको चिदीचौर मैदानमा विविध प्रकारका प्रतियोगितात्मक कार्यक्रम हुन्थे । राजा र पञ्चायतको जय-जयकार गर्दै गगनभेदी नारा र झाँकीसहित बजार परिक्रमापश्चात् नेतागणका भाषण सुन्नुपर्थ्यो । साँझ महेन्द्र मा.वि.को प्राङ्गणमा विविध साँस्कृतिक कार्यक्रम सञ्चालन गरिने हुँदा गुल्मी तथा अर्घाखाँची जिल्लाका गाउँ-गाउँबाट रमाइलो हेर्न आउनेको भिड लाग्थ्यो । सो अवसरमा हामीहरू कार्यक्रम सञ्चालन गर्ने सक्रिय टोलीमै पर्थ्यौं ।

जिल्ला शिक्षा कार्यालय गुल्मीले स्काउट शिक्षक उत्पादन गरी विद्यालयहरूमा विद्यार्थीहरूलाई स्काउट शिक्षा दिने गरी टुप सञ्चालनार्थ शिक्षकहरूको आधारभूत तथा एडभान्स तालिमको आयोजना गर्‍यो जुन तालिम सञ्चालन गर्न

स्काउट केन्द्रीय कार्यालयले वरिष्ठ तालिम प्रशिक्षक श्री गोविन्दनारायण ज्यापूलाई पठायो । सो तालिममा सरिक भै स्काउट शिक्षा लिने प्रवल इच्छा मलाई पनि जाग्यो । त्यस तालिममा कवि सर, ताराबहादुर थापा, मलगायत धेरै शिक्षक साथीहरूको सहाभागिता भयो । तालिमको क्रममा उहाँले र मैले सँगै पाकाउने, सँगै खाने, भाँडा माझ्ने, चुलो लिप्ने, कोठा सफा गर्ने, आफ्ना स्काउट पहिरन ठिक पार्ने, हाइकिङ्मा अगुवाहरूको संकेत पछ्याउँदै गन्तव्यमा साथै पुग्ने र क्याम्प फायर गरी रमाइलो वनभोजपश्चात् फिर्ता हुने गरियो । यसरी स्व. कवि सरको र मेरो बीचमा बढी मित्रता बढ्दै गयो । यति आत्मीय मित्रतालाई वैधानिकता दिदै साथीहरूको रोहवरमा टीकाटाला गरी मित लगाउने कार्य गरियो । कवि सर 'मितज्यू' सँग समीपमा रहदा वातावरण अत्यन्तै रमाइलो, रसिलो र अर्थपूर्ण लाग्थ्यो । उहाँले कुनै पनि अवस्थामा शंकास्पद, भ्रमात्मक र नकरात्मक कुरा गरेको पाइनँ, बरू सहयोग, सादाचार, सहिष्णुता, सक्रियता, सिर्जनशीलता तथा मानवीय मूल्य र मान्यताका विषयमा हरदम चिन्तन मनन गरेको पाएँ ।

अहिले यी हरफहरू लेख्दै गर्दा उहाँसँग बिताएका ती रमाइला क्षणहरूको यादले मुटुमा गाँठो पर्छ, मस्तिष्क स्तब्ध हुन्छ, मनमा बादल मडारिन्छ र नुनिलो वर्षा हुन्छ । संहालिदै अश्रुपूर्ण नयनका साथ मेरा मितज्यू स्व. भेषबहादुर कुँवर प्रयासीको स्वर्गवासी आत्माको चिरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु ।

०००


***कवि भेषबहादुर कुँवर 'प्रयासी'को प्रथम वार्षिक पुण्य तिथिमा हाम्रो पुरुषार्थ पत्रिकाले आफ्नो ८६ औं अङ्कलाई 'कवि प्रयासी स्मृति अङ्क'को रूपमा प्रकाशनमा ल्याउन थालेको हुँदा त्यसको सफल प्रकाशनका लागि हार्दिक शुभकामना व्यक्त गर्दै स्वर्गीय कविप्रति श्रद्धासुमन समर्पण गर्दछौं ।***

**श्री सिद्धबाबा माध्यमिक विद्यालय परिवार**

**रेसुङ्गा नगरपालिका-८, तम्घास, खानीगाउँ, गुल्मी**

**फोन नं. ०७९-५२०२२१**

# बादल टुक्रा-टाक्रीभित्रका कवि प्रयासी

✍ **भुवन अर्याल 'अकिञ्चन'**
**सहायक सम्पादक**
**हाम्रो पुरुषार्थ**

## पृष्ठभूमि

भेषबहादुर कुँवर वि.सं. २००५ सालमा साविकको तम्घास गाउँ विकास समिति-३ धागिथुममा पिता स्व. प्रतिमान कुँवर र माता स्व. डम्बरकुमारी कुँवरको कोखबाट जन्मेका हुन् । शिक्षण पेसामा तीन दशकभन्दा लामो समय बिताएका भेषबहादुर कुँवर साहित्यिक उपनामका रूपमा 'प्रयासी' का नामले चिनिन्छन् । बाल्यकालमा घाँस, दाउरा खोज्न जाँदा, गाईबाख्रा चराउँदा सुरिलो भाकामा गीत गुनगुनाउँदै हिड्ने प्रयासी कविका रूपमा १६ वर्षको उमेरबाट सार्वजनिक भएका देखिन्छन् । उनको पहिलो कविता-संग्रह **बादल** (२०३१) हो । यसको दोस्रो संस्करण २०६७ सालमा प्रकाशित भएको छ । उनका **घुम्तीहरूका आभास** (२०६७), **मेरा केही अनुभूतिहरू** (२०७१) र **बाईस तरङ्ग** (२०७३) गरी चारवटा कविता-संग्रहहरू प्रकाशित भएका छन् । पाँचौं कृति **'भावव्यञ्जन'** भन्ने प्रकाशित हुन पाएन । हरेक समारोह, कवि गोष्ठी तथा कक्षा शिक्षणका क्रममा प्रसङ्गबस सुरिला कविता सुनाउने प्रयासीले नेपाली कविताको इतिहासमा झण्डै छ दशक लामो सेवा गरेका छन् । शिक्षण सेवामा तीन दशकभन्दा बढी समय सेवा गरेका प्रयासी वि.सं. २०७६/०२/१७ गते यस संसारबाट बिदा भएर गएका छन् ।

## बादल टुक्रा-टाक्रीहरूको संक्षिप्त चर्चा

**'बादल'** वि.सं. २०३१ सालमा प्रथम पटक प्रकाशित कविको पहिलो कविता-संग्रह हो । २६ वर्षे उर्वर वयभित्र उर्लिएका भाव-तरंगहरूलाई संगालेर कवि प्रयासीले प्रस्तुत संग्रह तयार पारेका छन् । यसभित्र विभिन्न भाववेगमा रचिएका १७ वटा कविता छन् । कविले **बादल** (टुक्रा-टाक्री) भनेर संग्रहको नामकरण गरेका छन् । कविता-संग्रहको पहिलो कविता **'बादलप्रति'** छ भने ११ औं क्रममा पनि **'बादल'** नै शीर्षक दिएर कविता रचना गरिएको छ । बादल कविता-संग्रहभित्र कवि प्रयासीका भावनाहरू कसरी तरंगिएका छन् । यस शीर्षकमा संक्षेपमा समीक्षा गर्ने प्रयास गरिएको छ ।

### १. बादलप्रति

यो प्रस्तुत संग्रहको पहिलो कविता हो । कविले सोह्र पंक्तिमा आफ्ना विषय सन्दर्भको चर्चा गर्दै बादलले जल र असिना वर्षाए जस्तै बादलले पनि भावनाको अविरल धारा बगाओस् भन्ने कामना गरिएको छ । मंगलाचरणको ढाँचामा रचिएको यस कवितामा कविले बादललाई समस्त सिर्जनाको अजस्र स्रोत ठानेका छन् । कवि लेख्दछन् -

**किनभने तँ सिर्जनाको साहू**
**हरिश्चन्द्रले झैं सदावर्त लगा**
**खोला र खहरे नदी तालको**
**सिर्जना तेरो पाहुर हो ।**

बादलका धेरै झोक्का बोकेर प्रत्येक फोकाहरूमाथि मडारिएर रचनाको पाहुर सबैलाई बाँड्न चाहेको संकेत बादल कविता-संग्रह पहिलो टुक्रामा व्यक्त गरिएको छ ।

### २. जागोरात

निद्रा नलागेर जागै रहेको रातलाई लक्ष्यित गरेर १२ पंक्तिमा रचिएको प्रस्तुत कवितामा कविले आफू जागै र अरू निदाएको स्थितिलाई चित्रण गर्दै भन्दछन् :

**ए ! भाग्यमानी लड्िएकाहरू**
**भुसुक्क हेर नाँच सपनाका**
**निश्चल सिरकको गुफामा**
**मेरी त निद्रा पर पर भागी**
**मलाई मसानमा छाडेर**

अरूहरू मस्त निद्रामा परेको बखत आफू जाग्राम रहनुपर्दा मानिसले कस्तो अनुभव गर्छ ? कविले प्रस्तुत कवितामा व्यक्त गर्न खोजेका छन् ।

### ३. नमस्कार

हामीले हाम्रा आत्मीयजन, मान्यजनलाई श्रद्धापूर्वक नमस्कार गर्छौं । कवि मानिसलाई नै ईश्वरको रूप ठान्दै पहिला आफूले ईश्वरलाई मानेको तर अरिङ्गालको गोला जस्तो पृथ्वीमा आफूलाई धकेलिदिएकोमा त्यतापट्टिको विश्वास पनि आफूबाट गुमेको कल्पना गर्दै भन्छन् :

**मेरो भन्नु छ भने खालि**
**दुनियाभरिमा मानिस छ**
**ईश्वर ! ईश्वर !! छ मेरो भन्थें**
**उसले जबरजस्ती धकेल्यो**
**यो अरिङ्गालको डल्लामा !**

भगवान्‌ले यस्तो पृथ्वीमा आफूलाई धकेलीदिएर आफूले रमिता हेरेको हुनुपर्दछ भन्ने कल्पना पनि कविले गरेका छन् । मानिस जातिलाई अत्यन्त प्यारा ठान्दै नमस्कार आफ्नो मायाजाल भएको कल्पना गरेका छन् । यस धरतीमा बरू आफू माटै बनेर भए पनि सेवा गर्न चाहेको भाव व्यक्त गर्दै कतिपय स्थानमा

कवि भीमनिधि तिवारीको 'आँतले नहाँसे पनि दाँतले हाँस्नुपर्छ, मनले बहिस्कार गरे पनि हातले नमस्कार गर्नुपर्छ ।' भन्ने कवितांशको नजिक पुगेका देखिन्छन् ।

### ४. चित्रे

निगाला, अर्सु, बाँस, लिबाँसका चोया काडेर डोका, डाला, नाम्ला, मान्द्रा आदि तयार पार्ने एउटा कर्मशील चित्रेप्रति लक्ष्यित प्रस्तुत कवितामा बाँसका चोया काडेर मान्द्रोको नयाँ जीवन दिइरहेको चित्रेका मनोदशा र कार्यानुकरणको शब्दचित्र २० पंक्तिमा गरिएको छ । कवि मान्द्राको मानवीकरण गर्दै भन्दछन् :

**हजार आँखा खोली हेर्‍यो**
**मान्द्रो हाम्रो विश्व तमासा**
**हजार दाह्रा उजाई बायो**
**खुर्लुक्क निल्न निर्धनता**

गाउँगाउँ डुलेर मान्द्रा बुन्दै संगालेको दुईचार पैसाले छाक टारेर सन्तोष लिने चित्रेको दैनिकी यहाँ प्रस्तुत गरिएको छ । पसिना बगाएर आफ्नै श्रममा रम्ने गुण र सीप सिकाउन चित्रेप्रति अनुरोध गरिएको छ ।

### ५. एक हुल केटा

पाँचौं टुक्राका रूपमा रहेको प्रस्तुत कवितामा तत्कालीन परिवेशको चित्रण गरिएको छ ।

फिल्म हलमा गएर रातिराति अनिदो हुँदै बिहान आँखाभरि कचेरा राखेर फिल्मकै गफ छाँट्दै हिंडेका केटाहरूको स्थितिलाई यस कवितामा चित्रण गरिएको छ । तत्कालीन अवस्थामा अहिले जस्तो मनोरञ्जनका विद्युतीय साधन नहुँदा युवा पुस्ताका व्यक्तिहरू राताराात फिल्म हेर्न हिड्थे । दिउँसोको समयमा हिरो र हिरोइनहरूका गुणगान र उनीहरूका कार्यानुकरणसमेत गर्ने स्थितिलाई यहाँ चित्रण गर्ने प्रयास गरिएको छ । यस सन्दर्भमा कवि लेख्दछन् :

**फिल्म हेरेका एक हुल केटा**
**हिरोहरूका बखान गाउँदै**
**हिरोइनका गुणगान गाउँदै**
**कुराहरूका ढाक्रेहरू यी**
**डोका बिसाउँछन् प्रत्येक बिहान**

दिउँसो अन्य कामको सिलसिलामा होस् वा बिहान चिया पसलमा बसेर होस् ती केटाहरूलाई फिल्मका कुरा बोकेर हिड्ने ढाक्रेका रूपमा यस कवितामा चित्रण गरिएको छ ।

### ६. हतार

धर्तीका चिसा घरबार तताउन बिहानमा झुल्कने सूर्यले हतार-हतार गर्दै सारा कल्मष नाश गरून् भन्ने कामनाका साथ २४ पंक्तिमा रचना गरिएको यस कवितामा कविले अन्धकारमय निशालाई चिरेर सुनौला किरणसँगै धर्तीवासीलाई कर्मवादी सन्देश दिन सूर्यलाई हतार गर्न आह्वान गरिएको छ । कवि लेख्दछन् :

**शब्द ब्रह्मले घन्किरहेछ**
**मानव भईकन बाह्य हँसाउन**
**जगमग बल्दो कमै हँसाउन**
**रोएर हैन हाँसी हाँसी**
**थाम न तिम्रो जीवन मोल**

### ७. मन लाग्छ

बादलको यो सातौं टुक्रा कविको क्रान्ति एवं विद्रोही भावनाले भरिएको कविता हो । समाजमा विद्यमान दमन शोषणको ज्यादतीप्रति तीव्र आक्रोश व्यक्त गर्दै कविले शोषक र सामन्तहरूलाई नरपिशाचहरूको संज्ञा दिएका छन् । यस्ता व्यक्तिहरू बस्ने पृथ्वी नै टुक्रा-टुक्रा पार्न चाहेको, हत्यारा बन्न चाहेको आक्रोश कवि यसरी व्यक्त गर्दछन् :

**चरम्म बारूलाका**
**चाकाका छोरा चपाए झैं**
**करम्म गरिबहरूका**
**नलिहाड चपाएको देख्दा**
**यो ढुङ्गा माटाको मुटुले पृथ्वी**
**झरम्म फुटाल्न मन लाग्छ ।**

**थुक्क यी नरपिशाचहरूले**
**माहुरीका दुधे चाका जस्तै**
**ओठमा दुधको छायाँ देखिने**
**गरिबका छोराछोरी चपाएको देख्दा**
**बंगारा फोरेर हत्यारा हुन् मन लाग्छ ।**

गरिबका रगतका पसिना चुस्ने एवं बालश्रमिक राखेर आफूहरूले मस्तीको जीवन बिताउने सामन्तहरूप्रति कविमा नरसंहारक बन्ने आक्रोशसमेत उत्पन्न भएको भाव यहाँ व्यक्त गर्न खोजिएको छ ।

## ८. भोटे

हिमाली प्रदेशमा भेंडा, च्याङ्ग्रा र चौंरी पालेर हिमाली सौन्दर्यमा हुर्किएको निस्काम कर्मयोगी भोटे जातिप्रति लक्ष्यित २० पंक्तिमा रचिएको प्रस्तुत कवितामा कविले भोटेको शब्दचित्र यसरी उतारेका छन् :

**बास छ सुन्दर ती हिमालमुनि**
**स्वच्छ उज्यालो घर-दरबार**
**गडबड खोला नाला बोल्छन्**
**गडबड होइन हक्की छ ऊ**
**धपधप बल्दछ हिउँको दूत**

कविले कर्मभीरू भोटे जातिलाई हिन्दू ठान्दै उसको मनोभाव हिउँ जस्तै स्वच्छ रहेको समेत कल्पना गरेका छन् ।

## ९. फूल

यो कविका बादलको नवौं टुक्रा हो । अनमोल बास्ना छरेर मुस्कुराइरहने फूलका अनिश्चित जीवनको कल्पना गर्दै यो कविता रचना गरिएको छ । कविले अन्धकारमय रातिमा पनि जुनकिरीलाई चकमक बन्न आह्वान गर्दै भन्दछन् :

**रात अध्याँरो केवल ह्याऊ**
**फसिन्छ तिम्रै मोहनीमा**
**तारा चकमक्क नील गगनमा**
**जुनकिरी चकमक बन**
**कोकिल तिम्रै खातिर गायो**
**रनभूल भमरा वसन्तमा**

फूलका अनिश्चित जीवनको कल्पना गर्दै सौन्दर्य र बास्नाका निम्ति कुनै पनि बेला फूलको जीवन सकिने संकेत गर्दै कवि भन्दछन् :

**निमेषभरको फक्रिदै यौवन**
**निमेषभरकै जीवन जाल**
**विधिले चुँड्दछ आज कि भोलि**
**बास्ना सबको छ अनमोल ।**

## १०. भरिया

तरक्क पसिना काढेर दिनरात भारी बोकेर साहूलाई पोस्ने अनि भारी बोकेर उकाली ओराली गर्दागर्दै थाक्नाले ढुङ्गाको तकिया बनाएर आराम गर्ने भरियालाई कविले प्रस्तुत कवितामा विषयवस्तु बनाएका छन् । कवि लेख्दछन् :

**एउटा भरिया घुरिरहेको**
**रूखको शीतल छायाँमा**
**पसिना शीतल असिनाजस्तै**
**मसिना मसिना मायामा**
**यसको पीडा चिन्ता सायद**
**सल्के ठालू मुखियामा**
**शान्ति यसमा पल्की सायद**
**ढुङ्गो पुस्र्याई तकियामा**

भोको पेटले भारी खेप्दा पनि सन्तुष्टि र थकानका कारण भरियाहरू ढुङ्गाको तकियामा पनि मस्त निदाउन सक्ने भरियाको सन्तुष्ट जीवनशैली व्यस्त, स्वस्थ र चिन्तामुक्त रहन्छ । २८ पंक्तिमा रचिएको प्रस्तुत कवितामा कविले भरियाको कारूणिक चित्र उतारेका छन् । औंसीको निष्पट अन्धकारमय रातमा पनि फेंदी र घाटहरूमा जीवन बिताउने भरियाहरू भारी बोक्दा-बोक्दै जीवनलीला समाप्त गर्न बाध्य हुने तथ्य पनि यहाँ चित्रण गर्दै कवि भन्दछन् :

**ख्याकहरू छन् भूतहरू छन्**
**मालिकहरूका कौसीमा**
**भरिया फेंदी र घाटहरूमा**
**रात बिताउँछ औंसीमा**
**भरिया मर्दछ भारी बिसाई**
**भरिया जीवन म्याद पुस्र्याई ।**

तिघ्राका बलमा बाँचिरहेको हनुमान जस्तै भरिया साहूको भारी बोकेर जीवनलीला समाप्त गर्न सक्दछ भन्ने भावसहित प्रस्तुत कविता रचना गरिएको छ ।

**११. बादल**

कुहिरी मण्डल बादल लागेर अविरल वर्षा गराउने बादलका विभिन्न रूपको चर्चा गर्दै बादल लागेर सेतै भएकी धर्ती र पहरा, छहराहरूको कल्पना कवि यसरी गर्दछन् :

**विधवाजस्ती धरती देख्दछु**
**टुहुरा छन् सब फूल**
**हतार-हतारले आतसभित्र**
**छहरा छन् रनभूल ।**

एक्कासि बादल लागेर मौसममा आएको परिवर्तनलाई लक्ष्यित गर्दै कविले रावणरूप बादलमा देख्दै लेख्छन् :

**हत्यार ए ! बादल बहुला**
**हाम्री सीताजी रूवाए झैं**
**लुटेरा ए ! तँ रावण काला**
**उज्ज्वल मौसम लुटी लगिस् ।**

कवि बादललाई नदी, ताल र सागरहरूको समेत जनक/जननी ठान्दै लेख्दछन् :

**बादल तेरा उपज रारा**
**फेवा सुन्दर तालहरू**
**सागर नदी नाला सब हुन्**
**उर्लन् दिलका छालहरू !**

बादल सकिएर धर्ती हराभरा हुने र कविका भावना निथ्रिएर काव्य सिर्जना हुने हुँदा कविले बादलसँग सहकार्य गर्न चाहेका छन् :

**तैंले निथ्री भरिलो धर्ती**
**कविले निथ्री काव्यहरू**
**कल्पना मेरो बिजुली तेरो**
**झिलिमिली पारौं आज संसार ।**

कविले यसै कविताको नामकरणसँगै संग्रहको पनि नामकरण गरेका छन् । ९ श्लोक अन्तर्गत ३६ पंक्तिमा रचिएको प्रस्तुत कविता प्रकृतिको सजीव चित्रण गर्न सफल कविता हो ।

### १२. जब तन्नेरी लाग्दछन् परदेश

किशोरावस्थामा प्रवेश हुँदानहुँदै मीठो खाने र राम्रो लगाउने उत्कट अभिलाषा बोकेर परदेश लागेका युवा पुस्ताको कारण देशमा अशक्त, अपाङ्ग मात्र रहने अवस्थालाई लक्ष्यित गर्दै कवि लेख्दछन् :

**जब तन्नेरी लाग्छन् परदेश**
**तब यो देश नै रित्तो लाग्छ**
**एउटा बूढो पौवा जस्तै**
**जहाँ छन् केवल डुँडा, बूढा**
**काना, बहिरा शरणार्थी !**

तन्नेरीहरू दुईचार पैसा कमाउने उद्देश्यले विदेशिदा परिवारका सदस्यले कहिले आउला ? भनेर घाँटी तानेर हेरिरहन्छन् । कतै बस पल्टँदा पनि परिवारका सदस्यको होसहवास उड्छ । सानैमा अभिभावकले धरालो गर्दा पनि लाहुर गएर हवल्दार, जम्दार, सुवेदार भएर कपडा देला, सुर्ती तमाखु खुवाउला भन्ने आश गरिरहेका हुन्छन् । विदेशी भूमिमा गएर कसैले ज्यान फालेका हुन्छन् त कसैले

आफ्नो सम्पूर्ण उमेर र ताकत विदेशी भूमिमा खर्चेर अन्तिम अवस्थामा आइपुग्दछन् । यो अवस्थालाई अब त्याग्न आह्वान गर्दै कवि लेख्दछन् :

**स्वर्गभूमि यो ! के घर यस्तो ?**
**छोडन अब ता अरूका शत्रु**
**हाम्रै शत्रु खोजेर मार**
**भोक, बेकारी, शोक, अशिक्षा**
**रोग यी हाम्रै शत्रु लगार**
**लाग्छौ परदेश चाल नपाई**
**भनन देश यो कसले भर्छ ?**
**विचार गरिद्यौ बत्ती कसले**
**बाल्दछ भकमक पारेर ?**

देशमा विद्यमान रोग, भोक, बेरोजगारी, अशिक्षारूपी शत्रुसँग लड्नका लागि तन्नेरीहरू विदेश लाग्नु हुँदैन । यो देशमा विकास र समृद्धि भर्न एवं शिक्षारूपी उज्यालोले झलमल पार्न पनि युवापुस्ताकै आवश्यकता छ, यसैले तिमी नभए यी सबै काम कसले गर्ने त ? कविले परदेश लागेका तन्नेरीहरूलाई प्रश्न गरेका छन् ।

### १३. त्यो परदेश कस्तो होला ?

मातृभूमिको ममतालाई त्यागेर विदेशिने युवाहरूको विदेशप्रतिको तीव्र मोह र स्वदेशप्रतिको मोहसमेत पचाएर आफ्ना वंशजहरू समेतलाई बिर्सिएर हिड्ने युवाहरूलाई कविले त्यो परदेश कस्तो छ र ? तिमी यसरी स्वदेशको माया भुल्यौ भन्ने प्रश्न गरेका छन् । कवि लेख्दछन् :

**न कोही दिन्छन् चिट्ठी-पत्र**
**न कोही दिन्छन् ठाउँ ठेगाना**
**कठै बरै नि ! कलेसहरूले**
**किन चिरिन्न हृदय गाना ?**
**किन हो यस्तो माया पचक भो**
**के सब उनका क्लेश हराए**
**खोई त निराश हुदैनन् कि क्या ?**
**हामी प्यारा वंशजमा**

धर्तीमा धेरै प्रकारका परिवर्तन भइसक्दा पनि त्यो जमानाको संचारका कुनै माध्यम नभएको जमानामा चटक्क माया बिर्सेका परदेशीलाई कवि प्रश्न गर्दछन् :

**मोटर आए तर आएनौ**
**जहाज आए आएनौ**
**चन्द्र मंगलमा पुगे मानिस**

**रमिता हेर्न आएनौ ।**
**आँसु बहन्छन् सम्झी सम्झी**
**क्लेश मेटाउन आएनौ**
**प्रश्न र तर्क छातीभरि छन्**
**उत्तर केही पठाएनौ ।**

परदेशिएका व्यक्तिलाई परदेशले किन त्यसरी मोहनी लगाए होला ? स्वदेशको ममता त्यागेर विदेशिएका नेपालीलाई कविले आफ्ना वंश र प्यारो भूमिको ममता नत्याग्न अनुरोध गरेका छन् ।

### १४. समयको गीत

समयले एकाएक ल्याएको परिवर्तन पश्चिमी सभ्यता, भेष, भाषा, खानपानमा एकाएक देखिएको नवीनतालाई संकेत गर्दै प्रस्तुत कविता रचना गरिएको छ । गीत, लय र अनुप्रासयुक्त भाषामा रचना गरिएको प्रस्तुत कवितामा कवि लेख्दछन् :

**उद्योग धन्दा केही छैन गुण छेपारीले**
**दूना टोप्री होइन छोपी ह्याण्डब्याग बुहारीले**
**बतास हरररर हजूर नक्कल बररर**
**मासी पर्‍यो हाम्रो आँत काट्यो कररर ।**

प्रचीन सभ्यता र संस्कृति एकातिर पन्छाएर सहरिया बनेका मानिसहरूले सभ्यतालाई नै तिलाञ्जलि दिएर सहरिया बनेका युवा पुस्तालाई लक्षियत गरी कवि लेख्दछन् :

**मान्छे जति सहर पसे एक्ला रनवन**
**सभ्यताको पथारोमा झिंगा गनगन ।।**

मान्छेमा लोभ, लालच, डाह, ईर्ष्या क्रमशः बढ्दै गई मानवताको खडेरी परेको, नारी र पुरुष पोशाकले छुट्याउन कठिन भएको, खानपान रहन-सहनमा पश्चिमी सभ्यताको प्रभाव परेको समयको परिवर्तनलाई कविले समयको गीतभित्र समेटेका छन् । वर्तमान समयमा यी सबै गतिविधि सामान्य भए पनि तत्कालीन समयमा अनौठा थिए । त्यही यथार्थ कवितामा व्यक्त भएको छ ।

### १५. मम्फुली झुरूम झुरूम

त्यो जमानामा हुनेखानेहरूले मम्फुली झुरूम-झुरूम पार्दा विपन्न वर्गका लालाबालाहरू बाबुआमालाई सताउँछन् । हुनेखानेहरूले मम्फुली चपाउँदा-चपाउँदा मुख नै टर्रो बनाउँछन् भने नहुनेहरूले आफ्ना लालाबालालाई खुवाउन नपाउँदा उनीहरूले कष्ट पुर्‍याइरहेका हुन्छन् । यसै सन्दर्भमा कवि लेख्छन् :

**मम्फुलीका प्रत्येक भ्रुरूमले**
**उसको बाँच्नुको गर्भाधान हुन्छ**
**जन्मनु कहिले हुर्कनु कहिले**
**कठो बरा नि ! कठो बरा**
**कोखैमा बसी नपार भ्रुरूम**
**हे उपभोक्ता साथी भाइ !**
**क्लेश पुऱ्याउँछन् उसका च्याउम्याउ**

सम्पन्नहरू मुख टर्रो होउन्जेलसम्म मम्फुली कुरूम कुरूम पार्छन् तर विपन्नहरूलाई मम्फूली त परको कुरा साँझ बिहानको छाक टार्ने समस्याले सताएको हुन्छ । यही अति सामान्य विषयवस्तुलाई कविले मार्मिक रूपमा प्रस्तुत गरेका छन् ।

### १६. यसरी पन्चर होइदो रहेछ

कवि प्रयासीका बादलको यो १६ औं टुक्रा हो । कविले मानव जीवनलाई एउटा ब्लाडर ठान्दै जीवनरूपी ब्लाडर दिन, रात, महिना, वर्ष हुँदै कहिले शङ्का, कहिले चिन्ता, कहिले खुशी गर्दागर्दै अन्त्यमा जीवनरथले विश्राम लिने तथ्यलाई कविले व्यक्त गरेका छन् :

**ए असंख्य बितेका क्षण**
**नभुलाऊ म त जागिसकें**
**किन्तु भुल्नु र जाग्नु पनि ता**
**रित्तिनु भरिनुमै तिरमिर**
**थाहा भैसक्यो भो थाहा भइसक्यो !**
**जिउनु एउटा ब्लाडर रहेछ**
**कहिले ढुक्क कहिले दिक्क**
**यसरी पन्चर होइँदो रहेछ ।**

जीवन बिस्तारै खिइदै, घिसिदै जाने जीवनको क्षयोन्मुख अवस्थालाई प्रस्तुत कवितामा चित्रण गरिएको छ । २१ पंक्तिमा रचित प्रस्तुत कविताले बाल्यकालदेखि वृद्धावस्थासम्म हाम्रो जीवन क्रमशः टायर पन्चर भएजस्तै जीवनगति बन्द हुने तथ्य यहाँ व्यक्त गरिएको छ :

### १७. जय मानवता !

यो बादलको १७ औं अर्थात् अन्तिम टुक्रा हो । यस टुक्रामा मानवीय चेतना ज्ञान र विवेकको प्रशंसा गरिएको छ । मानव सर्वश्रेष्ठ प्राणी भएकोले उसले मानवताको रक्षा गर्दै धर्तीको उत्थानका लागि सारा बोझ आफ्नै काँधमा

लिएकोमा कविले मानवताको जय जयकार गरेका छन् । धर्तीलाई हराभरा बनाउने मानवले नदी, पहाड, हिमाल आदि चल्ने, चम्कने र हाँस्ने मौका पाएका छन् । मानिसले पुतली रमाउन फूलबारी बनाएको छ । हिमालहरू आरोहण गरेर कृति राख्नें पनि मानिस नै हो । हरेक सिर्जना र रचनामा मानवता झल्किएको छ । मानवका मस्तिष्कको महिमा गान गर्दै कवि लेख्दछन् :

**जसका गिदीका भरमा नाच्यो**
**सुन्दर शान्त धरती विशाल**
**जसका तेज र प्रताप किरण**
**हर हर पार्छन् सब गोलमाल**
**जसले बन्धुत्वको उज्यालो**
**भार उठायो काँधभरि !**

यस धर्तीमा जति धेरै प्राणी भए तापनि गिदी अर्थात् मस्तिष्कले गर्दा मान्छे सर्वश्रेष्ठ छ । धर्तीलाई सुन्दर बनाउने जल, स्थल, आकाश मार्ग बनाएर धर्तीलाई सिंगार्ने मानिसको यही मानवताको मुक्त कण्ठले प्रशंसा गरिएको छ । १८ पंक्तिमा रचना गरिएको प्रस्तुत कवितामा कविले मानवीय क्षमता र त्यसले धर्तीमा ल्याएको परिवर्तनको चर्चा गरेका छन् ।

## ३. संरचना

बादल (टुक्रा-टाक्री) १७ वटा फुटकर कविताको संग्रह हो । यो केवल लघु आकार अन्तर्गत २५ पृष्ठमा मात्र सीमित छ । यसमा अधिकांश गद्य कविताहरू छन् । बादलका टुक्रा-टाक्री छोटामा १२ पंक्तिका कविता र लामामा ६१ पंक्तिसम्मका छन् । यस संग्रहमा जम्माजम्मी ४६० पंक्तिहरू रहेका छन् । कविले भिन्न-भिन्न परिवेशमा भिन्न-भिन्न भावभङ्गी र आकारका कविताहरू रचना गरेका छन् ।

## ४. आन्तरिक संरचना

प्रस्तुत संग्रह कविका २६ वर्षे जवानीसम्म खेलेका भावहरू, देखेका जीवनजगत्का सन्दर्भहरू र मानव समाजका विविध गतिविधिहरूलाई समेटेर तयार पारिएको छ । कवि बादलप्रति, बादल र फूल जस्ता शीर्षकमा प्रकृतिको सजीव चित्रण गर्न सफल भएका छन् भने भरिया, चित्रे, मन लाग्छ जस्ता शीर्षकमा मानव समाजमा विद्यमान अभाव, गरिबी, अन्याय, अत्याचार, दमन, शोषण, बालश्रमिक एवं श्रमशोषण जस्ता पक्षलाई प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ । कवि कतै अत्यन्त दयालु बनेर प्रस्तुत भएका छन् । एउटा चित्रे र भरियाका कथा व्यथा र पसिनाका कणकणको मूल्याङ्कन गरेका छन् भने विद्यमान दमन, शोषण, विभेद, श्रमशोषण जस्ता विकृतिहरूप्रति भैरव बनेर

नरमुण्ड लगाई हिड्नेसम्मको आक्रोश व्यक्त गरेका छन् । कविताको माध्यमबाट कवि बादल जस्तै परोपकारी र दाता बन्न चाहेका छन् । कविले स्वदेशप्रतिको ममता र राष्ट्रियताको संरक्षण देशभित्रै रोजगारीको अपेक्षासमेत गरेका छन् । देशको माया त्यागेर विदेशिने युवा पुस्तालाई त्यसरी माया नमार्नसमेत कविले आह्वान गरेका छन् ।

## ५. उपसंहार

बादल (टुक्रा-टाक्री) कवि प्रयासीको स्वच्छन्दवादी भावधारमा संरचना गरिएको लघु आकारको कविता-संग्रह हो । कविका तीब्र अनुभूतिहरूले कवितामा निकास पाएका छन् । कवि कतै पानी र बादल जस्तै बनेका छन् भने कतै चट्याङ्ग जस्तै गर्जिन पुगेका छन् । प्रकृतिको प्रेम, राष्ट्र, राष्ट्रियता, मानवता, दया, माया, प्रेम, सहानुभूतिका स्वरहरू प्रस्तुत कवितामा व्यक्त भएका छन् । कविका कतै सुकोमल भावहरू व्यक्त छन् । कतै कवि कुसुम जस्तै फक्रिएका, मुस्कुराएका छन् भने कतै मेघ (बादल) जस्तै गर्जिएका पनि छन् । आक्रोशमा मडारिइरहने बादलले कहिले जल वर्षाउने त कहिले भिन्न-भिन्न आकृति सिर्जना गरेर बालकहरूको मन तानेजस्तै प्रस्तुत कविता-संग्रहले पनि हरेक पाठकको मन तान्दछ त कतै मेघको जस्तै गर्जन सुनाएर पाठकलाई तर्साउने गर्दछ ।

ooo

***संसारमा माटो भन्दा***
***पानी धेरै ह कि ?***
***सकेसम्म आँसुलाई***
***सङ्गालेर हो कि ?***
***अक्षंश र देशान्तर***
***ग्लोबमा छन् ह कि ?***
***माग्नेलाई यो पृथिवी***
***पिञ्जरा पो हो कि ?***

*- (कवि प्रयासीको 'भान' कविताको अंश))*

# शब्दश्रद्धा कवि भेषबहादुर कुँवरप्रति

✍ **त्रैलोक्यप्रताप सेन**
**मदाने गाउँपालिका, बाँझकटेरी, गुल्मी**

भेषबहादुर कुँवर 'प्रयासी' सँग मेरो लामो सामीप्यता होइन तर जति नजिक भइयो बेलबखत सहयात्रा - सहवासका लामा शृङ्खलाहरूलाई उछिन्न पुगियो । अर्थात् उहाँलाई नजिकबाट चिन्ने जान्ने अवसर पाएँ ।

उहाँ चरित्रमा निस्छल-फटिक हुनुहुन्थ्यो । समाज परिवर्तनका सन्दर्भमा अब्बल क्रान्तिकारी हुनुहुन्थ्यो । उहाँ सच्चा समाजवादी, यसो गर्न उहाँले झण्डा, मसाल, नारा जुलुसको सहारा लिनु भएन किन्तु आफूभित्र रहेका विद्रोहको विस्फोट साहित्यको लालित्यको माध्यमबाट गर्नुभयो । लेख रचनाबाट खास गरी कविता गजल र गीतका माध्यमबाट । उहाँ कवि गजलकार मात्र हुनुहुन्थेन, लोक गीतकार एवम् गायक पनि हुनुहुन्थ्यो ।

मैले तम्घास रहँदाको बेला जब मौका संयोगले जुराथ्यो-किरण पुस्तकालयमा आयोजना गरिने कवि गोष्ठीहरूमा उहाँलाई पढ्थें-सुन्थें । कहिले भानु जयन्तीको अवसरमा हुन्थ्यो, कहिले महाकवि लक्ष्मीप्रसाद देवकोटाको जयन्तीमा हुन्थ्यो अथवा लेखनाथ, मोती आदिको स्मृतिमा ।

जब उहाँको गला फुर्थ्यो धर्मराज थापाको **'हो हो माले हो हो'** झल्कन्थ्यो उहाँको स्वरमा ।

जीवनप्रतिको उहाँको सोंचाइ आफ्नै विशिष्ट शैलीको पाउँथें मैले । नेपाली टोपी शिरमा, चिटिक्क मिलेका कमिज र पाइन्ट । अलि जाडोतिर स्वेटर सधै सफा । सडकमा हिंड्दा कतै कुल्चिएर कमिला मर्ला कि भन्ने जस्तै सुस्तरी चाल्दै गरेका पाइला ! कहिले कसैलाई नपिर्ने अमृत मिसिएसरी बोली !

म नेपालमा राजाको हुकुमी शासन दल विहीन पञ्चायती व्यवस्था विरूद्धमा नेपाली कांग्रेसको झण्डा बोकेर क्रान्तिमा होमिएको मान्छे । समर्थक अग्रज प्रेरणा पुरुषहरू खोज्दै जाँदा त्यसबेला (०३४/३५ तिर) को तम्घास स्थित महेन्द्र मा.वि.मा भेटिएका गुजुप्प थुप्रो लागेर प्रजातन्त्रको दियो बालेर बसेका आदरणीय गुरुवर्गहरूमध्येका एकजना भेषबहादुर कुँवर पनि हुनुहुन्थ्यो । त्यो स्मरण अहिले पनि ताजै छ मेरो मानसपटलमा ।

अध्यापनले दिनभरको थकान, समाजको बेथिति, अराजक माहौल - यसबाट एकछिन मुक्त दुनियाँ खोजेर होला सायद अलिकति रक्सीको नशा - अलिकति आफ्नै संसार ।.. प्युनुहुन्थ्यो उहाँ अनि त सायद ज्युँनुहुन्थ्यो उहाँ ।

उहाँ छोटकरीमा भन्नु पर्दा मेरा प्रेरणाश्रोतहरूमध्ये पर्नुहुन्छ । पछि बिहावारीको नाताले त हामी झनै नजिकियौं । उहाँकी भाञ्जी गोमा मेरी पत्नी बन्न पुगिन् पछि ।

आज उहाँ हाम्रो बीच हुनुहुन्न तर उहाँका विचारहरू, भावनाहरू, शोचहरू, आदर्शहरू चिरकालपर्यन्त अमर रहनेछन् - कविता, गजल र गीतको रूपमा ।

उहाँकी धर्मपत्नी - अमृता कुँवर कसैको धर्मपत्नी हुन् त यस्ती पो । जस्तो मातापिता उस्तै सन्तानहरू भन्ने समाजको भनाइलाई उहाँहरूका सबै एक से एक सन्तानहरूले प्रमाणित गरेका छन् । छोराहरू ईश्वरी, विजय, रमेश, किरण, हेमन्त र छोरीहरू दया र मायाँ सबै एक से एक उत्कृष्ट छन् । स्व. भेषबहादुर कुँवरको अभावको क्षतिपूर्ति सन्तानहरूबाट हुने आशा राखेको छु । हार्दिक श्रद्धाञ्जलि । मेरा केही हरफहरू यसरी नै टुङ्ग्याउँछु ।

ooo


***यस विद्यालयका पूर्व शिक्षक भेषबहादुर कुँवर 'प्रयासी'को सम्झनामा किरण पुस्तकालय, गुल्मीबाट 'हाम्रो पुरुषार्थ'ले 'कवि प्रयासी स्मृति - अङ्क' प्रकाशनमा ल्याउन थालेको वार्षिक पुण्यतिथिको विशेष अवसरमा दिवंगत कवि प्रयासीप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं ।***

***हाम्रो पुरुषार्थको यस स्मृति-अङ्कले कविको जीवन र कृतिका विविध पक्षहरूको यथार्थ मूल्याङ्कन र विश्लेषण गरी पत्रिकालाई पठनीय र सङ्ग्रहणीय बनाउन सफलता प्राप्त गर्नेछ भन्ने अपेक्षासहित हाम्रो शुभकामना छ ।***

**रेसुङ्गा माध्यमिक विद्यालय परिवार**

**रेसुङ्गा नगरपालिका-२, उधिनढुङ्गा, तम्घास, गुल्मी**

**फोन नं. ०७९-५२०२१८**

# शब्द-श्रद्धाञ्जलि : कवि प्रयासीप्रति

✍ **लक्ष्मण रिजाल**
**उप-प्राध्यापक, रेसुङ्गा बहुमुखी क्याम्पस**
**तम्घास, गुल्मी**

रेसुङ्गा गिरि शृङ्को तटमहाँ तम्घासको माझमा
विक्रम सम्वत दो हजार अनि पाँच उन्नाइसौं भाद्रमा
यै धागीथुम रम्य सिद्धस्थलमा क्षेत्री कुँवर वंशमा
खोल्यौ नेत्र प्रयासी छद्म कविजी श्री भेषका नाममा ।
॥१॥
बिस्तारै हिँड्ने कि हंस गतिमा संगीतको तालमा
नेपाली लय माधुरी मनमनै उत्रे कि ख्याल ख्यालमा
भेटेथें दश तीन वर्ष अघि नै मा.वि. महेन्द्रैमहाँ
बिर्सायो कसरी सखा समयले पत्तै नपाईकन ।
॥२॥
मीठो व्यङ्ग्य र श्लेषपूर्ण कसिलो वक्रोक्तिका साथमा
हुन्थ्यौं प्रस्तुत मित्र वर्ग अथवा साहित्य संसारमा
शिष्टाचार विचारमा विविधता कस्तो मिठो चातुरी
प्यारो श्यामल वर्ण मध्यम उँचो सम्झन्छु त्यै माधुरी ।
॥३॥
हुन्थ्यो भेट सदा विशेष कविका उत्सव जयन्तीमहाँ
लक्ष्मी, भानु, कवि शिरोमणिहरू मोती तथा अन्यमा
हुन्थे वाचन गीत, काव्य कविता, या मुक्त या छन्दमा
पूर्खाको बलिदानको अमरता ल्याएर सम्बन्धमा ।
॥४॥
पैलो बादलले कवि र कविता तिम्रो प्रतिष्ठा दियो
मात्रा, वर्ण र छन्द गीत-लयले साँच्चै उचाइ लियो
गुल्मीका हुन् 'धर्मराज' सबले गर्दै पुकारा अरे
गुल्मेली मुटु ढुक्ढुकीसँगसँगै बोल्ने गरेछौ अरे ।
॥५॥
गाउँथ्यौं कविता रचेर सङ्गमा यो सृष्टिको मोहनी
कैले छन्द र मुक्त गीतहरूमा त्यै दिव्यताको ध्वनि
भाषा वाङ्मयको उपासक भयौं गर्थ्यौं की आराधना
छुट्यायो विधि दैव निस्ठुर बनी साथी खोजौं खै कहाँ ?
॥६॥

हाम्रा ती नव सिर्जना हृदयमा झङ्कार भै आउँथे
सृष्टिको मृदुमोहनी झलमली संसार बिर्साउँथे
लाग्थ्यो यो परमात्मको अनुग्रह सान्निध्य पायौं यहाँ
सप्ना हो अथवा भयो कि विपना अन्योल साह्रै छु म ।

॥७॥

आउन्नौ कविजी 'लक्ष्मण' भनी बोली सुनौं खै कहाँ
पाउन्नौं मृदुमोहनी हृदयको सद्भाव पाऔं कहाँ ?
मात्रै स्मृति रह्यो रहेन अरू क्यै श्रद्धासुमन अञ्जलि
भावै मात्र सुपुष्प ली हृदयमा हार्दिक श्रद्धाञ्जलि ।

॥८॥

यात्रा एकल रैछ सर्व जनको निर्मोही संसारमा
चौपारी बिच भेट भो कि सहजै साह्रै रमायौं यहाँ
छोटो जीवन दीर्घ दिन्छ किन हो ज्वाला वियोगी जली
सल्काई मुटु दीपको हृदयले हार्दिक श्रद्धाञ्जलि ।

॥९॥

यो संसार अहा ! विचित्र भनदै वैशाखको फूल झैं
बिर्सी मृत्यु कठै रमाइ रहदा लाग्यो ठूलो भूल यै
स्वप्नातुल्य रहेछ जीवन कठै आदर्श मानी रहें
यात्रा अल्प रहेछ विद्युत सरी एक्लै टोलाइरहें ।

॥१०॥

लाग्यो शून्य बिछोडको घडिमहाँ विश्वास केमा छ र ?
यो माया छल रैछ स्वप्न सरीको के गर्नु ठूलो भर ?
लाग्थ्यो जादुमयी अहा झिलिमिली जाग्दा हरायो धन !
आत्मा शाश्वत रैछ नश्वर अरू भन्दैछ मेरो मन ।

॥११॥

शब्दः ब्रह्म उपासना गरिरहौं संसार तर्नाकन
गीता, वेद, पुराण शास्त्रहरूको यस्तै रह्यो मन्थन
आस्थामात्र भए तरिन्छ भनने यी शास्त्रको सार हो
गर्नै पर्दछ कर्म षोडश विधि अध्यात्म आधार हो ।

॥१२॥

ने ऽ ति ने ऽ ति भनेर वेदहरूले त्यो ब्रह्म आत्माकन
खोजी गर्न सिकाउँछन् सहजै नै अध्यात्म प्यारो धन
बह्मैबाट फुटेर जीव बनने भन्दै छ वेदान्तले
त्यो आत्मा परमात्ममा मिलिदिने सत्कर्म सद्भावले

॥१३॥

गर्छन् वर्णन यी पुराणहरूले यो विश्व ब्रह्माण्डको
ब्रह्मा, विष्णु, महेश शक्ति सबले ॐ कार सद्भावको
नाना मार्ग रहे मनुष्य जुनिका उद्धार गर्नाकन
श्रद्धाभक्ति भए तरिन्छ सहजै अध्यात्म प्यारो धन ।
॥१४॥
सारा वेद, पुराण शास्त्रहरूको सारांश यौटै रह्यो
अर्काको उपकारमै जुटिदिदा सत्कर्म सद्धर्म हो
आत्मा चिन्तन सत्य धर्म अजपा गायत्री आराधना
सायुज्यै पद मिल्छ मानव जुनी सार्थक मनोकमाना ।
॥१५॥
गाऔं कीर्ति प्रयासीको स्मृतिमहाँ सम्मान सद्भावले
जस्को कीर्ति रह्यो उ बाँच्छ जगमा भन्दैछ अध्यात्मले
स्रष्टाको पहिचान कीर्ति रचना हुन् राष्ट्रका सम्पति
बाँचे भेष सुकीर्तिमा युगयुगौं हार्दिक श्रद्धाञ्जलि ।
॥१६॥
०००

## गुजारा मूल मन्त्र भो ।

देखिन्छन् भावी नेता अलपत्र यताउता,
चिम्लेका दुबै नेत्र न ख्याल जिम्मेवारीको,
ठट्टामा उडाउँछन्, हँस्सीमा डुबाउँछन् ।
कस्तो होला उडने, डुवने निस्सासिदो युग अहो ?
उदेकै लाग्दो हाम्रो कलिको खिइदो कल
लतारिदै गुभारामा तानिदो छ लुरुलुरु
अझै पछि अझै पछि खिइँदै जादा तल
भावी चेहराले देख्लान् अन्तिम घडीको रूप
यहाँ साहू ठग्न सिक्छन् सिक्छन् अरू पनि उही
जोतिन्छ साहूको बारी भाँचिन्छ बाजेको हलो
सब आँखा चिम्लिसके बिर्सेर जिम्मेवारी त्यो
जे हुने हवस् विश्व 'गुजारा' मूल मन्त्र भो ।

- ***कवि प्रयासी - भेटघाट, वर्ष १, चरण-४, २०३० बाट साभार***

# कवि सर भीरपाखामा फुलेको 'सुनगाभा'

✍ **भुवनप्रसाद श्रेष्ठ**
**सभापति**
**नेपाली काँग्रेस, गुल्मी**

मैले प्राथिमक शिक्षा हालको रेसुङ्गा माध्यमिक विद्यालय तत्कालीन रेसुङ्गा प्राथमिक विद्यालयबाट लिएको हुँ । ३ कक्षा उत्तीर्ण भै कक्षा - ४ पढ्न महेन्द्र माध्यमिक विद्यालयमा गएँ । त्यहाँ मैले पहिलो शिक्षकको रूपमा भेषबहादुर कुँवर सरलाई देखेको र चिनेको हुँ । कक्षा प्रवेशको पहिलो दिनमै जब म ढोकाबाट पस्दै गर्दा 'माइ कमिङ्ग सर ?' भन्दै अगाडि बढें र नजिकको बेञ्चमा गै बसें तब सरले तुरून्त ढोकासम्म फिर्ता पठाउनुभयो र पुनः भन्न लगाउनुभयो । मैले पुनः त्यही अंग्रेजी शब्द दोहोर्‍याएँ अनि सरले सिकाउनुभयो । माइ कमिङ्ग सर होइन । 'मे आई कमिङ्ग सर ! के म भित्र पस्न सक्छु सर ?' अनि 'यस' आउनू भनेपछि मात्र कक्षा कोठामा प्रवेश गर्नुपर्छ भन्ने ज्ञान प्राप्त गरें । यसरी पहिलो भेटमै, पहिलो दिन नै उस बेलाको जीवनको एउटा अमीट छाप बनेर यो घटना मेरो दिमागमा गडेको थियो ।

अत्यन्तै रसिक पाराले बेलाबेलामा कथा, उपकथा, कविता र टुक्काहरू जोड्दै पढाउने शैली नै भेषबहादुर सरको प्रमुख विशेषता हो । हालको महेन्द्र उच्च माध्यमिक विद्यालयमा लामो समय शिक्षण पेशामा रहदा कवि सरसँग जोडिएका अनगिन्ती रमाइला प्रसँगहरूले अहिले पनि बालापनका ती रंगीन दिनहरूको सम्भनाले मन रोमाञ्चित हुने गर्दछ । अन्य विषयका कक्षा पिरियडहरू पढ्न त्यति जाँगर नलागे पनि कवि सरको व्यावसायिक शिक्षा विषयको पिरियड छुटाउनै मन लाग्दैनथ्यो । करेसाबारीमा आफै उब्जाएका सागका मुठा र मुला काउलीहरू बजारमा बेच्दै हिंडेर जम्मा भएको रकम जुनियर रेडक्रस सर्कल कोषमा जम्मा गर्नका लागि सरलाई दिंदा स्याबासी पाएको सम्भना अभ पनि ताजै छ । जुन रकम उहाँले रेडक्रसका गतिबिधि सञ्चालन गर्न र कक्षा सरसफाइका सामग्रीहरू किन्नको लागि प्रयोग गर्नुहुन्थ्यो । अहिले मलाई लाग्छ सैद्धान्तिक शिक्षाको सम्भना लामो समयसम्म हुँदोरहेनछ । जसरी व्यावसायिक तथा व्यावहारिक शिक्षाको हुन्छ । कुनै पनि शुक्रवासरीय कार्यक्रममा सरको प्रस्तुति र कृयाकलापले सबै विद्यार्थीको ध्यान केन्द्रित गर्दथ्यो । एउटा सर्जक अत्यन्तै मीठो स्वरका धनी, साना ठूला सबैका साथै सरल जीवनशैली तर विलक्षण प्रतिभाका खानी कवि भेषबहादुर कुँवर 'प्रयासी' भीरपाखामा फुलेको 'सुनगाभा' हो भन्दा फरक पर्दैन । आफ्नो जन्मभूमि पितापुर्खाले आर्जेको यो प्यारो माटोलाई छोडेर कर्मभूमि बदल्न खोजेको भए मलाई लाग्छ समकालीन नेपालका कुनै पनि कवि र गायकभन्दा उहाँ अग्रपंक्तिमा पुग्नुहुन्थ्यो । तत्कालीन

अवस्थामा तम्घासमा हुने कुनै पनि सांगीतिक कार्यक्रममा सरको प्रस्तुतिले हजारौं हजार दर्शक श्रोतालाई मन्त्रमुग्ध पार्ने त्यो जादूमय कलाप्रति म अहिले पनि सम्मानभाव व्यक्त गर्दछु ।

पर्याप्त अवसर र कुनै क्षमताको मूल्याङ्कन नहुने हुँदा त्यस्तो सामाजिक परिवेशमा पनि यस क्षेत्रकै सुपरिचित कविको रूपमा स्थापित हुनु सानो विषय थिएन । अवसर खोज्दै फराकिलो परिवेशलाई आफ्नो कर्मथलो बनाएको भए उहाँको बौद्धिकता र सिर्जनशीलताले निकै अग्लो उचाइ लिन्थ्योहोला । लम्जुङका माधव घिमिरे कान्तिपुर नगएको भए के 'राष्ट्रकवि' कहिन्थे होला र ? त्यस्तै कास्कीका धर्मराज थापा काठमाडौ नझरेका भए के जनकवि केशरी बन्थेहोला र ? त्यस्तै कैयौं सर्जकहरू उचित अवसरको खोजीमा निस्केकाले आज यो स्थान प्राप्त गरेका छन् । उहाँका लागि आफ्नो गाउँ आफ्नै जन्मठाउँ र माटोप्रतिको आकर्षणको बन्धन नै प्रचुर सम्भावनाको पर्खाल बनेर उभियो । मलाई यस्तै लाग्छ ।

२०२४/०२५ सालतिरको कुरा हो । मेरो बाबा कास्की पोखरामा नोकरीको सिलसिलामा हुँदा एक साँझ त्यहाँको स्थानीय '**डाँफे कला मन्दिर**'ले प्रस्तुत गर्ने सांगीतिक कार्यक्रम हेर्न सहभागी हुँदै गर्दा पर्दाभित्रबाट प्रस्तोताले अब आउँदैहुनुहुन्छ गुल्मीवासी सुमधुर स्वरका धनी भेषबहादुर कुँवर 'प्रयासी' भनेर उद्घोष गर्दा मेरो छाती गर्वले फुलेर रेसुङ्गा जत्रो भयो भनेर बाबाले सुनाएको प्रसँग अहिले पनि ताजै छ । अनि जब कवि सरको सुमधुर स्वरले सम्पूर्ण हल गुन्जायमान भई मन्त्रमुग्ध र शान्त भएर हजारौंको प्रशंसाको प्रतिध्वनि गडगडाहट तालीमा प्रकट भयो तब मेरो शिर पुनः रेसुङ्गाभन्दा अग्लो भयो भनी बाबाले सुनाएको प्रसँगले मलाई पनि उहाँप्रति उच्च सम्मानभाव जागेर आउँछ ।

तत्कालीन परिवेशमा तम्घासमा हुने कुनै पनि कविगोष्ठी तथा सांगीतिक कार्यक्रम सरको उपस्थितिविना अपूरो नै हुने गर्दथ्यो । कुनै पनि सांगीतिक समारोहको उद्घोषण-प्रस्तोता कविसर भएको मलाई राम्रो सम्झना छ । संघसंस्थाको सहयोगार्थ खेलिने तिहारे भैलीमा सरको सुमधुर स्वर गुन्जिन्थ्यो । कुनै पनि साहित्यिक कार्यक्रममा कवि सरकै सिर्जनाले श्रेष्ठता हासिल गर्दथ्यो । आदरणीय शशि गुरुको अगुवाइमा स्थापित किरण पुस्तकालयको जीवन्ततामा कवि सरको सिर्जनशीलताले सजीवता प्रदान गरेको थियो ।

मान्छे सबै अपूर्ण नै हुँदोरहेछ । केही पनि पूर्ण हुन सक्दोरहेनछ । यत्रोविधि क्षमता, कौशल, ज्ञान, हुँदा हुँदै पनि सामान्य खानपिन र दैनिक जीवनलाई व्यवस्थित गर्न नसकेको कारण यति महान् प्रतिभालाई हामीले अल्पायुमै गुमाउनुपर्‍यो - ५० वर्षको उमेरमा महाकवि देवकोटालाई देशले गुमाए झैँ । 'प्रयासी' निवास भनिने त्यो घर कविकुञ्ज हो, अजय प्रतिभाको खानी हो ।

भिन्न-भिन्न क्षमता, विभिन्न प्रतिभा र विलक्षण बौद्धिकताले भरिपूर्ण वर्तमानका सबै सन्ततिहरू अमूल्य निधिको रूपमा यिनै महान् पितापुर्खाबाट प्राप्त विरासतरूपी उपहार हुन् ।

नेपालको साहित्यिक आकाशमा कवि भेषबहादुर कुँवर प्रयासी नौलो नाम होइन । अत्यन्तै रसिक ढंगले आफ्ना कुरा राख्न सक्ने क्षमताका धनी कवि प्रयासी गुल्मी जिल्लाकै गहना हुन् । नेपाली साहित्य आकाशका उज्ज्वल नक्षत्र हुन् । आफ्नो सुरिलो स्वरले सानादेखि ठूलासम्म सबैको मन जित्न सफल कविवर जनजनका कवि हुन् । हातमा सदा नोटबुक बोकेर भित्र मनबाट फुट्ने सहस्र सिर्जनाका ज्वारभाटाहरूलाई लिपिबद्ध गर्ने चाहनाले अन्तिम कालसम्म पनि निरन्तरता पाइरह्यो । आवरणमा कता कता विरक्तिएर भौंतारिए जस्तो देखिने कवि-हृदय चरम सिर्जनाको प्रस्फुटनका लागि उपयुक्त अवसरको खोजीमा निस्किएको हो भन्ने बुझ्न कसैलाई कठिन हुँदैनथ्यो ।

मेडम अमृतादेवी कुँवर र म नगर चुनावमा सँगै लड्यौं । केही मतले हामी पराजित भयौं । त्यो कठिन घडीमा हाम्रो हौसला उच्च बनाइराख्न सरद्वारा व्यक्त अभिव्यक्तिहरूले मलाई पनि सँगठनमा निरन्तर लाग्न प्रेरित गरिरहेको छ ।

जुन बेला कवि सर मृत्युसँग संघर्षरत हुनुहुन्थ्यो त्यो बेला नेपाली काँग्रेस गुल्मीले 'नेपाली काँग्रेस गुल्मीको आह्वान - गाउँ जाऔं गाउँमै रमाऔं ५० दिने महाअभियान' सञ्चालन गरेको थियो । नेपाली काँग्रेसको जिल्ला सदस्य रहनुभएको मेडमलाई यो अभियानमा सहभागी हुन कठिन हुन्छ कि भनेर हामीले कुरा राख्दा पदमा रहेपछि संगठनलाई प्रधान ठान्नुपर्दछ । पदीय जिम्मेवारी पूरा गर्नुपर्दछ । जनताको सेवा र पार्टीको क्रियाशीलतामा लाग्न प्रेरित गर्दा आफ्नो सेवा र स्वास्थ्य गौण भएको अभिव्यक्तिले म उहाँप्रति अत्यन्तै प्रभावित भएको छु । अस्वस्थ सरलाई निवासमा एक्लै छोडेर जिल्लाका कैयौं कार्यक्रमहरूमा हामीसँगै हिडेर पनि मेडमले संगठनमा पुऱ्याउनुभएको योगदान सम्झनलायक छ ।

यसरी जीवनपर्यन्त यस क्षेत्रमा शिक्षाको प्रचार-प्रसार र साहित्य सिर्जनामा खट्नु हुने साधक भेषबहादुर कुँवर 'प्रयासी' सरको देहान्तले जिल्लाका लागि ठूलो क्षति पुगेको छ । उहाँका अरू कृति प्रकाशनमा ल्याउने सपनाहरू अपूरै रहेका छन् । ती रचनाहरूको सङ्कलन, सम्पादन र प्रकाशन हुन सकेमा धेरै राम्रो हुनेछ । उहाँका साहित्यिक रचनाहरूले देखाएको बाटोमा लाग्ने प्रण गर्दै कवि सरद्वारा रचित कैयौं अप्रकाशित रचनाहरूलाई प्रकाशित गर्न सकेमा उहाँप्रति सच्चा सम्मान हुने ठान्दछु ।

०००

# कवि कुँवर मेरो मनपर्दो व्यक्तित्व

✍ **ध्रुवराज पन्थी**
**रेसुङ्गा न.पा.-२, तम्घास, गुल्मी**

मृदुभाषी कवि, साहित्यकार तथा असल शिक्षक भेषबहादुर कुँवरको भौतिक शरीर हामीसँग छैन । भावनात्मक सम्बन्ध जीवित छन् । आफ्नै कृतिले आफूलाई राम्रो सिंगारपटार गर्नुभएका कविमा बहुआयामिक व्यक्तित्व थियो । मीठो शैलीमा प्रस्फुटन हुने कविताले धेरैलाई मन्त्रमुग्ध पारेको देख्न सकिन्थ्यो । जतिखेर पनि कविता फुर्न सक्ने भएकोले झोलामा कलम र डायरी सँगै राखी हिड्ने उहाँको दैनिकी थियो । गुल्मी जिल्लाको तम्घास भेगलाई मूल कार्यथलो बनाई शिक्षण कार्य गर्नुभयो । कविताको साधना गर्नुभयो । हामी एकै गाउँ टोलका निवासी उहाँलाई राम्रो मान्छे मान्थ्यौं । रमाइलो गर्ने बानीले मानिसहरू खुसी हुन्थे । तत्काल कविता लेख्नै बानी थियो । साना-साना विद्यार्थीहरूसँग निकट रहेर शिक्षा प्रदान गर्नुभयो । साहित्य साधना गर्नुभयो । अरूप्रति घृणा र द्वेषभाव थिएन । बढ्ता लालचा थिएन । सामान्य परिवारमा जन्मिएर समस्यासँग संघर्ष गर्दै आइपुगेको ठाउँ थियो शिक्षण पेशा । विद्यालय र पुस्तकालयलाई जीवनको मूल अंग सम्झेर साहित्यको साधनामा लाग्नुभयो । आफ्नो परिवार र समाजसँग गहन मित्रता राख्ने कवि भेषबहादुर कुँवरमा आँट थियो, हौसला थियो ।

संसार कुनै एक व्यक्तिले भनेजस्तो हुन्न । एउटाले देखेजस्तो अर्कैले देख्दा र अनुभव गर्दा हुन्न । मानिसको मानिसलाई हेर्ने दृष्टिकोण फरक फरक हुन्छ । कसैले कस्तो देख्छ कसैले कस्तो देख्छ । सबैले फरक फरक देख्छन् । तर कवि कुँवरमा आफ्नै मौलिकता थियो । आफूले जानेर जीवनमा कसैलाई दुःख नदिएको र सबैलाई राम्रो गर्न खोजेको भन्ने कुरामा अलि बढी खुल्नुहुन्थ्यो । क्षत्री भएर पनि जीवनमा चरोसम्म नमारेको कुरालाई प्रसँग निकालेर चर्चा गर्नुहुन्थ्यो । अघि बढ्दै गएको समाजले आवश्यक कुराहरू छुटाउँदै र बिर्सदै गरेको अवस्थाप्रति जानकार र चिन्तित हुनुहुन्थ्यो । विद्यार्थीहरूमा अलस्य बढ्दै गएको छ । युवा शक्ति अन्योलमा छ । विद्यालयका कक्षाकोठाहरू ऊर्जाशील बन्न सकेका छैनन् । शैक्षिक अवस्थामा सुधार आउन सकेको छैन । नेतृत्वमा निर्णय क्षमता गिर्दो छ । शिक्षा प्रणाली नै सकारात्मक बाटोमा छैन । शिक्षाको माध्यमबाट समाजमा सकारात्मक परिवर्तन ल्याउन लागिपर्ने मानिसको अभाव छ । आफू जहाँ छ, त्यहींबाट अगाडि बढ्न प्रयत्न गर्नेको कमी छ । मानव ऊर्जावान् प्राणी हो । मानिसको शरीर छ । मन छ । शरीर र मनमा शक्ति छ । सूक्ष्म शरीरमा भाव र विचारहरू छन् । सूक्ष्म शरीरले आन्तरिक शक्ति संचालन गर्छ । प्रत्येक मानिस ब्रह्माण्डीय ऊर्जाको अंश हो । ब्रह्माण्डकै अस्तित्वको कारणले मनुष्यको अस्तित्व भएको हो । हामी अस्तित्वकै पुजारी हौं । अस्तित्वकै

लागि संघर्षमा छौं । पढ्नु, पढाउनु, अध्ययन गर्नु अस्तित्वकै कारण हो । मानिसले अरूलाई धेरै दिन सक्नुपर्छ । समय, परिस्थिति र अवस्थाअनुसार गर्न सकिने कामहरू धेरै हुन्छन् । ठिक समयमा ठिक कामको चयन गर्न सके समाजले थप योगदान प्राप्त गर्न सक्छ । उचित समयमा गरिएका राम्रा कर्मले घर-परिवार सुन्दर बन्छ । शिक्षाको स्तर राम्रो बनाउँदा समाजकै स्तर राम्रो बन्छ । सामाजिक सम्बन्ध मजबूत बन्छ । शिक्षाक्षेत्रमा खटिरहेको साधकले खुट्ट्याउनुपर्छ कि 'शिक्षण ऊर्जा त्यस्तो शक्ति हो जसलाई भट्टीमा रोपे कुलत फल्छ, ओछ्यानमा रोपे आलस्य फल्छ, आलस्यबाट अकर्मण्यता मौलाउँछ ।' आत्मबल फलाउन हृदयमा रोप्नुपर्छ । दुःखमा रोपे दुःख फल्छ । सुखमा रोपे सुख फल्छ । जे रोप्छौं त्यही पाउँछौं । मनुष्यका कर्महरू निरन्तर जारी छन् । शिक्षण पेशाको विषयमा भावुक बन्दै कवि कुँवरले भन्नुभयो, समाजमा सकारात्मक विचारको सही प्रवाह हुन सकेको भए सफल शिक्षक भएर देशलाई शैक्षिक राजमार्ग देखाउने अभिलाषा थियो । ऊर्जा मसँगै थियो तर समयमा अनुभव गर्न सकिएन, ऊर्जाले कक्षा कोठा उत्साही बनाउन सक्थे । ऊर्जा उठाउन सकेको भए शिक्षा र साहित्यका चौतारीहरू मुस्कुराउँथे । विद्यालय, वाचनालय र पुस्तकालयहरू जीवन्त हुन पुग्थे ।

शिक्षक एक विचार हो । विचारवान् व्यक्ति हो । विचार माथि उठ्नुपर्छ । विचाररहित व्यक्तिले पतनको बाटो समाउँछ । व्यक्तिको सफलताको लागि विचार जिउँदो पाटो हो । जीवनलाई जिउन नजानेर, जीवनरूपी ऊर्जाको पहिचान र जागरण गर्न नसकेको कारण हामी कमजोर देखिएका हौं । नचाहिने कुरामा बढी समय खर्च भयो । खर्च भएको समयको प्रयोग ठीक समयमा गर्नुपर्ने भन्ने मेरो चाहनाले सार्थकता पाउन सकेन । विचारलाई मानिसको सबैभन्दा ठूलो सम्पत्ति र शक्ति मानिन्छ । विचारमा अपरिमित बल र ऊर्जा हुन्छ । विचारले शौर्य र स्वाभिमानको जागरण गराउँछ । विचारले व्यक्तिको आचरणलाई उच्च पार्छ । विचारशीलता नै मनुष्यता हो । मधुर र प्रभावशाली वाणीको मूल स्रोत हो विचार । कुण्ठा, अहंकार अपवित्र विचारको उपज हो । वैचारिक दरिद्रताकै कारण राष्ट्रले अवनति भोग्नुपरेको छ । अतीतलाई भुल्नु हुँदैन, अतीतको बोधले गल्तीबाट बचाउन मद्दत गर्छ । अतीतको स्मृतिले अहंकारबाट बचाउँछ । अतीतकै विस्मृतिले जन्मदाता माता-पितालाई पनि भुल्ने गरेको यथार्थ हामीसँग छ । बाल्यावस्थाको आमाको कोख र बाबुको संरक्षणको सम्झना गर्नेहरू कदापि कृतज्ञ बन्न सक्दैनन् । आसमानको उचाइमा हुँदा पनि अतीतलाई सम्झनेहरू जमिनमै रहेको महसुस गर्छन् । जीवन आफूले बनाउने हो, आफैले फलाउने र फुलाउने हो । सके अरूलाई भलो गर्ने, नसके कुभलो पनि नगर्ने भन्ने कविको भावना थियो । रसिलो वातावरण बनाएर तत्काल खुसी छर्न सक्ने क्षमताका धनी कविको स्मृतिलेखन गर्नुपर्ने बेला भएको थिएन 'मलाई रिक्तता महसुस भएको

छ' । कुन बेला ठीक हो कुन बेला बेठीक हो भन्ने कुरा हाम्रो हातमा रहेन । कृतिहरू प्रकाशित छन् । ज्ञानगुनका कुराहरूले कृतिहरू स्मरणीय रहनेछन् । उहाँको बाईस तरङ्गले साच्चिकै तरंगित बनाउँछ । यसले उहाँको विचार, भावना, बौद्धिकता र शैक्षिक तहलाई दर्शाउँछ । प्रकाशित कृतिहरू नयाँ पुस्ताका लागि राम्रा योगदान हुन् । समय सान्दर्भिक कुराहरू भएको बाईस तरंग ग्रहणीय छ ।

अहिले उहाँको भौतिक शरीर हामीसँग नभए पनि उँहाका मन, विचार हामीसँग छन् । उहाँका कृतिहरू छन् । वर्षौं साधना गरेका साहित्य छन् । उहाँलाई मन पार्ने मानिसहरू छन्, विद्यार्थीहरू छन्, उँहाको साधनाको मूल्य बुझ्ेका मानिसहरू छन् । समाजसेवाको काम र स्वभावको उच्च मूल्याङ्कन हुनेछ । मसँगको सामीप्यता, प्रियता र विश्वसनीयता अतुलनीय थियो र रहिरहनेछ ।

०००


**'हाम्रो पुरुषार्थ'का सहायक सम्पादक कवि भेषबहादुर कुँवरको पुण्य स्मृतिमा किरण पुस्तकालयले आफ्नै त्रैमासिक प्रकाशन 'हाम्रो पुरुषार्थ' को ८६ औं अङ्क 'कवि प्रयासी स्मृति-अङ्क'को रूपमा प्रकाशमा ल्याउन लागेकोमा यसको सफलताको कामना गर्दै दिवंगत कवि प्रयासीप्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।**

**सिर्जनशील सामुदायिक विकास केन्द्र**

**तम्घास, गुल्मी**

**किरण पुस्तकालय, गुल्मीले 'हाम्रो पुरुषार्थ'का सहायक सम्पादक भेषबहादुर कुँवर प्रयासीको सम्झनामा 'हाम्रो पुरुषार्थ'को ८६ औं अङ्क 'कवि प्रयासी स्मृति-अङ्क' भनी प्रकाशन गर्न लागेकोमा खुशी व्यक्त गर्दै दिवंगत कविप्रति हार्दिक श्रद्धाञ्जलि समर्पण गर्दछौं ।**

**न्यू शैलजा कमर्सियल सेन्टर**

**तम्घास, गुल्मी**

# कवि भेषबहादुर कुँवर 'प्रयासी' प्रति हार्दिक श्रद्धासुमन

✍ **ज्ञानबहादुर कार्की**
**पूर्व प्राचार्य**
**महेन्द्र नमूना माध्यमिक विद्यालय, तम्घास, गुल्मी**

गुल्मी तम्घासको धागिथुममा जन्मनुभएका कवि भेषबहादुर कुँवर प्रयासी बहु प्रतिभाशाली व्यक्ति हुनुहुन्थ्यो । नेपाली साहित्य लेखनमा रुचि राख्ने उहाँमा विशेष रुचि कविता लेखनमा थियो । उहाँले थुप्रै गीत र फुटकर कविताहरू लेखेर नेपाली साहित्यमा ठूलो योगदान पुऱ्याउनुभएको छ । उहाँमा गीत गायनमा र कविता वाचनमा पनि विशिष्ट कला थियो । मधुर स्वरका धनी एवं गीतकार भेषबहादुर सरले गीत गाउँदा र कविता वाचन गर्दा सबैलाई मन्त्रमुग्ध बनाउनुहुन्थ्यो ।

भेषबहादुर सर अत्यन्तै सरल स्वभावका, मृदुभाषी र साथी-भाइहरूका पनि अत्यन्तै हितैषी हुनुहुन्थ्यो । उहाँ आफ्नो जीवनभर शिक्षक पेशामा समर्पित रहनुभयो । आफ्नो पेशाबाट सधै रमाउने र खुशी रहने विरलै व्यक्तिहरूमा उहाँ हुनुहुन्थ्यो । उहाँको जीवनको लामो समयको कर्मथलो गुल्मीको सदरमुकाम तम्घासको चिदीचौरमा रहेको श्री महेन्द्र माध्यमिक विद्यालयलाई आफ्नो सबभन्दा प्रिय मन्दिर ठान्नुहुन्थ्यो । तम्घासको किरण पुस्तकालयलाई पनि औधि माया गर्नुहुन्थ्यो । उहाँले त्यस पुस्तकालयका विषयमा पनि ऐतिहासिक कुराकानी गर्नुहुन्थ्यो । उहाँ त्यस पुस्तकालयबाट प्रकाशित साहित्यिक पत्रिका 'हाम्रो पुरुषार्थ' को सहायक सम्पादकमा रहेर लामो समयसम्म सेवा दिनुभएको थियो ।

भेषबहादुर सरले विद्यार्थीहरूलाई आफ्नै मुटुसरी माया गरी तिनीहरूकै सफलतामा आफूलाई खुशी राख्ने र गर्व गर्ने आदर्श स्वभाव थियो । विद्यार्थीहरूमा पनि उहाँप्रति अत्यन्तै श्रद्धाभाव रहन्थ्यो । विद्यार्थीहरूका माझमा उहाँ सधै प्रिय कवि सरको रूपमा लोकप्रिय हुनुहुन्थ्यो । कक्षा कोठामा पनि उहाँको शिक्षण कला सरल, रसपूर्ण, मौलिक र कलात्मक थियो । पाठ पढाउँदा पनि सुन्दर लयमा गीत सुनाएर, कविता सुनाएर, कथा कुथुङ्ग्री र चुट्किलाहरू सुनाउने गरेर हरेक पाठलाई सुरुचिपूर्ण बनाउनुहुन्थ्यो । आफ्नो मिठासपूर्ण प्रस्तुतिबाट सबै विद्यार्थीहरूलाई मुग्ध बनाउने क्षमता राख्नुहुन्थ्यो । उहाँका बान्किला अक्षरले हरेक विद्यार्थीलाई आफ्नो कापीमा पनि राम्रा अक्षर बनाउन प्रेरित गरिरहेका हुन्थे । यसरी उहाँमा विद्यार्थीहरूलाई सिकाइमा अब्बल हुन प्रेरित गर्ने अद्‌भुत र प्रेरणादायी कला थियो । आफ्नो कर्तव्यमा सच्चा इमान राखी उच्च निष्ठामा सधै अडिग रहने श्रद्धेय गुरु भेषबहादुर कुँवर प्रयासी यस भौतिक लोकबाट सदाको लागि हामीबाट बिदा भइसक्नु भएको छ ।

उहाँको आदर्श जीवन, त्यागपूर्ण सेवाका अमूल्य योगदानहरू प्रियजनका लागि सदा स्मरणीय र प्रेरणादायी रहनेछन् । यस अकल्पनीय दुःखद र विषम घडीमा उहाँका शोक सन्तप्त परिवारजन, नातेदार र मित्रजनमा गहिरो समवेदना प्रकट गर्दछु । दिवंगत आत्माको अमरता र चिरशान्तिको हार्दिक कामनासहित भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु ।

भेषबहादुर सरसँग म सानो उमेरमा छँदा, सानो कक्षामा पढ्दा केही समय पढ्ने र सिक्ने अवसर पाएको दिन पनि स्मरणमा अटल रहेको छ । त्यस समयमा उहाँले मलाई साथीभाइहरूको साथमा टालाटुलीको भकुण्डो खेलाएको, कक्षामा पढाउँदा कथा, कुथुङ्ग्री र चुट्किलाहरू सुनाउने गरेका रोचक संझनाहरू आजसम्म पनि ताजै छन् । मेरो घर तत्कालीन इस्मा घमिरको पाल्दुङ्गा भन्ने ठाउँमा भएकाले त्यस समयमा घमिर गाउँको ठाँटीमा हाम्रै पुर्खाले स्थापना गरेको श्री भैरवकाली प्राथमिक स्कूलमा मैले कक्षा ३ मा पढ्दै थिएँ । तत्कालीन हेड मास्टर भीमबहादुर खड्काले स्कूल छाड्नु भएपछि २०२३ सालमा नयाँ हेड मास्टरमा तम्घासबाट भेषबहादुर सर जानु हुँदा हामी सबै खुशी भएका थियौं । उहाँ त्यहाँ धेरै समय बस्नु भएन । करिब डेढ वर्ष जति पढाउनुभयो होला उहाँले । उहाँले त्यहाँ धेरै वर्ष नपढाए पनि त्यहाँको गाउँ समाजमा राम्ररी भिज्नुभएको थियो । स्कूल बिदाको समयमा पनि तम्घास घर नगएर त्यहाँको गाउँ समाजमा सम्बन्ध विस्तार गर्ने र त्यहाँका वनपाखाहरू घुमी-घुमी गीत, कविताहरू लेख्ने गर्नुहुन्थ्यो । त्यसैले उहाँलाई त्यहाँको गाउँ समाजका पाका मानिसहरूले सम्झिरहन्छन् । घमिरको स्कूलबाट बिदाइ हुने समयमा पनि त्यहाँको गाउँ, समाज र प्राकृतिक सुन्दरताको विषयमा लेख्नु भएका गीत र कविताहरू बडो मार्मिक ढंङ्गले प्रस्तुत गर्नुभएको थियो । उक्त प्रस्तुतिले त्यहाँका सबैलाई मुग्ध र भावविह्वल बनाएको विषय पनि सम्झनामा ताजै छन् ।

घमिरबाट उहाँ बिदा भएर गएपछि धेरै वर्षसम्म हाम्रो भेट हुने अनुकूल परेको थिएन । मैले प्रवेशिका उत्तीर्ण गरेपछि त्रिभुवन कलेज तानसेनमा आई.ए. मा पढ्न थालेको थिएँ । कलेज बिदाको समयमा २०२९ सालको पौषमा म नागरिकता बनाउन तम्घासमा आएको थिएँ । त्यस समयमा चिदीचौरमा उहाँसँग अचानक भेट भयो । उहाँले पनि मलाई राम्ररी चिन्नुभयो र परैबाट ज्ञानु भनेर बोलाउनुभयो । घमिरमा छदा मेरा पिताजीसँग पनि उहाँको राम्रो बसउठ थियो । मेरो घरमा पनि उहाँ जानुहुन्थ्यो । त्यसैले भेट हुँदा उहाँसँग एकछिन भलाकुसारी भएपछि सँगै सुन्तला खाएर बिदा भएका थियौं । त्यसपछिका दिनमा तम्घासमा आउँदा जाँदा कहिले काहीं भेट हुने र संक्षिप्त कुराकानीपछि बिदावारी हुने क्रम पनि केही वर्षसम्म चलेको थियो ।

भेषबहादुर सरसँग बुटवल क्याम्पसको प्राङ्गणमा २०३३ सालको श्रावणमा अप्रत्याशित भेट भयो । ज्ञानु तिमी पनि यहीं छौ ? भनेर आश्चर्य मानेर बोलाउनुभयो । म शिक्षक हुने इच्छाले शिक्षा शाखा अध्ययन संस्थान बुटवल

क्याम्पसमा २०३२ सालको श्रावण १७ देखि २ बर्षे आई.एड्. कृषि विषय लिएर पढ्दै थिएँ । त्यस क्याम्पसमा २०३२ सालदेखि २ वर्षे आई.एड.को पढाइ सुरू भएकाले त्यस वर्षबाट आई.एड्. गर्नेहरूमा गुल्मीबाट पनि सेवाकालीन शिक्षक साथीहरू केही जना हुनुहुन्थ्यो । त्यस वर्षमा उहाँसमेतका केही शिक्षकहरू एक वर्षे सेवाकालीन शिक्षक तालिममा बुटवल क्याम्पसमा आउनुभएको रहेछ । त्यस क्याम्पसमा २ वर्षे आई.एड्. मा पढ्ने सेवाकालीन र पूर्वसेवाकालीनमा धेरै जना विद्यार्थी थियौं । गुल्मीबाट पूर्व सेवाकालीनमा म र हरि पथिक मात्र थियौं । सेवाकालीनमा चन्द्रबहादुर राना सिमीचौरका, रघुनाथ कुँवर पुर्कोटका, काशीराम जैसी रूपाकोटका र कृष्ण ज्ञवाली दौघाका साथीहरू हुनुहुन्थ्यो । गुल्मीबाट २०३३ सालमा पनि एक वर्षे र दुई वर्षे सेवाकालीन शिक्षक तालिममा धेरै जना साथीहरू आउनुभएको थियो । त्यस दिन एक वर्षे शिक्षक तालिममा आउनुभएका उहाँसमेतका केही साथीहरूसँग भेटघाट र परिचय भयो । गुल्मीबाट आएका म र चन्द्रबहादुर राना डेरामा सँगै बस्ने दुई जना मात्र साथी थियौं । हामी बस्ने डेरा बुटवल पुरानो बजारको ढुङ्गेधारामा थियो । क्याम्पसबाट फर्किदा उहाँलाई पनि साथमा लिएर डेरामा आयौं । सँगै बस्ने गर्‍यौं । सँगसगै क्याम्पस जान थाल्यौं । पछि उहांसँगै आउनुभएका मुसिकोटका रेशम थापा र वीरवासका कृष्ण खनालले पनि हामीसँगै बस्न चाहनु भएकाले त्यसै टोलमा अलि फराकिलो ठाउँ खोजेर एकै ठाउँमा बडो सुन्दर ढङ्गले एउटै चुलोको खाना खएर बस्ने गरेका थियौं । बुटवल क्याम्पसमा पढुन्जेल त्यसै ठाउँमा बडो खुसी र रमाइलोमा एक वर्षभरका दिनहरू बिताएका थियौं । पछि साथीहरू भेट हुँदा बुटवल क्याम्पसमा पढ्ने समयका सम्झनाहरू आइरहन्थे ।

भेषबहादुर सर बुटवल क्याम्पसमा पढ्दा शिक्षकहरूप्रति प्यारो हुनुहुन्थ्यो । त्यस समयमा क्याम्पसप्रमुखमा नेपाली विषयका चोलेश्वर शर्मा हुनुहुन्थ्यो । उहाँ पनि साहित्य लेखनमा रुचि राख्ने व्यक्ति भएकाले उहाँहरूका बीचमा गाढा सम्बन्ध थियो । उहाँले त्यस समयमा कविता लेखनमा रुचि बढाउनुभएको थियो । क्याम्पसमा बिदा परेका दिनहरूमा प्रायः एउटा डायरी समाएर गुनगुनाउँदै एक्लै तिनाऊ खोलाको किनारै किनार चिडिया खोलासम्म पुग्नुहुन्थ्यो । कहिले खोला किनारका चिटिक्क परेका अग्ला ढुङ्गामा बसेर गुनगुनाउँदै लेख्न थाल्नुहुन्थ्यो । कहिले कान्छी बजारको माथिपट्टि वसन्तपुरको डाँडोसम्म पुगेर लेख्नमा मग्न हुनुहुन्थ्यो । कैयौं पटक मलाई पनि साथ लग्नुभएको थियो । उहाँले गुँन्गुनाउँदै, लेख्दै, सुनाउँदै गरेको मलाई पनि निकै चाख लाग्थ्यो । समय मिलेसम्म म पनि साथै जाने गर्दथें ।

क्याम्पस बिदा भएपछि बेलुकापख उहाँको घुम्ने बानी थियो । साँझमा सधै जसो ढिलो गरी डेरामा आउने गर्नुहुन्थ्यो । कहिलेकाहीं मलाई पनि साथ लग्ने गर्नुहुन्थ्यो । खस्यौली बजारमा एक जना भार्सेल्नी माइली भन्ने पाको उमेरकी

दिदीको होटल थियो । दिउँसो लेखेका गीत कविता सुन्ने ठाउँ थियो । दिदीले खुब चाख मानेर सुन्ने र हौसला दिने गर्थिन् । कहिलेकाहीं त्यहाँ अलि ढिलोसम्म पनि बिताउने गर्नुहुन्थ्यो । हामी डेरा बसेको घरबेटी पनि मिजासिली र सहयोगी थिइन् । हामी पनि सबै जना सहयोगी र अत्यन्तै हितैषी थियौं । कहिलेकाहीं हामी डेरामा पनि साथीहरू मिलेर रमाइलो गर्ने गर्दथ्यौं । हामी साथीहरू बीचको घनिष्ठता र मित्रताले उहाँको लेखन कार्यमा पनि हौसला थपेको थियो ।

बुटवल क्याम्पसको पढाइ हामी सबैको एउटै समयमा सकिएकाले हामी सबै जना बुटवलबाट बिदा भएर आ-आफ्ना गन्तव्यमा लाग्यौं । म र हरि पथिक पुनः सेवाकालीन विद्यार्थी भएकाले हामीले गुल्मी जिल्लाको तत्कालीन शिक्षा आयोगको परीक्षा उत्तीर्ण गरेर २०३४ सालको आषाढमा नि.मा.वि. स्तरको शिक्षक पदमा नियुक्ति लिएर हरि पथिक जनता नि.मा.वि. शृङ्गा र म महेन्द्र मा.वि. तम्घासमा हाजिर भयौं । भेषबहादुर सर त्यसै विद्यालयबाट सेवाकालीनमा जानु भएकोले हाजिर भई काममा लागिसक्नुभएको थियो । चन्द्रबहादुर रानाको पढ्न पठाउने विद्यालय अर्को भए पनि उहाँ पनि त्यसै विद्यालयमा हाजिर भैसक्नुभएको थियो । संयोगले म पनि नयाँ नियुक्ति पाई त्यसै विद्यालयबाट औपचारिक रूपमा शिक्षण सेवाको आरम्भ गर्ने अवसर पाएको थिएँ । यसरी हामी फरक-फरक ठाउँका भए पनि एउटै क्याम्पसमा पढेका, एउटै डेरामा बसेका तीनै जनालाई एउटै तहमा सँगसगै पढाउने अवसर त्यस विद्यालयमा मिलेको एउटा सुन्दर क्षण स्मरणीय छ ।

केही समयपछि मलाई आफ्नै गाउँमा रहेको श्री देवीस्थान नि.मा.वि. घमिरको प्रधानाध्यापकको जिम्मेवारीमा जिल्ला शिक्षा कार्यालय गुल्मीबाट खटाएको हुँदा त्यहीं जानुपर्ने भएकोले हाजिर हुन् गएँ । तम्घासमा बसुन्जेलका दिनहरू बडो आनन्दसँग बितेका थिए । भेषबहादुर सरको साथमा तम्घासमा उपल्लो तम्घास, खानीगाउँ र आसपासका धेरै ठाउँहरू घुम्ने गरेका थियौं । एक पटक भाडगाउँसम्म पनि गएको सम्झना छ । उहाँको परिवारबाट पनि सधै स्नेहभाव रहेकाले उहाँको घरमा पनि म गइरहन्थें । तम्घासमा बस्दा अन्य साथीहरूसँग पनि घनिष्ठता बढ्दै गयो । त्यसै समयमा शिक्षक भेषराज पन्थजीसँग मितेरी सम्बन्ध बनाउने अवसर पनि जुटेको थियो ।

घमिरमा गएपछि मैले सेवाकालीनमा बी.एड्. पूरा गर्ने अवसर पाएँ । २०३९ को आश्विनदेखि अर्जै मा.वि. अर्जैको प्रधानाध्यापक पदमा नियुक्ति पाएपछि तम्घासमा आउनेजाने क्रम बाक्लै हुन थाल्यो । तम्घास आएको समयमा कहिलेकाहीं भेषबहादुर सरसँग भेट हुँदा केही दिन बसेर दुःख-सुखका कुराकानी गर्ने गर्थ्यौं । यस्तो क्रम धेरै वर्षसम्म चल्दै गरेका थिए । २०५४ सालको आश्विनमा अकस्मात मलाई महेन्द्र हाई स्कूल तम्घासमा सरूवा भएर आउनु पर्ने विषयका

कुराकानीहरू हुन थालेका थिए । मलाई यस विषयले अनौठो महसुस पनि भएको थियो । त्यति पत्यार लाग्ने खालको कुराकानी थिएन । त्यस विद्यालयमा प्रधानाध्यापक पदमा मेरा आदरणीय सर पद्मप्रसाद पन्थी नै कार्यरत हुनुहुन्थ्यो । मेरा मनको कुतुहलता शान्त पार्ने इच्छाले आत्मीय सर भेषबहादुर कुँवरसँग भेटेर त्यस विषयका सबै कुरा खोलेर गरें । उहाँले पदम सरसँग नै भेटेर त्यस विषयमा परामर्श लिन सल्लाह दिनुभयो । त्यस समयमा दशैँ निकट आइसकेकाले समय मिलेन, कार्तिक महिनाको अन्तिमतिर समय लिएर तम्घासमा पदम सरलाई भेट गरें । उहाँसँग त्यस विषयमा भएका कुराकानीमा अत्यन्त सकारात्मक सुझावहरू दिनुभयो । त्यसपछि मोती सरसँग कुराकानी भए । उहाँबाट पनि त्यस विषयमा राम्रो सल्लाह पाएँ । तर पनि मलाई निर्णयमा पुग्न कठिनाइ भएकोले मंसिर महिनामा पुनः भेषबहादुरसँग भेट भएर कुराकानी गरेपछि निर्णयमा पुग्न हौसला थपिएको थियो ।

२०५४ सालको पौषमा म देवीस्थान मा.वि. घमिरको प्रधानाध्यापक पदबाट महेन्द्र माध्यमिक विद्यालय तम्घासको प्रधानाध्यापक पदमा सरूवा पदस्थापना भई हाजिर हुन आएँ । म त्यस विद्यालयबाट बाहिरिएको २० वर्षपछि पुनः प्रवेश पाएको अवस्था पनि थियो । मै उक्त विद्यालयमा हाजिर हुँदा त्यहाँका शिक्षक साथीहरूसँगको पुनर्मिलन पनि रमाइलो नै भयो । मलाई त्यहाँका आत्मीय सबै शिक्षक साथीहरूले भरपुर सहयोग र सद्भाव दिनुभयो । पद्म सर अवकाश लिएर निरन्तर सहयोग पुऱ्याउनुभयो । भेषबहादुर सर र मोती सरको सद्भाव विशेष स्मरणीय छ । साथीहरूकै सहयोगमा विद्यालयको स्तरोन्नति गरी विज्ञान विषयमा उच्च माध्यमिक कक्षाहरू संचालन गर्ने, विज्ञान भवन निर्माण गर्ने, साइन्स ल्याव, फर्निचर एवं शौचालय निर्माण गर्नेलगायत स्तरीय भौतिक व्यवस्थापन गर्ने कार्यमा सहज भएको थियो । त्यसै गरी अङ्ग्रेजी माध्यममा प्राथमिक तहदेखि नै पठन-पाठन संचालन गर्ने जस्ता शैक्षिक सुधारहरूका कार्यहरू पनि गरिएका थिए । हरेक विषय र विधामा राम्रो दख्खल राख्ने प्रतिभाशाली र व्यवहारकुशल उहाँका माहिला छोरा विजयजङ्ग कुँवर पनि उहाँकै प्रेरणाबाट शिक्षण सेवामा होमिएकाले उहाँसमेतका युवा साथीहरूबाट विद्यालयका शैक्षिकलगायत हरेक गतिविधिमा विद्यार्थीहरू र विद्यालयको उच्च सम्मान बढाउन सफलता मिलेको विषय पनि स्मरणीय छ ।

यसरी त्यस विद्यालय र विद्यार्थीहरूको सर्वोत्तम हितका कार्य गर्न निरन्तर प्रेरित गर्नु हुने, सबैलाई समदृष्टिमा राखेर प्रिय व्यवहार गर्न सिकाउने तथा मेरो जीवनका विभिन्न मोडहरूमा सधै भरोसा, प्रेरणा र असीम माया दिने श्रद्धेय गुरु एवं असल मित्र भेषबहादुर कुँवर 'प्रयासी' प्रति स्मरणसहित हार्दिक श्रद्धासुमन ।

ooo

# भेषबहादुर कुँवर सरको सम्झनामा

✍ **राजेन्द्रप्रसाद श्रेष्ठ**
**रेसुङ्गा नगरपालिका-१, तम्घास**

२०७६ चैत्र ७ गते बिहान शिक्षाविद् तथा हाम्रो पुरुषार्थ पत्रिकाका सम्पादक आदरणीय गुरु शशि पन्थी सरको फोनबाट 'हाम्रो पुरुषार्थ' को आगामी अङ्क भेषबहादुर कुँवरको स्मृति अङ्कका रूपमा प्रकाशित हुने भएकाले तिम्रो केही सम्झना भए उपलब्ध गराइदिनू भन्ने सूचनाका आधारमा यो सानो संस्मरण लेख्ने जमर्को गरेको छु ।

भेषबहादुर सरलाई मैले औपचारिक रूपमा सम्झन सक्ने अवस्थामा चिनेको कक्षा ३ मा अध्ययन गर्ने समयदेखि हो । कक्षा ३ सम्म अध्ययन गर्दा पुराना स्मृतिहरू धुमिल भैसके तापनि ३ कक्षा अध्ययनका क्रममा स्व. भेषबहादुर सरसँग म, बहिनीहरू र सुवर्ण तथा उनका बहिनीहरू ट्यूशन पढ्थ्यौं । ट्यूशन पढ्ने क्रममा भेषबहादुर सरले हामीलाई अध्यापन सँगसँगै नेपाली तथा अंग्रेजी अक्षरहरू सुन्दर तरिकाले लेख्न सिकाउनुभएको हो । त्यतिबेला पनि अंग्रेजी अल्फावेटहरूलाई ४ लाइनमा (४ रूले) कपीमा प्रयोग गरी राम्रो अक्षर बनाउनमा भेषबहादुर कुँवर सरको ठूलो मिहिनेत रहेको छ । त्यति बेलाको चन्चले बालापनमा हामीलाई अध्ययन गर्न उत्प्रेरित गर्ने सिलसिलामा विभिन्न कथा, कविताहरू सुनाउनुहुन्थ्यो । उहाँले हामीलाई अत्यन्तै माया गर्नुहुन्थ्यो । कक्षा ५ सम्म रेसुङ्गा प्रा.वि । (हालको रेसुङ्गा मा.वि.) उधिनढुङ्गामा अध्ययन गर्दासम्म हामीहरूले भेषबहादुर सरसँग ट्यूशन पढ्ने काम गर्थ्यौं र सबै विषयहरूमा उहाँले हामीलाई अत्यन्तै सरल र बुझ्ने गरी पढाउनुहुन्थ्यो । उहाँबाटै हामीले आफ्नो अध्ययन क्षमतालाई विकास गर्ने मैका पायौं । साथै अध्ययनका क्रममा नेपाली तथ अंग्रेजी लेखाइलाई आकर्षक बनाउने तथा छिटो लेख्ने कला पनि भेषबहादुर सरबाटै सिक्ने अवसर मिलेको थियो ।

रेसुङ्गा प्रा.वि.बाट हामी तत्कालीन महेन्द्र हाई स्कूल (हालको महेन्द्र नमूना मा.वि.) मा कक्षा ६ मा अध्ययन गर्न स्थानान्तरण भएपछि भेषबहादुर सरबाट औपचारिक शिक्षा आर्जन गर्ने अवसरबाट हामी वञ्चित भयौं । SLC परीक्षा उत्तीर्ण गरेपछि उच्च शिक्षा अध्ययनका क्रममा पाल्पा तथा काठमाडौं गएको अवस्थामा विभिन्न बिदाहरूमा तम्घास आउँदा आदरणीय गुरुसँग भेटघाट भैरहन्थ्यो । उहाँहरूको परिवारका साथमा हाम्रो परिवारको अत्यन्तै राम्रो सम्बन्ध रहेको छ । भेषबहादुर सरको सेवा निवृत्तिपछि पनि हाम्रो सम्बन्ध रहिरहन्थ्यो र सदैव मन्द मुस्कानका साथ आत्मीयता प्रकट गर्नुहुन्थ्यो । सरलाई मधुमेह (डायबिटिज) रोग लागेको छ भन्ने हामीलाई जानकारी भए तापनि उहाँ कहिल्यै पनि रोग लागेको छ भनेर

चिन्तित भएको हामीले कहिल्यै पाएनौं, उहाँ बिहान बिहान मर्निङ्ग वाक गर्ने र रेडियो रेसुङ्गाबाट सञ्चालन हुने साहित्यिक कार्यक्रममा सक्रियतापूर्वक कविता, गजल वाचन गर्नुहुन्थ्यो । पछि यही रोगले नै गुरुको काठमाडौंमा स्वर्गारोहण भएको हामीले जानकारी पाएका थियौं ।

हामीहरू (म, बहिनीहरू र भाइ) को प्राथमिक विद्यालयको प्रारम्भिक शिक्षाको जग बनाउनमा आदरणीय भेषबहादुर सरको ठूलो योगदान रहेको छ । उहाँको स्नेह, मिहिनेत र मार्ग दर्शनबाट नै हामी आजको अवस्थासम्म आइपुगेका हौं भन्नमा हामीलाई गौरव लाग्दछ । उहाँको नश्वर शरीर हामीमाझ नरहे तापनि उहाँले हामीलाई प्रदान गर्नुभएको अभिभाकत्वप्रति हामी नतमस्तक रहेका छौं । उहाँले हामीलाई गुरुको रूपमा, साथीको रूपमा हाम्रा पाइलाहरूलाई अगाडि डोस्याउने कार्य गर्नुभयो । त्यसको हामी जीवनभर ऋणी भएका छौं । अन्त्यमा गुल्मी जिल्लाको साहित्यिक पत्रिकाको मियो 'हाम्रो पुरुषार्थ' ले स्वर्गीय भेषबहादुर सरको स्मृतिमा स्मारिका प्रकाशन गर्न लागेकोमा सफलताको लागि शुभेच्छा अर्पण गर्दै स्वर्गीय आत्माको चिर शान्तिका लागि कामना गर्छु । उहाँले देखाउनुभएको बाटोमा हामी तथा हाम्रा सन्ततिलाई अघि बढ्ने प्रेरणा मिलोस् भन्ने शुभेच्छा राख्दै हार्दिक श्रद्वासुमन अर्पण गर्दछु ।

ooo


महेन्द्र नमूना माध्यमिक विद्यालयका पूर्व शिक्षक स्व. भेषबहादुर कुँवर 'प्रयासी'को स्मृतिमा 'हाम्रो पुरुषार्थ'ले 'कवि प्रयासी स्मृति अङ्क' प्रकाशनमा ल्याउन लागेकोमा त्यसको प्रशंसा गर्दै कवि प्रयासीप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

**महेन्द्र पूर्व विद्यार्थी मञ्च परिवार**

**तम्घास, गुल्मी**

# गर्व छ मलाई हजुरको सन्तान हुनुमा

✍ **डा. ईश्वरीजंग कुँवर**
**रे.न.पा.-२, तम्घास**
**हाल : अमेरिका**

हुन त आफ्ना आमाबुबाप्रति गर्व नगर्ने मानिस कमै होलान्, तर पनि 'भेषबहादुर सर'को छोरो हुनुमा मलाई विशेष गर्वको महसुस हुन्छ, आफैलाई अत्यन्तै भाग्यशाली सम्झिन्छु । जीवनमा कैयौं पटक 'ए तिमी भेषबहादुर सरको छोरा हौ?' भन्ने जिज्ञासु प्रश्नहरूमा प्रकट बुबाप्रतिको आदरभावले मेरो छाती ढक्क फुलेको छ । त्योभन्दा बढी गर्वको अनुभूति मलाई जीवनमा सायदै भए होला । बाल्यकालमा अनुभूत ती क्षणहरूले मप्रति समाजको अपेक्षा दर्शाइरहेका हुन्थे, मलाई 'भेषबहादुर सरको छोरा' बन्न अभिप्रेरित गरिरहेका हुन्थे । आजको 'म' हुनुमा ती अनुभूतिहरूको ठूलो देन छ ।

**बुबाभित्रको शिक्षक**

बुबाले प्रत्यक्ष रूपमा हामी भाइबहिनीहरू र अन्य धेरैको लागि बलियो शिक्षाको जग हालिदिने काम त गर्नुभयो नै । उहाँले अप्रत्यक्ष रूपमा दिनुभएको शिक्षा र सिकाउनुभएको संस्कारबाट मेरो जीवन अझ बढी निर्देशित छ । आमाबुबाको जेठो छोरा म, बुबाको सधै 'बाबु' रहें, तर पनि 'बाबू' तँ ज्ञानी हुनुपर्छ', 'यस्तो हुनुपर्छ', 'उस्तो गर्नु हुँदैन' जस्ता कुरा बुबाको मुखबाट कहिल्यै सुनिन । बुबाभित्रको 'शिक्षक' अद्‌भुत थियो, साँच्चै अचम्मको थियो । कहिले कथाको पात्र बनेर संस्कार सिकाउँथ्यो, नैतिक शिक्षा दिन्थ्यो, मानवताको पाठ पढाउँथ्यो त कहिले मीठो गीत, कविता बनेर आमाको मूल्य सम्झाउँथ्यो, भाइ बहिनीहरूलाई माया र ख्याल गर्न सिकाउँथ्यो । 'चुक्लीका दाँत फुक्ली' मलाई मात्र होइन, वरिपरिका अरू थुप्रैलाई पनि कण्ठ थियो र त बुबाका अगाडि कसैले चुक्ली लगाउने आँट गर्दैनथ्यो । बुबा अलि कडा मिजासको हुनुहुन्थ्यो । बाल्यकालमा बुबाको काँधेकुरी चढेको सुखद अनुभव मात्र होइन, बाटोमा ठेस लागी लड्दा प्याँ गर्दै उठ्नलाई बुबाको सहारा खोज्ने मैले उल्टो झापड पनि भेटेको छु । त्यसपछि पनि जीवनमा धेरैपटक लडेको छु, तर आफै उठेको पनि छु ।

बुबाका 'ह्याण्डराइटिङ' सारै राम्रा थिए । उहाँकै नक्कल गरीगरी म पनि राम्रा ह्याण्डराइटिङ लेख्नेमा गनिने भएँ । बुबा एउटा कहलिएको कवि भएर पनि हामीलाई प्रत्यक्ष रूपमा गीत, कविता लेख्न कहिल्यै सिकाउनुभएन । तर जब नयाँ गीत वा कविता रचना गर्नुहुन्थ्यो, राम्रा ह्याण्डराइटिङ गराएर डायरीमा सार्न लगाउनुहुन्थ्यो । एक पन्थ दो काज । सायद बुबाको लक्ष्य त्यही थियो । हाम्रो ह्याण्डराइटिङ पनि सुधार्ने र साहित्यिक चेत पनि जगाउने । कति

रचनाहरू त सार्दा-सार्दै कण्ठ हुन्थे । बुबाका कैयौं रचनाहरू डायरीसँगै हराए होलान्, पानासँगै च्यातिए होलान्, तर मैले सारेका बुबाका कैयौं रचनाहरू मलाई आजसम्म पनि कण्ठस्थ छन् ।

## बुबाको साङ्गीतिक लगाव - परिवार जोड्ने कडी

बुबाका साहित्यिक रचनाहरूले हामी भाइबहिनीहरूमा ज्यादै गहिरो प्रभाव पारेका छन् । उहाँको मीठो स्वरमा गीत, कविताहरू सुन्न पाइरहनु त हाम्रो अहो भाग्य थियो । रेडियो नेपालबाट बुबाको 'बादल हो...' भन्ने गीत सुन्न पाउँदा हामीलाई अत्यन्तै गर्वानुभूति हुन्थ्यो । तम्घासमा हुने सांस्कृतिक कार्यक्रमहरूमा बुबाका धेरै गीतहरूमा नृत्य प्रदर्शन गरिन्थ्यो । बुबाको गीत भनेपछि हामी त्यसै मख्ख पर्थ्यौं । बुबाको गीतप्रतिको लगावको प्रभाव हुनुपर्छ, घरमा साँझ-साँझ मादल बजाउने र गीत गाउने त हाम्रो दिनचर्या नै बन्दै गयो, जसले घरको वातावरणमा रमाइलो मात्र बनाएन हामी भाइबहिनीहरूलाई भावनात्मक रूपले अझ कसिलो गरी जोड्ने काम पनि गर्‍यो । अहिले पनि गीत, संगीत हाम्रो परिवारको अभिन्न अङ्गको रूपमा रहेको छ ।

## बुबाको राजनीतिक चेत र इमानदारिता

मेरो अनुभवमा बुबामा उच्च राजनीतिक चेत र स्पष्ट विचार थियो । बुबा प्रजातान्त्रिक मूल्य, मान्यताप्रति विश्वास गर्नुहुन्थ्यो । मलाई बाल्यकालको एउटा धुमिल सम्झना छ, सायद २०३७ सालको जनमत संग्रह वरिपरिको हुनुपर्छ । बुबाले एक शनिबार दिदी, म र भाइ विजयलाई नुहाउन माइकास्थान भगवती मन्दिर नजिकैको धारामा लैजादै हुनुहुन्थ्यो । भीमचोकनेर एक भलाद्मीले सोध्नुभयो - केको बथान लिएर हिड्नुभो सर ? बुबाको उत्तर थियो - 'बहुदली हुन् बहुदली ।' पञ्चायत ढलेर प्रजातन्त्र आएपछिको पहिलो आम निर्वाचनमा गुल्मी जिल्लामा नेपाली कांग्रेसले जित हासिल गरेपछिको विजयसभा म पनि पर्खालमाथि उभिएर हेरिरहेको थिएँ । सभामा नेताहरूका जोसिला भाषणको बावजुद मानिसहरूको उपस्थिति पातलिदै जान थाल्यो । त्यसैबीच जब कार्यक्रम संचालकले घोषणा गरे - 'अब एउटा मीठो गीत लिएर आउँदै हुनुहुन्छ कवि भेषबहादुर कुँवर ।' तब फर्किदै गरेको मानिसको भीड पुनः कार्यक्रमस्थलतिर ओइरियो, म पनि पर्खालबाट फाल हाली सक्दो नजिक जाने प्रयास गरें । बुबाका मार्मिक शब्द र मीठो स्वरले सबैलाई प्रभावित त गर्‍यो नै, मेरो पनि छाती ढक्क फुलियो । त्यसबेला बुबाले गाउनुभएको गीतको सानो अंश यस्तो थियो :

**जेठको तुवाँलो फारी, आयो दिन चारतारा उघारी**
**बिसायो रैतानी भारी, बल्ल पायो गुल्मीले छहारी ।**

**हिजो रूने न्याउली चरी, गाउँछे गीत रानी वन गुन्जाई**
**छर्लङ्गियो चेतना माथि, हे गुल्मेली जनता हो ! बधाई ।**

एक निर्वाचनताकाको कुरा हो, अर्को एक पार्टीका उम्मेदवारको समूह भोट माग्दै हाम्रो घरमा आइपुग्यो । शिष्ट स्वागतपश्चात् बुबाको छोटो र सीधा जवाफ थियो 'हजुरप्रति हाम्रो ठूलो सम्मान छ र जितको शुभकामना पनि, अरू बाँकी कुरा त बुझ्नुभएकै छ क्यारे !' एक साधारण मतदाता भईकन पनि बुबाले दिनुभएको यस्तो जवाफले उहाँ कति प्रष्ट वक्ता र आफ्नो राजनैतिक आस्थाप्रति कति अडिग र इमान्दार हुनुहुन्थ्यो भन्ने कुरा मलाई प्रत्यक्ष अनुभूत गरायो ।

## बुबाको अमेरिका भ्रमण

भाइ विजय र म विद्यावारिधि गर्ने अवसर प्राप्त गरी २०६५ सालमा सँगै अमेरिका आयौं । केही महिनापछि हाम्रा परिवारहरू र पछि २०७४ सालमा भाइ हेमन्त पनि विद्यावारिधिकै निम्ति यहाँ आइपुग्यो । विभिन्न समयमा गरी हामीलाई भेट्न आमाबुबा ३ पटक अमेरिका आउनुभयो । सो क्रममा बुबासँग बिताएका पलहरू हाम्रा लागि अत्यन्तै अविष्मरणीय छन् । सबै नातिनातिनीहरूसँग बुबाको अत्यन्तै निकट र आत्मीय सम्बन्ध रह्यो । उनीहरूसँगै झुलामा झुल्दा र क्यारम खेल्दा बुबा साह्रै रमाउनुहुन्थ्यो । घुमघाम गर्न बुबालाई साह्रै मन पर्थ्यो । अमेरिकाका थुप्रै ठाउँहरू घुमे पनि पूर्व राष्ट्रपति जिम्मी कार्टरसँगको भेट तथा ज्याक्सनभिल, न्यूयोर्क र नायग्राफल्सका भ्रमणहरू बुबाका निम्ति विशेष रहे । भाइ विजय र मैले विद्यावारिधि ग्रहण गर्दाका समारोहहरूमा बुबाको अनुहारमा झल्केको गौरवभाव अवर्णनीय छ । बुबा प्रकृतिप्रेमी हुनुहुन्थ्यो । अमेरिकाका विभिन्न ठाउँमा प्रकृतिका अलग-अलग रूप देखी सारै रमाउनुहुन्थ्यो र आफ्ना भावनाहरू डायरीको पानामा पोखिहाल्नुहुन्थ्यो । कुनै पनि कुरालाई बुबाले हेर्ने दृष्टिकोण हाम्रो भन्दा नितान्त फरक हुन्थ्यो । बुबाको आँखाबाट संसार नियाल्दा हामीलाई छुट्टै आनन्द आउँथ्यो ।

## बुबासँग जोडिएका केही स्मरणीय प्रसङ्गहरू

## जन्तु त ठूलै छ

एक पटक बुबा दिनभरको बाटो हिंडेर ससुराल जाने क्रममा एउटा पहरामुनि शौच गर्न बस्नुभएछ । माथि डर लाग्दो पहरो देखेर मनमा कुरा खेलेछ - 'यै बेला पहरो खस्यो भने ?' ससुराल पुगेपछि बुबा, चित्र मामा र चक्र मामा एउटै कोठामा सुत्नुभो रे । बुबा खाटमा र मामाहरू भुइँमा । बुबाले राति सपना देख्नुभएछ - शौच गर्दागर्दै माथिबाट पहरो खसेको र ज्यान बचाउन फाल हालेको । सपनामा फाल हाल्दा मामाहरूमाथि पो फाल हाल्न पुग्नुभएछ । मस्त निदाएका मामाहरू नराम्ररी तर्सिनुभएछ । एक जना भन्नुहुँदो रहेछ बिरालो हो

कि, अर्कोले भन्नुहुँदो रहेछ – होइन जन्तु त ठूलै छ । अध्याँरोमा जनतन सलाईं भेटाएर कोर्दा एउटा कुनामा ठिङ्ग उभिएको बुबालाई देखेर हाँसोको खित्का छुटेछ ।

## बुबालाई पठाएको एक मात्र पत्र

२०४८ सालको कुरा हो, म आई.एस्सी. पढ्न तानसेन गएँ । आमाबुबामात्र होइन म पनि अत्यन्तै भावुक भएको थिएँ घर छोडी जानु पर्दा । तम्घासमा दुई–चार ठाउँ मात्र फोन थियो त्यस बेलामा । म तानसेन गएको केही दिनपछि आमाबुबा मलाई फोन गर्न बजार जानुभएछ । आमासँग २–३ मिनेट कुरो भयो । आमाको अड्किएको बोलीमा उहाँको मातृत्व छचल्किइरहेको थियो तर बुबाले कुरा गर्न मान्नुभएन, सायद अरू मान्छेको अगाडि आफ्नो भावना लुकाउन चाहनुहुन्थ्यो । त्यसपछि मैले बुबालाई जीवनकै एक मात्र पत्र पठाएँ । त्यो पत्रमा बुबासँग एउटा बाचा गरेको थिएँ 'बुबा, हजुरले शिलान्यास गरिदिएको मेरो कलममार्फत म हजुरलाई गौरवान्वित गराउने छु ।' बुबाको जीवनकालमा त्यो वाचा केही हदसम्म पूरा गरें जस्तो लाग्छ । उहाँको मृत्युपर्यन्त पनि म आफ्नो वाचामा अडिग छु ।

## बुबालाई निराश पारेको मेरो गणित

हुन त गणित विषयमै उच्चतम डिग्री हासिल गरी बुबालाई गौरवान्वित पनि बनाएँहुँला । तर कुनै दिन मेरै गणितको कारण बुबालाई सायद निराश पनि पारें । भरखर ५ कक्षा पास गरी महेन्द्र मा.वि.मा ६ कक्षामा भर्ना भएको थिएँ । एकपटक, कुन अवसरमा हो मलाई याद भएन, गणित दौडको आयोजना भएको थियो । सायद मप्रति बुबालाई बढी नै आत्मविश्वास थियो, माथिल्लो कक्षाका प्रथम, द्वितीय हुने विद्यार्थीहरूले भाग लिएको उक्त प्रतियोगितामा मलाई पनि भाग लिन लगाउनुभयो । खेलमैदानको एक छेउबाट दौडी अर्को छेउमा राखिएको गणितको एक प्रश्न हल गरेर सबैभन्दा छिटो फर्किनुपर्ने थियो । जब म दौडेर सवाल राखिएको ठाउँमा पुगें, मेरा आँखा तिरमिराए किनकि त्यहाँ राखिएको हिसाव मैले जानेको थिइनँ । अरू सबै प्रतिस्पर्धी सही वा गलत जस्तो भए पनि हिसाब हल गरी फर्किए, म भने कुनै मेलोमेसो नपाई धुमधुमती त्यहीं बसिरहें । फर्कूं हिसाव सुरू पनि गरेको छैन, नफर्कूं अरू सबै जना फर्किसके । यही दोधारबीच एक जना सर आएर मलाई उठाउनुभयो । त्यसपछि म लज्जित हुँदै घरतिर कुलेलम ठोकें । चिन्ता थियो अब बुबाको सामु अनुहार कसरी देखाऊँ । साँझ पक्कै बुबाको गाली खानुपर्छ भन्ने सोचेको थिएँ तर वास्तविकता ठीक विपरीत रह्यों । बुबाले ढाडस दिदैं भन्नुभयो तैँले नपढेको हिसाव परेर मात्र हो नत्र जित्थिस् । बुबाको ढाडसले मलाई ठूलो सान्त्वना त मिल्यो तर बुबालाई निराश पारें भन्ने कुराले भने पिरोलिरह्यो ।

## बुबासँगका केही उट्पट्याङ ठट्टाहरू

आफै बुढो हुन लाग्दा पनि मलाई बुबासँग बेला-बेला बच्चा व्यवहार गर्न मन लाग्थ्यो । मैले कैयौं पटक बुबासँग उट्पट्याङ ठट्टाहरू गरेको छु, चाहे त्यो बुबा बिरामी परेको बेला नै किन नहोस् । अन्ततोगत्वा ती ठट्टाहरूमा बुबालाई मुस्कुराउन करै लाग्थ्यो । एक पटकको कुरा हो म बुबासँग भिडियोकलमा थिएँ । उतापट्टि आमा र अन्य पाहुनाहरू पनि हुनुहुन्थ्यो । सन्चो-बिसन्चो सोधेपछि मेरो प्रश्न थियो 'बुबा, आज के बार हो र ?' जवाफ आयो 'केला ।........? शनिबार हो ।' 'शनिबार पनि हुलाक खुलेछ त !' यति सुन्ने बित्तिकै 'हत्तेरी' भन्दै हत्तपत्त बुबाको हात पाइन्टको जिपरमा पुग्यो । अघिल्लो पटक जस्तो यसपालि चाहिँ जिपर खुला थिएन । बुबाको प्रतिक्रिया 'धत् पाजी' मै टुङ्गियो ।

एक अर्को प्रसङ्गमा बुबा अमेरिका आएको बेला कतै घुम्न जादै थियौं । म गाडी चलाइरहेको थिएँ, बुबा अगाडिको प्यासेन्जर सिटमा हुनुहुन्थ्यो । गाडी करीब १२० की.मी. प्रति घण्टाको गतिमा कुँदिरहेको थियो । बुबाको गीत सुनेर कहिल्यै नथाक्ने म, बुबालाई **'गुर्धुमको भीरैमा ।_'** गाउन लगाई बेलाबेलामा म पनि स्वरमा स्वर मिलाउँदै थिएँ । यत्तिकैमा बुबाको एउटा हात गाडीको स्टेरिङमा राखिदिएर मैले भनें- 'एकछिन् छोप्दै गर्नुस् है । मलाई निद्राले झ्याप्प पाऱ्यो ।' बिजुलीको तालमा हात तान्दै बुबा 'धत्' भन्दै फर्किनुभो । एकैछिनमा ठट्टा भन्ने बुझ्नुभएछ क्यार, अर्कोपट्टि फर्केर हाँस्दै भन्नुभयो - 'खालि उरन्ठेउला कुरा मात्र गर्छ ।'

घरको जेठो छोरो भएको हैसियतले बुबासँग मैले धेरै सुख-दुःख साट्ने मौका पाएको छु । बुबाले मेरो जीवनमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा पार्नुभएको प्रभाव तथा उहाँसँग मैले बिताएका स्मरणीय पलहरू अनगिन्ती छन् । ती सबै कुराहरू यो सानो लेखमा समेट्न सम्भव छैन । मैले बुबालाई गौरवान्वित गराउन सकें वा सकिन होला, तर मेरो जीवनमा बुबाको यति ठूलो योगदान छ कि मलाई बुबाको सन्तान हुनुमा अत्यन्तै गर्व महसुस हुन्छ । र त, मेरो हरेक दिन बुबाको दर्शनबाट शुरू हुन्छ - नयाँ ऊर्जाका साथ, बुबासँग गरेको वाचा स्मरण गर्दै ।

ooo

दिन-दिन दिन बित्छन् गल्लीमा हल्लिएर,
तब-तब युग बित्छन् व्यर्थमा छल्लिएर ।
उकुस-मुकुस गरी जाँदा पाक्छ पेन्सन सबैको,
यति वर छ सबैको - घिट्किसो जौ तिलानी ।।

*- (भेटघाट (समसामयिक साहित्य सङ्कलन) भैरहवा, वर्ष १, चरण ३, २०२९ को प्रयासीको 'मेरो भन्नु के छ र यहाँ ?' कविताको पहिलो श्लोक ।)*

# यसरी सम्झन्छु म भेषबहादुर कुँवर सरलाई

✍ **डोरविक्रम श्रीस**
**प्रधानाध्यापक**
**सिद्धबाबा माध्यमिक विद्यालय, तम्घास, गुल्मी**

फागुन महिनाको ५/६ गतेको कुरो हो । म काठमाडौं विश्वविद्यालयको हात्तिवनमा रहेको स्कूल अफ एजुकेशनको क्यान्टिनबाट सेमिनार हलतर्फ सिंढी चढ्दै थिएँ । एउटा फोन आयो । उठाएँ । रमेश कुँवर भाइको रहेछ । सञ्चो बिसञ्चोको कुरा भयो । अनि रमेश भाइको बुबाको वार्षिकी तिथिमा एउटा पुस्तक प्रकाशन गर्न लागेको योजना सुनाए र एउटा लेख लेख्नको लागि अनुरोध गरे । मैले ठीक छ हुन्छ भनेर फोन राखिदिएँ र सेमिनार हलभित्र पसें । फोन आयो गयो । म आफ्नै धुनमा आफ्नै व्यस्ततामा भएँ । दुई हप्तापछि फेरि फोन आयो । फेरि कुरा भयो । हुन्छ भनी फोन राखिदिएँ । कुरो जे सुकै भए पनि लेख्ने भनेपछि खासै हात अगाडि नसर्ने नै हो । मेरो खासमा काम अगाडि बढेन । अर्को हप्ता फेरि फोन आउँदा झल्यास्स भएँ । होइन लेख सानो भए पनि लेख्नै पर्ने भयो तर के लेख्ने के शीर्षक राख्ने त ? अनि स्मरण लेख लेख्ने जमर्को गरें तर धेरै सूचना छैन । कहाँबाट थालनी गरौं ?

एउटा रिक्तता ताजै थियो । सिद्धबाबा माध्यमिक विद्यालयको भर्खरै सम्पन्न ३४ औं वार्षिक उत्सवमा एउटा मधुर आवाज गुञ्जेन । सधैजसो वार्षिक उत्सवमा उपस्थित भएर आफ्नो रचना वाचन गर्नुहुन्थ्यो कवि भेषबहादुर कुँवर सरले । अतिथि दीर्घामा रहने सम्पूर्ण पाहुनाहरू मन्त्रमुग्ध हुन्थे तर यो सब भएन यस पटक । एउटा रिक्तताको महसुस अनि मनमा कता कता के नमिले जस्तो आभास ।

रेसुङ्गा प्रा.वि. (हाल मा.वि.)बाट कक्षा ५ उत्तीर्ण गरी अझै नजिकको विद्यालय महेन्द्र मा.वि. मा कक्षा ६ मा भर्ना भएपश्चात् भेषबहादुर कुँवर सरसँग कक्षा ६, ७, ८ मा निरन्तर पढ्ने सुअवसर मिल्यो । उहाँलाई राम्ररी चिन्ने मौका पाइयो, हुन त उहाँलाई हामी पहिल्यैदेखि चिन्थ्यौं, देख्थ्यौं, भेट्थ्यौं । साथी ईश्वरीजंग कुँवरसँग कक्षा १ देखि नै संगसँगै पढियो, अमृता मेडमले प्राथमिक तहका सबै कक्षामा पढाउनुभयो, यी सबै कुराले हामी सरसँग नजिक थियौं । साथी ईश्वरीको सँगै लागेर घरमा पनि जाने सरसँग भेट हुने अवसर मिलिरहन्थ्यो । एस.एल.सी. पछि छुट्टिएका हामीलाई सँगै पछि सिद्धबाबा मा.वि. मा ईश्वरीजङ्गसँग

सँगै पढाउने अवसर प्राप्त भयो । यसै गरी विजयसँग पनि निकै नजिकको सम्बन्ध रह्‍यो । रमेश, किरण, हेमन्त, दया, माया सबैसँग एउटा पारिवारिक निकटता थियो र छ ।

कक्षा कोठालाई कसरी जीवन्त बनाउने कुरा गुरु भेषबहादुर कुँवरबाट सिक्न सकिन्छ । हरेक विषयवस्तुलाई अत्यन्त सरल तरिकाले जीवन्त रूपमा विद्यार्थी माझ पस्किन सक्ने उहाँको अद्‌भुत कला हामी कहिल्यै बिर्सन सक्दैनौं । कविता, गीत, कथा, चुट्‌किला के चाहियो भेषबहादुर सर कक्षामा हुँदा भरपुर पाइन्थ्यों । हरेक विद्यार्थीलाई प्रेरणा दिने, हरेक विद्यार्थीलाई सिर्जनात्मक बन्न प्रेरित गर्ने गुरुको नाम हो भेषबहादुर कुँवर । पाउलो फ्रेरे जोन डिबे सबै भेषबहादुर सरमा भेटाउन सकिन्थ्यो । कक्षामा पानीको कथा, अंग्रेजीमा रुने, बतासका कथा, घाँमका कथा भन्ने, विद्यार्थीलाई खुसी बनाउने गुरुको नाम हो भेषबहादुर कुँवर । विद्यार्थीहरू सरलाई अंग्रेजीमा हाँस्ने भनेर पर्खिरहन्थे । कहिले काहीं अंग्रेजीमा पर्खदा पर्खदा आउनुहुन्नथ्यो अनि जिल्ल पर्थ्यौं ।

कालिमाटीबाट एस्ट्रे, आँप, स्याउ बनाउन सिकाउने हो कि करेसाबारी बनाउने, खन्ने, ड्याङ बनाउने, गोडमेल गर्ने, मलजल गर्ने जस्ता प्रयोगात्मक तवरले पढाउने हो यी सब उहाँबाट सिक्न सकिन्थ्यो । व्यक्ति मात्र होइन गीत कविताद्वारा विद्यार्थीलाई उन्मुक्त होउन्जेल प्रस्फुटित गराउने शैक्षिक दर्शन उहाँसँग थियो र व्यवहारमा पनि प्रयोग गर्नुहुन्थ्यो । यो दर्शन महान् शिक्षाविद्‌हरूका भन्दा कम छैन । शिक्षक मात्र होइन उहाँ, एक स्रष्टा साधक हुनुहुन्थ्यो । उहाँका कर्मशील हातहरू कहिल्यै थाकेनन् । जीवनको उत्तरार्धमा समेत उहाँको कलम चलिरह्‍यो । 'प्रयासी' उहाँको नामअनुसार सधै प्रयास भइरहन्थ्यो । साहित्यमा उहाँको महत्त्वपूर्ण योगदान छ । मोफसलमा रहेर हुन सक्छ । उहाँको चर्चा कम भएको हो कि? महेन्द्र मा.वि.को शैल-सन्देश, रेसुङ्गा क्याम्पसको विद्या, सिद्धबाबा मा.वि.को आवाज, किरण पुस्तकालयको हाम्रो पुरुषार्थ जस्ता प्रकाशनमा उहाँको उपस्थिति नहुँदा यी प्रकाशन अपूर्ण हुन्थे । पाठकहरूले उहाँको सिर्जना कता छ भनेर पाना पानामा आँखा दौडाउँथें नभेटाउँदा निराश हुन्थे । सिद्धसँग पुकार, धर्म, हे सिद्धबाबा, जुनकिरी, आह्वान, वैशाख आ है अब ! ग्रह कटाउँदा जस्ता कविताहरूले सिद्धबाबा मा.वि.को आवाज सजिदा हामी आभारी छौं । चिसो सिरेटोमा पनि ढाका टोपी ढल्काएर चिटिक्क परेर हिड्ने विशेषता थियो उहाँको । जहाँ जुनसुकै समय र अवस्थामा भेट हुँदा पनि मुसुक्क हाँसेर बोल्ने, सुख दुःख साटासाट गर्ने उहाँको मुख्य सम्पत्ति थियो । खुला विचारमा विश्वास राख्ने व्यक्तित्वको अर्को नाम हो भेषबहादुर कुँवर । पदको लागि जे पनि गर्ने अहिलेको पुस्ताको बीचमा पदलोलुपतामा नलागेको व्यक्तित्व हो उहाँ ।

वि.सं. २००५ मा जन्मनुभएका भेषबहादुर कुँवर सर केही समयदेखि बिरामी पर्नुभयो । बिरामी पर्दा केही समय उहाँ काठमाडौंमा पनि उपचारको क्रममा बस्नुभयो । एक पटक काठमाडौं शंखमूलमा भीष्मप्रसाद श्रेष्ठ दाजुसँग भेट्न पुगें । गम्भीर बिरामी हुनुहुन्छ भनेर भेट्न गएको हँसिलो उज्यालो मुहार देख्दा धेरै खुसी लाग्यो । उहाँ आफैले बाबुहरूसँग फोटो खिचौं भन्नुभयो र फोटो खिच्यौं । केही कुराहरू भए । आगामी आवाज प्रकाशनार्थ एउटा कविता लेख्ने हो बाबू भन्नुभयो । सरको पूर्ण स्वास्थ्य लाभको कामना गरी हामी फर्कियौं । पछि घरमा आउनुभएको बेलामा भेट्न घरमा गएँ तर सोही दिन उहाँ काठमाडौं जानुभएछ । त्यसपछि भेट्न पाइएन । ७२ वर्षको उमेरमा काठमाडौंको प्रहरी अस्पतालमा उहाँको स्वर्गारोहण भएको थाहा पाउँदा स्तब्ध भएँ । हुन त जन्म भएपछि मृत्यु अनिवार्य छ । यस संसारमा जन्म लिएका जति सबैले त्यही बाटो जानु छ । उहाँको स्वर्गगमनबाट यो समाजलाई अपूरणीय क्षति भएको छ । यो क्षति पूरा गर्नको लागि धेरै समय लाग्नेछ । समाजले एउटा सत्यनिष्ठ निर्भीक व्यक्ति गुमाएको छ । शैक्षिक क्षेत्रले एउटा उदार शिक्षासेवी गुमाएको छ भने साहित्यिक फाँटले एउटा होनहार स्रष्टा गुमाएको छ अनि हामीले हाम्रो छहारी गुमाएका छौं ।

अनि म सम्झन्छु -

**हे सिद्धबाबा, तिमी देऊ, जुग जुग शुभ आशीष,**
**देवतातुल्य भइदिऊन्, हुर्के, यहाँ मानिस ।'**

अघिल्लो वर्ष सिद्धबाबा माध्यमिक विद्यालयको प्राङ्गणमा गुञ्जिएको भेषबहादुर सरको हो यो आवाज ।

ooo

हाम्रो पुरुषार्थका गुल्मी जिल्लाभित्रका सम्पूर्ण आजीवन/स्थायी ग्राहक/लेखक/समीक्षक/कविहरूले किरण पुस्तकालयमा सम्पर्क राखी आफ्ना प्रतिहरू बुझी लैजानका लागि हामी अनुरोध गर्दछौं ।

**सम्पादक**
**हाम्रो पुरुषार्थ**
**किरण पुस्तकालय**
**तम्घास, गुल्मी**

# एक युगीन प्रतिभा : कवि भेषबहादुर कुँवर 'प्रयासी'

✍ **भीष्मप्रसाद श्रेष्ठ**
**तम्घास, गुल्मी**
**हाल : काठमाडौं, नेपाल**

मन्द-मन्द साँझको हावा चलिरहेको बेला, कोभिड-१९ भाइरसले विश्वसमुदायलाई नै आक्रान्त पारेकाले सरकारको लकडाउन घोषणाले बाहिर निस्कन नपाई घरमा टहलिइहेको समयमा मोबाइलमा घण्टी बज्छ । मोबाइल स्क्रिनमा Ramesh Kunwar नाम देखिन्छ । रमेश तम्घास वडा नं. ०३ धागिथुम (हाल रेसुङ्गा ०२ गुल्मी) निवासी स्व. कवि भेषबहादुर कुँवर **'प्रयासी'** का साहिंला छोरा हुन् । मोबाइलमा उनले 'छोटो समयमा नै हाम्रो पुरुषार्थ पत्रिकाले बुबाको स्मृति-ग्रन्थ छाप्ने भएको छ, एउटा लेख दिनुपर्‍यो' भने । समय छोटो छ । लकडाउनले हिंडडुल गर्न पाईंदैन । केही सन्दर्भसामग्री अर्थात् कवि भेषबहादुर कुँवर 'प्रयासी'का केही कविता पाइन्छ कि भनेर आफ्नो विचार राखें । उनले केही कविताका फोटो खिचेर मोबाइलमा पठाइदिए तर यथेष्ट थिएन । एउटा संस्मरण त लेख्नैपर्‍यो किनकि आजभन्दा दुई दशकअगाडि मैले उहाँको बारे लेखेको थिएँ । लेख्नुको कारण भन्दै गरौंला । त्यसमा मैले भेषबहादुर कुँवर 'प्रयासी'लाई ओझेलमा परेका कवि, गीतकार, गायक र आफ्नो युगका नायक भनेर चिनारी दिएको थिएँ । त्यतिबेला कलम चल्थ्यो । लेख रचना जन्मिन्थे तर अहिले लेख, अनुसन्धान केही छैन । कलम राम्ररी चल्दैन । कनिकुथी अघि बढाउँदै छु । महासागरमा पानी कति छ मलाई थाहा छैन तर यो महासागरको पानी हो भनेर अञ्जुलिमा देखाउँदै छु - उहाँको श्रद्धाञ्जलिका निमित्त ।

वि.सं. २०३० को दशकमा हाम्रो घरमा साउन महिना सुरू भएदेखि तीजपर्वसम्म तीजको अवसर पारेर एउटा सांगीतिक माहोल बन्थ्यो । त्यसमा दुई कारण थिए, पहिलो मेरो बुबा सरकारी जागिरे, बिजुलीबत्ती नभएको अध्याँरो समयमा अफिसबाट उज्यालो म्यान्टल (Mantle) बत्ती उपलब्ध हुने । दोस्रो भर्खरभर्खर इण्डिया (दार्जिलिङ)बाट आउनु भएका कवि भेषबहादुर कुँवरका सहोदर दाजु शिवबहादुर कुँवरको उपस्थिति । पहिला साँझपख आधुनिक लोक गीत मादललाई तबला जस्तो गरी बजाएर गाउने । हल्का मदिरा पिउने । हामी बाल्यावस्थामा रहेका गीत त बुझ्दैनथ्यौं तर स्वर परीक्षण गर्न सक्थ्यौं । स्वर निकै राम्रो लाग्थ्यो । हामी आह्लादित हुन्थ्यौं । साँझ छिप्पिएपछि गाउँका महिला-पुरुष जम्मा भई तीज गीतका माध्यमबाट आ-आफ्ना गाथा प्रस्तुत गर्थे । म सम्झन्छु त्यति बेला गाउँका एक व्यक्तिले दोस्रो विवाह गर्दा उनको बारेमा निकै गीत फुरेका थिए । अनि २०३६ मा मोटरबाटो खन्दाका दुःखका गीत

प्रस्तुत भएका थिए । गीत गाउने व्यक्ति शिवबहादुर कुँवर हुनुहुन्थ्यो । उहाँले गाउनुभयो :

**दुई हजार छत्तीसमा मोटरबाटो खनाए**
**जोगीपानीका चुँदारालाई गरिब बनाए ।**

गुल्मी जस्तो विकट, अँध्यारो युग, मनोरञ्जनका केही साधन नभएको समयमा मेरा बुबाका बाहिरी जिल्लाका कर्मचारी साथीहरू पनि तीज कार्यक्रममा उपस्थित हुन्थे । नाच्थे, गाउँथे, रमाउँथे । एक जना साथीले बुबालाई 'त्यो मान्छे को हो ? साह्रै मीठो गीत गायो' भने । बुबाले 'ए उहाँ त मेरो जेठान (मितेरी साइनो) भन्नुपर्छ ।' अनि ठट्टा गर्दै 'उहाँ त महम्मद रफी, किशोरकुमार जस्तै गाउँछु भनेर इण्डिया जानुभएको थियो, अहिले यहीं हुनुहुन्छ । उहाँको भाइ पनि गायक हो । दुई भाइ नै गाउँछन् । भाइ भेषबहादुर हो । भेषबहादुर गीत गाउन रेडियो नेपाल पनि गएको हो' । हो, यति बेला मैले शिवबहादुर कुँवरका भाइ भेषबहादुर कुँवरको नाम सुनेको हुँ ।

वि.सं. २०३७/०३८ शैक्षिक वर्षमा हामी कक्षा ४ मा अध्ययन गर्न महेन्द्र नमूना व्यावसायिक माध्यमिक विद्यालय चिदीचौरमा भर्ना भयौं । कक्षा ४ मा नाम टिप्ने हाजिर गर्ने विश्वनाथ पन्थी सर हुनुहुन्थ्यो । उहाँले नेपाली र संस्कृत सिकाउनुहुन्थ्यो । विद्यालय गएको केही दिनपछि तेस्रो घण्टीमा एक जना सर्टपाइन्ट, हाफस्वीटर अनि छड्के ढाकाटोपी लगाएको सर हाम्रो कक्षामा आउनुभयो । हामी उठेर बस्यौं मात्र, अभिवादन गर्ने चलन थिएन । 'ओहो कति धेरै विद्यार्थी' आवाज सुनियो, हामी एउटै कक्षामा १३७ विद्यार्थी थियौं । मीठो आवाजमा ए केटा तेरो नेपाली किताब ले त भन्नुभयो । किताबका पाना पल्टाई अत्यन्त मीठो स्वरमा कवितालाई गीतिलयमा प्रस्तुत गर्नुभयो । हामी मन्त्रमुग्ध भएर सुन्यौं । पछि केटाहरूले भने उहाँ भेषबहादुर सर हुनुहुन्छ । मेरो प्रथम पटकको भेटघाट एकोहोरो चिनारी त्यही कक्षामा भएको थियो । कक्षाहरू चल्दै गए । तत्कालीन रेसुङ्गा प्रा.वि. (हाल मा.वि.) मा भन्दा सिकाइ उत्कृष्ट लाग्यो । दोस्रो घण्टीमा अमेरिकन (स्वयंसेवक) शिक्षक माइकल ह्यारिसको अङ्ग्रेजी सिकाउने शैली उत्कृष्ट थियो । कक्षा ४ बाट अङ्ग्रेजी वर्णमाला सिकेका हामी अङ्ग्रेजी बोल्न प्रयास गर्थ्यौं । तेस्रो घण्टीमा गणित सिकाउन भेषबहादुर सर आउनुभएको थियो । यो अर्को उत्कृष्ट सिकाउने शैली थियो । कक्षा ३ सम्म देवनागरीमा सिकेका हामी कक्षा ४ हिन्दूअरेविकमा सिक्ने भयौं । भेषबहादुर सरको गणित सिकाउने शैलीले मेरो मन छोयो । सरले कालोपाटीमा सिकाउँदै गर्दा मैले कापीमा छिट्टै नै समस्या समाधान गर्थें । केटाहरू मेरो कपी गर्थे । तत्कालीन समयमा माइकल ह्यारिससँगै भेषबहादुर कुँवर सिकाउने शैलीका कारण उत्कृष्ट शिक्षक हुनुहुन्थ्यो । कक्षा ५ मा भेषबहादुर सरसँग हाम्रो भेट भएन । उहाँबाट सिक्ने आशा गर्दागर्दै समय सकियो । कक्षा ६ मा उहाँसँग भेट

भयो तर अलि पछि । उहाँ पूर्वव्यावसायिक शिक्षा सिकाउन आउनुभयो । खै के परिस्थितिले हामी ठगियौं । उहाँबाट हामीले न्यून कक्षामा सिक्ने अवसर पायौं होला । अति मीठो आवाजमा व्याख्यानशैलीमा उहाँले दोहोऱ्याएर पाठ्यवस्तुमाथि प्रकाश पार्नुहुन्थ्यो । जो मस्तिष्कमा रहन्थ्यो ।

वि.सं. २०४० तिर एउटा सानो (मभन्दा) केटो हाम्रो घरको आँगनमा टहलिदै थियो । भित्रबाट 'ए मुकुन (मुकुन्द होला) यता आइज' आवाज आयो । यसो भित्र हेरें भेषबहादुर सर हुनुहुँदो रहेछ । सायद मदिरा लिदै हुनुहुन्थ्यो होला । हामी भाग्यौं । (पहिले-पहिले सर देखे केटाहरू लुक्थे) मुकुन, सानो केटो भित्र गयो । यो केटो को हो ? नामले कन्फ्युज भएँ म । पछि थाहा पाएँ यो त ईश्वरी रहेछ । घरमा मुकुन भन्छन् । मेरो भाइसँग पढ्दोरहेछ । मुकुनकी आमा त अमृता कुँवर मेडम हुनुहुन्छ भनेपछि भेषबहादुर सर त अमृता मेडमको दुलाहा हुनुहुँदो रहेछ बल्ल थाहा भयो ।

हाम्रो बाल्यकालका एक उत्कृष्ट शिक्षकबाट सिक्ने मौका फेरि कक्षा ८ मा मिल्यो । सिकाउने उत्कृष्ट शैलीका कारण आज पनि मेरो मस्तिष्कमा उहाँको आवाज र शैली छाइरहन्छ । तर दुर्भाग्य कक्षाहरू अलि नियमित हुँदैनथे । समयको कुनै एक अन्तिम कक्षामा अत्यन्त मीठो शैलीमा कक्षा ८ मा भूगोल सिकाउँदा पृथ्वी गोलो नभई अलि थेप्चो भएकोदेखि लिएर एसिया महादेशलाई विचित्रताको महादेश भन्नुका कारण प्रस्तुत गर्नुभएको थियो । जुन अति उत्कृष्ट थियो । त्यसपछिका दिनमा हाम्रो औपचारिक रूपमा कक्षामा भेटघाट समाप्त भयो । पछि कक्षा ९ र १० मा सिक्ने क्रममा भेषबहादुर सरको सिकाउने शैलीको कारण उत्कृष्ट शिक्षकको रूपमा सम्झ्यौं, सम्झिरहेनेछौं.

स्कुले जीवनपछि भेषबहादुर सरसँग भेटघाट हरायो । एउटै वडामा बस्ने भए पनि खासै काम नभएर होला । शैक्षिक वर्ष २०४९/०५० देखि म तम्घास वडा नं. ०५ खानीगाउँ (हाल रेसुङ्गा-८) मा सिद्धबाबा नि.मा.वि. (हाल मा.वि.) मा शिक्षकको रूपमा नियुक्त भएँ । त्यहा रहँदा थाहा भयो जिल्ला शिक्षा कार्यालयले अन्तर विद्यालय नृत्य प्रतियोगिता गराउँथ्यो । नृत्य गराउन सिद्धबाबा स्कुललाई भेषबहादुर सरले गीत लेखेर दिनुहुन्थ्यो । गीतलाई यसरी गाउने भनेर पुरानो लोकभाकामा गाउनुहुन्थ्यो । सिद्धबाबा स्कुलका तत्कालीन संस्थापक हेडसर तिलबहादुर थापाले हामीलाई बोलाएर गीत गाउन सिक्नुस्, विद्यार्थी नचाउनुपऱ्यो भन्नुहुन्थ्यो । मेरा सहपाठी हाँसेर एकातिर जान्थे । गीतसंगीतलाई नजिकबाट अनुभूति गरेको म चाँहि भेषबहादुर सरसँग गीत गाउँथे । 'अँ भानिज यसरी नै गाउनुपर्छ' उहाँ भन्नुहुन्थ्यो । त्यसपछि हाम्रो भेटघाट बाक्लो भयो । मलाई उहाँले राम्ररी कहिलेदेखि चिन्नुभयो थाहा भएन तर हामी सर र विद्यार्थीबाट मामाभान्जा नातामा आयौं । उहाँले गीत लेखेर ल्याई गाउनुहुन्थ्यो । हामी पनि गाउँथ्यौं । केटाकेटी नचाउँथ्यौं । नयाँ गीतकविता देखेपछि यो गीत वा कविता भनेर मलाई

समीक्षा गर्न मन लाग्थ्यो । छिटफुट उहाँका कविताहरू पनि पढेको थिएँ । गीत त सँगै गाउँथ्यौं । उहाँका गीत कवितामा आफ्नो युगका कथाव्यथा पाइन्छ । भावका हिसाबले उहाँमा सिद्धिचरण श्रेष्ठको प्रभाव रहेको पाइन्छ । तत्कालीन राजनैतिक अवस्था र देशबाट उत्पन्न वैमनस्यता र विसंगतिका कारण उहाँका धेरै कविता जन्मेका छन् । साथै आफ्नो गाउँसमाजमा देखिएका विविध द्वन्द्वका कारण उत्पन्न व्यथाप्रतिको आक्रोश पनि उहाँका कवितामा पाइन्छ ।

**माथि छ किन्तु खोन्द्राभित्र**
**देखिरहेछु धर्ती विचित्र**
**प्वालहरू छन् आधा चित्र**
**दुनिया देख्छु छिच्रा छिच्रा**

**×××**

**मात्र भेटियो**
**सहरमा भाषणको अभ्यास**
**गाउँ-घरमा रासनको अत्यास**
**महलमा हैसियत जोगाउने कसरत**
**झुपडीमा गरिबी लुकाउने कसरत**
**जातभात तल्लो उपल्लो**
**भेदभाव जल्दोबल्दो**

**×××**

**अधिकांश सहरका घरहरूमा - 'कुकुरदेखि सावधान !'**
**कुन थरीसँग सावधान ?**
**कुकुरथरी कि मानिस ?**

विकृति विसंगतिबाट विक्षिप्त मन संहाल्न केही मिलन, संगीतका गीत लेखेर उहाँले स्कुलमा गाउनुभएको थियो :

**हेर साथी कमिला ताँती**
**मिलिजुली क्या राम्रो रहर**
**पहाड खन्दा सुन चाँदी, मधेश खन्दा धान**
**नेपालीले जुटे बन्छ, नेपाल महान् ।**

शैक्षिक वर्ष २०५१र०५२ पछि भेषबहादुर सरसंगको भेटघाट फेरि पातलियो । यसै समयमा उहाँका जेठा छोरा ईश्वरीजङ्ग कुँवर (मुकुन) विज्ञान शिक्षकको रूपमा सिद्धबाबा स्कुलमा नियुक्त भए । सुरूमा हेड सरले ईश्वरीजङ्गलाई बुबालाई गीत लेख्न भनेर ल्याउनुहोला भन्नुहुन्थ्यो । एक दुई पटक त ल्याए तर पछि ल्याएनन् । गीत गाएर भेषबहादुर सर खानीगाउँमा अबेरसम्म बस्नुहुन्थ्यो । सायद मदिरा पिएर घरमा ढिलो पुग्नुहुन्थ्यो होला । यो ईश्वरीजङ्गलाई मन पर्दैनथ्यो ।

ईश्वरीले गीत लेखाएर ल्याउन मानेनन् । उनले सोभै गीत उहाँ सरले लेख्नुहुन्छ भनेर मतिर औंला सोभ्याए । नेपालमा प्रजातन्त्रको आगमनपछिका दिनमा कांग्रेस र कम्युनिष्टका नाउँमा आफू-आफू लडेको देखेर एउटा गीत लेखेको थिएँ - 'सगरमाथा नेपालको शिरमा काखमा तराई, देशलाई अघि लैजाने शत्रु हुँदैन पराइ' । यसैबाट प्रभावित भएर होला गीत लेखेर गाउँने जिम्मा ईश्वरीजङ्गले मेरा टाउकामा राखिदिए अनि भेषबहादुर सरसँग हाम्रो भेटघाट कम हुन थाल्यो । पहिले कम चिनजान भएका ईश्वरीजङ्ग पछि मेरा धेरै आत्मीय भाइ भए भने सहपाठी कम भए । केही विद्यार्थीले ईश्वरी सर हजुरको कुन भाइ भनेर सोध्थे । मेरो उनको घरमा बाक्लो आउजाउ हुन्थ्यो । त्यति बेला भेषबहादुर सरका माहिला छोरा विजयजङ्ग, साहिला रमेशजङ्ग, काइँला किरणजङ्ग, छोरीहरू माया र दयालाई चिनेको हुँ । कान्छो छोरो हेमन्त धेरै सानो थियो ।

ईश्वरीसँग घर जाँदा कहिलेकाहीं भेषबहादुर सरका कविताबारे गफ गरिन्थ्यो । उहाँले 'भानिज यो कविता हेर्नुस् त कस्तो छ ? ' भनेर कविता देखाउनुहुन्थ्यो । म कविता पढेर उहाँलाई भन्थें 'कविता राम्रा छन्, तर पुराना विचारवादी धाराका भए हजुरका कविता, प्रयोगवादीधाराबाट प्रभावित धेरै छन्' । उहाँले मलाई त्यस्तै कविता देखाउनुभएको थियो । 'अँ अँ भानिज अब कस्तो लेख्नु पर्ला' उहाँले भन्नुहुन्थ्यो । उहाँसँग कुरा गर्दै जाँदा नेपाली कविताको इतिहास र विकासक्रमबारे उहाँले कम अध्ययन गर्नुभएको जस्तो लाग्यो । मैले कविता र साहित्यको संक्षेपमा वर्णन गर्दै साहित्यको आधुनिक युग समाप्त भएको र हामी नयाँ (उत्तर) आधुनिक युगमा आएको कुरा गर्थें । साहित्य समयसँगै चल्नुपर्छ भन्ने कुरा राख्थें । उहाँले 'अँ' जस्तै भन्नुहुन्थ्यो । आफ्नो बाल्यकालको शिक्षकका अगि धेरै व्याख्या गर्नुभएन । जान्ने हुन्छ भन्ने होला भनेर म संक्षेपमा चर्चा गर्थें । मैले उहाँलाई भनेको थिएँ - अहिले हाम्रो सोचमा आएको परिवर्तनले अघिल्लो र अहिलेको जीवन मिल्दैन । अघि मानिएका सत्यहरू आज चिप्लिए । हामी अब नवीन सत्यको खोजीमा छौं । अबका रचना बद्ध नभएर मुक्त हुनुपर्छ । अनुशासन होइन अराजक हुनुपर्छ । वैपरीत्य, सतही, विपठन, संकेतित, लेखकोन्मुखी, प्रतिआख्यानात्मक र अनिश्चितता हुनुपर्छ । काल्पनिक छुट्टै (भर्चुअल) संसारको जस्तै ।

वि.सं. २०५६ मा ईश्वरीजङ्ग बुटवल बस्न थाले । भेषबहादुर सरसँग फेरि भेटघाट कम हुनथाल्यो । त्यसपछि कस्ता गीत कविता रचना गर्नुभयो नजिकबाट हेर्न पाइएन । वि.सं. २०५७ सालको चैत्र महिनामा गुल्मी जिल्लाको सदरमुकाम तम्घासस्थित बालमन्दिरमा भाषिक संगोष्ठी आयोजना भएको थियो । नेपाली भाषा र साहित्यका मूर्धन्यहरू, त्रि.वि.का प्राध्यापकहरू र प्रज्ञा-प्रतिष्ठानका प्राज्ञहरूको बाक्लो उपस्थिति उक्त संगोष्ठीमा भएको थियो । गोष्ठीमा सबै विज्ञले आफ्नो कार्यपत्र प्रस्तुत गरेपछि केहीले छिटफुट कविता वाचन गर्थे । छिटफुट

वाचन गर्नेमा कवि भेषबहादुर सर पनि हुनुहुन्थ्यो । विद्वान्हरू कविता सुनेर बल्लतल्ल मुन्टो हल्लाउँथे । नक्कली हाँसो हाँसे जस्तो गर्थे । मानौं कवितामा वजन छैन । धेरैले कविता सुनाएपछि एक विद्वान्ले भने 'ल भोलि कविताप्रतियोगिता पनि हुनेछ, इच्छुकले भाग लिनुहोला' । मिति ठ्याक्कै थाहा भएन, भाषिक संगोष्ठीमा धेरैले कविता सुनाए । अन्त्यतिर भेषबहादुर सरको पालो आयो । उहाँले कविता गीतिलयमा प्रस्तुत गर्नुभयो । त्यो कविता अहिले खोजेर पाइन तर पछि मेरा मित्र पदमप्रसाद पाण्डेबाट प्राप्त गरें । अन्त्यमा 'हो कि ?' भन्ने थेगो भएको कविता 'भान' शीर्षकको रहेछ । उक्त कवितामा कविले हरेक क्षेत्रका भान प्रस्तुत गर्नु भएको छ । स्थानीय कविका कवितामा नाक खुम्च्याएको र नक्कली हाँसो हाँसेको कवि भेषबहादुर कुँवरलाई भान भएको थियो । त्यो गीति कवितामा उहाँले विद्वान् हुँ भन्नेहरूलाई उनीहरूतिरै हेर्दै ठूलो व्यङ्ग्य प्रहार गर्दै कविता वाचन गरेको भान हामीलाई भएको थियो ।

**ठूलो बन्ने भित्री रहर**
**सबैलाई ह कि ?**
**अरूलाई सानो ठान्ने**
**हुँकारले हो कि ?**

कवि भेषबहादुर कुँवरले 'भान' कविता गीतिलयमा प्रस्तुत गर्दा हल शान्त भएको थियो । उहाँको आवाजमा सप्तस्वर मिलेर बसेका थिए । सांगीतिकता बढी थियो । मानौं एक शास्त्रीय गायकले कवितालाई लयमा ढालेको थियो । काठमाडौंबाट तम्घास गएका मूर्धन्य व्यक्तित्वहरू उहाँको गीतिलयबाट निकै प्रभावित देखिन्थे । सत्य कुरा गर्ने हो भने एकोहोरो अनुसन्धानमा लाग्ने विद्वान् बाहिरी संसारसँग टाढा हुन्छ । ऊ बहिरो लठेब्रो जस्तो हुन्छ । मान्छेलाई अप्रत्यक्षभन्दा प्रत्यक्ष कार्यक्रमले प्रभाव पार्छ । उपस्थित विद्वान् वर्गलाई प्रत्यक्ष कार्यक्रमको अनुभव भयो । सबैको मन छोएको गीतिकविताको मूल्याङ्कन नगरी सोफामा बसेका विद्वान्हरूले प्रथम यही कविता हो भनेर घोषणा गरे । यही कविताबाट कवि भेषबहादुर कुँवरले उत्कृष्ट कवि र गायकको पहिचान देखाउनुभयो । पहिले कवितामा वजन छैन कि भनेर नाक खुम्च्याउने विद्वान्हरूले कविको परिचय मागे । परिचय दिने क्रममा उहाँले पहिलेदेखि नै यहाँका वनजंगल खोलानाला चहार्दै कविता रच्ने प्रयास गरिरहने हुनाले कसै-कसैले यो 'प्रयासी' हो भनेछन्, त्यसपछि उहाँले नामका पछि 'प्रयासी' लेखेको कुरा बताउनुभएको थियो ।

कार्यक्रमपश्चात् घर जाने समयमा मेरो मनमा केही कुरा खेल्न थाले । साँच्चै भेषबहादुर सर एउटा प्रतिभाशाली मान्छे हो । उहाँ गीत, कविता लेख्नुहुन्छ । गायकी उत्कृष्ट छ । मान्छे अहिले अलि बूढो देखिएर हो । फोटोमा त मान्छे आफ्नो युगको नायकजस्तो देखिनुहुन्थ्यो । महाकवि देवकोटालाई भौगोलिक

मिस्टेकले नेपालमा जन्मेको भन्थे । कतै भेषबहादुर सरमा पनि भौगोलिक मिस्टेक त भएको होइन । परिस्थितिले उहाँलाई तम्घासमा शिक्षण गरेर जीवन बिताउनुपर्‍यो । काठमाडौं उहाँको कर्मक्षेत्र भएको भए वा काठमाडौंसँग निरन्तर सम्पर्क राखेको भए कवि भेषबहादुर कुँवर राष्ट्रिय व्यक्तित्व हुनुहुन्थ्यो होला जस्तो लाग्थ्यो । धेरै फुटकर कविता लेख्ने कविहरू राष्ट्रिय व्यक्तित्व भएका छन् । यसको मूल कारण गायक नारायण गोपाल थिए । नारायण गोपालले सुरूमा रत्नशम्सेरका गीत गाए । उनी एकैनासको शैलीमा रमाउन नचाहने भएकाले गीत संगीतमा नयाँ आयाम थप्न चाहन्थे । उनी समयअनुसार नयाँनयाँ सर्जक खोज्दै हिड्थे रे । नारायण गोपालकै गीतले हरिभक्त कटुवाल र कालीप्रसाद रिजाललाई कविका कित्ताबाट झिकेर सशक्त गीतकारका रूपमा स्थापित गराएका थिए रे । आज उनीहरू राष्ट्रिय व्यक्तित्व ठहरिन पुगेका छन् । उनले नयाँ सर्जक खोज्ने क्रममा दिव्य खालिङ् जस्ता व्यक्तिले पनि प्रसिद्धि पाए रे । हुनसक्थ्यो कवि भेषबहादुर कँवर पनि आज तिनै गीतकारका पंक्तिमा उभिएको सुन्न, देख्न पाइन्थ्यो । एउटा लेख लेख्नुपर्‍यो भनेर कवि, गीतकार, गायक र युगीन नायकका रूपमा उहाँबारे चर्चा गरें (शिक्षकबारे होइन) लेख तयार भयो, तर कहाँ छपाउने ? नयाँ वर्षमा महेन्द्र मा.वि.बाट शैल-सन्देश प्रकाशित हुन्छ, त्यहीं दिनुपर्ला भनेर सोचेर गएँ तर शैलसन्देशका सम्पादकले बाहिरी मान्छेको नराख्ने भन्ने निर्णय भएको छ भनेर लेख हेर्नु पनि भएन । त्यसपछि लेख कहाँ गयो थाहा भएन ।

धेरै समयपछि वि.सं. २०७३ तिर हुनुपर्छ मेरा मामा, भेषबहादुर कुँवर 'प्रयासी' अचानक काठमाडौं, बुद्धनगरमा भेट हुनुभयो । अभिवादन र भलाकुसारीपछि उहाँले भन्नुभएको थियो 'आँखा कमजोर भएका थिए अहिले ठीक छन् । सब ठीक हुन्छ, यस्ता जाबा सुगर, प्रेसर त हामी उडाइदिन्छौं भन्छन् केटाहरूले' । उहाँ बिरामी परेर काठमाडौं आउनुभएको रहेछ तर उहाँको आत्मबल बुझ्दा र अरू कुराकानी गर्दा केही भएको छैन जस्तो देखिनुहुन्थ्यो । फेरि वि.सं. २०७५/०७६ तिर उहाँ बिरामी पर्नुभयो । धेरै पटक भेट भयो । उहाँको आत्मबल दह्रो थियो । केही समयपछि अन्तिम भेट भने वीरेन्द्र प्रहरी अस्पताल महाराजगञ्जमा भएको थियो । बिरामी लुते शरीर लिएर बेडमा पल्टिरहँदा अलिकति हाँसो देखाएर 'खै के हुन्छ ठीक पार्छम् भन्छन्' भन्नुभएको थियो । त्यो नै उहाँको मेरो निम्ति अन्तिम बोली थियो, जसमा उहाँको दरो आत्मबल खस्केको र जीवनको आशा मारेको भाव आउँथ्यो । म सान्त्वना दिनुबाहेक के गर्न सक्थें र ! भेट भएको केही दिनपछि २०७६ जेठ १७ गतेको दिन उहाँको मृत्युको खबर आयो । मनमनै गमें - एक प्रतिभाशाली व्यक्तित्वको अवसान भयो । श्रद्धाञ्जलिका आँसु बगाउनुबाहेक केही गर्न सकिएन ।

ooo

# मेरो दृष्टिमा भेषबहादुर दाइ

✍ **महेन्द्र पाण्डेय**
**रेसुङ्गा नगरपालिका-१, तम्घास, गुल्मी**
**हाल-काठमाडौं**

२०७६ सालको जेठ १७ गते बिहान ७ बजेतिर भाइ किरण कुँवरले बुबा भेषबहादुर कुँवरको निधन भएको खबर गरे । किरणको खबरपछि म एकछिन मूर्छित जस्तै भएँ । भेषबहादुर दाइले दिएको शिक्षा मात्रै नभएर नैतिक र राजनीतिक शिक्षालाई झलझली सम्झिएँ ।

केही दिन अगाडि नेपाल प्रहरी अस्पतालमा मिर्गौलाको डाइलाइसिस गर्दा भाउजू अमृतासँग दिनभर बसेको पनि सम्झिएँ । मलाई रेसुङ्गा प्रा.वि.मा अमृता भाउजूले हात समाएर लेखाउनुभयो र कान समाएर पढाउनुभयो ।

कक्षा उत्तीर्ण गरेपछि महेन्द्र नमूना व्यावसायिक माध्यमिक विद्यालयमा श्रद्धेय गुरु मैले जीवनभर दाइको नाताबाट सम्बोधन गर्ने भेषबहादुर कुँवरले पढाउनुभयो । भेष दाइले किताबी ज्ञान मात्रै नभएर नैतिक र राजनीतिक ज्ञान पनि मलाई दिनुभएको हो ।

पञ्चायती कालरात्रिहरूमा हाम्रो लुक्ने र छिप्ने काम भेषबहादुर कुँवरकै घरमा हुन्थ्यो । बहुदलीय व्यवस्थाको आगमनपश्चात् पनि हामीले भेषबहादुर दाइको घरलाई सेल्टरका रूपमा लिने गरेका थियौं ।

भेषबहादुर दाइ शिक्षक मात्रै नभएर गीतकार, गायक र साहित्यकार पनि हुनुहुन्थ्यो । भेषबहादुर दाइले म कक्षा ४ मा पढ्दा दिएको एउटा सजाय अहिले पनि स्मरण गर्छु । स्कूलपछाडि एउटा पोखरी थियो । मलगायत सुजित पौडेल, निरज, नाङ्गै पौडी खेलिरहेका थियौं । त्यही बेला भेषबहादुर दाइले कपडा लगिदिएर कक्षामा नाङ्गै साथीहरूका अगाडि सजाय दिएको कुरा आज पनि मेरो मानसपटलमा झलझली आइरहन्छ ।

झण्डै तीन दशकभन्दा बढी शिक्षण पेशामा रहनुभएका भेष दाइले आफ्नो जीवनभर सम्पत्तिलाई खासै महत्त्व दिनुभएन । तम्घासको धागिथुममा रमाएर बसेको उहाँको परिवार जस्तो सुखी र खुसी अरू देख्न पाइन्नथ्यो ।

जुन बेला धागिथुमवासीले लालपुर्जामा कित्ता थप्न हानथाप गर्थे त्यसबेला भेषबहादुर दाइले लालपुर्जामा कित्ता थप्ने होइन सन्ततिलाई शिक्षा दिनुपर्छ भनेर छोराछोरीको शिक्षामा ध्यान दिनुभयो । हिजो लालपुर्जामा कित्ता थप्नेभन्दा सन्तानलाई शिक्षा दिने भेषबहादुर दाइ आज धेरै अगाडि हुनुहुन्छ ।

भेषबहादुर दाइ किरण पुस्तकालयको कोषाध्यक्ष हुनुहुन्थ्यो । पुस्तकालयबाट प्रकाशित हुने 'हाम्रो पुरुषार्थ' सम्पादक मण्डलमा रहनुभएका उहाँका कृति सयौंको संख्यामा प्रकाशित छन् । किरण पुस्तकालयबाट आयोजित एक कार्यक्रममा उहाँले मलाई कान्छा २६ सय वर्षअघि जन्मेका बुद्धको मात्रै चर्चा गर्ने होइन सके आफै बन नभए बुद्ध जन्माउने कोसिस गर्नुपर्छ भन्नुभएको कुरा आज मैले स्मरण गरें ।

भेष दाइले मलाई नैतिक शिक्षा दिने क्रममा एकपटक उमेरसँगै मान्छेले टेन्सन पनि बढाउँछ । दश वर्षकालाई त्यति तनाव हुँदैन जति बीस वर्षकालाई हुन्छ । तीसलाई अझ बढी तनाव हुन्छ । यही कुरा व्यक्तिबाट बढेर संघ-संस्थामा जाने कुरालाई कहिल्यै बिर्सनु हुँदैन भन्नुभएको थियो ।

ढुङ्गे युगदेखि शृङ्खलाबद्ध संघर्षले मान्छेलाई बहुत बुढो बनाइदिएको छ । जे चिजमा महत्त्व छ, त्यही गर्छ । त्यसै कारणले होला भेषबहादुर कुँवरले शिक्षालाई बढी महत्त्व दिनुभयो । शिक्षालाई पेशा र प्रजातन्त्रलाई राजमार्ग देख्नें उहाँले पछिल्लो समयमा राजनीतिक नेतृत्वको अदूरदर्शिताका कारण प्रजातन्त्र नै संकटमा परेको बताउनुहुन्थ्यो ।

लामो समय शिक्षण पेशामा रहनुभएका भेषबहादुर कुँवरको शरीरबाट पछिल्लो समय राजनीति हराइसकेको हो कि भन्ने आभास पनि पाइन्थ्यो । मैले भेषबहादुर कुँवरलाई शिक्षकका रूपमा भन्दा अभिभावकका रूपमा बढी लिएकोले होला वास्तवमै हाम्रो मित्रता एकै घरको जस्तो थियो । त्यसैले होला भाउजूलाई मेडम र दाइलाई सर भनेर सम्बोधन गर्न कहिल्यै आएन ।

भेषबहादुर कुँवरको अनुहारमा कहिल्यै रिस देख्न पाइएन । प्रायः बोल्दा साहित्यिक तरिकाले छेड्ने उहाँको अन्तिम दिनसम्म पनि मुस्कुराहाट थियो । उपचारमा संलग्न चिकित्सकले उहाँको कलात्मक वाक्य सुनेर दंग हुन्थे ।

मृत्युवरण गर्ने केही दिनअगाडि तम्घास खानीगाउँका वसन्त भुजेल दाइ र म नेपाल प्रहरी अस्पतालमा भेट्न जाँदा उहाँ बिरामी हो भन्ने लागेन । डाइलोसिस गराएर बेडमा आएको बिरामीले पेट मिचिमिची हँसाउला भनेर कल्पनासमेत गर्न सकिन्न । तर, त्यसदिन भेष दाइले हामीलाई अत्यन्तै हँसाउनुभयो ।

यथार्थमा भन्नुपर्दा उहाँ विलक्षणताका धनी हुनुहुन्थ्यो । जहाँ बस्यो त्यहींबाट तुरून्तै जुनसुकै विषयमा कविता लेख्न र प्रस्तुत गर्न सक्ने क्षमता उहाँमा थियो । एक मानिस अनेक कला भएका उहाँलाई हामीले गुमाएको वर्ष दिन भयो । उहाँको अभाव किरण पुस्तकालय र सिङ्गो जिल्लाले महसुस गरेको छ । प्रथम वार्षिकीका अवसरमा मेरा अभिभावक दाजु भेषबहादुर कुँवरप्रति भावपूर्ण श्रद्धाञ्जलि ।

ooo

# कवि भेषबहादुर सरसँगको सामीप्यता

✍ **गोपाल पन्थी**
**रे.न.पा.-२, तम्घास, गुल्मी**

मेरो विद्यालय उमेरको २०३८ साल वैशाखलाई सम्भिंदा तम्घासको चिदीचौरमा अवस्थित महेन्द्र हाई स्कूल र मलाई पढाउने सरहरू - ध्रुवराज पन्थी, शशि पन्थी, पद्मप्रसाद पन्थी, हेमराज मरासिनी, छवि खरेल र भेषबहादुर कुँवरका नामहरू अगाडि आउँछन् । म विगतको सम्भनामा हराउँदा त्यो मेरो क्षेत्रमै कहलिएको महेन्द्र नमूना व्यावसायिक माध्यमिक विद्यालयको ढुङ्गे कलात्मक विद्यालय भवनको शिरभागमा राखिएको साइनबोर्ड, काठे बार्दली, साना साना कक्षाकोठा, स्कूलपछाडि करेसाबारी, उत्तर कुनामा माछा पोखरी, बैंसका लाम लागेका बुटाहरू, पूर्वपट्टि नयाँ आधुनिक विद्यालय भवन, अगाडि ठूलो चिदीचौर, खरीका विशाल हरिया बोटहरू, चौरको मध्यभागको माथिपट्टि आकर्षक सार्वजनिक सभा मञ्च र त्यसको अगाडि दुई साना सिंहका आकृति जहाँ हामी फुर्सदको समयमा पालैपालो लिर्केटी खेल्थ्यौं ती सबै भल्भली देखिन्छन् । मेरो बालापन, विद्यालयको त्यो मनोरम वातावरण, बर्खामा चिदीजस्तै देखिने, खुट्टा टेक्दा हल्लिने, चारैतिर मूल फुटेर पोखरी जस्तै भान हुने चिदीचौर, चौरको कुनामा कुलाको गडगडाहट, ती श्रद्धा र आस्थाका प्रतिमूर्ति सरहरू, चकचके सहपाठी मित्र र तिनीहरूसँगका चर्तिकलाहरू सबै एक एक गरी फिलिमका पर्दाहरूमा देखिएभैं आउन थाल्छन् । यी सम्भनाका पानाहरूभित्र भेषबहादुर सरको आकर्षक तस्वीर स्पष्ट देखिन्छ । श्याम वर्ण, मभौला कद, छाँटिएको जिउडाल, कान्तिमय मोहोडा, ओंठमा मुस्कान, वात्सल्यले भरिएको, मायाले छचल्किएको एउटा प्रतिमूर्तिलाई हामीले गुरुको रूपमा पाएका थियौं ।

म त्यतिखेर कक्षा आठको विद्यार्थी थिएँ । हामीले २०० पूर्णाङ्कको ऐच्छिक विषय कृषि वा कार्यालय सञ्चालनमध्ये कुनै एउटा रोज्नुपर्थ्यो । हामी धेरैले भेषबहादुर सरले पढाउने कृषि विषय नै रोज्यौं । सरको मायापूर्ण वात्सल्यभाव र उहाँको व्यक्तित्वले हामीलाई तानेको थियो । तत्कालीन समयमा विद्यालयको गुरुकुल परिवेश र विद्यार्थीहरूमा कडा अनुशासन भएर नै होला सरहरूलाई देख्दा हामीलाई ज्यादै डर लाग्ने भएकोले हामीमा सरहरूसँग दोहोरो सम्वाद गर्ने साहस हुँदैन्थ्यो । त्यस्तो परिवेशमा कवि सरले विद्यार्थीले तत्काल अनुभूत गर्ने गरी माया गर्ने, हाम्रो मनोभावना बुझेर हामी जस्तै भएर व्यवहार गर्ने, मुसुक्क हाँसेर हामीलाई हँसाएर मात्रै बोल्ने, पढाउँदा गीत, कथा, कविता, चुटकिला र उदाहरणहरू दिने, विद्यार्थीहरूलाई आफूले जानेका र रहर लागेका कुराहरू प्रस्तुत गर्न अभिप्रेरित गर्ने, पालैपालो अवसर प्रदान गर्ने, कक्षाकोठाबाहिर चौरमा लगेर घाम तपाएर पढाउने, रूमालचोर, चोरपुलिस जस्ता खेलहरू कक्षाको

अन्त्यमा खेलाएर रमाइलो गराउने, कृषिको अभ्यास कार्यका लागि विद्यालयपछाडिको करेसाबारीमा लगेर समूह-समूहको प्रतिस्पर्धा गराउने, पुस्तकालयमा लगेर पत्रपत्रिकाहरू पढ्न लगाउने, कविता लेख्न लगाएर शैल-सन्देश पत्रिकामा प्रकाशित गरिदिने जस्ता कार्यले हामी कवि सरसँग ज्यादै झिम्मिएका र काखिखएका थियौं । यस्तै हाम्रो विद्यालयभित्रकै दैनिकी र सरसँगको सामीप्यताले समय घर्केको पत्तै भएन ।

मैले २०४० सालमा त्यहींबाट एस्.एल्.सी. उत्तीर्ण गरी पुनःसोही विद्यालयमा सञ्चालन भएको रेसुङ्गा क्याम्पसको आई.ए.मा भर्ना भएँ । आई.ए.का कक्षाहरू बिहानी सत्रमा सञ्चालन भएकाले कवि सरसँग अक्कलझुक्कलले मात्र विद्यालयमा भेट हुन थाल्यो । यद्यपि हाम्रो सामीप्यतामा भने खासै कमी हुन् पाएन । मैले २०४१ देखि २०४४ सालसम्म किरण पुस्तकालय, गुल्मीमा स्वयंसेवक कर्मचारीको रूपमा काम गरें । कवि सर पनि पुस्तकालय सञ्चालक समितिको कोषाध्यक्ष तथा पुस्तकालयबाट प्रकाशित 'हाम्रो पुरुषार्थ' पत्रिकाको सहायक सम्पादक हुनु भएकोले दुबैको कार्यथलो किरण पुस्तकालय नै हुन गयो । विद्यालय समयका अतिरिक्त पुस्तकालयमा सरको बाक्लो उपस्थिति हुँदो रहेछ । उहाँकै सामीप्यतामा मैले पुस्तकालय र साहित्य सिर्जनासम्बन्धी धेरै आधारभूत कुराहरू हासिल गरें । सरको व्यक्तित्व, दैनिकी, क्रियाकलाप र साहित्य सिर्जनाले मलाई लोभ्यायो । मैले सरको सल्लाह र सहयोगमा आफूलाई ढाल्ने प्रयत्न गरें । सरको व्यक्तित्व र प्रतिभालाई नजिकबाट नियाल्ने अवसर प्राप्त गरें । सरले पुस्तकालयको स्थापनादेखि नै आफ्नो जीवनभर विभिन्न भूमिका र अस्तित्वमा रहेर पुस्तकालयलाई योगदान गर्नुभएको र आफ्नो जिम्मेवारी पूरा गर्नुभएको अवस्था भेटियो । उहाँका सिर्जनाहरू 'हाम्रो पुरुषार्थ'का प्रायः सबै अङ्कहरूमा जीवनभर आइरहे ।

पुस्तकालयमा विभिन्न साहित्यि कार्यक्रमहरू हुँदा, पुस्तकालय दिवस मनाउँदा, कविजयन्तीलगायतका नियमित गोष्ठी र सभा समारोहरू हुँदा कवि सर नै आकर्षणका केन्द्र हुनुहुन्थ्यो । कार्यक्रम जे सुकै भए पनि उपस्थित सबैको ध्यान आज कवि सरले कस्तो गीत गाउनुहुन्छ ? कस्तो कविता सुनाउनुहुन्छ ? भन्नेमा नै केन्द्रित हुन्थ्यो । स्थानीय सालेजो, असारे भाकालगायतका झ्याउरे लयमा सुनाउने गीत र कविताले समय समयमा किरण पुस्तकालय गुञ्जायमान हुन्थ्यो । सरको मौलिक सिर्जना, कोकिल कण्ठ र हाउभाउसहितको कलात्मक प्रस्तुतिले कार्यत्रस्मको माहोललाई नै तताउने काम गर्थ्यो । आज पनि प्रत्येक कार्यक्रममा उहाँको कमी खड्किएको छ ।

सरको सामीप्यताकै कुरा गर्दा त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पाबाट मैले २०५८ सालमा एम.ए. अध्ययन गर्दा **'नेपाली कविता विधामा हाम्रो पुरुषार्थ पत्रिकाको**

**योगदान'** शीर्षकमा शोधपत्र तैयार गरें । यसमा 'हाम्रो पुरुषार्थ' का ४२ वटा अङ्कमा प्रकाशित जम्मा ३१० वटा कविताहरूको अध्ययन गर्नुपर्‍यो । तीमध्ये कवि भेषबहादुर सरका अनुष्टुप्, शिखरिणी र शार्दूलविक्रीडित छन्दमा लेखिएका ५ वटा र गद्यमा लेखिएका १७ वटा कविताहरू प्रकाशित भएका थिए । पुरुषार्थको पहिलो अङ्क (२०३०) मा सरको **'गइन् तिनी दुलही बनेर'** शीर्षकमा नारी वेदनालाई समेटेर करूण रसले भिजेको, अनुप्रासयुक्त, लयात्मक, भावप्रधान गद्य कविता प्रकाशित भएको थियो । विशेष गरी सरले गद्य कवितामा नैं बहार ल्याउनुभएको छ । उहाँका कवितामा गागरमा सागर अटाउने खुबी देखिन्छ । समय र सन्दर्भलाई च्याप्प समातेर विषयवस्तुलाई कवितात्मक स्वरूप प्रदान गर्नुका साथै सामाजिक विकृति र विसङ्गतिहरूप्रति निडर भएर व्यङ्ग्यात्मक झापड हान्नमा सर खप्पिस देखिनुहुन्छ । सरका कविताहरू मातृप्रेम, प्रकृतिप्रेम, राष्ट्रप्रेम, नारी वेदना, गरीबहरूको नियतिबोध, मृत्युबोध, सामाजिक असमानता, भेदभाव, अन्याय-अत्याचार, राजनीतिक विकृति, विसङ्गति जस्ता विषयहरूमा केन्द्रित देखिन्छन् । एक रातको मेरो सपना, वानरको दृष्टिमा मान्छे, सारेगमको दैनिकी, मेरी आमाका पाइलाहरू, काल र म, खोन्द्राभित्रको भाले, भान र आमा तिम्रो दुधलाई बधाइ कविता सरका **'हाम्रो पुरुषार्थ'**मा प्रकाशित उदाहरणीय दमदार कविताहरू हुन् ।

मैले २०६७ सालमा पुनः तानसेन बहुमुखी क्याम्पस पाल्पाबाट नेपाली विषयमा एम्.एड्. गर्दा **'गुल्मेली उप-भाषिकामा प्रचलित विशेष शब्दहरूको सङ्कलन, विश्लेषण र प्रयोगको अध्ययन'** विषयमा शोधपत्र लेखें । उक्त शोधपत्र लेखनको क्रममा मलाई कवि भेषबहादुर सरबाट स्थानीय शब्दहरूको संङ्कलन र तिनको प्रयोगको अवस्था अध्ययनको लागि विशेष कच्चा सामग्री र सहयोग प्राप्त भयो । स्थानीय शब्दहरूको खोजी र सङ्कलनमा सरका रचना तथा सरसँगको कुराकानीबाट मैले धेरै शब्दहरू सङ्कलन गर्ने मौका पाएँ ।

कवि सर स्थानीय सदाबहार कविको रूपमा पनि चिनिनुहुन्छ । उहाँले सरल र सरस भाषाशैलीमा प्रशस्त गुल्मेली उपभाषिकाका प्रचलित शब्दहरूको प्रयोग आफ्ना सिर्जनाहरूमा गर्नुभएको छ ।

कवि सरले सधै डायरी हातमा लिएर हिड्ने, जहिले र जहाँ पनि सजिलेरी कविता कोर्ने र हामीलाई सुनाउने गर्नुहुन्थ्यो । सरको लेखनीले निरन्तरता पाए पनि पुस्तकाकारको रूपमा **'बादल'** कविता-संग्रहसहित ४ वटा कविता संग्रहहरू बाहिर आएका छन् । यद्यपि सरका कविता हाम्रो पुरुषार्थ, शैल सन्देश, विद्या, गुल्मी ज्योति, दीप ज्योति जस्ता दर्जनौं स्थानीय तहबाट प्रकाशित हुने पत्र पत्रिकाहरूमा नियमित प्रकाशित भएका छन् । सरका रचनाले कैयौं डायरीका पानाहरू अवश्य पनि भरिएको हुनुपर्छ । अप्रकाशित रचनाहरू पनि प्रशस्तै

हुनुपर्छ । अतः ती रचनाहरूको खोजी, सङ्कलन, व्यवस्थापन र प्रकाशनको जिम्मेवारी विशेष गरी परिवारजनमा थपिएको छ । आगामी दिनमा कवि सरका अन्य प्रकाशनहरू पनि क्रमशः बाहिर आउँदै जाऊन् । गुल्मी जिल्लाको साहित्यिक इतिहासमा कवि भेषबहादुर कुँवर एउटा युग नै हुनुहुन्छ । सम्बद्ध सबैको सक्रियतामा 'कवि भेषबहादुर साहित्यिक प्रतिष्ठान' स्थापना हुन सके उक्त प्रतिष्ठानमार्फत जिल्लामा निरन्तर साहित्यिक गतिविधिहरू सञ्चालन भई उहाँलाई सम्झने वातावरण सिर्जना गर्ने भावना जागृत होस् भन्ने कामनासहित हाम्रा श्रद्धेय गुरु कवि सरप्रति भावपूर्ण शब्द-श्रद्धाञ्जलि अर्पण गर्दछु ।

ooo

हामी लाछी स्याल होइनौं है
हाड र छाला लुछ्ने खालि ।
हामी झिङ्गा पिउसा होइनौं
चुस्ने टोक्ने दुष्ट मात्र ।
मानव क्षणका वीर हामी हौं
युगका हामी वरदान हौं ।
सिंगारी छाडौं स्वराष्ट्र हाम्रो
कर्मी हौं सबै नेपालका ।
सृष्टि पायौं सङ्गै सङ्गै
नारी र पुरुष एकै हौं ।
एउटैका हौं सन्तति हामी
सङ्गसङ्गै हुर्की बढेका ।
गरेरै जानु छ ठगेर होइन
झिक है झिक सबले जोश ।
गाउँ नबने देश बन्दैन ।
राख है सबले दिलमा होश ।

*– (भेटघाट, वर्ष २, सम्पूर्णाङ्क ५, २०३० मा प्रकाशित प्रयासीको 'हामी युगका कर्मी हौं' शीर्षकको कवितांश)*

# बुबाका बारेमा मेरा गन्थनहरू

✍ **डा. विजयजंग कुँवर**
**रेसुङ्गा न.पा.-२, गुल्मी**
**हाल : अमेरिका**

२००५ साल भदौ १५ गते हजुरबुबा प्रतिमान कुँवर र हजुरआमा डम्मरकुमारी कुँवरका तीन सन्तानमध्ये दोस्रो सन्तान तथा कान्छो छोराको रूपमा जन्मिनुभो हाम्रा बुबा । भजन कीर्तनमा गुल्मी जिल्लामै लोकप्रिय हजुरबुबा र सुरिलो स्वरकी धनी हजुरआमाका तीनै जना सन्तानहरूमा गीत-संगीतप्रति गजबको मोह र प्रतिभा थियो । नियतिको खेल, उहाँहरू सानै हुँदा बुबा-आमाको काख खोसियो र टुहुरा-टुहुरीको रूपमा जीवनको संघर्ष शुरू भो ।

चुनौतीपूर्ण टुहुरे जीवनमा ठूलो रुख बनेर बुबाहरूलाई छहारी र ओत दिने काम उहाँहरूकी ठूली फुपूले गर्नुभो । तीन भाइ हजुरबुबाहरूमध्ये माइलो र कान्छो (प्रतिमान) हजुरबुबाहरू सगोलमा बस्नुहुन्थ्यो । अविवाहित ठूली बहिनी (बुबाहरूकी फुपू) पनि उहाँहरूसँगै बस्नुहुन्थ्यो । टुहुराहरूको भाग्य हुन्छ भनेझैं माइतीमा बलियो पकड भएकी र कुरा खाइने/सुनिने फुपूले बुबाहरूलाई साह्रै माया गर्नुहुन्थ्यो । कसैले बुबाहरूलाई केही नराम्रो भने वा हेप्न खोजे **'यी टुहुरा-टुहुरी हुन्'** भनेर जाइलाग्नुहुन्थ्यो रे ।

त्यतिबेलाको परिवेशमा तम्घासमा एउटा मात्र स्कूल थियो । छोराछोरीको पठनपाठन मुख्य चासो र महत्त्वको कुरा थिएन । पढ्ने उमेरका बुबाका दमाली दौंतरीहरू दाउरा-घाँस गर्ने, गाइबस्तुको स्याहार गर्ने, भर्ती हुन वा अन्य जागिरको लागि भारततिर जाने लहर थियो । बुबाले चाहिं सानैदेखि पढ्नमा विशेष चाख र रुचि देखाउनुहुन्थ्यो रे । बुबाको पढाइप्रतिको मोह र लगनशीलता देखेर उहाँकी फुपू औधी खुशी हुनुहुन्थ्यो रे । घरका कामहरू बुबालाई गर्न नदिने, **'यसले धेरै पढ्नुपर्छ, ठूलो मान्छे बन्नुपर्छ'** भन्नु हुन्थ्यो रे ।

समय बित्दै गयो । बुबाका दमाली, दौंतरीहरू लाखापाखा लागे अनि छुट्दै गए । जेठो दाइ शिवबहादुर कुँवर स्कूल पढ्दा-पढ्दै भारततिर लाग्नुभयो । कान्छी बहिनीको पनि विवाह भयो । बुबाले चाहिं लगनकासाथ पढाइलाई निरन्तरता दिनुभो, आफ्नो र फुपूको सपना पूरा गर्ने अठोटका साथ ।

२०२८ साल आयो हामी सम्पूर्ण सन्ततिहरूको मिलनको बीजारोपण गर्ने सूत्रधारका रूपमा । आमा हुग्दिशिरस्थित आफू पढ्ने विद्यालयबाट छानिएर एउटा सांस्कृतिक प्रतियोगितामा भाग लिन तम्घास आउनुभएछ । त्यसबेला बुबा एस.एल्.सी. सकाएर रेसुङ्गा प्रा.वि. (अहिलेको मा.वि.) मा शिक्षक हुनुहुँदोरहेछ । गीत संगीतमा विशेष दख्खल राख्ने भएकोले उहाँ पनि उक्त कार्यक्रममा सहभागी हुनुहुँदोरहेछ । त्यहीं बुबा-आमाको भेट भएछ र एक अर्कालाई मन पराउनुभएछ ।

त्यो क्षण हामी सबैको मिलन गराउने अभिप्रायका साथ भावीद्वारा नियोजित मीठो क्षण थियो ।

हुग्दिशिर आमाका माइतीहरू राम्रै हुनेखाने हुनुहुन्थ्यो । माइतीमा सबैको लाडप्यारमा पुल्पुलिएर हुर्किएकी कान्छी छोरीलाई बिहे गरेर बुबाले आफ्नो माइलो बुबाको सामान्य घरमा भित्राउनुभयो । बिहे गरेर आएको सुरूका केही दिनसम्म मन भरङ्ग भयो भन्नुहुन्थ्यो आमाले । बुबालाई अति नै प्रेम गर्ने हुनाले आमाले बुबाको जीवन, उहाँको परिवार र बुहार्तनलाई सहजै अपनाउनुभयो । विवाहको केही समयपछि नै माइला र कान्छा हजुरबुबाका सन्तानहरू छुट्टिनुभो । बुबाहरूको भागमा गाई पाल्ने सानो गोठ (अहिलेको प्रयासी निवास) र अगाडिको बारी पर्‍यो । माइतीमा सबैको माया र सुखसयलमा हुर्किएकी चेलीलाई नियतिले लोग्नेसँग एउटा गाईगोठमा बस्ने बनायो ।

बुबाआमाले त्यो सानो गाईगोठलाई एउटा सुन्दर कुटी बनाउनुभयो । अनि त्यो सुन्दर कुटीमा समयक्रममा आठ जना सन्ततिहरू बुबाआमाको छहारीमा ओत लाग्न आइपुगे । हाम्रो परिवारको पहिलो सन्तान मैंया दिदी हुनुहुन्थ्यो जो बाल्यावस्थामै स्वर्ग हुनुभो । दिदीले मलाई बर्कोमा बोकेर छरछिमेकमा डुलाएको मधुरो धूमिल स्मृति छ आजसम्म । जेठी छोरी सानैमा भगवान्की प्यारी भएपछि छोरीको घिट्किसो थपियो बुबाआमालाई । चार भाइ छोराहरू ईश्वरी, विजय, रमेश र किरण पछि माया जन्मिई छोरीको रूपमा । आमाले भन्नुहुन्थ्यो, माया कोखमा बसेपछि एउटा सपनामा मैया दिदी आएर **'आमा'** भनेर बोलाउनुभाथ्यो रे । छोरी जन्मेपछि परिवारमा ठूलो खुशी छायो, मैया दिदीकै अंश आएजस्तो भयो । छोरा जन्मिदा हर्षबढाइँ गर्ने र छोरी जन्मिदा नाक खुम्चाउने त्यतिबेलाको परिस्थितिमा बहिनी मायाको न्वारनमा परिवारमै पहिलो पटक बाजागाजासहितको हर्षबढाइँ भयो, ठूलै भोजभतेर भयो । मायापछि बहिनी दया र कान्छो भाइ हेमन्त मिस्सिन आइपुगे बुबाआमाको कुटीमा ।

बाल्यकालमा हाम्रो परिवारमा गज्जबको रमाइलो थियो । गाउँमा बुबाआमालाई मास्टर-मास्टरनी भन्थे । बुबाले आइ.एड.सकाएर चिदीचौरमा रहेको हाई स्कूल (अहिलेको महेन्द्र मा.वि.) मा पढाउनुहुन्थ्यो, आमाले चाहिं एस.एल.सी. सकाएर हाम्रै घर तलतिरको प्राइमरी स्कूल (अहिलेको रेसुङ्गा मा.वि.) मा पढाउनुहुन्थ्यो । हरेक दिन कोही न कोही पाहुनाहरू आइराख्ने घर थियो हाम्रो । दिउँसो बुबाआमा दुबै जना पढाउन स्कूल जानुहुन्थ्यो । बिहानपख छरछिमेकका महिलाहरू चिया खाँदै कुरा गर्ने बहानामा जम्मा हुन्थे । साँझपख बुबाका साथीहरू जम्मा भएर मदिरा पिउँदै रमाइला रमाइला गफहरू चुट्थे । शनिबार बिदाका दिन अरूबेला भन्दा ठूलो जमघट हुन्थ्यो । हामीहरू चाहिं घरमा कोही पाहुना आउनेबित्तिकै खुब खुसी हुन्थ्यौं, माहोल नै रमाइलो लाग्थ्यो ।

बुबाले साँझमा हाम्रो लागि एउटा नियम बनाइदिनुभाथ्यो : टुकी बालिसकेपछि सबैभन्दा पहिला टुकीलाई ढोग्ने, त्यसपछि बुबाआमालाई ढोग्ने, अनि घरमा जो

जो छन् सबैलाई नाताअनुसार ढोग्ने/नमस्कार गर्ने । अहिले सम्झन्छु–आफूभन्दा ठूलाप्रति अनुगृहित हुन र आदर गर्न सम्झाइराख्ने संस्कार थियो त्यो । कहिलेकाहीं साँझ खान खानुभन्दा पहिले हामी सबैलाई राखेर बुबाले पुराना लोककथा, दन्त्यकथाहरू सुनाउनुहुन्थ्यो । कथा भन्ने साँझ छुट्टै रमाइलो लाग्थ्यो, सबै जना गुट्मुटिएर बुबाको अगाडि जम्मा हुन्थ्यौं । राति निद्रा नलागेको बेलामा चाहिं कथा भन्ने पालो आमाको हुन्थ्यो । अलिबाबा, छट्टु ज्वाइँ, शिशिर वसन्त र सुन्केस्राका कथा सुनेर कहिल्यै थाकिंदैनथ्यो ।

बुबाको कडा अनुशासन र आमाको पुल्पुलाहटको बीचमा हामी सबैका बालापन बिते । बुबाको आवाज सुन्दैमा मन झसङ्ग हुन्थ्यो सानोमा । अझ आफ्नो नामै लिएर बोलाउनुभो भने त पूरै जीऊ जिरिङ्ग हुन्थ्यो, चीसो हुन्थ्यो । के गल्ती गरिएछ, अब नराम्रोसँग पिटाइ खाने भइयो भन्ने डरले सातो जान्थ्यो । बुबाको डरले अतास्सिएर बतास्सिंदै कैयौं पटक आमाको सारीमा लुटपुटिएका बालापनका क्षणहरू हिजोजस्तै लाग्छन् । आमाले 'हैन यो के गरेको ? छाडिदिनुस् !' भनेपछि बुबा शान्त हुनुहुन्थ्यो । यता आफूलाई आज त बाँचियो भन्ने हुन्थ्यो ।

अहिले जमाना र परिस्थिति फेरिएको छ र संगसँगै सोंचाइहरू पनि बदलिएका छन् । इन्टरनेटको प्रभावले दुनियाँलाई दिन प्रतिदिन गाँज्दै लगेको छ । बालअधिकार र मानवअधिकारका नाराहरू बुलन्द बनेका छन् । परिवारभित्रै बसेर पनि मान्छे मान्छेबाट घेरिएको छैन, यन्त्रहरूबाट घेरिएको छ । त्यसैले परिवारभित्रै मान्छे एक्लो छ । सम्बन्धहरू खुकुला, पातला र सतही बन्दै गइरहेका छन् । बाउले छोरालाई सम्झाउँदा डराउनुपर्ने अवस्था बन्दै गइरहेको छ, पिट्ने र गाली गर्ने त धेरै परको कुरा । भोलिका दिनहरूमा बुबाको कडा अनुशासन, डर र संस्कारको कुरा दन्त्यकथा जस्तै लाग्ला । म चाहिं मेरो जिन्दगीलाई सत्कर्ममा बिताउने एउटा कडीको रूपमा बच्चैदेखि अनुशासनको गोरेटो खनिदिने मेरा बुबाप्रति जीवनभर कृतज्ञ छु । बुबाको सन्तान भएर जन्मिन पाएकोमा निक्कै गौरवान्वित छु ।

बुबाको मन एकदमै सफा थियो । कहिल्यै कसैको नराम्रो नगर्ने र कुभलो नचिताउने पनि । आफ्नो जिन्दगी चाहिं धेरै हदसम्म बिन्दास रूपमा बिताउनुभो बुबाले, एउटा बच्चाले जस्तै । जहिले पनि आनन्दित, सकारात्मक सोंच र अत्यन्तै बलियो इच्छाशक्तिका साथ बाँच्नुभो । उहाँको आफ्नै प्रकारको दैनिकी थियो । आफ्नो जिन्दगी आफ्नै तरिकाले सरल रूपमा जिउने एउटा बिन्दास कवि मनको व्यक्तित्व । आफ्नो जीवनचर्याका बारेमा कसैका टीकाटिप्पणीलाई मतलब पनि गर्नुहुन्नथ्यो, मन पनि पराउनुहुन्नथ्यो । दुनियाँको चासो र नजरसँग बेपर्वाह, आफ्नै सरल जीवनशैली र आदर्शसँग मग्न भएर सारा जीवन बिताउनुभो ।

बुबालाई खुशी हुन ठूलाठूला कुरा चाहिन्नथे । स–साना कुरामै एकदम खुशी हुने उहाँको बानी थियो – एउटा बच्चाको जस्तै । 'आहा' र 'स्याबास' बुबाको मुखबाट

मैले सबैभन्दा बढी सुनेका शब्द हुन् । कसैको राम्रो समाचार, प्रगतिका कुराहरू सुन्दा र प्रकृतिका मनोरम दृश्यहरू देख्दा साह्रै आनन्द मान्नुहुन्थ्यो । ठूला-साना सबैलाई समानरूपले माया गर्ने बुबाले कहिल्यै कसैको आरिस गर्नुभएन । कुरा गर्दा व्यंग्य मिसाएर ठट्टा गर्ने बानी थियो । बुबाको निशानामा प्रायः ठट्टा नबुझ्ने मान्छे पर्थे, अनि कहिलेकाहीं अलि असजिलो परिस्थिति बन्थ्यो । घरमा हुने जमघटमा अलि सोझो र कुरा नबुझ्ने पाहुनालाई कुरैकुरामा 'तपाईंको अनुहार त हेर्दै चोरको जस्तो छ !' भन्दिनुहुन्थ्यो । आमा जिब्रो टोक्दै उता फर्कनुहुन्थ्यो, हामी मुखामुख गरेर मुसुमुसु हाँस्थ्यौं । पाहुना चाहिं बुबाको ठट्टा नबुझेर रातोपिरो हुन्थे ।

हरेक मान्छेमा हुने कमजोरीबाट बुबा पनि अपवाद हुनुहुन्थेन । मदिराप्रति अलि बढी मोह थियो बुबाको । सायद त्यतिबेलाको परिस्थिति, रहनसहन र साथीभाइहरूको संगतको परिणाम थियो त्यो । बुबाको त्यो बानीले कहिलेकाहीं घरमा सामान्य झै-झगडा पनि निम्त्याउँथ्यो । अनि घरका सबैले मिलेर बुबाको बानी सुधार्ने विभिन्न उपायहरू सोंच्थ्यौं, तर बुबाका मनमौजी स्वभावका अगाडि हाम्रा हरेक उपायहरू फिक्का भएर पाखा लाग्थे । हल्का मदिरा पिएको बेला बुबाको रसरङ र रौनक नै बेग्लै हुन्थ्यो, अरू बेलाभन्दा विशेष रमाइलो हुनुहुन्थ्यो । नढाँटी भन्छु, बुबाका धेरै जसो उत्कृष्ट कविता र गीतहरू थोरै मदिरा पिएपछि सृजित भएका हुन् । म सानै छँदाको बुबाको मदिरासम्बन्धी एउटा बानी सम्झिदा अहिले पनि हाँसो थाम्न सक्दिन । स्कूलमा साँस्कृतिक प्रतियोगिताको तयारी गर्ने जिम्मा आमालाई दिइन्थ्यो । आमाले गीत बनाइदिने जिम्मा बुबालाई दिनुहुन्थ्यो । बुबा चाहिं भने जस्तो गीत नफुरेर मदिरा खोज्नतिर लाग्नुहुन्थ्यो । मदिरासँग जोडिएका बुबाका कैयौं रमाइला किस्साहरू छन् जुन अर्को कुनै अवसरमा पोख्नेछु ।

बुबाको जीवनशैलीमा आमाले पूरापुर साथ दिनुभो, कहिल्यै कुनै ठूलो गुनासो गर्नुभएन । वास्तवमा आमालाई जीवनसाथी पाएर बुबा धेरै भाग्यमानी हुनुहुन्थ्यो । बुबाको पारिवारिक जीवनमा आइपरेका हरेक चुनौतीहरूलाई आमाले सर्लक्कै आफ्नो काँधमा लिनुभो र हरेक संघर्षका पहाडहरूलाई फोर्दै परिवारलाई अगाडि बढाउनुभो । आमाको माया, त्याग र समर्पणको पूरापुर हिसाब बुबाको मनभरि थियो । त्यसैले आमाले चाहेका र आँटेका हरेक कार्यहरूमा बुबाको पूर्ण समर्थन रहन्थ्यो । ढुकुरको जस्तो बुबाआमाको जोडीमा जीवनभर निकै गहिरो प्रेम थियो, एकअर्कासँग छुट्टिएर बस्नै नसक्ने ।

गएको वर्ष बुबा हामीलाई छाडेर जाने समयको वरिपरि अचम्मको संजोग जुर्‍यो । म भाग्यमा थोरै विश्वास गर्छु, त्योभन्दा धेरै गुणा विश्वास भगवान् र कर्ममा गर्छु । पोहोरको घटनाले भगवान्प्रतिको मेरो विश्वास अझै बढेको छ । आजभन्दा २ वर्ष अगाडि २०७५ साल साउन महिनामा बुबा असाद्धै बिरामी पर्नुभयो । पेट फुल्लिने, बोली लर्बरिने, धेरै कम्जोर हुने लगायतका व्यथाहरूले

च्याँप्दै लगेपछि बुबालाई केही समय अति सघन कक्षमा राखेर उपचार गर्नुपर्नेसम्मको स्थिति सिर्जना भयो । स्वास्थ्यले साथ नदिएको अफठ्यारो समयमा आमा, रमेश, किरण र बुहारीहरूले बुबालाई दरिलो साथ दिए । बुबाको उपचार र स्याहार-सुसारमा कुनै कमी राखेनन् ।

सात समुद्रपारि रहेका हामी तीन भाइ र परिवारले गर्न सक्ने कुरा भनेका केवल २ वटा थिए : बुबालाई ढाडस दिने र भगवान्सँग बुबाको स्वास्थयलाभको कामना गर्ने । आफूले चाहेको बेलामा बुबालाई भेट्न आउने वातावरण मिलाउन त्यति सजिलो थिएन । बुबासँग नियमित हुने भिडियो कलमा बुबाको स्वास्थ्य र दुर्बलता देखेर मन कुँडिन्थ्यो, भक्कानिन्थ्यो, तर बुबाको आत्मबल र निको हुने बलियो विश्वास देख्दा मन थामिन्थ्यो अनि आशा जागेर आउँथ्यो । एक दिन बुबालाई भेन्टिलेटरमा राखियो, अब स्वास्थ्यमा सुधार नआएसम्म परिवारका कसैलाई पनि भेट्न नदिने भन्ने कुरा आयो । १, २ जना डाक्टर र नर्सको नियमित निगरानी भइराख्ने र अरू मान्छे भेट्न जाँदा बिरामीलाई संक्रमण हुने जोखिम बढ्ने भएकोले त्यसो गरिएको रहेछ । अब यता त बुबालाई हेर्ने, कुरा गर्ने बाटो पनि बन्द भो र बचेखुचेको आशा पनि टुट्न थाल्यो.

मेरो जीवनमा मैले भगवान्लाई हजारौं पटक सम्फेको छु; पूर्ण श्रद्धा र भक्तिका साथ, अनि मनमनै धेरै धन्यवाद र आभार पनि प्रकट गरेको छु । तर २-४ पटक स्वार्थी भएर पनि भगवान् सम्फेको छु, अनि मेरो नासमफ मनबाट लेनदेनको प्रस्ताव पनि राखेको छु ।

त्यो दिन मैले फेरि स्वार्थी भएर भगवान् सम्फिएँ । हाम्रो पूजा कोठामा गएँ, भगवान्को अगाडि रूँदै शिर फुकाएँ, अनि भगवान्का कृपाले बुबालाई सन्चो भएमा नेपाल आएर तम्घास वरिपरिका मठमन्दिरका देवी-देउता, सुपादेउराली, भैरवस्थान, सिद्धबाबा, पशुपतिनाथ र बुढानीलकण्ठमा पुगेर पूजा अर्चना गर्ने र भगवान्को नाममा जोडी परेवा उडाउने भाकल गरें । अचम्मको संजोग, हप्ता दश दिनपछि बुबाको स्वास्थ्यमा सुधार आयो र केही दिनपछि हस्पिटलदेखि डिस्चार्ज हुनुभयो । मैले ठानें, भगवान्ले फेरि एकपटक मेरो पुकार सुन्नुभयो । मनमनै भगवान्लाई धन्यवाद दिएँ अनि छिट्टै नेपाल आएर आफ्नो भाकल पूरा गर्ने वाचा गरें ।

पोहोरको समरमा हाम्रो परिवारमा नेपाल जाने कुरा चल्यो । नेपाल गएर फर्केको पनि पाँच वर्ष भइसकेको थियो । मैले समरमा काम गर्नुपर्ने भएकोले मलाई जम्मा २० दिनको मात्र छुट्टी मिल्नेभो । नेपालतिर बुबा पनि ठिकै भएकोले र मेरो छुट्टी पनि निकै छोटो भएकोले श्रीमती निरू र ठूली छोरी प्रतिष्ठामात्र नेपाल जाने योजना बन्यो । उनीहरूको प्लेनको टिकट किन्ने बेलामा मेरो मन बदलियो । छोटो छुट्टी भए पनि मनले मानेन, एकपटक नेपाल गएर सबैलाई भेटेर आउँछु भन्ने भयो । बुबा, आमा, सबै परिवार, साथीभाइसँग भेट पनि हुने

र आफ्नो भाकल पूरा गर्न समय पनि पुग्ने देखियो, मन फुरुङ्ग भयो । म जाने भएपछि निरू पनि खुसी भइन् । छोराछोरीलाई भर्जिनिया ममी (निरूको आमा) कहाँ छोडेर त्यतैबाट हामी नेपाल उड्यौं ।

हामी नेपाल पुग्दा सबैको खुसीको सीमा रहेन । बुबा डायलाइसिसमा हुनुहुन्थ्यो, ठीकठाक हुनुहुन्थ्यो । शरीर निकै दुब्लो र अलि कमजोर थियो, तर आत्मविश्वास चाहिं गज्जबको बलियो । एक हप्ता काठमाडौंको बसाइपछि हामी गुल्मी गयौं । सबैसँग भेटघाट भयो । अनि मैले बाचा गरेका सबै देवस्थलहरूमा गयौं र भाकल पूरा गरेर काठमाडौं फर्कियौं । काठमाडौं फर्किएको एक हप्तामा म अमेरिका फर्किनुपर्ने थियो । त्यसको ठीक दुई दिनअघि बुबा हामी सबैलाई छाडेर ब्रह्मलीन हुनुभयो । अन्तिम अवस्थामा बुबासँगै बस्न पाएकोमा आफूलाई धेरै भाग्यमानी सम्झिन्छु र त्यो चाँजोपाँजो मिलाइदिने उनै विधाताप्रति अत्यन्तै कृतज्ञ छु ।

बुबाको क्रियाकर्म सकेपछि अमेरिका फर्कियौं र जीवनका दिनचर्याहरू फेरि सुचारू भए । बुबाका स्मृतिहरू र अन्तिम अवस्थाका क्षणहरू बेला बेलामा आउँथे, मन अमिलो र आँखा धमिलो बनाएर जान्थे । एक दिन साँझमा घरपछाडि ट्रेम्पोलिनमा छोरीहरूसँग खेल्दैथिएँ । सानी छोरी खुसीले अनायासै प्रश्न गरी, 'बाबा ! बुबा अहिले कहाँ होइसिन्छ ?' मैले आकाशतिर देखाएँ, सबैभन्दा चम्किलो तारा रोजें र भनिदिएँ, 'उ' ! बुबा त्यहाँ होइसिन्छ ।' अहिले पनि साँझपख ट्रेम्पोलिनमा खेल्दा छोरीहरू त्यो चम्किलो तारा खोज्छन् अनि 'उ' ! बुबा' भन्छन् । कहिलेकाहीं त्यो तारा भेटिंदैन अनि मेरो छेउमा आएर सोध्छन्, 'बाबा ! आज बुबा कहाँ गइस्यो ?' म चाहिं झ्यालको भित्रपट्टि साँझपख बलेको दियो र धूपबत्तीको मधुरो धुवाँपछाडि मैतिर फर्केर हाँसिरहेका बुबाको तस्वीर हेर्छु, अनि अर्कोपट्टि फर्केर छोरीहरूले थाहा नपाउने गरी आँखा धमिला बनाउँछु ।

भनिन्छ, मान्छेको जन्म र मरण भगवान्ले नै तोकिदिएका हुन्छन् र त्यसमा कसैको वश चल्दैन । विधाताले बुबालाई पनि केही जिम्मेवारीहरू र तिनलाई पूरा गर्ने निश्चित समयसीमा दिएर धर्तीमा पठाएका थिए । बुबा आफ्नो जीवनप्रति अत्यन्त सन्तुष्ट हुनुहुन्थ्यो र सन्तानको सुख र प्रगतिबाट धेरै खुसी हुनुहुन्थ्यो । हामी सबैका आ-आफ्ना जिम्मेवारी र समयसीमा छन्, सकाउने हो अनि जाने हो । बुबालाई हामीबाट चुँडाएर लाने विधातासँग मेरो कुनै गुनासो छैन, केवल यत्ति वन्दना छ : यदि मेरो पुनर्जन्म हुने भएछ भने मलाई फेरि पनि बुबाको सन्तान बनाएर जन्माइदेऊ ।

ooo

# प्रतिमानको कुटी

✍ **विश्वनाथ पन्थी**
**रे.न.पा.-१, गुल्मी**

संसार एउटा समुद्र हो । यस संसारमा पौडी खेल्ने माछा, कछुवा, गोही, गोहोरा, भ्यागुता आदि जस्तै हामीहरू पनि यस संसारमा खेलिरहेका छौं । कुनै पनि खेलमा टिम चाहिन्छ । त्यो टिममा खेल्ने खेलाडीहरूको एक टोली नेता या अध्यक्ष हुन्छ । मन, इन्द्रियहरू खेलाडी हुन् । यिनीहरू भित्री हुन् । बाहिरी खेलाडीको श्रीमती, छोरा, छोरी, नातागोता आदि खेलहरूका नाम हुन्छन् । कला, साहित्य, कृषि, व्यापार, उद्योग आदिमा जसको जे रुचि छ त्यसैमा रमाउने हाम्रो विचार हुन्छ । यसै संसारमा खेल्ने एक जना खेलाडी हुनुहुन्थ्यो प्रतिमान कुँवर । उहाँले खेल रोज्नुभयो गोपालन, कृषि र कृषिमा पनि फूलको खेती रुचाउने भएकोले फूलबारी तयार गर्नुभयो । गाईको लागि गोठ तयार गर्नुभयो । त्यसैमा रमाउनुभयो । राजा दिलीपको कथाबाट प्रभावित भएर होला गाईको सेवा गर्ने गोठमै बस्ने गर्नुहुन्थ्यो । विवाह पनि गर्नुभयो । त्यसै गोठलाई मन्दिर मानेर घण्ट झुन्डाउनुभयो । घण्टको आवाजसँग गुनगुनाउँदा एउटा भजन बनाउनुभयो । त्यो हो घननन घननन घन्ट बजे राम आदि । उहाँले कृषि गर्दा फूलको र स्वरको खेती गर्नुभएछ । उहाँका दुई छोरा र एक छोरी भए । विधिको विधान जन्मेपछि मर्नु पर्ने र छुट्टी भिन्न हुनुपर्ने हुन्छ । उहाँ पनि दाइसँग छुट्टी भिन्न भएपछि स्वरको खेती गर्नुभयो । राम्रो सब्लाएको थियो । ठाउँ राम्रो भएर होला छोराछोरीलाई बाँडिदिएर यस धर्तीबाट उहाँहरू बिदा हुनुभएछ । छोराछोरीले पनि स्वरमा लय ताल जोडेर सम्हाली राखे । कान्छालाई ज्यूनी पनि मिल्यो । त्यो हो साहित्य स्वर ताल लय । साहित्य सकी नसकी बोकेर रेसुङ्गातिर जाँदा गुर्धुमको भीरमा पुगेछन् । त्यहाँ एउटा गीत रचना गरेछन् । बोल हो - गुर्धुम्को भीरैमा । कविता, गीत, गजल सबै फुस्र्यो । त्यसै दिनदेखि कवि भेषबहादुर नामले परिचित भए । उनको स्वभाव जहाँ जे देख्यो केही रचना गरिहाल्ने । एक दिन छिमेकमा छोरीको विवाह रहेछ । त्यहाँ जाँदा एउटा कविता रचना गरेछन् । शीर्षक हो -गइन् तिनी दुलही बनेर भन्ने । दुईवटा रचना सुरूका हुन् । उनले धेरै कविता गजल बनाए । गीतको लय स्वर जनकविकेशरी धर्मराज थापाको जस्तो थियो । एक पटक किरण पुस्तकालयले भैलोको आयोजना गर्‍यो । भैलो भट्याउने उनै भए । उनको स्वरले गर्दा रकम राम्रै उठ्यो । उनले किरण पुस्तकालयमा ठूलो गुन लगाए । उनी पुस्तकालयका कोषाध्यक्ष बने । उनले आफूलाई फूलको कल्पना गरेका थिए । संसार फूलबारी हो भन्थे । मालीविना फूलबारीको सजावट हुँदैन भन्ने उनको धारणा थियो । इमानदार मालीहरू जन्मे । मलजल माटो मिलेर होला फूलहरू राम्रा फुले ।

बासना नेपालदेखि अमेरिकासम्म चल्यो । ती हुन् छोराछोरी - पाँच भाइ छोरा र दुई बहिनी छोरीका माता पिता विचार र स्वभावले सम्पन्न भएर पनि बाबाको कुटी यथावत् राखे । कुटीका खम्बा, गाराहरू, ढोका खोलेर हेर्दा आज पनि छदैछन् । उनले सादा जीवन उच्च विचार लिनुपर्दछ भन्ने गर्दथे । उनको शुभचिन्तक भएर होला मैले धेरै बुझेको थिएँ । हाम्रा बीचमा कहिल्यै नराम्रो भएन । कहिलेकाहीं ठट्टा पनि हुन्थ्यो । उनको पार्थिव शरीर नभए पनि उनका कृतिहरूले उनी अमर छन् । ठूला घर बनाउने क्षमता भएर पनि परिवारले बाबाको कुटी राखेका छन् र राख्ने पनि छन् भन्ने पूर्ण विश्वास छ ।

ooo

# बाटो

**- भेषबहादुर कुँवर 'प्रयासी'**

पथिक ! तिम्रा पाउका रेखा छापिंदा माटोमा ।
परेर यहाँ धर्तीमा डोरो बदलियो बाटोमा ।।
कहीं छन् साना गोरेटा मात्र कहीं छन् ढर्रा मूल ।
लहर लाग्छन् लखन पथिक बोकेर नाना सूल ।।

ए मान्छे ! तिम्रा मनका ताना उनिदै बानामा
लेक-बेंसी बगर मधेश हुँदै संसारको छानामा ।
सृष्टिमा कुँद्यो खुट्टाले जाल बाटा र घाटामा ।
नजानिंदो झैं केरियो कला दुनियाँ पाटामा ।।

मङ्गल जाऊ जङ्गल जाऊ त्यो तिम्रो चाह हो ।
तानिंदै जान्छु खुट्टा उचाल यो मेरो चाह हो ।।
नहिंडे नानी कुबाटो भन्ने मेरो छ सल्लाह ।
दुनियाँ हिंड्ने चल्तीको बाटो हिंड्नु है सल्लाह ।।

मङ्गल खोज्दा जङ्गल पुग्ने थोरै छन् यहाँ ए !
जङ्गल जाँदा मङ्गल भेट्ने थोरै छन् यहाँ ए !!
असमझभित्र नकोर मलाई हुँदैन मङ्गल ।
बाटै हो भनी सन्तति भोग्लान् जङ्गलको अल्मल ।।

***– उपकार** (त्रैमासिक) वर्ष २, अङ्क ४, २०३७ बाट साभार*

# कवि प्रयासीलाई सम्झँदा

✍ **माधवप्रसाद ज्ञवाली**
**रे.न.पा.-१, गुल्मी**

दुई हजार एकतीस साल माघ महिनामहाँ
भएथ्यो पहिलो भेट महेन्द्र हाई स्कूलमहाँ
ज्ञानहरि, पदम साथै धेरै थियौं गुरु यहाँ
भेषबहादुर 'कवि' भन्दै बताउने पदम सर त्यहाँ
विद्यालयमा थियौं हामी विश्व, दीन, शशि, छवि
हेम, दीर्घ, लीला साथै अन्य शिक्षक शिक्षिका
कर्मक्षेत्र एकै ठाउँ पेशा एकै पनि भयो
मन मिल्ने भयौं साथी निकटता बढ्दै गयो
परिवारमा दुई भाइमध्ये कान्छा हुन् प्रयासी अनि
शालीन र सरल व्यक्तित्व सुरिलो स्वरका धनी
स्वरमा धर्मराजको जस्तै मीठो थियो अति
'गुर्धुमको भीर' कविताले बढायो कविको गीत
घरको जीवनसाथी मिहिनेती अति सज्जन
कविको स्वभाव देखेर प्रशन्न उनको मन
परिवारको साथ पाएर सबैका कवि पो भए
मनोइच्छा अधुरै भो सधैका लागि गै गए
पाँचै पुत्र सुयोग्य छन् विद्या र बुद्धिका अनि
छोरी दुई अति सज्जन सुशील गुणका धनी
सुन्दर त्यो घरको शोभा सदैव हेर्न मन थियो
कविको मृत्युले चाँडै वज्रको बाण फाल्दियो
जन्म र मृत्युको चक्र दिनरात उसै गरी
आउने, जाने भई संसार घुमिरहन्छ हर घडी
जन्मदा खालि हात जन्मी कर्मले सर्जक भयौं
तिम्रो साहित्य कीर्तिले सबैको मनमा भयौ
बाल, युवा तथा वृद्ध वृद्धा सबैका मनमा थियौ
सिर्जना क्षेत्रमा लाग्न प्रेरणा तिमीले नै दियौ
तिम्रो संझना आइरहन्छ नेपाली साहित्य साँझमा
कविता वाचन गर्दै आउनू सर्जकहरू माझमा ॥

ooo

# भेषबहादुर सरप्रति श्रद्धासुमन

✍ **मोतीप्रसाद खनाल**
**रे.न.पा.-१, गुल्मी**

मैले भेषबहादुर सरलाई चिनेको गुर्धुमको भीरबाट हो । २०२५/२६ सालतिर जस्तो लाग्दछ जब म सानो केटो थिएँ सेउघाको विद्यालयबाट ५ कक्षा उत्तीर्ण गरी सकेपछि हो या नहुँदै तम्घासमा वैशाख १ गते महेन्द्र हाई स्कूलमा साँस्कृतिक कार्यक्रम हेर्न आउने र सोल्जर्स बोर्डमा सुनिमया हेर्न आउने गर्दथ्यौं । आमा बुबा दाजुभाइ सँगीसाथी इस्टमित्रसित त्यही बेलाको याद आउँछ सरले गाएको गुर्धुमको भीरैको गीत ।

'गुर्धुमको भीरैमा' यो गीत सुनेदेखि मेरो मन मस्तिष्क सधैभरि सरप्रति कवि कलाकार गायकककाे रूपमा आजन्म सम्झना रहिरहेको छ । मलाई आज पनि त्यो गीत मिठो लाग्दछ । सरको आवाज म मनमा सम्झिन्छु तब म मन्त्रमुग्ध हुन्छु । समयचक्र बित्दै बित्दै गयो । जब म २०३९ सालमा हाई स्कूलमा पुनः शिक्षकको रूपमा सरूवा भई आएँ तब ज्ञानहरि आचार्य, शशि पन्थी, पद्मप्रसाद पन्थी, छविलाल खरेल, हेमराज मरासिनी, ध्रुव पन्थी, दीन पन्थी, विश्वनाथ पन्थी, गणेशबहादुर कुँवर, रामबहादुर भुजेल, माधव ज्ञवाली, लालमणि पन्थी, केशव भण्डारी र भेषबहादुर कुँवर सरसित एउटा विद्यालय परिवारका सदस्यको रूपमा बाँधिन पुग्यौं । म सबैभन्दा जुनियर शिक्षक थिएँ । अरू सरहरू जस्तै भेषबहादुर सरले मलाई अपार माया दिनुभयो, धेरै कुरा सिकाउनुभयो साँस्कृतिक कार्यक्रममा कुँवर सरसित सँगसँगै बसेर गीत गायौं । बाजा बजायौं, नाच्यौं रमाइलो गर्दै म उहाँलाई हरेक काममा सघाउँदैं अघि बढें । स्कूलका सबै कार्यक्रमहरू सँगसँगै चलायौं । सर अत्यन्त हँसिलो, मिजासिलो हुनुहुन्थ्यो । कहिलेकाहीं व्यङ्ग्य पनि गर्नुहुन्थ्यो । सधै हातमा डायरी लिएर हिड्ने सरल स्वभाव, लवाइ खवाइ सरल थियो । मैले कहिल्यै पनि तडकभडक गरेको देखिनँ । कवि भेषबहादुर सरभन्दा हजुर भनेर बोल्ने, मिठो स्वरले प्रतिउत्तर दिने, उहाँ एक अनुकरणीय व्यक्तित्व हो । सर सधै किरण पुस्तकालय जानुहुन्थ्यो । ४ बजेपछि हामी सधै किरण पुस्तकालयमा जान्थ्यौं । पत्रपत्रिका लेख रचना पढ्थ्यौं । दुःखसुखका कुरा गर्थ्यौ । अनि आ-आफ्नो गन्तव्यतिर लाग्दथ्यौं । सरले किरण पुस्तकालयलाई दिएको समय स्वयं दर्शक पाठक सामु इतिहास बनेर रहेको छ । मैले सरलाई किरण पुस्तकालयले सञ्चालन गरेका कार्यक्रममा, प्रतियोगिताहरूमा, जन्मोत्सवका कार्यक्रमहरूमा, गोष्ठीमा सधै सक्रिय रूपमा सहभागी भएको पाएँ, पुरस्कृत भएको पाएँ, विजयी भएको पाएँ ।

भेषबहादुर सरले विद्यालय तथा जिल्लाको स्काउटको आजन्म सदस्य, पदाधिकारी आयुक्त भई योगदान गर्नुभयो । त्यो आज इतिहास बनेको छ । सर स्काउट गुरु भनेर चिनिनुहुन्थ्यो । सरको अर्को गीत वा कवितामध्ये प्रसिद्ध कविता **'बादल'** हो । यो सारै मीठो मर्मस्पर्शी गीत कर्णप्रिय छ । यो गीत सयौं पटक सुनें । आज पनि सुन्न मन लाग्दछ । त्यस्तो मीठो छ त्यो बादल । समय बित्दै गर्दा र सँगै हिड्दा बस्दै जाँदा २०५२ सालतिर रेडियो नेपालले तम्घासबाट प्रतियोगितात्मक लोकगीत कार्यक्रम सञ्चालन गऱ्यो । त्यो विद्यालयको प्राङ्गण हाटबजारमा सञ्चालन भएको थियो । कार्यक्रम सञ्चालक बमबहादुर कार्कीज्यू हुनुहुन्थ्यो । उहाँका माहिला छोरो विजयजँग कुँवरले वाद्यवादनमा सहयोग गर्नुभयो । त्यो कार्यक्रमको LIVE प्रसारण गरिएको थियो । सरले गाएको त्यो गीत चिसो हावा चल्यो सररर ।.....

आहा ! सम्पूर्ण नेपालीलाई मन्त्रमुग्ध पाऱ्यो, लठ्ठ पाऱ्यो । त्यो गीतको आवाज आज पनि गुन्जिरहेको छ । सर त्यही हाटबजारको स्टेजमा खडा भएर हातमा माइक लिएर आज पनि गीत गाइरहनुभएको छ जस्तो लाग्छ । जिल्लाको साँस्कृतिक वा साङ्गीतिक वा अन्य प्रतियोगिताहरूमा, उत्सवहरूमा सरको महत्त्वपूर्ण योगदान रहन गयो । सबैले कवि सर, कवि सर भनेर भन्थे । बालबच्चाहरूले असाध्य मन पराउने कवि सर हँसाएर, नचाएर, फकाएर, गाएर, गाउन लागाएर पढाउने उहाँको कला थियो । त्यही कलाले नानीबाबूहरू सधै लठ्ठिएको कक्षामा उपस्थित भई पठन–पाठनमा सरिक भएको सुन्दर, शान्त कक्षा हामीले पाइरह्यौं । २०५९/६० तीर कवि सरले शिक्षण पेशाबाट अवकाश लिएपश्चात् उहाँ पूरा साहित्य, कला, संस्कृतिमा लागेको मैले पाएँ । सामाजिक कार्यमा, लेख्ने कार्यमा समय बिताएको मैले पाएँ । जीवनको उत्तरार्धमा सुगरले सताउँदा धेरै समय औंषधोपचारमा बिताउनुपऱ्यो । परिवारका सबै सदस्यहरू उहाँको स्वास्थ्यको पूरा ख्याल गर्दै उपचार गरिरहनुभयो । उहाँकी धर्मपत्नी अमृता मेडमले सरलाई दिनुभएको सेवा सम्पूर्ण परिवारका व्यक्तिहरूले सिक्न जरूरी छ जस्तो लाग्दछ । उहाँ एक अनुकरणीय महिला हुनुहुन्छ । उहाँ सामाजिक तथा राजनैतिक कर्मीसमेत हुनुहुन्छ । लामो समयको बिमारी तथा उपचारपश्चात् सरले २०७६/०२/१७ गते हामी सबैलाई छोडी भगवान् परमात्मा परमेश्वरको धाममा पुग्नुभयो, हामीलाई मात्र सम्झना दिनुभयो । उहाँको आत्माको चिरशान्तिको कामना गर्दै भेषबहादुर कवि सरप्रति शब्दरूपी श्रद्धासुमन अर्पण गर्दछु ।

ooo

# कवि प्रयासी र उहाँको बाईस तरङ्ग कविता-संग्रह

✍ **लक्ष्मी अर्याल**
**शिक्षक, महेन्द्र नमूना माध्यमिक विद्यालय**
**तम्घास, गुल्मी**

म वि.सं. २०३६ सालमा तत्कालीन महेन्द्र नमूना व्यावसायिक माध्यमिक विद्यालयको कक्षा ४ मा पढ्न आएकी थिएँ । त्यतिबेला सबैले कवि सर भनेर बोलाएका शब्द मलाई झल्झली याद हुन्थें । त्यसपछि वि.सं.२०३८ सालमा कक्षा ६ मा पढ्दा उहाँसँग प्रत्यक्ष र औपचारिक रूपमा भेट हुने अवसर मिल्यो । उहाँले हामीहरूलाई पूर्वव्यावसायिक शिक्षा विषय पढाउनुहुन्थ्यो । पढाइको बीच-बीचमा विभिन्न बहानामा विद्यार्थीहरूलाई हँसाउने उहाँको बानी थियो । पूर्वव्यावसायिक शिक्षाका सैद्धान्तिक अभ्यासका अतिरिक्त अक्सर राइटिङ्ग लेख्न दिने उहाँको बानी थियो । नराम्रा राइटिङ्ग लेख्नेंलाई उहाँ 'गोरूमुते, काइते राइटिङ्ग लेख्नें ? अझ राम्रा अक्षर लेख' भनेर हँसाउँदै राम्रा राइटिङ्ग लेख्न हौसाउनुहुन्थ्यो । पूर्वव्यावसायिक शिक्षाको व्यावहारिक कार्य करेसाबारीमा निकै उक्साई-उक्साई काम गराउनुहुन्थ्यो । हामी विद्यार्थी पनि धेरै अङ्क पाउने प्रलोभनमा निकै उत्साहित भएर काम गर्थ्यौं । त्यस्तै हस्तकलामा माटाका विभिन्न वस्तु बनाउने कार्य गराउनुहुन्थ्यो । कक्षा ६ र ७ मा पूर्वव्यावसायिक शिक्षा विषय पढ्दाका अधिकांश घटनाहरू अहिले पनि झल्झली याद आइरहन्छन् । त्यसपछि भने शिक्षक विद्यार्थीको रूपमा औपचारिक सम्बन्ध र भेटघाट नभए पनि कक्षा १० मा पढ्ने समयसम्म अनौपचारिक सम्बन्ध र भेटघाट रहिरह्यो । आई.ए. र बी.ए. सम्मको अध्ययन पनि तम्घासमै गरेकी हुनाले सरसँग मेरो निरन्तर भेटघाट भइरहन्थ्यो । जागीरका क्रममा वि.सं. २०६० सालमा पुनः महेन्द्र उच्च मा.वि. मा सरूवा भएर आएपछि पनि उहाँसँग विद्यालयका गतिविधिका बारेमा अनौपचारिक कुराकानी भइरहन्थे । सदैव हाँसेर लक्ष्मी भन्दै बोलाउने उहाँले मलाई असाध्यै माया गर्नुहुन्थ्यो । केही समय त म उहाँको छिमेकीसमेत भएर समय बिताएँ । जहाँ जाँदा पनि सदैव हातमा डायरी र कलम समाउने बानी थियो उहाँको । म महेन्द्र मा.वि.को वार्षिक मुखपत्र शैल-सन्देशको सम्पादकको काम गरिरहँदा सम्पादकको हैसियतले वि.सं. २०७४ सालमा उहाँसँगको साक्षत्कार संकलन गर्ने अवसर पाएकी थिएँ । उहाँसँगको प्रत्यक्ष भेटघाट र कुराकानी मुख्य यही रह्यो । पछि सर बिरामी भएर उपचारार्थ काठमाडौं जानुभएको रहेछ । उपचार गरी केही समयको लागि घरमा

आउनुभएको थाहा पाएपछि भेट्न जाँदा उहाँले नै उत्साहित हुँदै फोटा त खिच्नुपर्छ लक्ष्मी भनेर खिचेका फोटा मेरो मोबाइलमा अझ सुरक्षित छन् । उहाँको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै हामी घर फर्किएका थियौं । त्यसपछि काठमाडौं प्रहरी अस्पतालमा उपचारका क्रममा दुःखद निधन भयो भन्ने थाहा पायौं । उहाँको निधनसँगै मैले एउटा अभिभावक गुमाएको महसुस गरेकी थिएँ । उहाँको मृत्युपश्चात् व्यक्तिगत हिसाबले र विद्यालयको तर्फबाट घर परिवारलाई समवेदना दिन जाने क्रममा मलाई प्राप्त भएको उहाँको बाईस तरंग कविता आज मेरो हातमा छ । त्यसैको संक्षेपमा समीक्षा गर्ने प्रेरणा जाग्यो र छोटो प्रयास गरेकी छु ।

**बाईस तरंगको समीक्षा**

कवि भेषबहादुर कँवर 'प्रयासी' ले लेखेको बाईस तरंग उहाँको चौथो कृति हो । यसको प्रकाशन वि.सं. २०७३ सालमा भएको थियो । यस संग्रहभित्र विविध भावतरंगमा बगेका भिन्न-भिन्न प्रकृतिका बाईसवटा कविता छन् । अलग-अलग भावतरंग बोकेका कविताहरूमा कवि प्रयासीले भिन्न परिस्थिति र परिवेशमा रचना गर्नुभएको कुरा उहाँको भनाइबाटै बुझ्न सकिन्छ । बाईस तरंगभित्रका प्रयासीका वैचारिक दृष्टिकोण र समसामयिक चिन्तनलाई निम्नानुसार चर्चा गर्ने प्रयास गरिएको छ ।

**(क) नारीहरूका अवस्था, विवशताको चित्रण गर्दै सम्मान प्राप्त गर्नका लागि क्रियाशील हु सन्देश**

कवि प्रयासीले कविता-संग्रहको पहिलो कवितामै 'गइन् तिनी दुलही बनेर' शीर्षकमा जन्मघर त्यागेर पराइ घर जानु पर्ने छोरीको विवशताको चित्रण गरेका छन् । जस्तोसुकै अवस्थामा पनि माइत घर छोडेर जाँदा हरेक नारीहरूको मनमा खेल्ने कुरा :

**मुटुमा गाँठो पर्‍यो होला वा**
**वेदना छाल उर्ले हो**
**जमाना बुझ्ने विशेषज्ञले**
**जान्दछ उनको त्यो हाल**

त्यसै गरी कवि प्रयासी आमा र मामा घरको संझना गर्दै छैठौं तरंगमा आमाका पाइलाहरू कवितामा लेख्छन् :

**जब पुग्छु म मावलको आँगनमा**
**अनि हेर्छु भित्ता र दलिनहरूमा**
**त्यहाँ किरमिर छन् अझै**

**आमाले पोतेका भित्ताहरू !**
**आमाले सिंगारेका दलिनहरू !**
**अनि त्यो आँगन**
**जहाँ मेरी आमाले नाचेका तीजहरू**
**अनि उनै चराका गान**
**त्यसैमा छन् मेरी आमाका गीतहरू !**

आमाको स्मृतिमा कवि अत्यन्त भावुक बनेका छन् । मावलमा देखेका आमाका स्मृति चिह्नले त उनलाई भावुक बनाएका छन् । कविले नारीहरूलाई आफ्नो मान र सम्मानका खातिर जागरूक बन्नका लागि ऐतिहासिक विदुषीहरू एवं सम्मानित अमर जननीहरू सीता, भृकुटी, माधवी, गार्गी, मैत्रेयी, बाइवाहरूको दृष्टान्त प्रस्तुत गरेका छन् भने आफ्नो मान बढाउनको लागि आफू नै सक्रिय हुनुपर्छ भन्ने भाव व्यक्त गर्दै बाईसौं तरंगमा भनेका छन् :

**मान्छे भैकन राख भित्र ममता नारीहरू हो सुन**
**बल्दा मात्र तिमी जहान घरका बत्ती तिमी हौ सुन**
**राम्रो देश बनाउने जननी हौ - सन्तान राम्रा भर**
**आफै मान बढाउ नारीहरू हो सम्मान आफ्नो गर**

नारीलाई अधिकारको आशा गर्ने होइन कर्म गरेरै आफ्नो अधिकार सुरक्षित गर्न सल्लाह दिन्छन् । कवि भन्छन् :

**अर्काले अधिकार बाँड्दछ भनी व्यर्थै कता डुल्दछौ ।**
**कर्मै हुन्छ पूजा अहा ! जगतमा गाँठी कुरा भुल्दछौ**
**मैत्रेयीहरू थे र गार्गी बाइवा, पढे बुझे है तर**
**आफै मान उठाऊ नारीहरू हो ! सम्मान आफ्नो गर ।**

यसरी कवि प्रयासीले कृतिको छैठौं र २२ औं तरंगमा नारीहरूका विवशता, प्रेम, सहानुभूति, ममता र नारीहरूलाई थप क्रियाशील बनाउने प्रयास गरेका छन् ।

### (ख) बालबालिकालाई उपदेश

आजका बालबालिका नै भोलिका देशका कर्णधार हुन् । उनीहरूलाई अभिभावकको कुशल मार्गदर्शन जरूरी छ भन्ने भनाइलाई चित्रण गर्दै १५ औं तरंग 'आह्वान'मा कविले लेखेका छन् :

**सगरमाथा उछिन्न भैं**
**उठ तिमी माथि**
**ज्ञान सिप आर्जन नै**
**तिम्रो प्यारो साथी**

त्यस्तै बालबालिकालाई महान् उद्देश्यमा अगाडि बढ्न आह्वान गर्दै कवि लेख्छन् :-

**नक्षत्र हे भविष्यका**
**उजेला चम्किला ।**
**लक्ष्य राखे पहिले नै**
**भविष्य गम्केला ।**

घरले मात्र होइन बालबालिकाप्रति देशले समेत ठूलो अपेक्षा राखेको हुन्छ भन्ने सन्दर्भमा कवि भन्छन् :

**घरले मात्र होइन तिम्रो**
**देशले राख्छ आशा ।**

यसरी कविले देवकोटाले भनेझैं **'उद्देश्य के लिनु ? उडी छुनु चन्द्र एक'** को अभिव्यक्तिमै समर्पण जनाउन पुगेका छन् ।

### (ग) देशको प्रजातान्त्रिक शासन व्यवस्थाप्रति व्यङ्ग्य

वि.सं. २००७ र २०४६ सालमा प्रजातन्त्र प्राप्तिका लागि कैयौं नेपाली जनताले बलिदान दिए । वि.सं. २०४६ सालमा पञ्चायती शासन फाल्न संघर्ष गरेका जनताले प्रजातन्त्रको महसुसै गर्न नपाएकोमा व्यङ्ग्य प्रहार गर्दै कविले १० औं तरंगमा लेखेका छन् :

**घरानियाकहाँ मस्त छ कि प्रजातन्त्र !**
**विस्तार गर्दै छ कि हाली मुहाली ?**
**खुवै उत्साह लिएर आउँछ लाग्थ्यो मलाई**
**आकाशको फल हो कि प्रजातन्त्र ?**
**लक्ष्मण रेखाभित्रकी सीता ?**
**कि शिशु हो, पछारिएर मर्‍यो ?**

अनि कवि वास्तविक प्रजातन्त्र देख्न नपाउँदा गुनासोसहित व्यङ्ग्य गर्दछन् :-

**अलिकति शाहीलाई, अलिकति कसाईलाई**
**मासुको टुक्रा हो कि प्रजातन्त्र ?**
**के हो प्रजातन्त्र ? खै प्रजातन्त्र ?**

प्रजातन्त्रलाई बाघको छालामा स्यालको रजाइँ र **'श्रीखण्डलाई खुर्पाको बिँड'** बनाएकोमा चिन्तित हुँदै प्रजातन्त्रको खोजी गरेका छन् । उनको भावनामा आम नेपालीको भावना बगेको छ ।

### (घ) ऐतिहासिक राष्ट्रभक्त पुरुषप्रति सम्मान र स्मरण

सत्तामा पुगेर व्यक्तिगत स्वार्थमा राष्ट्रको ढुकुटी रित्याउने, आलिसान महल खडा गर्ने नेपाली नेताका विकल्प सन्त कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री पद छोडेर बालुवाटारबाट निस्कँदा छाता र सुराही मात्र लिएर निस्केको अनुपम तथ्यलाई स्मरण गर्दै दोस्रो तरंगमा कविले **'छाता र सुराही'** शीर्षक दिएर लेख्दछन् :-

**नेपाली भूमि पुत्र हे तिमी बाँचेथ्यौ हँसाई**
**लुटेर हैन पौरख तिम्रो छाता र सुराही**
**निर्धक्क हिड्यौं निर्धक्क बोल्यौ जीवन छउन्जेल**
**संझनाभित्र सधै छ ताजा छाता र सुराही**
**राणाले टेके समर्पित घुँडा राजाको दवाई**
**द्विकाल होइन त्रिकालदर्शी आदर्श विचारी**
**राजतन्त्र गयो अमर तिम्रो छाता र सुराही**

### (ङ) मानवीय स्वभावका विविध पक्षको चित्रण

कवि मानवीय स्वभावका विविध पाटाहरूलाई चित्रण गर्दै 'एका देशका मान्छेहरू' शीर्षकको १२ औं तरंगमा कोलम्बस, रविन्सन र लिलिपूटका मानवको स्मरण गर्दै धामी, झाँक्री र वैतरणीमा विश्वास गर्ने हाम्रो स्वभावलाई उल्लेख गरेका छन् । त्यस्तै प्रकृतिको विचित्र संयोजनलाई जिज्ञासु भावले हेर्दै १८ औं तरंगमा कवि लेख्दछन् :

**घाम र पानी बा-आमा**
**सृष्टि सुन्दर सन्तान**
**ऋतुहरूका खेलौना**
**थरीथरीका बुट्टादार**
**छक्कै पार्ने जादू यो**
**कसले खेल्दछ बारम्बार ?**

त्यसैगरी ठूला-ठूला घरका प्रवेश द्वारमा 'कुकुरदेखि सावधान'लेखेको देख्दा १६ औं तरंगमा कवि लेख्दछन् :

**हामी निस्फिक्री घुम्थ्यौं वनमा**
**जहाँ कहीं भेटिएन**
**भालू, ब्वाँसा, हात्ती, गैडासित सावधान**
**क्या हो यो ? बाक्लो बस्तीमा 'कुकुरदेखि सावधान' !**

बाईस तरंगको तेस्रो तरंगमा कवि खोन्द्रोभित्र थुनिएर बसेको भालेको भावना व्यक्त गर्दछन् । सानो छँदा जोगाउने प्रयास तर ठूलो भएपछि खोन्द्रामा बोकेर हिंडेको देख्दा कवि भन्दछन् :

**चील घुमे कि बोल्थ्यौ हाः हाः**
**बाज घुमे कि बोल्थ्यौ हाः हाः ।**
**आज त तगडा प्वाँख र पाउ**
**तर किन बोक्छौ के छ र दाउ ?**

त्यसैगरी विश्वमा विद्यमान युद्धका विभिषिकाबाट आजित बन्दै कवि बुद्धत्व जीवित राख्ने प्रण गर्दै तरंग चारमा बुद्धत्व जिउँदो राख्छौं राख्छौं भन्दै प्रण गर्दछन् :

**प्रण गर्दछौं नेपाली मनमस्तिष्कहरू**
**बुद्धत्व जिउँदो राख्छौं राख्छौं**
**शान्ति मार्ने सम्पूर्ण युद्ध रोकेर**

१९ औं तरंग 'के बोल्दछ सिमल रूख ?' मा कविले सिमलको रूखको भावना व्यक्त गर्दछन् :

**म फुल्छु वन अरूले फुल्छन् घर र सहरमा ।**
**हजारौं पात अरूले बोक्छन् मेरो ज्यान काँढामा ।**
**अरूले ढाक्छन् जंगल फाँट म एक्लै डाँडामा ।**
**दुर्लभ हुँदै म जान लागें कसलाई के थाहा ?**

**(च) निम्नवर्गीय तथा प्रवासी नेपालीहरूका कथा व्यथाको प्रस्तुति :**

कवि पाँचौं तरंगमा सा रे ग म को दैनिकी उल्लेख गर्दै एउटा निम्नवर्गीय नेपालीको व्यथा भन्दछन् :-

**खुरूक्क रातमै उठेर रात नपरून्जेल**
**किन रगेडिन्थ्यो र सा रे ग म ?**
**उः उः एक मुठी तातो पानी**
**कानेगुजी जति रोटीको टुक्रा**
**बडो कहर परे भैँ किक्लिक्क**
**मुटु मिचेर निल्दैछ सा रे ग म ?**
**हेर कुन्नि केको भोल**

**केको मिश्रण हो – कनिकामा आटो कि ?**
**आटोमा कनिका ?**
**कुर्लुक्क निल्दैछ**
**आधी बिट फाटेको थालमा सा रे ग म ।**

रात दिन पसिना बगाउँदा पनि एक पेट खान र एक हर लगाउन नपाएका निम्नवर्गीय नेपाली दाजुभाइहरूको निक्कै मर्मस्पर्शी शब्दचित्र यहाँ चित्रण गरिएको छ ।

देशमा रोजगारीका अवसरहरू प्राप्त नभएपछि ज्यानको बाजी थापेर विदेशिएका १२ जना नेपालीहरू वि.सं. २०६१ भाद्र १६ गते इराकमा रेटिएको दर्दनाक घटनालाई लिएर नेपाल र यहाँका हिमालहरूलाई धिक्कार गर्दै नवौं तरंगमा कवि लेख्दछन् :

**म एक दर्जन, मारिएँ यहाँ**
**यस्तै छन् लाखन**
**सकिनस् कठै ! नेपाल आफ्ना सन्तान पालन ।**
**के हाँस्नु तैले हिमालचुली ?**
**गर्वले उठेर**
**लाग्दछ टाढा खाडीमा मर्दा**
**मरिदे डुबेर ।**

धनको प्यास मेट्न व्याकुल बनेर खाडीतर्फ लाग्नु र उसैमाथि सेरिएर मर्नुको निकै कारूणिक शब्दचित्र यसमा देख्न सकिन्छ ।

### (छ) नेतृत्व तहका कमजोरीको चित्रण

कवि नेतृत्व तहमा बस्ने व्यक्तिहरूलाई 'मुडुला बोकाहरू' को संज्ञा दिदै आठौं तरंगमा भन्दछन् :

**तर धेरै छाडा किन ? हे बाघका अर्नीहरू**
**खुर्पालाई चोपिला हुने हे मुडुला बोकाहरू ।**

**पञ्चायतकालीन झैं मोटा प्रधानपञ्चहरू**
**अझै थप्नुपर्छ कि क्या हो ? बाली र तिरोहरू**
**अझै चुल्याउनुपर्छ कि क्या ? सिंहदरबारहरू**
**क्वै भट्टले त क्वै भत्ताले मोटाहरू**
**भोट खाई कुम्लिएका डाँकाहरू झैं ।**

देशको बजेट कुम्ल्याएर मोटाएका नेताहरूलाई न देउताहरू स्वीकार्छन् । यिनीहरू न कोटमा चढ्दछन् । न कुलमा भन्दै मुडुला बोकाहरू झैं अपवित्र ठान्दछन् कवि यस तरंगमा ।

**(ज) पत्रकारिता क्षेत्रमा देखा परेका विसँगतिहरूको चित्रण**

कवि प्रयासीले २२ तरंगको १४ औं तरंगमा **'हाई-हाई ! पत्रकार'** शीर्षकमा व्यङ्ग्य गर्दै भन्दछन्

**पीत मुद्रामा बुङ्ग फुलेका**
**मोटाउनुको के छ र सार ?**
**तर चर्का पीरा स्थिति भोग्दा**
**सिंगान नछाडे है पत्रकार !**
**हाई-हाई ! पत्रकार ।**

अनि पत्रकारको बाध्यतालाई कवि व्यङ्ग्य गर्दछन् :

**निर्धक्क लेखे फन्दाको डर**
**धकले लेखे धन्दाको डर ।**

पत्रकारहरूले आफ्नो धर्म ख्याल गरेर सत्यतथ्य संप्रेषण गर्न नसकेकोमा खेद व्यक्त गर्दै संक्षेपमा गहन अभिव्यक्ति दिन सफल भएका छन् ।

**(झ) भावगत विविधता**

कवि प्राकृतिक सौन्दर्यप्रति आफू अनभिज्ञ रहेको, त्यसको भरपूर सदुपयोग आफूले गर्न नसेकेकोमा तरंग सातमा 'खेद छ मलाई' शीर्षक दिएर लेख्दछन् :

**यति सुन्दर ढुकुटी छ यहाँ,**
**यति शान्त ढुकुटी छ यहाँ,**
**यति विशाल ढुकुटी छ यहाँ,**
**कसले कमजोर बनाइदियो नेपाल हेर्ने आँखा ?**
**देख्नै सकिनँ खेद छ मलाई ।**

यहाँका नदीनाला, आफन्त, प्रियजन आदिको महत्त्व पनि बुझ्न नसकेकोमा खेद प्रकट गर्दै कविले आफ्ना धारणा राखेका छन् । यस्तै कवि २० औं तरंगमा 'अतिवाद' शीर्षक दिएर यहाँका बेथिति र विसँगतिप्रति आर्तनाद व्यक्त गर्दछन् :

**रोएका हुन् कि नदी र नाला ?**
**बहेका हुन् कि खै ?**
**आतंकित मन ढुक्ढुकी छिटो**
**बनायो कसले खै ?**

त्यस्तै कविले यसै तरङ्गमा खेद प्रकट गर्दै भन्दछन् :

**पोलिन्छ क्यारे डाँफेको प्वाख**
**हुन्छ कि भुटुवा ?**
**मुनाल पनि जिब्राको मीठो**
**हुन्छ कि सेकुवा ?**
**लालीगुराँस फुल्दैन क्यारे**
**लाग्छ कि डढेलो ?**
**निभ्दछ क्यारे बुद्धको बत्ती**
**हुन्छ कि अँध्यारो ?**

देशमा भइरहेको सशस्त्र आन्दोलन र बन्दुकी हर्कतप्रति कवि आश्चर्य चकित भएका छन् । अनि शिवपार्वतीसँग सृष्टिको विनाश रोक्न आग्रह गरेका छन् । त्यस्तै आन्दोलन स्थगनका नाममा जनआन्दोलन २०६२/२०६३ पूर्व भैरहेका वार्ता प्रसँगको चित्रण २१ औं तरंगमा 'आऊ वार्ता गरौं' शीर्षक दिएर गरेका छन् :

**किन पछाडि धकेलियो यो वार्ता ?**
**तीब्र गतिको विकासको निम्ति,**
**शीघ्र मतिको विकासको निम्ति,**
**राउण्ड पनि राखौं, टेबुल पनि राखौं**
**सुरक्षित र शीतल छहारीमुनि**
**स्थायी शान्तिका निम्ति वार्ता गरौं ! वार्ता गरौं !!**

नेपालमा भइरहेको चरणबद्ध वार्ताको शब्दचित्रण हो यो तरङ्ग ।

## उपसंहार

कवि प्रयासी गुल्मी जिल्लाकै स्थापित कवि हुन् । विविध भाव सन्दर्भलाई समेटेर प्रभावकारी ढङ्गबाट भावसंप्रेषण गर्नु कविको वैशिष्ट्य हो । भावतरंग छचल्किदा निर्धक्कसँग भावना पोख्नु त कविको मौलिकता हो । बाईस तरंगमा कविले एकातिर मातृशक्ति नारीजनप्रति श्रद्धा, सम्मान र प्रेरणाका भाव प्रकट गरेका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटना सन्दर्भप्रति पनि कविको त्यत्तिकै चासो छ । कतै प्रकृतिका गूढ रहस्य खोतल्दछन् भने कतै प्रकृतिको भरपूर सदुपयोग गर्न नसक्दा दुःखी पनि भएका छन् । मैले कविको बाईस तरंग सरसर्ती पढ्दा त्यसभित्रका कविताको छोटो समीक्षा हो यो । कविको भावना र अभिव्यक्ति क्षमताका सन्दर्भमा अध्ययन गर्नु आजको आवश्यकता हो ।

ooo

# स्व. भेषबहादुर सरप्रति

✍ **गोमा सेन**
**रे.न.पा.-१, गुल्मी**

विश्व यति सारो मृत्यु आतंकको कब्जामा रहेको त्रासदी सायद यसअघि कहिले सुनिएन, अदृश्य एवं साइजमा अति सूक्ष्म तर तागतमा संसार ध्वस्त पार्न सक्ने क्षमता राख्नें कोरोनाको कब्जामा घरमै नजरबन्दमा छु ।

यसै बेला कवि स्व. भेषबहादुर कुँवरज्यूका स्मृतिमा केही हरफ श्रद्धाञ्जलि कोर्ने जमर्को गर्दैछु । उहाँको स्मृतिमा किरण पुस्तकालयले लेख, रचना मागेको पनि अलिदिन भयो । यो त्रासदीपूर्ण वातारणमा मन एकाग्र हुनै सकेन, तैपनि ढिलो हुन लाग्यो, अब त जस्तो तस्तो लेख्नैपर्छ ।

भेषबहादुर कुँवर एक सुपरिचित नाम हो समाजमा । पेशाले शिक्षक रहेका कारण गुल्मी जिल्ला खासगरी तम्घासमा त घरघरमै उहाँका विद्यार्थी होलान् जस्तो लाग्छ ।

उस बेलाको स्मरण गर्दा जिल्लाकै सदरमुकाम तम्घासमा एउटा मात्र प्राथमिक विद्यालय रेसुङ्गा प्रा.वि. र माध्यमिक विद्यालय एकमात्र महेन्द्र व्यावसायिक मा.वि. थिए । मैले उहाँलाई रेसुङ्गा प्राथमिक विद्यालयमा पढ्दादेखि नै जान्ने अवसर पाएँ । प्रा.वि.को कखरे पढाइदेखि निम्नमाध्यमिक विद्यालयसम्म उहाँले पढाउनुहुन्थ्यो । विद्यार्थीलाई पढाउने उहाँको आफ्नो विशिष्ट शैली थियो । पाठ्यपुस्तकको विषयवस्तुबाहेक अन्यकुराहरू जोडेर बडो मनोरञ्जनात्मक तरिकाले पढाउनुहुन्थ्यो । **"अलिबाबा और चालीस चोर"** कथा त्यसभित्रको **'खुल्जा सिमसिम'** उहाँले सुनाउँदा हामी मन्त्रमुग्ध हुन्थ्यौं ।

अनि कहिले गीत, कहिले कथा त, कहिले कविताहरूले विद्यार्थीहरूलाई एकाग्र बनाउनुहुन्थ्यो । उहाँको स्वरमा एक किसिमको जादू थियो । कक्षामा बसिरहूँ उहाँले पढाएको सुनिरहूँ हुन्थ्यो । शिक्षकभन्दा एक किसिमको डर, त्रास, कुनै बेला त सातो नै जाला जस्तो हुन्थ्यो । हेड सर ज्ञानहरि आचार्य, चिरञ्जीवी सर, बालकृष्ण थापा सर, रामलाल सर, पद्मप्रसाद पन्थी, दीर्घविक्रम शाह, ताराबहादुर थापा सबै सरसँग डराउनुपर्ने तर भेषबहादुर सरसँग त्यस्तो डर लाग्दैनथ्यो ।

एउटा कविको रूपमा उहाँका रचनाहरू उत्कृष्ट थिए र छन् । उहाँ एक आशुकवि नै हुनुहुन्थ्यो भन्दा अतिशयोक्ति नहोला । उहाँका गीत, गजलहरूमा रहेका मार्मिकता त्यसबेला बुझ्दैनथ्यौं । अहिले पढ्दा उत्कृष्टता, गहन भाव थाहा हुन्छ ।

मलई सम्झना छ - एउटा सांस्कृतिक कार्यक्रमा उहाँले र तिलकुमारी थापाले गाएको गीतमा म नाचेकी थिएँ । यति मीठो स्वरका धनी भेषबहादुर कुँवर रेडियो नेपालमा गएर किन गाउनुभएन होला भन्ने लागिरहन्थ्यो । उहाँको मनपर्ने गीत **'गुर्धुमको भीरैमा...'** जहिले पनि सुनिरहूँ जस्तो लाग्छ ।

सधै शिरमा नेपाली टोपी, चिटिक्क परेका ड्रेस, कहिल्यै रफ ड्रेसमा मैले देखिन ।

करिब १२ वर्ष लामो अवधि म मातृभूमिबाट टाढा अमेरिकाको न्यूयोर्कमा भासिएँ । यस बीच जति पटक म नेपाल आएँ प्रत्येक पटक उहाँको घरमा गई भेट्थें ।

२०७५ सालमा पनि आउँदा उहाँको निवासमा उहाँकी धर्मपत्नी अमृता मेडमसँग भेट भयो । एउटा पुस्तक प्रकाशित गर्नुभएको रहेछ । आफ्नो हस्तक्षार गरेर मलाई दिनुभयो । फेरि पछिल्लो पटक नेपाल आउँदा उहाँ निकै अस्वस्थ हुनहुँदो रहेछ । उपचारका लागि काठमाडौं जानुभएको रहेछ । भेट हुन पाइएन । अमृता मेडमसँग लामो फोन भयो । जिन्दगीको अन्तिम सत्यलाई वरण गर्नु भएछ उहाँले लामो डाइलोसिस अनि जीवन मरण बीचको संघर्ष गर्दै ।

यस पटक पनि धागिथुमको चिर परिचित घरमा पुगें । अमृता मेडम र नानीहरूसँग भेट भयो । तर मेरा आँखाहरूले चारैतिर त्यो महान् पुरुषलाई खोजिरहें । कतै भेटिएनन् । मौरीको रानो हराएजस्तो एक्ली अमृता मेडमलाई भेट्दा भावुक भइयो । रित्ता आँखामा मुटुभरि स्व. भेषबहादुर सरका याद बोकेर फर्कें ।

ooo

मैले तिम्रा भरिला अनुहारमा
झल्मलाउने बाला सूर्यको झल्को देखें ।
मैले तिम्रा रसिला कुरामा
भरिला आँटको खुला फाँट देखें ।
विश्वास जागेर आउँछ ए मुनाहरू !
मैले उज्यालो दुनियाँ देखें ।
अब यो निश्चय छ -
तिम्रा आँखाका नानीले-तारा तिर्मिराउँछन्
अब यो पनि निश्चय छ -
औंसीको रात निलेर - पूर्ण चन्द्र झलमलाउँछ ।

*- प्रयासी, **'उपकार'** त्रैमासिकको वर्ष १, अङ्क १, २०३६ को 'नयाँ दुनियाँको जन्म' शीर्षकको कवितांश*

# गुरु भेषबहादुर कुँवरप्रति श्रद्धासुमन

✍ **विष्णु सापकोटा**
**सचिव**
**नेपाली काँग्रेस, गुल्मी**

आदरणीय गुरु भेषबहादुर कुँवरप्रति हार्दिक श्रद्धासुमन प्रकट गर्दै उहाँले दिएका केही कुराहरू स्मरण गर्न चाहन्छु । उहाँले साहित्यिक, साँस्कृतिक, राजनैतिक र सामाजिक क्षेत्रमा पुऱ्याएको महत्त्वपूर्ण योगदान त छदैंछ । त्यस सन्दर्भमा मैले उहाँलाई धेरै पछि मात्र भेट्ने अवसर पाएँ तापनि मेरो उहाँसङ्को सामीप्यता अरूको भन्दा कम रहेन । हुन त म उहाँको स्कुलको विद्यार्थी हुन सकिनँ तथापि राजनीति, साहित्य र साङ्गीतिक क्षेत्रमा उहाँप्रति सधै मेरो झुकाव रहिरहेको छ । जीवनमा उहाँसङ्ग एक दुई पटक मात्र सङ्गै यात्रा गर्ने अवसर मिलेको थियो जो अत्यन्त रमणीय र स्मरणीय भएर हृदयभित्र बसेको छ । जसलाई सम्झिदा दुःखको बेला रूँदै गरेको अवस्थामा पनि हाँस्न मन लाग्छ । यसैगरी म जब २०६३ सालमा नेपाल महिला संघ, गुल्मीको जिल्ला सभापति भएँ तत्कालीन अवस्थामा पनि मलाई समग्र जिल्लाको राजनीतिक गतिविधि र राजनीति गर्ने मान्छेहरूका क्रियाकलापबारे संक्षिप्तरूपमा सचेत गराउँदै भन्नुहुन्थ्यो । राजनीतिमा इमानदारिताको खडेरी परेको छ । तपाईंले आफूलाई कमजोर होइन सशक्तररूपमा अगाडि बढाउनुहोला । राजनीतिमा पनि इमानदारिता र कर्तव्यनिष्ठता हुनुपर्छ अनि मात्र संस्था सङ्गै व्यक्ति पनि सफल हुन्छ भन्नुभएको थियो । उहाँले आफूलाई सधै म राजनीतिकर्मी नेता होइन तर पनि म एउटा इमानदार रुखमा भोट खसाल्ने नेपाली काङ्ग्रेसको शुभचिन्तक इमानदार सिपाही हुँ भन्दै सिङ्गो संस्थामाथि घात गर्ने अपराधीहरूलाई कहिल्यै पनि क्षमा नदिनुहोला । राजनीतिमा व्यक्ति होइन पार्टी हो भन्नुपर्छ । साथै नेतृत्व गर्ने नेता राम्रो भएन भने सिङ्गो पार्टी नै धरापमा पर्ने खतरा हुन्छ भन्ने कुरालाई उहाँले जहिले पनि दोहोऱ्याइरहनुहुन्थ्यो । वास्तवमा उहाँका हरेक शब्दशब्दले मेरो मन छोएको छ । जब उहाँ बिरामी भएर प्रहरी हस्पिटलको बेडमा हुनुहुन्थ्यो म त्यही हस्पिटलमा भेट्न पुगेकी थिएँ । त्यति बेला आफू अशक्त भएको अवस्थामा डाक्टरले धेरै नबोल्ने निर्देशन दिदादिदै पनि उहाँले त्यसको उल्लंघन गर्दै मसङ्ग धेरै कुरा गर्न खोज्नुभएको थियो । म आफू एउटा सचेत नागरिकको हैसियतले पनि बिरामीसङ्ग धेरै कुरा गर्नु हुन्न भन्ने हुँदाहुँदै पनि सरको आग्रहलाई अस्वीकार गर्न मनले मानेन । त्यस बखत पनि धेरै उनै कुराहरू दोहोऱ्याउनुभयो र सङ्सङ्गै हाम्रो संस्कृति र साँस्कृतिक फाँटसँगै साहित्यिक सन्दर्भका कुराहरू पनि गर्नुभयो । अन्त्यमा मेरो शिरमाथि हात राखेर उहाँले मलाई आशीर्वादका साथै राजनीतिक जीवनमा इमानको राजनीति गर्ने मान्छे

सफल हुन अत्यन्तै कठिन हुन्छ । तपाईंको राजनीतिक शैली र इमान्दारीतासँग कहिल्यै कसैसङ्ग पनि सम्झौता नगर्नुहोला र जतिसुकै कठिन अवस्थामा पनि राजनीतिबाट हात नझिक्नुहोला । तपाईंको वर्तमान कठिन छ तर भविष्य सफल छ भनेर आँखाभरि आँसु लिएर शपथ खुवाउनुभएको थियो । जसले मलाई अहिले पनि रोकिरहेको छ । अन्त्यमा मेरो दृष्टिमा भेषबहादुर सर बहुप्रतिभाशाली अत्यन्तै नम्र र शालीन व्यक्ति हुनुहुन्थ्यो । उहाँकी जीवनसङ्गिनी आदरणीया अमृतादेवी कुँवर मेडम भेषबहादुर सरको जोडी एउटा उदाहरणीय नारी हुनुहुन्छ । त्यसैगरी उहाँहरू दुबै जनाको कोखबाट जन्मेका सन्तानहरू पनि उत्तिकै सहयोगी, प्रभावकारी र सम्मानित व्यक्तित्वका रूपमा चिनिने कार्य गर्दै हुनुहुन्छ भने उहाँहरूसङ्ग सम्बन्ध गाँसिएको परिवारभित्रका सदस्य बुहारी जुवाइ चेला पनि उत्तिकै हुनुहुन्छ । यस्तो अवसर त विरलै परिवारले मात्र प्राप्त गर्न सक्दछन् । सरको पार्थिव शरीर मात्र आज हामीबीच छैन तापनि उहाँका हरेक गतिविधिहरू हामी बीच सधैंभरि ताजै रहिरहनेछन् भन्ने कुराप्रति विश्वस्त हुँदै उहाँको सम्झनामा मलाई पनि दुई चार शब्द लेख्नें अवसर दिनुभएकोमा अमृतादेवी कुँवर मेडम र सम्पूर्ण परिवारप्रति हार्दिक कृतज्ञता प्रकट गर्दै दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दछु ।

ooo

यहीं छ अपार रमाइलो आमा,
हिमाल छ झलमल यहाँ !
वैलाउँदैन यो वन हरियाली,
कस्तुरी नाच्दछ जहाँ ।

हो वास्तव यो शक्तिको भण्डार,
खोजेछन् गहना अपार अपार ।
हौं खास जाति दुनियाँ अगाडि,
मागेथे दुनियाँ पनि गुहार ।

गर्दछौं हामी पनि समान कमाल,
देखाई उच्चपना यहाँ
मैलाउने छैनौं विभूतिका शिर
स्मारकहरू छन् जहाँ ।

***- (२०२५ सालको 'शैल सन्देश'को द्वितीय पुष्पमा प्रकाशित भेषबहादुर कुँवरको 'जान्नँ आमा भो जान्नँ' कविताबाट)***

# अब स्मृतिमा मात्र भेषबहादुर सर

✍ **ढुण्डिराज पन्थी**
**पूर्व शिक्षक, श्री महेन्द्र माध्यमिक विद्यालय, तम्घास**
**पूर्व समन्वय आयुक्त, नेपाल स्काउट, गुल्मी**

चिटिक्क परेको शरीर, हँसिलो अनुहार, शिरमा सधैं ढल्किएको टोपी, आँखामा चश्मा, गीत, कथा र कविताले भरिएको एउटा डायरी, हास्य-व्यङ्ग्यका धनी । यो विशेषता बोक्नुभएको व्यक्तित्व हुनुहुन्थ्यो श्रद्धेय गुरु भेषबहादुर कुँवर **'प्रयासी'** ।

हालको रेसुङ्गा नगरपालिका वडा नं. २, धागिथुम घर हुनुभएका भेषबहादुर कुँवर वि.सं. २००५ साल भाद्र १९ गते जन्मनु भै वि.सं. २०७६ साल ज्येष्ठ १७ गतेका दिन उहाँ दिवंगत हुनुभयो । उहाँप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै वैकुण्ठवासको कामना गर्दछु ।

वि.सं. २०२६ सालदेखि शिक्षण सेवामा लाग्नु भएकोरहेछ-भेषबहादुर सर । २०२९ सालमा हामीहरू ९/१० वर्षको हुँदा रेसुङ्गा प्रा.वि. हालको रेसुङ्गा मा.वि. उधिनढुङ्गामा पढ्न जाँदा शिक्षण गर्नुहुन्थ्यो उहाँले । पहिलो पटक मैले देखेको त्यहीं हो सरलाई । कथा, कविता, गीत जतिबेला पनि सुनाइदिन सक्ने क्षमता बोक्नुभएको हुनाले उहाँलाई 'कवि' सर भनेर पनि चिनिदो रहेछ । देख्दा हँसिला-रसिला लक्के जवानीका कवि सरले कक्षामा गएर पठन-पाठन गराउनुका साथसाथै मीठा मीठा कथा सुनाउने, कविता भन्ने र अति नै राम्रो भाकामा गीत पनि सुनाउने भएकाले हामीहरूले कवि सरलाई धेरै नै रुचाउँथ्यौं । सर कक्षामा आउनासाथ आज कथा सुनाउनुहोस् भन्थ्यौं हामीहरू । कथा, कविता र गीतहरू सुन्न पाएपछि हामीहरू रमाउँथ्यौ । प्रा.वि. शिक्षा उत्तीर्ण भएपछि हामीहरू महेन्द्र हाई स्कूलतिर लाग्यौं । यो थियो भेषबहादुर सरसँगको विद्यार्थी जीवनको अनुभव ।

वि.सं. २०४५ सालमा प्रा.वि. आई.ए. शिक्षक पदमा नियुक्ति लिएर रेसुङ्गा प्रा.वि. (हाल रेसुङ्गा मा.वि.) तम्घासमा म पढाउन गएँ । २०५२ सालदेखि म पनि महेन्द्र मा.वि.मा सरुवा भएर आएँ । त्यहाँ सँगसँगै पढाउन थालियो, समय बित्दै गइरह्यों ।

भेषबहादुर सर र हामीहरूको स्काउट प्रवेशको बारेमा केही करा उल्लेख गर्दछु । थोरै विगततर्फ म जान्छु । त्यति बेला अर्थात् २०४५ सालको मंसिर महिनामा प्रा.वि. र मा.वि.का शिक्षकहरूलाई (जिल्लाभरबाट समेटिने गरी) प्रा.वि.को लागि 'कम' स्काउट र मा.वि.का लागि 'स्काउट' तालिम दिलाइयो । सो बखतमा हामीहरू सहभागी भयौं । किनकि स्काउट शिक्षकहरूले आ-आफ्नो विद्यालयमा स्काउट विद्यार्थी तयार गर्नुथियो । महेन्द्र मा.वि.को प्राङ्गण चिदिचौरको तल्लो भागमा तयार भएको स्काउटभवनको उद्घाटन २०४६ सालमा राजा वीरेन्द्र र

रानी ऐश्वर्य गुल्मी तम्घासमा सवारी हुँदा रानी ऐश्वर्यबाट गराउने कार्यक्रम राखिएको थियो । सोही समारोहमा आफ्नो आफ्नो स्काउट ग्रूपमा रहेर हामीहरूले स्वयंसेवी काम गर्नु परेको थियो । सोही समयपछिबाट स्काउटमा नजिक रहेर काम गर्न थालिएको हो । तत्कालीन समयमा स्काउटको क्षेत्रमा उल्लेखनीय काम गर्नुभएकोमा म समशेर भण्डारी सरलाई पनि स्मरण गर्न चाहन्छु ।

भेषबहादुर सर र म महेन्द्र मा.वि.मा सँगसँगै भएको र मिति २०५४/०७/०४ का दिन जिल्ला शिक्षा कार्यालय गुल्मीले पत्राचार गरी तम्घासमा उपलब्ध गराइएका स्काउट शिक्षकहरूमध्येबाट नेपाल स्काउट जिल्ला कार्य समितिको तदर्थ समिति गठन गर्ने भनी सर्वसम्मत तरिकाले जिल्ला आयुक्तमा भीमकुमारी श्रेष्ठ र जिल्ला सँगठन आयुक्तमा भेषबहादुर सर निर्वाचित हुनुभयो । जिल्ला समन्वय आयुक्तमा मलाई निर्वाचित गरियो । अन्य पदाधिकारीहरू पनि सोही दिन निर्वाचित हुनुभयो । यसरी जिम्मेवारीको हिसाबले भेषबहादुर सर जिल्ला संगठन आयुक्तबाट पदीयरूपमा प्रवेश गर्नुभएको हो । यसरी नेपाल स्काउट जिल्ला स्काउट कार्यालय गुल्मीले पूर्णता पायो र आफ्ना गतिविधिहरू अगाडि बढाउन थाल्यो । देशमा बहुदल प्राप्तिपछि स्काउट गतिविधिहरू सेलाएका थिए । किनकि स्काउटलाई राजावादी संस्था भन्ने गरिन्थ्यो ।

समयको प्रवाहसँगै नेपाल स्काउटको केन्द्रीय नीतिबमोजिम नेपाल स्काउट जिल्ला कार्य परिषद्को विधिवत् निर्वाचन गर्ने भन्ने भएअनुरूप जिल्लाभरमा छरिएर रहेका स्काउट शिक्षकहरूको भेला गराई मतदाता नामावली प्रकाशित गरी यस अधिवेशनबाट मिति २०५६/०२/२४ का दिन नेपाल स्काउटको जिल्ला कार्य परिषद्को जिल्ला आयुक्त पदमा सर्वसम्मत तरिकाले भेषबहादुर सर निर्वाचित हुनुभयो । उहाँको सचिवको रूपमा अर्थात् जिल्ला समन्वय आयुक्त पदमा मलाई निर्वाचित गरिएकोमा मैले आयुक्त सरलाई सहयोग गर्ने मौका पाएँ । अन्य चयन हुनुभएका पदाधिकारीहरूले पनि आ–आफ्नो क्षेत्रबाट सक्दो सहयोग पुऱ्याउनुभयो । जिल्ला आयुक्त जस्तो गरिमापूर्ण पदमा रहेर भेषबहादुर सरले डटेर काम गर्न थाल्नुभयो । नेपाल स्काउट केन्द्रीय कार्यालयबाट परिपत्र गरी निर्देशन गरेबमोजिमका विविध क्रियाकलापहरू, जिल्ला शिक्षा कार्यालयबाट गर्न लगाइन्थ्यो । जिल्ला स्काउटका वार्षिक कार्ययोजना अनुसारका क्रियाकलापहरू तथा जिल्ला स्काउटका नियमित कार्यहरू, विद्यालय स्तरीय विविध क्रियाकलापहरू, स्काउटको वार्षिक उत्सव समारोह, विभिन्न धार्मिक कार्यक्रमहरू र धार्मिक स्थल, आपत्विपद्मा स्काउट स्वयंसेवक परिचालन गर्ने जस्ता काममा जिल्ला आयुक्त भेषबहादुर सरले राम्रो ढंगले मार्गनिर्देशन गर्नुभयो ।

अत्यन्त मृदुभाषी, सरल, अरूलाई सहजै विश्वास गर्ने उहाँको स्वभाव थियो । मेरो अनुभवमा हामीहरू अति लामो समयसम्म सँगै काम गर्दा उहाँको निर्देशनबाट नैं नेपाल स्काउट गुल्मीले राष्ट्रिय स्तरमै आफ्नो छवि सदैव उच्च राख्न सफल भएको हो । नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयको

निर्देशनबमोजिम स्काउट (छात्रा-१ र छात्र-१) जम्मा २ जना विद्यार्थीहरू एक हप्ताको लागि बङ्लादेशमा सञ्चालन हुने स्काउट तालिममा पढाउन नाम सिफारिस गरी पठाउने भन्ने भएकोले गुल्मी जिल्लाबाट पठाएका विद्यार्थीको नाम केन्द्रले स्वीकृत गरेकोले नेपाल स्काउट गुल्मीबाट प्रकाश पाण्डे र संगीता पाण्डे बङ्लादेश जान सफल भएको कुरा पनि यहाँ उल्लेख गर्न सान्दर्भिक हुन्छ ।

जिल्ला आयुक्त भेषबहादुर कुँवरज्यूको कार्यकालमा जिल्लास्तरमै विभिन्न तालिमहरू : पुनर्ताजगी स्काउट तालिम (महिला तथा पुरुष) १ हप्ता, महिलाहरूको एड्भान्स तालिम (आवासीय), स्काउट तालिम (महिला तथा पुरुष) सम्पन्न् भएका थिए । सोको फलस्वरूप आज गुल्मी जिल्लाका धेरै विद्यालयहरूमा स्काउट टुपहरू गठन भई सञ्चालनमा रहेका छन् । उहाँको कार्यकालमा पदमा रहेर वा नरहेर हृदयदेखि नै सहयोग पुर्‍याउनुहुने सक्रिय स्काउट व्यक्तित्वहरू धेरै नै हुनुहुन्छ, कतिपयको नाम बिर्सिएको हुन सक्छ, माफ गर्नुहोला ।

सर्वप्रथम म भीमकुमारी श्रेष्ठ (भीम दिदी)को नाम लिन चाहन्छु । यसै गरी छविलाल खरेल, निरा मल्ल, हिमाल के.सी., खिमकला भलामी, सावित्री चन्द, चुरामणि भण्डारी, टीका कुँवर, टीकाराम पोखरेल, शिव भण्डारी, गीता मरासिनी, मीना पन्थ, कृष्णप्रसाद मरासिनी, रामलाल पाण्डेय (हाल जिल्ला आयुक्त), विकासचन्द्र खरेल, लक्ष्मी पन्थी अर्याल, केशरबहादुर थापा (प्राचार्य महेन्द्र मा.वि. तम्घास), धनपति पन्थ, विष्णुमाया पोखरेल, सावित्री श्रेष्ठ, कृष्णप्रसाद ज्ञवाली, हिमकला राना, हरिबहादुर सुवेदी, अमृता थापा, अमृता कुँवर, मीना सारू, संभ्कना गौतम, टीका खड्का, हरि कर्डेल, अरूण प्रधान, बाबुराम मरासिनी, मीना पन्थी, सविता पन्थी, जानकी खत्री, सीता ज्ञवाली, आशा थापा, विजयजङ्ग कुँवर, इन्दुका घिमिरे, अन्जु निरौला, कमला खत्री, गंगा रायमाझी, सम्झना आचार्य, घनश्याम ज्ञवाली, राजु भलामी, गोपाल पन्थीले आ-आफ्नो तर्फबाट सक्दो सहयोग पुर्‍याउनुभएको थियो । उहाँहरू सबै धन्यवादका पात्र हुनुहुन्छ ।

यसरी जिल्ला आयुक्त भेषबहादुर सरले मिति २०५६ सालदेखि २०७५ सालको असारसम्म अविच्छिन्न रूपमा नेपाल स्काउट गुल्मीको जिल्ला कार्य परिषद्को जिल्ला आयुक्त पदमा रहेर काम गर्नुभएको थियो ।

अन्त्यमा जिल्ला आयुक्त सर, 'कवि सर', भेषबहादुर सर जुन नामले सम्बोधन गर्न खोजे पनि उहाँ आज हाम्रो सामु हुनुहुन्न, केवल हामीहरूलाई उहाँले सम्झना मात्र छोडेर जानुभएको छ । उहाँका केही साहित्यिक कृतिहरू **'बादल', 'घुम्तीका आभासहरू', 'मेरा केही अनुभूतिहरू', 'बाईस तरङ्ग'** प्रकाशित छन् भने अन्य फुटकर कथा, कवितहरू छन् । त्यहाँ लेखिएका प्रेरणादायी शब्दहरूले हामीलाई उहाँको सम्झना दिलाइरहनेछन् । अब भेषबहादुर सर हाम्रो स्मृतिमा मात्र रहनुहुनेछ ।

ooo

# भेषबहादुर सरलाई सम्झिदा

✍ **कविता पन्थी**
**रे.न.पा.-१, गुल्मी**

जीवन यात्रा नै हो । बाल्यकालदेखि हालसम्मको अविरल यात्रामा विभिन्न अनुभव र सुखदुःखका पलहरू रहेका हुन्छन् । परिवर्तनशील समयले बालकलाई युवा, युवालाई वृद्ध बनाइदिन्छ । पछि आउने समयलाई त हामी देख्न सक्दैनौं तर बितेका कुराहरूको सम्झना त गर्न सक्छौं । बाल्यकालीन स्मृतिहरू हरेकको जीवनका अविस्मरणीय पलको रूपमा रहेका हुन्छन् । बाल्यकालीन सम्झनाहरूमा डुबुल्की मार्दा भेषबहादुर कुँवर सरसँगको सामीप्यता हाम्रो लागि महत्त्वपूर्ण क्षणको रूपमा रहेको छ । एकदमै माया गर्ने, हामी सबै दिदीबहिनी, दाजुभाइका लागि अत्यन्त प्रिय व्यक्ति भेषबहादुर सरले हामीलाई मीठा मीठा गीत कविताहरू सुनाउनुहुन्थ्यो । कतिपय कविता त घोकाउनु पनि हुन्थ्यो । हजुरआमाहरू, बुबाहरू सबैका कवि हाम्रा लागि कवि शब्दको पर्यायवाची नै भेषबहादुर सर लाग्नुहुन्थ्यो । हाम्रो पुरुषार्थ पत्रिकामा, शैल सन्देश पत्रिकामा उहाँका कविता पढ्ने एवं स्वयं उहाँकै मुखबाट लयबद्ध रूपमा ती कविता सुन्न पाउँदा हामी दंग पर्थ्यौं । विभिन्न साहित्यिक कार्यक्रममा उहाँले कविता सुनाउँदा सबै मन्त्रमुग्ध भएर सुन्थे, सबैले प्रशंसा गर्थे । कहिल्यै नरिसाउने, मुहारमा सधै हार्दिकता झल्किरहन्थ्यो सरको । हामी केटाकेटीहरू जम्मा भएर बसेको बेलामा सधै हाँसेरै कुरा गर्ने, कविता सुनाउने बानी थियो सरको । यही सबैसँग मिल्न सक्ने सहज बानी भएरै सबैको प्रिय हुनुहुन्थ्यो भेषबहादुर सर । कक्षा ६ मा महेन्द्र मा.वि. मा सरले मलाई पढाउनुहुन्थ्यो । घरमा आउँदा कवितालाई गरिमा, गरिमालाई कविता भन्दै जिस्काउनुहुन्थ्यो । हामी पनि उहाँको घरमा गइरहन्थ्यौं । फूलैफूलले सजिएको उहाँको घर वास्तवमै कविकुञ्ज जस्तो लाथ्यो । स्नातक तहको पत्रकारिताको प्रयोगात्मक पत्रिकाका लागि अन्तर्वार्ता लिनुपर्दा मैले भेषबहादुर सरकै अन्तर्वार्ता लिएकी थिएँ । सरलगायत परिवारसँग हाम्रो निकट पारिवारिक सम्बन्ध थियो ।

समय सधै एकनास नहुने पछिल्लो समय सर बिरामी भएर उपचारको क्रममा काठमाडौं रहनुभयो । भेटघाट हुन पाएन । पछि सरको भौतिक शरीर हामीमाझ रहेन । यस संसारमा जन्म लिइसकेपछि एक दिन यो संसार छाडेर जानुपर्ने प्रकृतिको नियम नै रहेछ । तर भेषबहादुर सर भौतिक रूपमा हामीमाझ नरहनु भए पनि आफ्ना कृतिमार्फत सदैव अजरामर हुनुहुन्छ । कवि लेखकहरू कहिल्यै मर्दैनन् । कीर्तिर्यस्य स जीवति भनेझैं उहाँका पुस्तकाकार विभिन्न कृतिहरू बाईस तरङ्ग, बादल टुक्राटाक्री, मेरा केही अनुभूतिहरूमार्फत सधैभरि उहाँलाई हामी सम्झिरहनेछौं ।

भिनामसिना कुरालाई पनि गहन भावयुक्त बनाएर कविता लेख्नसक्ने खुबी भएका भेषबहादुर सरलाई सरस्वतीको वरदान प्राप्त थियो । तत्कालै कविता रचना गर्न सक्ने अद्भुत क्षमता थियो उहाँमा । रचना गरिएका कवितालाई आफ्नो सुमधुर वाणीद्वारा प्राण भर्न सक्ने कला पनि थियो । उहाँका कविता देख्दा पढ्दा सरल लागे पनि भित्र दार्शनिक रहस्यले भरिपूर्ण छन् ।

आफ्ना कृतिको माध्यमबाट, कवि भेषबहादुर कुँवर सर सदैव हाम्रो सामु हुनुहुन्छ । उहाँसँगका रमाइला धेरै प्रसङ्गहरू छन् । हाम्रो पुरुषार्थको सम्पादन मण्डलमा रहनुभएका भेषबहादुर सर गुल्मी जिल्लाकै प्रतिभा हुनुहुन्थ्यो । नेपाली साहित्याकाशमा युगौंयुगसम्म अजरामर हुनुहुनेछ । कवि भेषबहादुर कुँवर सरलाई हार्दिक श्रद्धाञ्जलि ।

ooo

आँतभित्र रोए पनि
दाँत हाँस्यो ह कि ?
प्रसन्नता भन्ने कुरा
स्वाङ मात्रै हो कि ?
कोइलीको कुहुँ कुहुँ
मीठो लाग्छ ह कि ?
चारा केही नपाएर
रोइरहेको हो कि ?
पानी माग्दै काकाकुल
आकाश डुल्यो ह कि ?
थोपा दिन्न बादलले
नसुनेर हो कि ?
जुनकिरीले दुनियाँलाई
बत्ती दिन्छ ह कि ?
उसको पनि भित्र–बाहिर
राँको बल्दो हो कि ?

*– ( कवि प्रयासीको 'भान' कविताको अंश)*

# बहुआयामिक व्यक्तित्व भेषबहादुर कुँवर

✍ **सन्तोष गौतम**
**रे.न.पा.-१, गुल्मी**

कुँवर परिवारसँग निकट सम्बन्ध भएको नाताले मैले स्वर्गीय कवि भेषबहादुर कुँवरलाई आफ्नो अभिभावकको रूपमा लिने गर्दथें.कुनैबेला मेरो धेरै समय कुँवर परिवारसँग बित्ने गर्दथ्यो । त्यही निकटताको उपज कुँवर परिवारलाई र भेषबहादुर सरलाई नजिकबाट बुझ्ने मौका मिलेको हो । उहाँको व्यक्तित्वलाई म चार विभिन्न पाटाबाट केलाउन उपयुक्त ठान्छु ।

सरको व्यक्तित्वको सबैभन्दा सुन्दर र महत्त्वपूर्ण पाटो सिर्जनशीलताको हो । एक उत्कृष्ट शब्दशिल्पी र कलाकारको रूपमा म सरलाई चित्रित गर्न उपयुक्त ठान्छु । मर्मस्पर्शी कविता र उत्कृष्ट गीत लेखनमा त्यो कलम कहिल्यै थाकेन । घरमा रहेको त्यो सिर्जनशील माहौलको उपज परिवारका अन्य सदस्यहरू पनि वाद्यवादन र गायनमा अब्बल रहेको कुरा उहाँहरूले गायन र संगीतमा देखाएको उत्कृष्ट प्रतिभाले प्रमाणित गर्दछन् । अनि घरको सांगीतिक माहौलपछिको अध्ययन अत्यन्त प्रभावकारी रहन्थ्यो । अनुशासन, नैतिकता र सफल जीवनको सम्बन्धमा मीठो शैलीमा सम्झाउने बुझाउने गर्नुहुन्थ्यो सरले । जीवनको पछिल्लो समयसम्म पनि सिर्जनशीलतामा निरन्तररूपमा तल्लीन रहने, विभिन्न् साहित्यिक प्रतियोगिताहरूमा भाग लिने र पुरस्कृतसमेत हुने, विभिन्न सभा सम्मेलन र गोष्ठीहरूमा उत्कृष्ट प्रस्तुतिहरू पस्कने सरको सिर्जनशील व्यक्तित्व साच्चै नै अनुकरणीय थियो ।

उहाँको व्यक्तित्वको दोस्रो महत्त्वपूर्ण पाटो सफल अभिभावकत्वको हो । छोराछोरीको व्यक्तित्वको बहुआयामिक विकासमा सरको मार्गदर्शन साँच्चै सफल रहेको कुरा परिवारका सदस्यले राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा प्राप्त गरेका स्थान र सफलताले प्रतिबिम्बित गरेका छन् । छोराछोरीको खुसीको सवालमा मैले सरलाई अत्यन्तै सजग रहेको देखेको छु । सरको परामर्शकला पनि गज्जबको रहेको थियो ।

यसै गरी सरको व्यक्तित्वको तेस्रो तर महत्त्वपूर्ण पाटो हो मानवीयताको । म स्वर्गीय कुँवरलाई एक असल मानवको रूपमा चिन्दछु । कोमल हृदय र सहयोगी भावनाका धनी, मृदुभाषी, सबैसँग आत्मीयताका साथ प्रस्तुत हुने स्वर्गीय कुँवरमा छलछाम, ईर्ष्या, द्वेष र घमण्डको आभास पाउन कठिन थियो । 'सादा जीवन उच्च विचार'लाई जीवनको आदर्शको रूपमा लिएको पाउँथे म ।

स्वर्गीय कुँवरको जीवनको अर्को महत्त्वपूर्ण आयाम पेशागत जीवनसँग जोडिएको छ । म स्वर्गीय कुँवरलाई एक प्रेरणादायी र दक्ष शिक्षक एवं कुशल स्काउट प्रशिक्षकको रूपमा चिन्दछु । विचित्रको हास्य चेत र रसिक स्वभाव भएको कारण विद्यार्थीहरूमाझ लोकप्रिय हुनुहुन्थ्यो सर ।

यसरी मेरो अनुभवमा सर सादा जीवन र उच्च विचारका एक जीवन्त नमूना हुनुहुन्थ्यो र सिर्जनशीलताका एक अनुकरणीय पात्र हुनुहुन्थ्यो । उहाँप्रति हार्दिक श्रद्धासुमन ।

०००


*महेन्द्र नमूना माध्यमिक विद्यालयका पूर्व शिक्षक तथा 'शैल-सन्देश' पत्रिकाका सम्पादक मण्डलका पूर्व सदस्य स्वर्गीय कवि भेषबहादुर कुँवर 'प्रयासी'को २०७७ साल ज्येष्ठ कृष्ण द्वादशी (जेठ ६ गते)का दिन परेको वार्षिक पुण्यतिथिमा कविप्रति हार्दिक श्रद्धाञ्जलि समर्पण गर्दै यस अवसरमा किरण पुस्तकालयले प्रकाशनमा ल्याउन लागेको 'हाम्रो पुरुषार्थ'को 'कवि प्रयासी स्मृति-अङ्क' पठनीय, स्मरणीय, सङ्ग्रहणीय र अनुकरणीय बन्न सकोस् भनी शुभकामना व्यक्त गर्दछौं ।*

**महेन्द्र नमूना माध्यमिक विद्यालय परिवार**

**रेसुङ्गा नगरपालिका-१, चिदीचौर, तम्घास, गुल्मी**

**फोन नं. ०७९-५२०१९५**

# स्मृतिको तरेलीमा भेष सर

✍ **नवीन मरासिनी**
**रे.न.पा.-२, गुल्मी**
**हाल : अनामनगर, काठमाडौं**

कवि भेषबहादुर कुँवर 'प्रयासी' मेरो लागि मैले चिनेको र बुझेको व्यक्तित्वभन्दा पनि बुबाको अत्यन्त मन मिल्ने अन्तरंग साथीको हैसियतले मलाई माया गर्ने अभिभावक हो । उहाँका छोराहरू विजय र रमेश, किरण मेरा दौतरी साथी भएकोले, माया तथा दयालक्ष्मीलाई कक्षा ९ र १० मा पढाएको हुँदा त्यो परिवार मेरा लागि सधै नजिक छ । मैले बाल्यकालदेखि युवा हुन्जेलसम्म भेष सरको सामीप्यतामा हुर्किने अवसर पाएको थिएँ । यो मेरो कारणले भन्दा पनि उहाँ बुबाको घनिष्ठ मित्र भएको कारणले सम्भव भएको थियो । खास गरेर विद्यार्थीको रूपमा, बुबाको आत्मीय साथीको रूपमा र करिब २ वर्ष महेन्द्र मा.वि.मा सहकर्मीको रूपमा र अनौपचारिक रूपमा पढेका उहाँका साहित्यिक रचनाबाट उहाँलाई चिन्ने, बुझ्ने र जान्ने अवसर मैले पाएको थिएँ ।

वास्तवमा यो संस्मरण बुबाले लेखेको भए धेरै कुराहरू बाहिर आउँथे तर बुबाले आजकल लेख्न अप्ठ्यारो मान्ने हुनाले उहाँले हिम्मत गर्नुभएन । मैले रमेशजीको अनुरोधमा मेरो मानसपटलमा बुबा र म आफैसँग जोडिएका स्मृतिलाई एकै ठाउँमा पस्किने जमर्को गर्दै छु । उहाँसँग जोडिएका स-साना घटनाहरू खास गरेर बुबालाई खोज्दै आउँदा हामीप्रति देखाउने मायालु व्यवहार र बोली नै मेरो मन मस्तिष्कमा ताजा रूपमा रहेका छन् ।

मैले महेन्द्र मा. वि. मा अध्ययन गर्दा सरले कोर्सबाहिरका धेरै नैतिक कथाहरू भनेर रमाइलो गराई पढाएको याद छ । पढाउने सिलसिलामा त्यस्ता कथाहरूले विद्यार्थीको सिकाइलाई कति बलियो र प्रभावकारी बनाउँछन् भन्ने कुरा मैले आजकल बल्ल बुझ्दै छु । कक्षा ६ मा अध्ययन गर्दा शैल-सन्देशका लागि लोककथा 'बुढो फाल्ने डोको' लेखेको (पुनर्लेखन) थिएँ । उहाँले त्यो छापिदिनुभएको थियो । उहाँले लामो समयसम्म बुबालाई त्यसैको प्रसँग ल्याउँदै ठट्टा गर्नुहुन्थ्यो । अनि मलाई **'नवीन'** नभनेर **'पुराना'** भन्नुहुन्थ्यो ।

उहाँको परिवार तम्घासमा सबैभन्दा सफल र उदाहरणीय लाग्छ मलाई । यौटै बुबाआमाका सबै सन्तान समाजले गौरव गर्न सक्ने गरी आफ्नो क्षेत्रमा उच्चतम सफलता हासिल गर्न सक्नुभएको छ । सायद धनसम्पत्तिभन्दा असल शिक्षा र संस्कार नै उहाँले आफ्ना सन्तानलाई दिएको अमूल्य पैत्रिक सम्पत्ति थियो र त्यसैले आज त्यो परिवार सबैले उच्च सम्मानका साथ हेर्ने परिवार भएको छ । सादा जीवन, सरल र मिजासिलो व्यवहारका प्रतिमूर्ति, साहित्यिक साधक, मधुर

स्वरका धनी सर्जक भेषबहादुर सरको जीवनबाट हरेक परिवारले सिक्नु पर्ने पाठ यो पनि हो जस्तो लाग्छ ।

भेषबहादुर सरलाई कविको रूपमा पढ्दा उहाँको 'भान' कविता पढ्नुपर्छ जस्तो लाग्छ । त्यो कविता जसरी लेखिएको छ र जुन सन्देश त्यसमार्फत व्यक्त गरिएको छ त्यसले उहाँलाई राष्ट्रिय कविको परिचय दिन्छ । हाम्रो देशमा तटस्थ मूल्याङ्कन हुने परम्परा भएको भए उक्त कविता विश्वविद्यालयका पाठ्यक्रममा समावेश हुन्थ्योहोला जस्तो लाग्छ ।

एक पटक रेसुङ्गा क्याम्पसमा कविता प्रतियोगिता आयोजना भएको थियो । २०५५ वा ०५६ सालमा हुनुपर्छ । पाल्पाको पत्रकार संघले आयोजना गरेको एउटा कविता वाचन प्रतियोगितामा म पनि सहभागी भएको थिएँ । उहाँले पनि आफ्नो कविता वाचन गर्नुभएको थियो । उहाँले लेखेको कविता आफ्नै स्वरमा वाचन गरेपछि त्यसको माहोल कस्तो बन्यो होला मात्र कल्पना गर्न सकिन्छ । उहाँले मादक पदार्थ सेवन गरेर कविता वाचन गरेको हुनाले सहभागी प्रतियोगीहरूले आफू नै प्रथम हुने आशा गरेका रहेछन् तर निर्णायक मण्डलले उहाँलाई प्रथम घोषणा गरे । परिणामसँग असन्तुष्ट प्रतियोगीले उहाँलाई आफ्नो कविताको अर्थ लगाइदिनपर्छ भन्दै आयोजकलाई दवाव दिएका थिए । अनि उहाँको प्रत्युत्तर थियो, **'यो कविता लगेर श्राद्ध गर्ने पण्डितकोमा जानुहोला, अर्थ त्यही लाइदिहाल्छन् नि ।'** सबैले ताली बजाए । अर्थ लगाइदिन भन्ने प्रतियोगी लाजले राता भए । कविताको मर्म नै नबुझी कवि हुन खोज्नेलाई यो गतिलो झापड थियो । यस घटनाले उहाँका केही विशेषतालाई उजागर गर्दछ । उहाँ साहित्यमा विशेष दक्षता राख्नुहुन्थ्यो भने कसलाई कतिखेर कसरी के जबाफ दिन पर्छ भन्ने वाक्पटुता पनि उहाँसँग थियो ।

विभिन्न समयमा बुबाले भेष सरसँग गरेका रमाइला प्रसँगहरू ल्याउनुहुन्छ जुन अझै पनि मेरो मस्तिष्कमा ताजा छन् । बुबाले उहाँसँग बिताएका पलहरूलाई अमूल्य निधिका रूपमा सम्झिनुहुन्छ । दीन पन्थी सरले भन्ने गरेका उहाँका प्रसँगहरू हामीलाई ठट्यौली जोक जस्तो लाग्छ त्यो चाहे सोल्जर्सबोर्डमा चाइनिज भाषामा साथीहरूसँग गरेको कुरा होस् या बाग्लुंग जाँदा कपाल काट्ने नाउँसँग गरेका ठट्टाहरू, मेरो मन मस्तिष्कमा स्थायी भएर बसेका छन् ।

मैले चिन्दाका समयदेखि नै बुबाले उहाँलाई कवि भनेर सम्बोधन गर्नुहुन्थ्यो, तँ तँ र म म गरेर बोल्नुहुन्थ्यो एकआपसमा, धेरै पछि थाहा पाएको थिएँ उहाँ साच्चिकै कवि हुनुहुँदोरहेछ भनेर । विद्यालयबाट निवृत्त भएपछि बुबा र उहाँ प्रायशः हरेक दिन भेट्नुहुन्थ्यो, घन्टौ घुम्न जानुहुन्थ्यो बिहान र बेलुकाको समयमा । यी दुबै जनाबाट एक जनालाई हटाउँदा दुबैको जिन्दगी अधुरो र अपूरो हुन्छ जस्तो लाग्थ्यो ।

एक पटक बुबा बिरामी पर्नुभो, डाक्टरले खास गरी रक्सी कुनै पनि हालतमा छुनसमेत हुन्न भनेको थियो बुबालाई । १०-१२ दिन भइसकेको थियो ओछ्यानमा पल्टेको । भेषबहादुर सर भेट्न आउनुभएको थियो । पहिला उहाँ आफू बाथरूममा छिर्नु भो अनि बिस्तारै बुबालाई म आफै बाथरूममा लैजान्छु भनेर डोस्याउँदै लैजानुभो । पछि थाहा भो उहाँ त बुबालाई कोसेली लिएर खुवाउन पो डोस्याएर बाथरूममा लैजानुभएको रहेछ । आजकल सोँच्छु त्यो प्रेम र मित्रताको गहिराइ ।

पछिल्लो समयमा म काठमाडौं भएकाले प्रत्यक्ष भेट महाराजगञ्जको प्रहरी अस्पतालमा र पछिल्लो पटक रमेशजीको निवास वनस्थलीमा भएको थियो । बालकृष्ण शर्मा सर र म उहाँलाई भेट्न गएका थियौं । बेडमा सुतेरै लामो समयसम्म कुरा गर्नुभएको थियो । 'हामी सबैले भन्दा हेमेले धेरै पिउँथ्यो, त्यसलाई केही भएन, मलाई यस्तै भा छ, क्यारे' भन्दै हुनुहुन्थ्यो हाँस्यव्यंग्य शैलीमा । एक हप्तामै उहाँ रहनु भएन भन्ने खबरले स्तब्ध भएको थिएँ । थाहा पाएपछि अन्तिम श्रद्धाञ्जलिको लागि प्रहरी अस्पतालमा पुगेको थिएँ गरुङ्गो मन लिएर । २०४६ सालदेखि मलाइ **'ए ! पुराना !'** भन्ने आवाज ३० वर्षपछि सधैका लागि बन्द भएको थियो ।

ooo

***२०७७ साल भाद्र ३ गते कुशे औंसीका दिन युवक कवि मोतीराम भट्टको १५५ औं जन्मजयन्तीको अवसरमा किरण पुस्तकालय प्रकाशनमालाको अठारौं पुष्पका रूपमा मनबहादुर खत्री 'मनु'को गजल-संग्रह 'गजल चालिसा' प्रकाशनमा आउँदैछ । प्रतीक्षा गर्नुहोस् ।***



# प्रयासीका प्रयासहरूलाई पच्छ्याउँदा

✍ **पन्थी रामप्रसाद**
रे.न.पा.-२, छापटोला, गुल्मी

## १. पृष्ठभूमि

**शुभ रहोस् हर घडी शुभ रहोस् हरपल**
**हाँसो खुसी आनन्दले मुहार होस् सबको झलमल**
**सबमा होस् सुख शान्ति, सबमा होस् जाती**
**कसैलाई कहिल्यै नहोस् कुनै किसिमको नजाती**
**नूतन होस् सतहत्तर हजार दुईको**
**कायल होस् कोरोना कहर पत्ता लागोस् सुईको ।**

नयाँ वर्ष २०७७ ले 'हाम्रो पुरुषार्थ'का आगामी अङ्कहरूमा अझ नयाँपन ल्याउन सकोस् । पुरुषार्थका पुरुषार्थहरू अझ मौलाउँदै, फैलिंदै र झाँगिदै जाऊन् । नयाँ-पुराना पुस्ताका स्रष्टाहरूले उसैगरी फुल्ने, फक्रने र सुगन्ध छर्ने अवसर पाइरहून् । 'हाम्रो पुरुषार्थ'को सुयश देश परदेशमा सदा फैलिरहोस् शुभकामना !

## २. विषय प्रवेश

प्रथमतः साधुवाद समर्पण गर्न चाहन्छु, किरण पुस्तकालयलाई । विशिष्ट व्यक्तित्वहरूसँग सम्बन्धित र समर्पित विशेष अङ्कहरू प्रकाशनलाई निरन्तरता प्रदान गर्दै आएकोमा । वर्ष ४६, अङ्क ४, सम्पूर्णाङ्क ८३, साउन-असोज, २०७६ को अङ्कमै २०७७ सालको वैशाख-असारको 'हाम्रो पुरुषार्थ' सम्पूर्णाङ्क ८६ किरण पुस्तकालयका पूर्व कोषाध्यक्ष तथा **'हाम्रो पुरुषार्थ'**का पूर्व सहायक सम्पादक स्व. कवि भेषबहादुर कुँवर **'प्रयासी'**को स्मृतिमा कवि प्रयासी स्मृति अङ्कको रूपमा प्रकाशन गर्ने योजना बनाई कवि कुँवरज्यूको कृतित्व र व्यक्तित्वमाथि प्रकाश पार्ने महत्त्वपूर्ण कदम चाल्नुहुने 'हाम्रो पुरुषार्थ' तथा किरण पुस्तकालय परिवारप्रति हार्दिक धन्यवाद र उच्च आदरभाव ज्ञापन गर्दछु ।

## ३. प्रयासीको व्यक्तित्व र कृतित्वका विविध आयाम

### अ. प्रयासीको व्यक्तित्व

#### (क) संक्षिप्त परिचय

प्रतिमान कुँवर र डम्बरकुमारी कुँवरका कनिष्ठ पुत्र । वि.सं. २००५ भाद्र १९ गतेको जन्म । जन्मस्थान तम्घास-३, धागिथुम हाल रे.न.पा. ०२, गुल्मी । एक पत्नी, पाँच पुत्र, दुई पुत्री । प्रमाणपत्र तहसम्मको शिक्षा । मिति २०७६ जेठ १७ का दिन ७१ वर्षीय जीवनबाट विश्राम । 'कवि सर तथा प्रयासी' उपनामबाट परिचित ।

### (ख) जागिरे जीवन

प्रयासीको जागिरे जीवन शिक्षण पेशामा समर्पित रह्यो । कक्षा ९ पास गर्नेबित्तिकै घमिरको एक प्रा.वि.मा प्रधानाध्यापकको जिम्मेवारी बहन । एस.एल.सी.को समाप्तिसँगै हालको रेसुङ्गा मा.वि. तम्घासको संस्थापक शिक्षक । त्यसको केही समयपश्चात् हालको महेन्द्र मा.वि. तम्घासको शिक्षकको रूपमा नियुक्त भई सोही विद्यालयबाट अवकाश प्राप्त । औपचारिक हिसाबमा हेर्दा मिति २०२६ वैशाख ९ मा शिक्षकका रूपमा नियुक्त भई २०६० वैशाख १ मा सेवानिवृत्त ।

पंक्तिकारलाई कवि सरको शिष्य बन्ने शौभाग्य प्राप्त । महेन्द्र मा.वि.को कक्षा ६-८ सम्म प्रत्यक्ष तथा सोपश्चात् परोक्ष रूपमा शिक्षार्थी बन्ने सुअवसर मिलेकोमा गौरवान्वित महसुस । त्यसमाथि उहाँको व्यक्तित्व र कृतित्वसँग सम्बद्ध 'हाम्रो पुरुषार्थ'को यो विशेष स्मृति अङ्कमा दुई चार अक्षर कोर्ने सौभाग्य प्राप्त भएकोमा हर्षले गद्‌गद् ।

### (ग) प्रयासीको सामाजिक व्यक्तित्व

शिक्षण सेवाका अतिरिक्त 'प्रयासी'को जीवनको अधिकांश समय नेपाल स्काउट र किरण पुस्तकालयसँग आबद्ध रह्यो । उहाँले किरण पुस्तकालयको कोषाध्यक्ष तथा 'हाम्रो पुरुषार्थ'को सहायक सम्पादकका रूपमा रहेर सेवा गर्नुभयो । नेपाल स्काउट जिल्ला कार्यालयको जिल्ला आयुक्त जस्तो गरिमापूर्ण जिम्मेवारी बहन गर्ने अवसर उहाँलाई प्राप्त भयो ।

## आ. प्रयासीको कृतित्व

### (क) सम्पादकीय व्यक्तित्व

प्रयासी महेन्द्र माध्यमिक विद्यालय तम्घास, गुल्मीबाट वार्षिकोत्सवको अवसरमा प्रकाशित हुने 'शैलसन्देश' मुखपत्रको तेस्रो अङ्क (२०३३) देखि बाईसौं अङ्क २०६० सम्म सम्पादक मण्डलको सदस्यका रूपमा रहेर काम गर्नुभयो । त्यसै गरी उहाँले किरण पुस्तकालय गुल्मीबाट प्रकाशित 'हाम्रो पुरुषार्थ' को वि.सं. २०३० सालदेखि २०७५ सालसम्म सहायक सम्पादकको रूपमा रहेर सम्पादकीय व्यक्तित्वलाई उजागर गरेको देखिन्छ ।

### (ख) प्रयासीको कलाकारिता

भेषबहादुर कुँवर 'प्रयासी' कला क्षेत्रको समुज्ज्वल कान्ति हो, प्रकाश हो । त्यसको सौन्दर्य हो । उहाँमा बेजोड कवित्व कला त छँदै थियो । साथमा नाच, गान र बजान अर्थात् बागीना (बाजा/वाद्यवादन, गीत/संगीत र नृत्य) मा पनि पारङ्गत हुनुहुन्थ्यो । गायनका हिसाबले हेर्दा धर्मराज थापाको झल्को उहाँले

मेटाइदिनुहुन्थ्यो । एउटा कुशल कलाकारमा हुनु पर्ने अधिकांश गुण, प्रतिभा र क्षमता उहाँमा विद्यमान थिए । यसर्थ प्रयासीलाई कला निपुण व्यक्तित्व भन्न रुचाउँछ मेरो कलम । उहाँको जीवन आफैमा कलामय थियो । चिटिक्कको पहिरन, हातमा अटुट रूपमा रहने डायरी तथा अध्ययन सामग्री, मीठो मुस्कान, सुमधुर स्वर, सांङ्केतिक, सूत्रात्मक, प्रतीकात्मक तथा हल्का कटाक्षयुक्त भाषाशैली प्रयासीका निजात्मकता हुन् ।

साहित्य सम्पूर्ण कलाहरूको जननी हो । यसर्थ हरेक साहित्यकार आफैमा कलाकार हो तर हरेक कलाकार साहित्यकार हुन सक्दैन । साहित्यका अनेक विधाहरूमा कविता/काव्य विधालाई उच्च स्तरीय विशिष्ट विधा मानिन्छ । कवि पारसमणि प्रधान भन्दछन्- 'कवि कविता होस् कविता कवि होस् तब पो हुन्छ । 'शब्द थुपारीकन के हुन्छ ? भाव भए पो हुन्छ ।' यसर्थ शब्द थुपार्दैमा कविता हुन् सक्दैन । त्यसमा भाव पक्ष खँदिलो र जीवन्त हुनुपर्छ । यसका लागि कवि कविता र कविता कविका रूपमा एकाकार हुनुपर्दछ ।

कविता छन्दोबद्ध होस् या मुक्त छन्द (गद्य) को यसमा लयात्मकता तथा गेयात्मकता हुनु जरूरी छ । छन्दविना पनि कविता हुन्छ तर लयविना कविता हुन् सक्दैन । विम्ब, प्रतीक, रस, अलङ्कांर, भाव, लय, भाषा, शैली आदि विविध पक्षहरूको समुचित र सन्तुलित प्रयोगले नै कविता जीवन्त बन्दछ । यी सबै अङ्ग तथा अवयवहरूको विशिष्ट प्रयोग एउटा कुशल कलाकारले मात्र गर्न सक्छ । त्यस किसिमको विशिष्ट क्षमता वा कलाकारिताको प्रयोग कवि प्रयासीका काव्य कृतिहरूमा पाउन सकिन्छ ।

## (ग) प्रयासीको कृतित्व

प्रयासीको लेखनी मूलतः कविता, गीत, गजललगायतका विधासँग सम्बन्धित रहेको छ तापनि उहाँका अन्य गद्य विधाका लेख रचनाहरू पनि उत्तिकै अब्बल, उत्कृष्ट र सशक्त रहेका छन् । यसो भए तापनि प्रयासीको पहिलो परिचय कवि नै हो । उहाँ जनमानसमा कवि वा कवि सरका रूपमा नै परिचित हुनुहुन्छ ।

कवि प्रयासीको कृतित्व विभिन्न पत्रपत्रिकाहरू, शैक्षिक तथा गैरशैक्षिक संघ-संस्थाका मुख-पत्रहरूमा छरिएर रहेका छन् । मलाई त लाग्छ उहाँका रचनाहरू समावेश नभएका पत्रपत्रिकाहरू गुल्मीमा कमै मात्रामा होलान् । विशेष गरी उहाँका कविता, गीत तथा लेख रचनाहरू महेन्द्र माध्यमिक विद्यालय तम्घास गुल्मीको 'शैलसन्देश', रेसुङ्गा बहुमुखी क्याम्पसको 'विद्या', सिद्धबाबा माध्यमिक विद्यालयको 'आवाज', रेसुङ्गा बहुमुखी क्याम्पस, स्वतन्त्र विद्यार्थी युनियनद्वारा प्रकाशित 'रेसुङ्गा ज्योति', जस्ता वार्षिक मुखपत्रहरूमा बाक्लै रूपमा देख्न सकिन्छ । किरण पुस्तकालयद्वारा प्रकाशित 'हाम्रो पुरुषार्थ' प्रयासीले पुरुषार्थ प्रदर्शन गर्ने प्रमुख साहित्यिक पुस्तक हो । माथि उल्लेख गरिएका मुखपत्रहरू

वार्षिक रूपमा प्रकाशित हुने र 'हाम्रो पुरुषार्थ' अर्धवर्षिक हुँदै त्रैमासिक रूपमा प्रकाशित हुने भएकोले प्रयासीले पुरुषार्थ प्रदर्शन गर्ने प्रमुख पुस्तक भनिएको हो । यसका साथसाथै उहाँका कृतिहरू सदरमुकाम तम्घासदेखि दूरदराजमा रहेका विभिन्न शैक्षिक संस्था र त्यस्ता संस्थाहरूबाट विशेष अङ्कका रूपमा बेलाबखत प्रकाशित हुने मुखपत्रहरूमा पनि छरिएर रहेका छन् । पंक्तिकारले फेला पारेका यस्ता मुखपत्रहरूमा सरस्वती नि.मा.वि. अर्लाङकोटको 'सरस्वती' स्वर्ण स्मारिका, २०६७, भगवती माध्यमिक विद्यालय, सिमीचौरको स्वर्ण जन्मोत्सव विशेषाङ्क 'वासन्ती' २०६७, नेपाल शिक्षक संघ गुल्मीको वर्ष ७ अङ्क ३, २०५७ को स्मारिका 'शिक्षक दीप' आदि यस्ता अनेकौं अनगिन्ती मुखपत्रहरूमध्येका प्रतिनिधिमूलक पत्रिकाहरू हुन् । त्यस्तै उहाँका कविता, गीतलगायतका रचनाहरू बेलाबखत प्रकाशित हुने र बीचमै हराएर जाने अस्थायी प्रकृतिका गुल्मेली साप्ताहिक पत्रपत्रिकाहरूमा पनि प्रकाशित हुने गरेका थिए । जसमध्ये 'रेसुङ्गा शिखर सन्देश', 'गुल्मी टाइम्स'... । रेसुङ्गा बहुमुखी क्याम्पस स्नातक तहमा अध्ययन गर्ने पत्रकारिता समूहका विद्यार्थीहरूले प्रकाशन गर्ने अभ्यासमूलक पत्रिका तथा साहित्यिक पत्रिकाहरूमा पनि प्रयासीका रचनाहरू सजिएका देखिन्छन् । मलाई त लाग्छ कवि प्रयासी स्वयंलाई कुन कुन पत्रिकामा कति आफ्ना रचनाहरू प्रकाशित भए त्यसको अत्तोपत्तोसमेत भएन होला । जहाँ जसले माग्यो रचना दियो पठायो । कतिपयले लेखक रचनाकारका हिसाबमा यस्तो पुस्तक उपहार दिए होलान् तर धेरैको यसरी उपलब्ध गराउने चलन पनि छैन । अरू त परका विषय भए, जे होस् माग्ने जतिलाई रचना उपलब्ध गरायो सन्तुष्टि लियो, बस्यो । हामीकहाँ यसरी लेख रचना उपलब्ध गराएबापत कवि, लेखक, साहित्यकारलाई कुनै न कुनै हिसाबले सम्मान गर्ने चलन त छँदैछैन । त्यसरी छापिएबापत उल्टो ठूलो गुन लगाएको र स्थान दिएको ठानिन्छ । कतिपय अवस्थामा यो ठिकै पनि होला तर ख्याति प्राप्त व्यक्तित्वका विशिष्ट लेख रचनाहरू प्रकाशित गरे गराएबापत त्यस्ता संस्था तथा प्रकाशकहरूले लिएको लाभले उनीहरूको फलिफाप भएको हुन्छ । तर लेखक, कवि, साहित्यकारहरू निद्रा कचल्ट्यायो, भोक बिर्सियो, समय गुजुल्ट्यायो, दिमाग गिथोल्यो, त्यसैमै हरायो, रन्थनियो, सन्तुष्ट भयो, बस्यो, बस यत्ति । सम्भवतः प्रयासीको दिनचर्या पनि यसरी नै बित्यो ।

प्रयासीका आफ्नै प्रयासमा प्रकाशित कृतिहरू असाध्यै न्यून मात्रामा रहेका छन् । जसमा केही प्रमुख प्रकाशित कृतिहरू यस प्रकार रहेका छन् :

- ❑ 'बादल' कविता-सङ्ग्रह (२०३१)
- ❑ 'बादल' दोस्रो संस्करण (२०६६)
- ❑ 'घुम्तीहरूका आभास' कविता-संग्रह (२०६७)
- ❑ 'मेरा केही अनुभूतिहरू' कविता-संग्रह (२०७१)
- ❑ 'बाईस तरङ्ग' (२०७३)

### (घ) प्रयासीका कृतिहरूको वैचारिक पक्ष

प्रयासीमा स्वच्छन्दतावादी कवित्व शक्ति बेजोड रहेको छ । स्वतःस्फूर्त कलात्मक अभिव्यक्ति, रमरम बौद्धिकता, कल्पनाको उडानमा वेग मार्नु स्वच्छन्दतावादको मूलभूत विशेषता हो । प्रकृतिप्रति आकर्षण, ग्रामीण जनजीवन र लोक संस्कृतिप्रति सम्मोहन, राष्ट्र र राष्ट्रियताप्रति हुरूक्क हुनु, मानवतावादी चिन्तन, युगीन समाजका विविध गतिविधि तथा समसामयिकताप्रति चिन्ता र चासो, कुरीतिहरूप्रति विरोध र विद्रोह, अन्याय अत्याचारको कडा आलोचना, क्रान्तिकारी भाव, शान्तिप्रतिको मोह, शोषण र उत्पीडनमा परेका निमुखा वर्गहरूप्रति हार्दिक सहानुभूति आदि जस्ता प्रवृत्तिलाई स्वच्छन्दतावादले आत्मसात् गरेको छ । कवि प्रयासीका कविता कृतिहरूमा यिनै स्वच्छन्दतावादी प्रवृत्तिहरू प्रस्फुटित भएका छन् ।

कृत्रिमताको विरोध, अतीतको मोह तथा लोकसंस्कृतिप्रति आस्था र मोह, युगीन विकृति र विसङ्गतिप्रति आक्रोश, व्यङ्ग्य र विद्रोहको चर्को स्वर, गाउँ, समाज र राष्ट्रको उन्नतिको चाहना, आत्मसम्मान, आत्मगौरव र सामाजिक जागरणको भावभूमिमा रचित प्रयासीका कविता कृतिहरू सुललित छन् । पदावली सुकोमल छन् । भाषा सलल बगेको छ । पाठकका मनमा सहजै छाप पार्न सक्ने बोधगम्य भाषा छ । जे आउँछ मज्जाले पचाउँछ हजमोला क्यान्डी झैं । मज्जाले कविताको रसास्वादन गर्न सकिन्छ । प्रयासीका कविता रसरङ्गले भरिएका रसबरी जस्तै छन् ।

### २. उपसंहार

व्यक्तिको जीवनशैलीले उसको काम र कृतित्वप्रति उत्तिकै प्रभाव पार्दछ । प्रयासीको स्वच्छन्दतावादी जीवनशैलीकै उपज हुन् स्वच्छन्दतावादी कविता कृतिहरू । कसैको नियन्त्रण वा दबाव सहन नसक्ने, आफ्ना अभिव्यक्तिलाई कुण्ठित नगरी अभिव्यक्त गरिहाल्ने, कसैले केही भन्ला वा गर्ला भन्नेतर्फ चासै नदिई मनको आवाजलाई बुलन्द गर्ने, आफ्नो जीवन आफ्नै ढंगले जिउने, आफू आफैमा रमाउने, आफैमा हराउने, आत्मालाप र आत्मरागमा होइन आत्मीयतामा अटाउन सक्ने विशिष्ट क्षमता प्रयासीमा थियो । यहाँ पिउनेहरू धेरै छन् । नपिउनेहरू नगण्य छन् । पिएर मात्नेहरू धेरै छन् । पिएर आफ्नो लय समात्नेहरू धेरै छन् । प्रयासीको हल्का पिउने बानी अवश्य थियो । पिएकै बेला कलम समात्ने बानी धेरै थियो । पिएकै बेला प्रयासीको कवित्व कलाले अरू निखारिने मौका पाउँथ्यो । नपिएर देश र दुनियालाई पिउनेभन्दा पिएर देश र दुनियालाई सपार्नेहरू सम्माननीय र पूजनीय हुन्छन् । कहिल्यै कसैको कुभलो नचिताउने, कुभलो नगर्ने, सदा सबैको भलो र हित चाहने प्रयासी पूजनीय हुनुहुन्छ । यो सानो लेखनीमार्फत पंक्तिकार उच्च श्रद्धा र सम्मान गर्न चाहन्छ । उहाँप्रति नतमस्तक हुँदै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्न चाहन्छ ।

ooo

# प्रेरक व्यक्तित्व भेषबहादुर सरको सम्झना

✍ **गणेश श्रीपाली**
**रे.न.पा.- ६, गुल्मी**

भेषबहादुर सर हामी बीचमा हुनुहुन्न । महाराजगंजको अस्पतालमा उहाँको पार्थिव शरीरमा अन्तिम श्रद्धाञ्जलि दिएको एक वर्ष पुग्यो तैपनि यो मन मान्दैन । बाटोमा कतैबाट बोलाउनुहुन्छ कि ? चिदीचौर आसपासमा भेटिनुहुन्छ कि ? कुनै कवि सम्मेलनमा चोटिलो कविता सुनाउनुहुन्छ कि जस्तो लाग्छ । भेषबहादुर कुँवर सरले हामीलाई महेन्द्र मा.वि.मा पढाउनुभएको थियो । विद्यार्थीलाई गर्ने माया, पढाउने रोचक तरिका, गीत, कविता र कथावाचनले हामी उहाँसित मन्त्रमुग्ध थियौं । त्यसयताका लामो सँगतमा पनि उहाँ उत्तिकै प्रभावित गरिरहने व्यक्तिका रूपमा हुनुहुन्थ्यो । मनभरि छालजस्तै सरका सम्झना आइरहन्छन् । उहाँको समग्र पक्षको न्याय गर्ने गरी लेख्ने सामर्थ्य मसँग नभए पनि शिष्यको तर्फबाट छोटो टिपोट बनाएको हुँ ।

**भेषबहादुर गुरु**

भुवनपानीको जनसहयोग विद्यालयबाट तम्घासको महेन्द्र मा.वि.मा आएपछि भेषबहादुर सरसँग भेट भएको थियो । उहाँले हामीलाई दुईतीन वर्ष पढाउनुभयो । पिटेर थर्कमान बनाउने सरहरू अभिभावकका र नपिट्ने सर विद्यार्थीका प्रिय हुने जमाना थियो । उहाँले पिटेको मलाई सम्झना छैन । उहाँ आएपछि कक्षामा जीवन भरिन्थ्यो । उहाँ आफू नहाँसी हामीलाई बेसरी हँसाउनुहुन्थ्यो । उहाँले हामीलाई कथा भन्नुहुन्थ्यो । कथाको छनौट र वाचन गर्ने सीप उहाँको गज्जबको थियो । कथा सुन्दा हामीलाई फिल्म हेरे झैं लाग्थ्यो । त्यै भएर ती कथा अहिले पनि बिर्सन सकिएको छैन । साहसी राजकुमार र असल र खराब किसान जस्ता कथाहरू भर्खर सुनेजस्तो लाग्छ । ती रमाइला कथाले बोकेका जीवनमूल्यले हामीलाई सधै बाटो देखाइरहेका छन् ।

सरको पढाउने तरिका निकै रोचक हुने गर्थ्यो । पाठको विषयवस्तुलाई अनौठो चीजसँग जोडेर हाम्रो जिज्ञासालाई तीब्र बनाउनुहुन्थ्यो । तरकाली किन भनिए होला ? बेसार नहाली पकाउँदा हल्का कालो हुने तरकाली के के हुन् ? तरकारी काट्ने र पकाउनेबारे छलफल गरेर तरकारीको फाइदाको बारेमा हामीलाई बताउनुभएको थियो । भात पकाउँदा के के गर्ने भनेर छलफल भएपछि अन्तिममा घिउ हाल्नुपर्छ तर नभएमा के गर्ने भनेर सोध्नुभयो हामी सबै अलमलमा पर्‍यौं । उहाँले घिउ राख्ने खाली भाँडोलाई भातमा राखेझैं गर्ने अनि पस्केर कपाकप खाने भनेर हँसाउनुभएको थियो । एउटा कक्षामा सरले पढाएपछि हामीलाई टम्मै बुझ्यौ कि अलिअलि भनेर सोध्नुभयो । धेरैजसो हामीले टम्मै बुझ्यौं भनेर भन्यौं । अनि उहाँले अलि हकारेजस्तो गरेर धत्तेरीका यसरी टम्म बुझ्नु हुँदैन । अलिअलि बुझ्नुपर्छ ताकि बुझेको कुरा बाहिर निकाल्न

सकियोस् । आजभोलि बुझ्दैछु व्यवहारमा अभिव्यक्त नहुने ज्ञान टम्म बुजिएर अहंकार मात्र सिर्जना गर्दो रैछ ।

'साइली रिमै चौंरी गाई झर्स्यो रिमै मधुवनैमु'जस्ता धेरै गीतहरू सरले हामीलाई गाएर सुनाउनुभएको थियो । सरले पनि गीत गाउनुहुन्छ भन्ने उहाँले गाएपछि थाहा पाएको हो । कविता पनि गीत जस्तै गाउनुहुन्थ्यो । यसरी भेषबहादुर सरले हामीलाई रोचक तरिकाले पढाएर पाठ्यक्रमको ज्ञानमात्र दिनु भएन हामीलाई कथा, गीतसंगीत, कवितातर्फको प्रेम जगाइदिनुभएको थियो । कला, साहित्यको माध्यमबाट सत्य, न्याय, मानवता र विश्वकल्याणको भावना उत्प्रेरित गर्नुभएको थियो । उहाँले दिएको बाल्यकालको प्रेरणा हाम्रो जीवनमा अमिट छाप बनेर रहेको छ । एउटा दर्विलो गौरवबोध छ भेषबहादुर सरको विद्यार्थी भएकोमा ।

कवि प्रयासी हाम्रा मनपर्ने गुरु भेषबहादुर कुँवर शिक्षक मात्र हैन एउटा प्रतिभावान् कवि तथा गीतकार हुनुहुन्थ्यो । गायनकला उत्तिकै राम्रो थियो । उहाँको गायनले हामी सबैलाई सम्मोहित पार्थ्यो । गायनमा जनकवि केशरी धर्मराज थापाबाट सायद बढी प्रभावित हुनुहुन्थ्यो । हामीले छापिएकाभन्दा उहाँको डायरीबाट धेरै कविताहरू सुनेका थियौं । उहाँका कविताहरू एउटै संग्रहमा पढ्न पाए हुन्थ्यो भन्ने इच्छा थियो । पछि **'बादल'** भन्ने कविता–संग्रह निस्कियो । उहाँका धेरै रचनाहरू फुटकर रूपमा छापिएका र डायरीमा लेखिएका छन् ।

भेषबहादुर सर किरण पुस्तकालय र हाम्रो पुरुषार्थसँग सम्बद्ध रहेर साहित्यको श्रीवृद्धिमा लाग्नुभएको थियो । उहाँको बढी ध्यान कविताको सिर्जनामा थियो । उहाँका कविता गहन छन् जति चाह्यो त्यति बुझ्न सकिने । एक बसाइमा आशुकवि तरिकाले रचिएका उहाँका सबै कविता निकै उत्कृष्ट छन् । मोफसलप्रतिको हेयभावको मारमा सरका कविता पनि परेझैं लाग्छ । भेषबहादुर सरको **'भान'** कविता मेरो लागि सर्वोत्कृष्ट कविता हो । यो कविता पढेपछि भेषबहादुर सरलाई पढ्न सजिलो हुन्छ । उहाँको प्रतिभा र कविचेत उजागर गर्ने मर्मस्पर्शी सयौं सिर्जनाले नेपाली साहित्यलाई समृद्ध पार्न महत्त्वपूर्ण योगदान पुर्‍याएका छन् ।

सरल स्वभाव, कवि हृदयका आदरणीय गुरु भेषबहादुर कुँवर मेरो जीवनका प्रेरणापुञ्ज हुनुहुन्छ । लोभलालच, ईर्ष्यामुक्त, अद्‌भुत सिर्जनात्मक क्षमता, स्वच्छन्द स्वभावका उहाँले दिएको जीवनज्ञान अद्वितीय छ । वाणी र बानी तादाम्यताको ठूलो साधना र साहस भएको व्यक्तिका रूपमा मैले उहाँलाई पाएको थिएँ । विकृति, विसँगतिप्रति हास्य व्यङ्ग्यचेत, प्रकृतिप्रेम र विश्वबन्धुत्वको भावनाले उहाँलाई साँच्चै नै उच्च बनाएको थियो । यिनै सद्‌गुणलाई सधै पछ्याउने प्रयास हामीले गर्नेछौं । एउटा असल गुरु र साहित्यिक व्यक्तित्वका रूपमा उहाँले लगाउनुभएको अमूल्य गुन हामी कहिल्यै बिर्सदैनौं । भेषबहादुर सरको जीवन्त तस्वीर हाम्रो हृदयको पानाभरि लेखिएको छ । आदरणीय गुरु, प्रेरक व्यक्तित्व भेषबहादुर कुँवरप्रति हार्दिक श्रद्धाञ्जलि !

ooo

# मेरो स्मरणमा भेषबहादुर सर

✍ **वीरेन्द्र श्रेष्ठ**
**लण्डन**

'टिट टिट टिट टिट' घडीको अलार्मले म बिहान ब्युझें । सधैं जस्तो हतारहतार गर्दै ब्रस गरेर चिया नास्ता गरें । नियमित क्रममा कपडा फेरें । तत्पश्चात् घरअगाडिको बस बिसौनीबाट बस समातेर ट्रेन स्टेशन पुगें । दुई मिनेटको पर्खाइपछि आएको ट्रेनमा चढेर म कामतिर लागें । हरेक दिन जस्तै २५ मिनेटको यात्रामा ईमेलहरू पढन थालें । दाइले फेसबूकमा खबर पोस्ट गरेको ईमेल देखेर फेसबूक खोलें । हाम्रो प्यारा भेषबहादुर सरको निधनमा श्रद्धाञ्जलिको पोस्ट रहेछ । मैले पनि आफ्नो २-४ शब्दहरू लेखें अनि सम्झिन थालें भेषबहादुर सरलाई । भेषबहादुर सरले नै मलाई कक्षा ४ मा अङ्ग्रेजी भाषाको शुरूवात गराउनुभएको थियो । त्यही अङ्ग्रेजी भाषा अहिले मेरो कर्मथलो इंगल्यान्डमा कामको भाषा बन्न पुगेको छ । यिनै कुराहरू खेलाउँदै म घोतलिन थालें विगततिर ।

२०३४ साल फाल्गुनमा म भर्खरै रेसुङ्गा प्रा.वि.बाट ३ कक्षा पास गरेर महेन्द्र मा.वि. मा कक्षा ४ मा भर्ना भएको थिएँ । भेषबहादुर सरले हामीलाई अङ्ग्रेजी र गणित विषय पढाउनुहुन्थ्यो । पहिलो पटक अङ्ग्रेजी विषय पढ्न थालेकोले अङ्ग्रेजी विषय गाह्रो लाग्थ्यो । त्यसैले म भेषबहादुर सरकहाँ ट्युशन पढ्न जान्थें । मलाई ट्युशन पढ्नभन्दा पनि आफ्नै मान्छेकहाँ गए जस्तो लाग्थ्यो । सरका साना छोराहरूसँग खेल्ने र मौसमअनुसार केराऊ, किम्बू खाने मेरो बानी नै परिसकेको थियो । यसका साथै अङ्ग्रेजी सिक्ने क्रम त जारी नै थियो ।

कक्षा ४ मा एक वर्ष बिताएपछि पास भएर म कक्षा ५ मा पुगें । कक्षा ५ को गणितको अर्धवार्षिक परीक्षामा मैले ४० पूर्णाङ्कमा ८ नम्बर ल्याएर फेल भएँ । जिन्दगीमा पहिलो पटक फेल हुँदा मलाई साह्रै गाह्रो भयो । म पिरले बिरामी भएर केही दिन सुतें । 'पिर नगर कान्छा, अलि मन लगाएर पढिस् भने राम्रो गरिहाल्छस्' भनेर भेषबहादुर सरले ढाडस दिंदा मेरो हौसला बढेको थियो । त्यसैलाई मनन गर्दै त्यसपछिका दिनहरूमा मैले मन लगाएर गणित पढें । त्यसैको फलस्वरूप गणित मेरो सबैभन्दा मन पर्ने र एकदमै दखल भएको विषय भयो । 'ठेस खाएर चेत पाउने' उखानमा सत्यता भए पनि ठेस खाएको बेलामा हौसला बढाउने सहारा हुनु जरूरी भएको मेरो मान्यता छ । मैले ठेस खाएको बेलामा मेरो आत्मविश्वास बढाउने स्वर्गीय भेषबहादुर सरप्रति म सदैव नतमस्तक रहनेछु । उहाँले मेरो अङ्ग्रेजी/गणितका शुरूका दिनहरूमा राखिदिएको मजबुत जग नै अहिले मेरो उपलब्धिको कारण बनेको छ । यसरी मलाई अङ्ग्रेजी विषयको शुरूवात गराउने स्व. भेषबहादुर सरप्रति हार्दिक श्रद्धाञ्जलिसहित मेरो पहिलो नेपाली लेख समर्पण गर्दछु ।

ooo

# मेरो स्मृतिमा कान्छाबा 'प्रयासी'

✍ **चनकबहादुर कुँवर**
**रे.न.पा.-२, गुल्मी**

ऋषि महर्षिहरूले तप, ध्यान, यज्ञ, यज्ञादि गरी सिद्धि प्राप्त गरेको पुण्यभूमि रेसुङ्गाको काखमा अवस्थित तम्घासको धागिथुममा वि.सं. २००५ साल भदौ १९ गते पूजनीय स्व. कान्छाबा भेषबहादुर कुँवरको जन्म भएको हो । उहाँका हजुरबुबाको नाम कुलवीर कुँवर र पिताको नाम प्रतिमान कुँवर हो र माताको नाम डम्बरकुमारी कुँवर हो । स्व. प्रतिमान कुँवरका तीन सन्तानमध्ये उहाँ कान्छो छोरा हुनुहुन्छ । उहाँले एस्.एल्.सी. सम्मको शिक्षा श्री महेन्द्र हाई स्कुल तम्घासबाट पूरा गर्नुभएको थियो । उच्च शिक्षा आई.एड्.सम्म बुटबल बहुमुखी क्याम्पसबाट प्राप्त गर्नु भएको थियो ।

कान्छाबासंगको घनिष्ठता त्यतिबेलाबाट मात्र हुन्छ जब मलाई भारतको आसामबाट यहाँ मेरा पूर्खौली घरमा वि.सं. २०३५ सालमा कक्षा ९ मा अध्ययन गर्न ल्याइयो । मलाई कान्छाबाले श्री महेन्द्र हाई स्कुलमा लगी भर्ना गरिदिनुभएको हो । त्यसपछि उहाँबाट मैले स्नेह र अभिभावकत्व प्राप्त गरें । सानोमा मैले बुबाबाट सुनेको नेपालमा मेरो कान्छाबाको छोरा कवि छ । ऊ कुँवर कुलको मणि हो । कान्छाबाले भजन कीर्तनमा रुचि राख्नुहुन्थ्यो । त्यसैले होला छोरामा पनि कविता र गीत जुराई मीठो भाकामा गाउने कला आएको होला । मेरा बाबाट मैले सुनेको कुरा प्रत्यक्ष रूपमा त्यसपछि देख्ने र सुन्ने अवसर पाएँ । उहाँले मलाई आफूलाई उत्कृष्ट लागेका रचनाहरू र आफ्नो जीवन भोगाइका केही स्मरणयोग्य कुरा यसरी सुनाउनुहुन्थ्यो - मेरो बाल्यावस्था संघर्षपूर्ण भएर बित्यो । मैले सानैमा मातृवात्सल्य गुमाउनुपर्‍यो । त्यति बेला हामी धेरैको बाँच्ने मुख्य पेशा पशुपालन र कृषिमा निर्भर थियो । हालको तम्घास जस्तो विकास भैसकेको थिएन । सबैको मुख्य पेशा कृषि र पशुपालन थियो । यसैको भरमा नै घर व्यवहार चलाउनुको अर्को विकल्प थिएन । हाम्रो जस्तो समाजमा पढाइ लेखाइ त अक्षर चिन्ने भएपछि भैहाल्यो भन्थे । हाम्रो परिवारमा पनि सबैलाई पढ्ने अवसर जुरेन । बीचमै कक्षा छाड्ने चलन बढी थियो । त्यति बेला हाम्री ठूली फुपू दिदीको घर बिग्रेर माइतमै बस्ने परिस्थिति बन्न पुग्यो । यो दुःखद घटना पनि मेरो लागि सुखद बन्न पुग्यो । उहाँकै विशेष सहानुभूतिमा मैले आफ्नो शिक्षालाई निरन्तरता दिन पाएँ र एस.एल्.सी. उत्तीर्ण गरें । बाल्यावस्थामै मातृवियोगको पीडा र अभावमा पनि फुपूबाट नै असीम माया र अभिभावकत्व पाएको थिएँ भन्ने कुरा सुनाउनुहुन्थ्यो ।

कान्छाबा हामी सबैका प्रेरणाका स्रोत हुनुहुन्थ्यो । सधै हाम्रो कामप्रति गौरव गर्नुहुन्थ्यो । सम्मानित र प्रतिष्ठापूर्ण जीवन बाँच्नका लागि प्रेरित गर्नुहुन्थ्यो । सामान्य मानिसको दृष्टि र उहाँको दृष्टिमा फरक नै हुन्थ्यो । भनिन्छ - 'जहाँ

नपुगे रवि वहाँ पुगे कवि' । त्यसैले उहाँका रचनाहरूमा समय सान्दर्भिक विषयवस्तु समेटिएको हुन्थ्यो । वि.सं. २०३१ सालमा पहिलो पटक पुस्तकाकाररूपमा 'बादल' कविता संग्रह प्रकाशन गर्नुभएको र त्यसपछि लामो समयको अन्तरालमा वि.सं. २०६७ मा 'घुम्तीहरूका आभास' प्रकाशन गर्नुभयो । यस पछि वि.सं. २०७१ मा 'मेरा केही अनुभूतिहरू' र वि.सं. २०७३ मा 'बाईस तरङ्ग' प्रकाशन गरी साहित्यिक क्षेत्रमा योगदान पुऱ्याउनुभएको छ । उहाँका प्रकाशित रचनाहरूमा विकृति, विसंगतिका विरूद्ध चेतना फैलाउन व्यङ्ग्यात्मक शैलीमा प्रहार गर्नुभएको पाइन्छ । त्यसै गरी प्रकृति र आउँदो पिढीलाई प्रेरणादायी भावना उहाँका रचनाहरूमा पाइन्छ ।

केही रचनाहरू अझै प्रकाशन गर्ने सोच भएको र सो संग्रहको नाम 'भाव व्यञ्जन' नाम दिई प्रकाशन गर्ने क्रममा हुनुहुन्थ्यो ।

कान्छाबाले आफ्नो जीवन शिक्षासेवामै व्यतीत गर्नुभयो । उहाँले एस.एल्.सी. पूर्व गुल्मीको घमिरबाट आफ्नो शिक्षा सेवा प्रारम्भ गरी एस.एल्.सी. गरेपछि हालको रेसुङ्गा मा.वि. र महेन्द्र मा.वि. तम्घासमा शिक्षणकार्य गरी यहीबाट सेवानिवृत्त हुनुभएको हो । गाउँ, समाज र राष्ट्रलाई चेतनाको माध्यमबाट रूपान्तरण गर्ने क्रममा तत्कालीन आफ्ना समकक्षी युवाहरूमा आदरणीय गुरु शिक्षाविद् शशि पन्थी, दीन पन्थीहरूसँग काँधमा काँध मिलाई किरण पुस्तकालय सञ्चालन र व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको र त्यहाँबाट प्रकाशित हाम्रो पुरुषार्थ पत्रिकाको सहायक सम्पादकमा रही लामो समय काम गर्नुभएको थियो ।

उहाँ राष्ट्र र समाजलाई पुऱ्याएको विशिष्ट योगदानको लागि सम्मानित पनि हुनु भएको थियो । वि.सं. २०७६ साल हामी सबैका लागि पीडादायक रह्यो । कान्छाबा अब हामी बीच हुनुहुन्न तर उहाँका कालजयी स्वरहरू हामीमाझ गुन्जिइरहन्छन् । कृतिहरू र उहाँले देखाएका असल मार्गदर्शनहरू हाम्रो मनमस्तिष्कमा ताजै छन् । उहाँले देखाएको बाटो र अपूरो काम गर्न सकेमा उहाँप्रति सच्चा श्रद्धा प्रकट गरेको ठहरिन्छ । संयोग भनौं वा ईश्वरको खटन कान्छाबालाई २०७६ जेठको ११ गते मेरी कान्छी छोरी शान्ता र म काठमाडौं डेरामा भेट्न पुग्यौं । त्यसको ३ दिनपछि उहाँको निधन २०७६ जेठ १७ गते प्रहरी अस्पताल काठमाडौंमा भयो । त्यो नै हाम्रो अन्तिम भेट थियो । हाम्रो मन मस्तिष्कमा उहाँले नातिनी र मप्रति व्यक्त गरेका शब्द - 'हाम्रो कुलमा जन्मेकी यी नानी साहसिक छन् । यो आर्मी हो' भन्दै एउटा फोटो खिच्न आग्रह गर्नुभएको थियो । स्वर्गीय कान्छाबा भेषबहादुर कुँवर'प्रयासी' को बारेमा केही कुरा मसँगै प्रत्यक्ष रूपमा भएका संवाद र परिघटनालाई वार्षिक तिथिको अवसर पारी किरण पुस्तकालयबाट प्रकाशन हुने हाम्रो पुरुषार्थको **'कवि 'प्रयासी' स्मृति अङ्क'** मार्फत ल्याउने अवसर प्रदान गर्नुभएकोमा सम्पादक मण्डलप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

ooo

# मेरो बुबा मेरो जीवनको आदर्श शिक्षक

✍ **रमेशजङ्ग कुँवर**
**रे.न.पा.-२, गुल्मी**

भनिन्छ कुनै पनि व्यक्तिको पहिलो शिक्षक भनेको उसको बुबा नै हो किनभने उसको सिकाइको प्रक्रिया उसको बुबाको चोर औंलाबाट सुरू हुन्छ । मेरो बुबाले ८ कक्षा पास गरेपछि १८ वर्षको उमेरदेखि नै श्री भैरवकाली प्राइमरी स्कूल, घमिरबाट औपचारिक रूपमा पढाउन शुरू गरेदेखि नै औपचारिक रूपमा शिक्षकको दर्जा पाउनुभएको थियो । नेपाली बृहत् शब्दकोशले 'शिक्षक'शब्दलाई शिक्षा दिने वा विद्यालयमा पढाउने व्यक्ति अध्यापक, गुरु वा मास्टरको रूपमा परिभाषित गरेको भएर पनि होला, गाउँलेहरू बुबालाई मास्टर भन्थे, आमालाई मास्टरनी र हामीहरूलाई मास्टरका छोराछोरी ।

सामान्यतया आम मानसपटलले शिक्षकलाई कुनै विद्यालयमा गएर औपचारिक रूपमा विद्यार्थीहरूलाई पढाउने वा शिक्षा दिने व्यक्तिको रूपमा मात्र बुझ्दछ । तर 'शिक्षक' शब्दको अर्थ, यसको व्यापकता र गहनतालाई कुनै एक पक्षबाट मात्र बुझ्न वा परिभाषित गर्न सकिदैन । '**शिक्षक**' शब्दको अर्थ र गहनताको अध्यन गर्न सायद एक जुनी पनि कम हुँदो रहेछ । तसर्थ हामीहरूले यस 'शिक्षक' शब्दलाई परिभाषित गर्न सबैभन्दा पहिला यससँग जोडिएका बहुआयामिक पक्षहरूलाई गहन रूपमा बुझ्नु अति आवश्यक हुन्छ । शिक्षक भनेको कुनै एउटा विद्यालयमा औपचारिक रूपमा पढाउने वा शिक्षा दिने व्यक्ति मात्र नभई ऊ एउटा त्यस्तो ज्ञानको स्रोत पनि हो जसले आफूसँग भएको ज्ञान र अनुभवको माध्यमबाट निरन्तर रूपमा औपचारिक तथा अनौपचारिक तरिकाले कथा, कविता, कुराकानी, छलफल, बहस जस्ता विभिन्न माध्यमबाट सम्बन्धित वर्गलाई पनि शिक्षित बनाउने कार्य गरिरहेको हुन्छ, साथै उसको मार्गनिर्देशनले मृत्युपर्यन्त पनि शिक्षित बनाउने कार्यमा निरन्तर कार्य गरिरहेको हुन्छ । यो परिभाषा बुबासँग जोडिएको मेरो अनुभव, उहाँले पढाएका विद्यार्थीहरूका अभिव्यक्तिहरू र बुबाले शिक्षा दिने तरिकाहरूलाई विश्लेषण गर्दा बनेको आनुभाविक परिभाषा हो । यसर्थ मेरो अनुभवले यस 'शिक्षक' शब्दको गहनतालाई अलि फराकिलो तरिकाले बुझ्नुपर्छ भन्ने लागेको छ । मैले यस लेखमा बुबाले मेरो कला, शिक्षा र साहित्यमा अनौपचारिक रूपमा दिएको अमूल्य शिक्षाको बारेमा कुरा गर्ने जमर्को गरेको छु जसले मलाई अझै पनि शिक्षित बनाउन र अगाडि बढ्नको लागि प्रेरित गरिरहेको छ ।

## खाली मान्छेको दिमागमा राक्षसको बास !

हामीहरूलाई खाली बसेको देख्नेबित्तिकै बुबाले ठूलो स्वरमा कराउनुहुन्थ्यो 'खाली मान्छेको दिमागमा राक्षसले बास गर्दछ !' जा गएर कापी कलम लिएर बस !

बुबाले सुनाउने गरेको यो भनाइले आजसम्म पनि खाली समयको सदुपयोग गर्न मार्ग निर्देशन दिन्छ । म जान्ने हुँदादेखिको कुरा हो, हाम्रो घरको आँगनभरि गाउँका लगभग २०-२५ जना अलग-अलग कक्षामा पढ्ने विद्यार्थीहरू बिहानको चराहरूको चिरबिरसँगै आइपुग्थे । उनीहरूको हल्लासँगै हाम्रो निद्रा पनि खुल्थ्यो । आँखा मिच्दै आँटीबाट तल झर्थ्यौं र ती विद्यार्थीहरूको भिडलाई छिचोल्दै बाहिर गएर हातमुख धोएपछि कापी, किताब र कलम लिएर त्यहाँ बस्नुको विकल्प अरू थिएन । त्यो समूहको सदस्यता अनिवार्य रूपमा लिनु नै पर्थ्यो, नत्र बुबाको ... । यो नै बुबाको हामीहरूलाई खालि बस्न नदिने रणनीति, ज्ञानको बीजारोपण र खालि बस्नु हुँदैन भन्ने कुराको विकास गर्ने गुरुमन्त्र थियो । आज मलाई लाग्छ बुबाले त्यसरी घरमै ट्युशन कक्षा संचालन गर्नु भनेको मानौं हाँस पालेको व्यक्तिले ती हाँसहरूलाई पौडिन सिकाउन र ती हाँसको पौडिन सक्ने क्षमतालाई अभिवृद्धि गर्न बनाइदिएको पोखरी जस्तै थियो । जसको प्रयोग गर्दै ती हाँसहरूले नजानिदो रूपमा आफ्नो क्षमता बढाइरहेका हुन्छन् । त्यो ट्युशन कक्षा पनि हाम्रो लागि ती हाँसहरूको लागि पोखरी भए जस्तै आफ्नो क्षमता अभिवृद्धि गर्ने मुख्य स्रोत थियो जसको कारण आज हामीहरू स्वदेश तथा विश्वका प्रतिष्ठित विश्वविद्यालयमा पुग्न सफल भएका छौं ।

**बलभन्दा दिमागको प्रयोग गर !**

'हामीभन्दा हजारौं गुणा बढी बल भएको हात्तीलाई एउटा सामान्य मान्छेले आफ्नो इशारामा चलाइरहेको हुन्छ । किन ? थाहा छ तँलाई ?' बुबाले मलाई सोध्ने प्रश्नहरूमध्येको एउटा महत्त्वपूर्ण प्रश्न, अनि मेरो मौनतालाई चिर्दै उहाँले भन्नुहुन्थ्यो - हामीहरूले आफ्नो दिमागको प्रयोग गर्न सके असामान्य कुरा पनि सामान्य बन्न सक्छ, असम्भव कुरा पनि सम्भव बन्न सक्छ ।

म सानो छँदाको कुरा हो, बिहानको समय थियो, घरमा मित बुबा डबल बि. सी. आउनुभएको थियो । उहाँहरूले चिया पिउदै हुनुहुन्थ्यो र मैले आँगन बडार्दै थिएँ । त्यो आँगनमा एउटा कुर्सी थियो अनि बुबाले मित बुबालाई सुनाउँदै भन्नुभयो । हेर्नुहोस् मितज्यू अब रमेशले त्यो कुर्सी नहाटाईकन बढार्छ है ! कस्तो अप्ठ्यारो मैले कुर्सी सारेर बढारूँ बुबा गलत साबित हुने डर, नसारीकन बढारूँ त्योभन्दा अगाडि कहिल्लै बढारेको थिइनँ । मलाई लाग्छ मेरो जीवनमा पहिलो पटक अलिकति भए पनि मेरो दिमागको प्रयोग गरेको त्यो क्षण, बुबाको इज्जत राख्न मैले त्यतिखेर एउटा हातले कुर्सीलाई दुईवटा खुट्टामा टेकाएर बाँकी दुईवटा खुट्टामुनिको घुर निकालें अनि बाँकी दुईवटा खुट्टाको घुर त्यसरी नै निकालें ।

यो कुरा मेरो लागि त्यो समयमा ठूलो उपलब्धि र शिक्षा पनि थियो । किनभने पहिला सधै कुर्सी हटाएरै बढार्ने गरिन्थ्यो तर यसरी पहिलो पटक गरेको थिएँ जसले मलाई अलिकति अचम्मित तुल्यायो भने केही खुशी पनि दियो । मैले त्यो

सानो कुराबाट ठूलो शिक्षा के पनि सिकें भने हामीहरूले गर्ने हरेक काममा आफ्नो दिमाग लगायो भने कुनै पनि काम सरल र सहज हुन्छ भनेर । साँच्चै नै बुबाले यसरी साना साना व्यावहारिक कुरालाई जोड्दै शिक्षा दिनुहुन्थ्यो, कहिले फुर्काएर त कहिले घुर्काएर अनौपचारिक रूपमा हामीहरूलाई अनवरत रूपमा शिक्षा दिइरहनुहुन्थ्यो ।

## बुबासँग जोडिएको मेरो चित्रकला

मलाई सानैदेखि चित्र कोर्ने रहर, जानी नजानी टेढोमेडो जस्तो चित्र बनाएर पनि बुबालाई लगेर देखाउँदा बुबाको एउटै उत्तर हुन्थ्यो स्याब्बास ! राम्रो छ तर यसको यो भागलाई अलिकति मिलाउन सकिस् भने अझ खास्सा हुन्छ भन्नुहुन्थ्यो । कहिल्लै चित्रकलासम्बन्धी एउटा पनि क्लास नलिनुभएको मेरो बुबाले अनौपचारिक रूपमा यसरी नै मेरो क्लास लिइरहनुभएको थियो । मैले बनाएका प्रत्येक चित्रहरूमा एक-एक गरी मेरा कमजोरीहरू सुधार्दै लगिरहनुभएको थियो तर मलाई पत्तै थिएन । त्यो समयमा धेरै चित्रकला प्रतियोगिताहरू हुन्थे । म ती प्रतियोगिताको प्रतियोगी र बुबा त्यसको मूल्याङ्कन समितिको मूल्याङ्कनकर्ता, म धेरै पुरस्कारहरू जित्थें चाहे त्यो सान्त्वना नै किन नहोस् ।

एक दिन बुबाले मलाई महेन्द्र नमूना माध्यमिक विद्यालयमा बोलाउनुभयो र उहाँले सबै सरहरूको आगाडि भन्नुभयो - यो एउटा राम्रो कलाकार हो । यसले बनाएका चित्रहरू हेर्ने हो भने तपाईंहरू सबै दङ्ग पर्नुहुन्छ । त्यसपछि प्रस्ताव राख्नुभयो - अहिलेको शैलसन्देशको आवरणको डिजाइन गर्ने जिम्मा यसलाई दिनुपर्छ, गज्जबको बनाउँछ । सबै सरहरू सहमत हुनुभयो अनि म एक कप चिया र समोसा खाएर अलिकति खुशी र अलिकति चिन्तित हुँदै घर फर्कें । म खुशी थिएँ किनभने यो मेरो लागि राम्रो अवसर थियो र चिन्तित पनि किनभने बुबाले फुर्काएअनुसारको ममा क्षमता थिएन । तर पनि बुबाको इज्जतलाई ख्याल गर्दै जसो तसो त्यसको डिजाइन तयार गरें र त्यही स्वीकृत पनि भयो अनि प्रकाशित पनि । आज मैले ती दिनका मेरा पेन्टिंगहरू, आवरण डिजाइनहरूसँग अहिलेका पेन्टिंग र मैले गरेका आवरण डिजाइनहरू तुलना गर्छु अनि सोच्छु साच्चै नै मेरो बुबाले मेरो कुनै क्लास नलिई मलाई अनौपचारिक रूपमा चित्रकलासम्बन्धी ज्ञान दिइरहनुभएको रहेछ ।

मलाई स्मरण छ, त्यतिबेला मैले पोट्रेट, आवरण डिजाइन र चलचित्रका पोस्टरहरू बनाएको पैसा लिदैनथें, आमा कराउनुहुन्थ्यो समय-पैसाको बर्बाद तर बुबाले-अहिले यसले नामको लागि काम गर्छ, जब नाम बन्छ दाम आफै आउँछ भन्दै हौस्याउनुहुन्थ्यो । अहिलेसम्म मैले दर्जनौं किताबहरूको आवरण डिजाइन गरेको छु, दर्जनौं पोट्रेटहरू बनाएको छु र दर्जनौं कार्टूनहरू । मेरो कला अहिले व्यावसायिकतातर्फ उन्मुख छ ।

## मेरो साहित्य लेखनमा बुबाको भूमिका

मैले पढेको र बुबाले पढाउने स्कुल महेन्द्र नमूना माध्यमिक विद्यालयबाट प्रत्येक वर्ष शैल-सन्देश पत्रिका प्रकाशित हुन्थ्यो । त्यसमा त्यस विद्यालयका शिक्षक, विद्यार्थी र विद्यालयका शुभचिन्तकहरूद्वारा रचिएका लेख-रचनाहरू प्रकाशित हुन्थे र त्यसको एकएक प्रति हामी सबै विद्यार्थीहरूले पाउँथ्यौं । मैले पढ्नुभन्दा पहिले मलाई मेरो साथीले भन्यो - रमेश तिम्रो पनि कविता प्रकाशित भएको रहेछ, पढें कति राम्रो । मैले मुन्टो हल्लाएर धन्यवाद त भनें तर मलाई भित्रभित्रै उकुसमुकुस भइरहेको थियो किनभने मैले त्यो कविता लेखेको थिइनँ । मलाई थाहा लाग्यो कि त्यो कविता मेरो बुबाले लेखिदिएर मेरो नाममा प्रकाशित गरिदिनुभएको रहेछ । मलाई यस कुराले साह्रै चिन्तित बनायो । अब बुबाले लेखिदिएको भनौं भने आफ्नो र बुबाको इज्जत माथि प्रश्न उठ्ने डर, नभनौं आफूमा त्यो क्षमता थिएन । निष्कर्षमा मैले टपल-टापल गरेरै भए पनि बुबाको इज्जत जोगाउनुपर्छ भन्नेमा पुगें अनि हरेक दिन त्यसैअनुरूप मिहिनेत पनि गरें । पछि बुझ्दै जाँदा थाहा लाग्यो बुबाले त गर्न चाहने अन्य विद्यार्थीहरूको लागि पनि प्रोत्साहनको लागि कविता लेखेर छापिदिने गर्नु हुँदो रहेछ ।

अहिले मलाई खुशी लाग्छ किनभने आजसम्म मैले दुईवटा म्युजिक एल्बमहरू वीरको सन्तान र खुकुरीको शानमा गीतहरू लेखेको छु जसमध्ये एउटा गीत **'वैरीसँग'** भारतीय सेनाको तेस्रो गोर्खा राइफल्सको चौथो बटालियनको बटालियन गीत बनेको छ जुन आफैमा एउटा इतिहास हो । करिब एक दर्जन लेख-रचनाहरू प्रकाशित भैसकेका छन् । एउटा 'उज्यालाको खोजीमा' भन्ने किताब प्रकाशित गरेको छु जुन अंग्रेजी भाषामा पनि प्रकाशित भएको थियो । यस किताबको समीक्षात्मक लेख भारतीय सेनाका लेफ्टिनेन्ट कर्नेल ए.के. शर्माले लेखी फ्रन्टियर इंडियामा प्रकाशित गर्नुभएको थियो ।

आज मैले सोंच्छु यदि बुबाले मेरो नाममा त्यो कविता लेखेर प्रकाशित नगरिदिएको भए ...। बुबा एउटा राम्रो कवि भए तापनि कहिल्लै तँ यता आइज कविता लेख्न सिक, यसरी लेख्नुपर्छ पनि भन्नुभएन तर आफूले लेखेका कविताहरू ए रमेश ! यसलाई राम्रा अक्षरमा सारिदे त भन्नुहुन्थ्यो । उहाँका कविताहरू सारिदिदा सारिदिदै ती कविताहरू पनि स्वतः पढिन्थ्यो र नजानिदो रूपमा लेखन शैली पनि सिकिन्थ्यो/बुझिन्थ्यो । बुबाले आफ्ना कविता सारिदे भन्नुको तात्पर्य बल्ल अहिले म बुझिरहेको छु, उहाँका अक्षर नराम्रा र हाम्रा राम्रा भएर रहेनछ । बुबालाई केही लेखेर सुनाउन जाँदा उहाँले सधै झैं राम्रो छ, यस कुरामा ध्यान दिइस् भने अझ गज्जब हुन्छ भन्नुहुन्थ्यो । मलाई लाग्छ बुबाले यसरी नै मलाई कहिले खास्सा त कहिले गज्जब भनेर थाहै नदिई कुनै औपचारिक शिक्षाविना नै साहित्यसम्बन्धी ज्ञान दिइरहनुभएको थियो जसले आज पनि मलाई केही नयाँ सिक्न र गर्न प्रोत्साहित गरिरहन्छ ।

## पढ्नुपर्छ, समयले फरक पार्दैन

मसँग पढेका साथीहरूले २०५० सालमा एस.एल्.सी. दिए । म विभिन्न चरणहरू पार गर्दै २०५४ सालमा मात्र एस.एल्.सी. परीक्षा पास गरेको सर्टीफकेट हात पार्न सफल भएँ । मैले एस.एल्.सी. पास गरिसकेपछि बुबाले आमालाई किरण पुस्तकालयमा यसले जागिर खाने भयो भन्नुभयो, महिनाको तलब २५०, शनिबार बिदा हुँदैनथ्यो, बिदाको लागि प्रतिपदाको दिन कुर्नुपर्थ्यो । बुबाले भनेपछि नमान्ने त कुरै भएन, बुबाले भन्ने गर्नुहुन्थ्यो - पैसा मात्र सबैथोक होइन र कुनै पनि काम सानो-ठूलो हुँदैन । सोहीअनुरूप केही वर्ष प्रिन्टिंग प्रेसमा पनि काम गरें । बुबाले मलाई किरण पुस्तकालयमा पठाउनुसँग उहाँको एउटा अदृश्य उद्देश्य जोडिएको रहेछ जुन आज आएर पूरा हुने क्रममा छ । ४ वर्षमा एस.एल्.सी. पास गरेपछि मैले आइ.एड्. ३ वर्षमा पास गरें, आइ.एड्. पास गरेलगत्तै साथीहरूसँगै सेनामा भर्ना हुने रहर जागेर आयो । पहिला ब्रिटिश आर्मीमा देखिएँ । त्यसमा कलर भिजनको समस्याले गर्दा छनौट हुन सकिनँ । त्यसको लगत्तै भारतीय सेनामा भर्ना खुलेको थियो । संयोग भनौं, छनौट भएँ । त्यसपछि म आउने हरेक छुट्टीको धेरै समय बुबासँग आँगनको डिलमा बसेर भलाकुसारी गरेर बिताउँथे । बुबाका हरेक कुरामा मानौं चुम्बक गाँसिएको थियो अनि म फलाम बनिरहेको थिएँ । बुबासँगको भलाकुसारीमा धेरै जसो कालिदासको कथा 'एउटा मूर्ख व्यक्ति महान् कवि र नाटककार बनेको कथा' जोडिएकै हुन्थ्यो ।

*'विद्योत्तमा राजकुमारी एउटा घमण्डी राजकुमारी थिइन् । उनले मलाई शास्त्रार्थमा जसले पराजित गर्छ म त्यसैसँग विवाह गर्छु भनेकी थिइन् तर उनलाई कसैले पनि पराजित गर्न सकेन । सबै विद्वान्हरूले राजकुमारीसँग प्रतिशोध लिन चाहन्थे । एक दिन उनीहरूले एउटा मान्छेले रूखको हाँगामा बसेर त्यही हाँगो काटिरहेको दृश्य देखे र त्यो मूर्ख व्यक्तिलाई उनीहरूले राजकुमारीसँग प्रतिशोध लिनको लागि प्रयोग गरी राजकुमारीलाई हराउने योजना बनाए । राजकुमारीसँगको शास्त्रार्थमा संयोगवश त्यो मूर्ख व्यक्तिले राजकुमारीलाई पराजित गऱ्यो र उनीसँग विवाह गऱ्यो । त्यो व्यक्ति कालिदास थियो । राजकुमारीलाई केही दिनमै उसको वास्तविकता थाहा लाग्यो कि कालिदास कुनै विद्वान् व्यक्ति नभएर अनपढ र मूर्ख व्यक्ति हुन् । त्यसपछि उनले कालिदासलाई घरबाट निकाल्दै जबसम्म पूर्ण ज्ञान प्राप्त हुँदैन घर नआउनू भनिन् । यो कुराले कालिदासलाई मनमा ठूलो चोट लाग्यो अनि उनले मिहिनेतका साथ अध्ययन गरे र महान् कवि बने ।*

बुबाले सधै भन्नुहुन्थ्यो - पढ्न वा ज्ञान आर्जन गर्न कुनै समयको सीमा हुँदैन । यो त जन्मिदाको च्याँदेखि चिहान नपुग्दासम्म चलिरहने प्रक्रिया हो । जब एउटा मूर्ख कालिदास विवाह गरेपछि पनि, पाको उमेरमा ठूलो विद्वान् बन्न सक्छन् भने तँ किन सक्दैनस् ? बुबाले धेरै जसो मलाई सुनाउने यो कथा मेरो लागि प्रेरणाको स्रोत थियो, छ र हुनेछ पनि । बुबाले मेरो बारेमा अलि बढी चिन्ता लिनुहुन्थ्यो किनभने परिवारमा अरू भाइहरू कक्षा/स्कुल प्रथम हुन्थे भने मलाई

परीक्षा पास गर्न पनि धौ-धौ हुन्थ्यो । तर पनि बुबाले मलाई फेल भयो भनेर कहिल्यै निरूत्साहित/गाली गर्नु भएन, बरू अरूसँग गर्वका साथ भन्ने गर्नुहुन्थ्यो - यो दाजुहरूको प्रथम श्रेणी हो भनेर अनि पुस्टि गर्दै थप्नुहुन्थ्यो यदि यसले घरको काम नगरेको भए यसका दाजुहरू कसरी प्रथम श्रेणीमा उत्तीर्ण हुन्थे त ? उहाँ सधै मेरो पक्षमा उभिनुहुन्थ्यो, मलाई सधै हौसला दिइरहनुहुन्थ्यो ।

आज म सोंच्छु, त्यसरी बुबाले मलाई मासिक रूपमा २५० पाउने गरी किरण पुस्तकालयमा पठाउनुभएको त ज्ञान प्राप्तिको लागि ज्ञानकै भण्डारमा जानुपर्छ भनेर रहेछ र पटक पटक कालिदासको कथा सुनाउनु त मिहिनेत गरे सबैकुरा सम्भव हुन्छ र मिहिनेत गरिस् भने तैंले पनि गर्न सक्छस् भन्ने रहेछ । मैले स्नातक तहदेखि नै अनुत्तीर्ण भन्ने कुरा भोग्नु परेन, स्नातक प्रथम वर्षदेखि एम्.फिल.सम्मको यात्रामा पाएका सर्टीफकेटको गुणस्तर पनि बुबाका कविताहरू जस्तै एकभन्दा अर्को राम्रो हुँदै गइरहेका छन् । बुबाले सुनाउने गरेका हरेक कथा, कविता र शब्दहरूले निरन्तर र अनौपचारिक रूपमा मेरो क्लास लिइरहेका छन्, मेरो यो शैक्षिक यात्रामा ऊर्जा थपिरहेका छन् । मलाई आशा छ यी कुराहरूले अवश्य पनि मलाई गन्तव्य स्थानमा पुर्‍याउनेछन् र मैले मेरो बुबाले अदृश्य रूपमा राखेको उद्देश्य पनि पूरा गर्नेछु ।

मसँग प्रत्यक्ष रूपमा जोडिएका तीनवटा विधाहरू कला, साहित्य र शिक्षामा मेरो बुबाले अप्रत्यक्ष रूपमा अनौपचारिक शिक्षाको माध्यमबाट मलाई शिक्षित बनाउनुभयो । मेरो जिन्दगीमा हुन सक्ने सम्भावित दुर्घटनाहरू एस.एल्.सी. मा पटक पटक फेल हुँदा म आफ्नो लक्ष्यबाट विचलित हुन सक्थें, मेरो शैक्षिक यात्रा टुंगिन सक्थ्यो । तर पनि बुबाले मलाई विभिन्न तरिकाबाट प्रेरित गरेर विचलित हुन दिनुभएन ।

आज मेरो शैक्षिक यात्रा एम्. फिल.सम्म पुग्नुको पछाडिका सिढीहरू बुबाका शब्द-शब्दले बनेका छन् । यसरी नै म भारतीय सेनामा भर्ना भैसकेपछि मसँग भएका शैक्षिक र अन्य क्षमताहरू जस्तै :- कला, साहित्य ओझेलमा पर्न सक्ने ठूलो सम्भावना थियो । अर्थात् एक पटक बन्दुक समातेको हातले पुनः कलम समाउन सक्ने सम्भावना अति कम थियो । तर पनि बुबाले मलाई एउटा भर्खर ताते ताते गर्दै हिड्न लागेको बालकलाई हातको औंलो दिएर हिडाउन सिकाए झैं, मलाई अगाडि बढ्न सिकाउनुभयो, बन्दुक बोकेरै पनि कलम चलाउन सकिन्छ भन्नुहुन्थ्यो । आजसम्म पनि बुबासँग जोडिएका स्मरणहरूले नै मेरो अनौपचारिक रूपमा क्लास लिइरहेका छन्, मार्गनिर्देशन गरिरहेका छन् र गरिरहनेछन् । हो, त्यसैले गर्दा मेरो बुबा मेरो लागि आदर्श शिक्षक हुनुहुन्थ्यो र मलाई लाग्छ 'शिक्षक' शब्दको व्यापकता र गहनतालाई बुझ्न यति सजिलो छैन । यसलाई बुझ्न त यससँग जोडिएका बहुआयामिक पक्षहरूलाई अन्तर्मनदेखि नै गहन रूपमा अध्ययन गर्नुपर्दो रहेछ ।

ooo

# बुबासँग जोडिएका यादहरू

✍ **हेमन्तजंग कुँवर**
**रे.न.पा.-२, गुल्मी**
**हाल-अमेरिका**

शायद यसरी भावनात्मक लेख लेख्न बसेको म वर्षौंपछि हो । एक कविकै छोरो भए पनि बुबाको त्यो गुणले मेरा रुचिहरूको लिस्टमा प्रभावशाली स्थान कहिल्यै ओगट्न सकेन । कोरोनाको प्रभावका कारण शैक्षिक गतिविधिहरू अनलाइन भएकोले म अहिले जेठो दाइभाउजूको अपार्टमेन्टमा आएर सँगै बसेको छु । आज एक बन्द कोठामा बुबा र मसँग जोडिएका क्षणहरूलाई शाब्दिक रूप दिने कोसिसमा छु । बुबाको अनुहार र क्षणहरू आँखामा कुनै चलचित्रका दृष्य जस्तै एक-पछि अर्को गर्दै आएर लेख्न बाधा पुऱ्याइरहेका छन् । तर पनि हिम्मत जुटाएर ती सँगै बिताएका सबै पलहरूलाई एकपछि अर्को गर्दै केलाइरहेको छु । जे जे मनमा कुराहरू खेलिरहेका छन् ती सबैलाई शब्दमा कैद गर्ने कोसिसमा छु । बुबासँग जोडिएका मेरा यादहरू एउटा लेखमा समेट्न सम्भव छैन मेरो लागि । कुन घटनाहरूलाई यो लेखमा स्थान दिऊँ कुनलाई नदिऊँ छुट्ट्याउन पनि गाह्रो परिरहेको छ मलाई । तर पनि म यो लेखमार्फत केही विशेष यादहरूलाई अक्षरमा उतार्ने प्रयास गर्छु ।

**बुबाको कल्पनाशक्ति**

महान् वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले भनेका थिए - कल्पना गर्न सक्ने शक्ति, ज्ञानभन्दा पनि बढी शक्तिशाली हुन्छ । बुबालाई धेरैले कविको रूपमा चिन्थे र उहाँका शब्दले धेरैलाई आफ्नो तरिकाले छुन्थ्यो । आफ्ना शब्दहरूले अरूको मस्तिष्कलाई प्रश्न सोध्ने गराउने कला थियो बुबासँग । घरमा बुबाका कुरा चल्दा मैले भन्ने गर्थें - बुबा मलाई एक वैज्ञानिक जस्तो लाग्छ, के अर्थमा त भने बुबाको कल्पना गर्न सक्ने शक्ति कुनै एक वैज्ञानिकको भन्दा कम लाग्दैनथ्यो मलाई र त्यो कुरा बुबाका कवितामा प्रष्ट देखिन्थ्यो । बुबाले कविता जिज्ञासामा लेख्नुभएको छ :

**ऋतुहरूका खेलौना, थरी-थरीका बुट्टादार ।**
**छक्कै पर्ने जादू यो, कसले खेल्दछ बारम्बार ?**
**स्वरूप रूप अमिल्दा, लुकेर कसले कुँद्दो हो ?**
**शायद यस्तो-उस्तो हो, दृष्टि र ज्ञान बुझ्दो हो ।**

त्यस्तै भान कवितामा लेख्नुभएको छ :

**कोइलीको कुहुँ कुहुँ, मीठो लाग्छ ह कि ?**
**चारा केही नपाएर रोइरहेको हो कि ?**

**गाइनेले तार छुँदा सुन्दर ध्वनि ह कि ?**
**खोक्रो पेट सारङ्गीको कोक्काएको हो कि ?**
**अक्षांश र देशान्तर ग्लोबमा छन् ह कि ?**
**भोग्नेलाई यो पृथ्वी पिँजडा पो हो कि ?**

साहित्यमा मेरो रुचि नरहे पनि बुबाको यो कल्पना गर्नसक्ने शक्तिको म सधैं प्रशंसक रहें । कल्पना गर्न रमाउने यो गुणको रूपमा मेरो लागि बुबा अझै पनि ममा जीवित हुनुहुन्छ ।

## बुबाको कवितामा मैले सङ्गीत भरेको क्षण

म कक्षा ८ मा बुटवल न्यू होराइजनमा पढ्थें । बुबाले आफ्नो एउटा डायरी बुटवल छोड्नुभएको रहेछ । त्यो डायरीमा एउटा कविता थियो (शीर्षक मलाई अहिले याद छैन) जसका शब्द थिए -

**उकालीको चिसो पानी जुरेलीले पियो हजुर**
**उस्तै छौ कि फेरिएकी देख्ने मन्सुब थियो हजुर**

बुबाका अनेकौं डायरीमध्ये एकमा सीमित यो कविताले अरू धेरै कविताहरू जस्तै शायद कतै प्रकाशन हुने स्थान पनि पाएन होला तर यो कविताले मेरो जीवनमा सधैंको लागि विशेष स्थान पाएको छ । त्यसैले मन दरो बनाएर त्यो धून गुनगुनाउँन सक्ने सामर्थ्य अहिले पनि ममा छैन । मैले कुनै लेखमा आफ्नै संगीत भरेको यो पहिलो पटक थियो ।

## बुबाको र मेरो त्यो चोरी

आज यो लेखमा लेख्न लागेको यो कुरा कोही अरूको अघि व्यक्त गरेको छैन मैले । सायद यस्ता कुरा कसैले व्यक्त पनि गर्दैन होला । मेरो जीवनको गलत पक्ष भए पनि मेरो लागि यो घटना मेरो जीवनको बुबासँग जोडिएको रोचक पक्ष हो । २०६४ सालको कुरा हो, म अर्जुन आवासीय मा.वि. मा कक्षा ९ मा पढ्थें । त्यो समयमा जिल्ला शिक्षा कार्यालयले जिल्ला स्तरीय स्कुलहरूको कविता लेख्ने प्रतियोगिता आयोजना गर्ने भयो । स्कुलमा शिक्षकहरूले कवि सरको छोरा भनेर मलाई चिन्नुहुन्थ्यो । केही सरहरूले 'कवि सरको छोराले भाग लेऊ' भनेकै आधारमा मैले 'हुन्छ मेरो नाम टिपाइदिनुस्' भनिदिएं । मेरो मनमा त्यो बेला एउटै कुरा आएको थियो : बुबालाई सहयोग गर्न भन्छु । तर मेरो होस त्यतिबेला उड्यो जब केही दिनपछि थाह भयो कि कविताको शीर्षक त प्रतियोगिता सुरूहुनुअघि मात्रै जानकारी गराइने रहेछ । मेरो कविता लेखन ठिकै-ठिकै थियो, न्यू होराइजनमा पढ्दा एउटा सानो डायरी बनाएर कविताहरू लेख्ने त गर्थें, तर प्रतियोगितामै भाग लिन मिल्ने कविता लेख्ने शैली ममा थियो

जस्तो लाग्दैन । घर आएर मैले बुबालाई भनें - अलि-अलि हजुरले मिलाइदिनुहुन्छ भनेर पो प्रतियोगितामा भाग लिएको, शीर्षक नै प्रतियोगितामै थाहा हुने रे ! बुबा हाँस्नुभयो मात्र । म दोधारमा थिएँ । केही दिन बिते, प्रतियोगिताको अघिल्लो दिन बुबाले बोलाएर सोध्नुभो-भोलि होइन तेरो प्रतियोगिता, तयारी गरिस् ? मैले हो तर कुनै तयारी गर्नसकेको छैन भनें । अनि बुबाले आफ्नो डायरीमा लेखेको एउटा ३ पेजको कविता मलाई दिएर शीर्षक जे दिए पनि यो कविता लेखिदिएस् भन्दै हाँस्नुभयो । अहिले पनि सम्झिन्छु त्यो कविता थरी-थरीका फूलहरूलाई मालामा गाँसे जस्तो गरी सम्भव सबै विषयहरूलाई समेटेर लेखिएको थियो । मैले पनि त्यती लामो कविता याद गरिदिएँ (सम्झिदा अहिले पनि हाँसो लाग्छ) । अर्को दिन महेन्द्र मा.वि. मा प्रतियोगिता सुरू हुन लाग्यो । शीर्षक सबैको अगाडि खोलियो । शीर्षक मलाई याद भएसम्म शान्त नेपाल र विकाससँग सम्बन्धित थियो । मैले पनि याद गरेको त्यो कविता लेखिदिएँ । रमाइलो कुरो त्यो कविताले प्रथम स्थान हासिल गरेको थियो । यो लेख मार्फत मैले आत्मालोचना गर्दै त्यो बुबा-छोराको चोरीको लागि माफी पनि माग्न चाहन्छु ।

## मेरो अवार्ड बुबालाई

म पढ्ने स्कुल (अर्जुन बोर्डिङ) मा विद्यालयको उत्कृष्ट विद्यार्थीलाई वार्षिक उत्सवमा अवार्ड दिने प्रचलन थियो । म १० कक्षामा पढ्थें । मात्र १ विद्यार्थीले पाउने त्यो अवार्ड मेरो लागि पनि विशेष महत्त्व राख्थ्यो । २०६५ सालको वार्षिक उत्सवको केही दिनअघि विद्यालयदेखि फोन आयो । त्यो वर्षको उत्कृष्ट विद्यार्थीको रूपमा म छानिएको र त्यसैले वार्षिक उत्सवको लागि आफ्नो एउटा स्पिच तयार गर्न विद्यालयले जानकारी गरायो । मेरो खुशीले सीमा नाघिसकेको थियो । विद्यालयको त्यो वार्षिक उत्सवमा बुबाको उपस्थिति हुन्थ्यो र जो पुरस्कृत विद्यार्थी उपस्थित हुन सक्ने थिएनन् उनीहरूको पुरस्कार अभिभावकलाई दिने प्रचलन थियो । त्यसैले मैले त्यो खुशीमा एउटा मौका देखेको थिएँ । मेरो ठाउँमा बुबाले त्यो अवार्ड ग्रहण गरेहुन्थ्यो भन्ने चाहना आयो । त्यसैले केही दिनमै मैले विद्यालयलाई म उपस्थित हुन नसक्ने तर मेरो अभिभावकको रूपमा बुबा उपस्थित हुने जानकारी गराएँ । बुबालाई मैले यो विषयको अलिकति पनि जानकारी दिइनँ । बुबाले सोही समारोहमा थाह पाएहुन्थ्यो भन्ने थियो मेरो मनमा । वार्षिक उत्सवको दिन बुबा जानु पनि भयो तर मेरो दुर्भाग्य मन्चमा उत्कृष्ट विद्यार्थीको रूपमा मेरो नाम लिइरहँदा बुबासहित केही अभिभावकको टोली चियापानका लागि नजिकै रहेको विद्यालयको क्यान्टीनमा जानुभएको रहेछ । त्यसैले त्यो अवार्ड कार्यक्रमको अन्त्यमा मात्रै बुझेर फर्किनुभएछ । तर पनि बुबा एकदम खुशी हुनुभयो । त्यसैमा म अहिले पनि खुशी छु ।

## एक हप्ताअघिको त्यो अनौठो सपना

सपनामा विश्वास गर्ने खालको व्यक्ति होइन म । तर आमाले सपनाहरूमा प्रायः विश्वास गर्नुहुन्छ । हामी पितृशोकमा पर्नुको लगभग एक हप्ताअघिको कुरा हो । अमेरिकामा टेन्सन लिन्छन् भनेर आमाले प्रायः बुबाको जानकारी सकारात्मक मात्रै दिनुहुन्थ्यो । तर सन्तोषी (मेरी श्रीमती) बाट बुबाको स्वास्थ्यको जटिलताको राम्रो जानकारी थियो मलाई । मनमा खेलिरहेका अनेकौं कुराहरूले होला सायद एउटा अनौठो सपना देख्न पुगें म । सपनामा बुबा र म तम्घास देउरालीदेखि अर्जुन डाँडा जाने बाटोतर्फ गाडीमा अघि बढ्दै थियौं । केही पर पुगेपछि एउटा सानो गोरेटो जस्तो देखिन्थ्यो । त्यो ठाउँमा गाडी रोकेर बुबा ओर्लिनुभएको थियो । खोइ कस्तो अनुभवले हो, म एक्कासि भक्कानिएर बुबालाई अँगालो हाल्न पुगें र अँगालोमै आँखाभरि आँसु लिएर भनें - बुबा, हजुर राम्रोसँग जानुस् । वहाँ हजुरको ख्याल यहाँभन्दा पनि बढी राम्रोसँग गर्नेछन् । सपनाका ती आफ्नै शब्दले तीर बनी मेरो सपनालाई चिरेर मलाई वास्तविक संसारमा पछार्न केही समय पनि लागेन । आत्तिएर आमालाई फोन गरें । घरमा सुत्ने बेला भएको थियो मेरो बिहान । आमाले बुबा त सुत्नुभएको छ भन्नुभयो । मैले पनि केही नभएको जस्तो गरी भोलि मसँग कुरा गराउनु है भनेर फोन राखिदिएँ । त्यो सपनाले मलाई एउटा कुरा महसुस गराएर गयो । मलाई एक पटक बुबालाई अँगालोमा राखेर उँहाको छोरो हुनमा कति भाग्यशाली ठान्छु भनेर व्यक्त गर्न मन थियो । आजभोलि त्यो सपनाको समीक्षा गर्ने गर्छु एक्लै र एउटै विश्वासमा पुग्छु । मलाई मेरो आँखासम्म त्यो अनौठो सपना पुर्‍याउनेले बुबालाई पनि कतै आफूसँग सुरक्षित राखेको हुनपर्छ ।

ooo


MPS

**M.P.S. Traders**
**HONDA Showroom**
**Resunga Municipality, Tamghas, Gulmi**
**Office Tel : 079-520883**
E-mail : mps.hondagulmi@gmail.com

HONDA

Pratik Shrestha (9857067833)
Parts & Service Depart

Suraj Panthi (9857064983)
Sales Depart

**हामीकहाँ होण्डा कम्पनीका सम्पूर्ण नयाँ मोटरसाइकल, स्कूटर तथा जेनून पार्टस् पाइनुका साथै जुनसुकै कम्पनीका मोटरसाइकल र स्कूटर एक्स्चेञ्ज पनि गरिन्छ एवम् सम्पूर्ण मोटरसाइकल तथा स्कूटरको मर्मत गर्नुका साथै तपाईंहरूले भनेको ठाउँमा आई मर्मतसमेत गरिन्छ ।**

**'ग्राहकको सन्तुष्टि नै हाम्रो सफलता'**

# अल बिदा भेषबहादुर सर

✍ **वसन्त भुजेल**
**रेसुङ्गा नगरपालिका-८, गुल्मी**
**हाल : संयुक्त अधिराज्य बेलायत**

समय बित्न केही बेर नलाग्दो रहेछ । भेषबहादुर कुँवर सरले हामीलाई छाडेर गएको वर्ष दिन पुग्न लागेछ । उपचारको सिलसिलामा नेपाल प्रहरी अस्पतालमा भेटेर गरेको अतीतका भलाकुसारी र स्वास्थ्य ठिक छ वसन्त भनेको केही दिनमा नै उहाँको स्वर्गवास भएको खबर पत्रकार महेन्द्र पाण्डे भाइले सुनाएपछि एक छिन त स्तब्ध मात्र भइन बोल्नै नसक्ने भएँ ।

मैले कक्षा ८ सम्म पढ्दा महेन्द्र हाई स्कूलमा भेषबहादुर सरसँग गरेका साँस्कृतिक कार्यक्रम र उहाँले गाएका गीतहरू मेरो मानसपटालमा फनफनी घुम्न थाले । प्रहरी अस्पतालमा भेट गर्दा मेडम र साइँला छोरा रमेशलाई राखेर भुजेल परिवारसँग हाम्रो पारिवारिक सम्बन्ध छ । कहिल्यै अन्यथा नसोच्नू भनेको कुरा पनि झलझली सम्झिएँ ।

भेषबहादुर सरसँग मेरो सानै उमेरदेखि राम्रो सम्बन्ध थियो । उहाँ स्वरको धनी, म नृत्य गर्नमा उत्कृष्ट थिएँ । नयाँ वर्ष र स्वर्गवासी राजा वीरेन्द्रको जन्मोत्सव आउँदा सर र हामी सँगसँगै हुन्थ्यौं । भेषबहादुर सर भनेको नाम एक क्षमता अनेक भएको व्यक्तित्व हो । उहाँ आशुकवि हो । उहाँले गुल्मी जिल्लाको मात्रै नभएर देशकै ढुङ्गा, माटो, पखेरा, पँधेराका कविता लेख्नुभएको छ । जहाँ बस्यो त्यहाँको वातावरणलाई तुरून्तै कवितामा उतार्न सक्ने क्षमता उहाँसँग थियो ।

भेषबहादुर सर कवि मात्रै होइन व्यङ्ग्यकार पनि हुनुहुन्थ्यो । त्यति मात्रै होइन गीत लेख्ने र त्यसलाई स्वर दिनसक्ने क्षमता पनि उहाँमा थियो । वैशाख १ र पुस १४ गते हाम्रो भेट सधै हुन्थ्यो । धर्मराज थापाको हो हो तारे हो हो भन्ने गीत दुरूस्त गाउनुहुन्थ्यो । बगाई लग्यो खोलीको खेत वर्षाको झरीले, वर्षाको झरीले भन्ने गीत उहाँले नै लेख्नु भएको हो । जुन गीतमा म नाच्ने गर्थे । उहाँले लेखेको र स्वर दिएको एउटा गीत रेडियो नेपालमा समेत बज्ने गर्थ्यो । त्यो गीत अहिले मलाई याद भएन । बादल हो.... । हो कि जस्तो लाग्छ । सरले लेखेर गाएको गीत राजा वीरेन्द्रको राज्याभिषेकमा 'हाम्रो राजालाई ढाकाको टोपी हाम्री रानीलाई जुरेली पटुकी' भन्ने गीतमा मैले नृत्य गरेको थिएँ । मसँग नृत्य गर्नेहरूमा निर्मला श्रेष्ठ, विजयकान्त मैनाली, गोमा जि.सी. (सेन), चेतना, इन्दिरा थिए । नृत्यको निर्देशन तत्कालीन शाही सेनाका मेजर लीलाविक्रम शाहले गर्थे । भेषबहादुर सरले गाउने दीर्घ विक्रम शाहले मादल बजाउने, बुगमतीबाट गुल्मी गएका आशाकाजीले हार्मोनियम बजाउने गर्थे ।

त्यसबेलाको सांस्कृतिक कार्यक्रमलाई भव्य बनाउनमा भेषबहादुर सरको भूमिका त उल्लेखनीय थियो नै त्यसका अतिरिक्त लालचन श्रेष्ठ, तिलकुमारी थापाको पनि योगदान रहन्थ्यो । भेषबहादुर सरलाई आज मैले सर भने पनि उहाँसँगको संगत साथीभाइकै जस्तो हुन्थ्यो । हामीले धेरै पटक सँगै एउटै थालमा मकै र कोदोको रोटी बाँडेर खाएका छौं ।

८ कक्षामा पढ्दै गर्दा म पोखरा पढ्न गएँ र पछि ब्रिटिश सेनामा भर्ना भएँ । लामो समयसम्म हाम्रो भेटघाट भएन । एक्कासि उहाँ बिरामी भएर उपचार गराउने क्रममा आएका बेला नेपाल प्रहरी अस्पतालमा भेट भयो । जुन दिन म भेट गर्न गएको थिएँ त्यो दिन उहाँको जन्म दिन पनि रहेछ । झण्डै दुई घण्टाको बसाइमा उहाँले अतीतका रमणीय कुरा कोट्याउनुभयो । त्यो बेला उहाँ बिरामी होइन कि हामीले साँस्कृतिक कार्यक्रम गर्दाको भेषबहादुर सर जस्तो लागेको थियो ।

दैवको लीला उहाँको अमृतरूपी वचन मैले त्यो दिनबाट सुन्न पाइनँ । त्यसको केही दिनपछि उहाँको स्वर्गवास भयो र उहाँको अन्तिम संस्कार पवित्र पुण्यस्थल रिडीमा गर्न लगियो । भेषबहादुर कुँवर मरेर पनि जीवित रहने व्यक्तित्व हो । समाजमा धेरै मान्छे जीवित रहेर पनि मरेतुल्य हुन्छन् तर भेषबहादुर कुँवर मरेर पनि अमर रहने व्यक्ति हुनुहुन्छ ।

उहाँको विषयमा जति लेखे पनि कम हुन्छ । मेडमले श्रीमान् र छोराछोरीले बाबु गुमाएका होलान्, तर सिङ्गो देशले कहिल्यै कसैको कुभलो नसोच्ने सच्चा राष्ट्रभक्त सर्जक गुमाएको छ । त्यो महान् व्यक्तिलाई हार्दिक श्रद्धाञ्जलि टक्र्याउँछु ।

ooo


**विद्यालय तहदेखि क्याम्पस तहसम्मका सम्पूर्ण पाठ्यसामग्रीका साथै लोकसेवा, शिक्षकसेवा आयोगका पुस्तक र स्टेशनरी तथा मसलन्द सामग्री सुपथ मूल्यमा पाउनका लागि हामीलाई सम्झनुहोस् ।**

# जनता पुस्तक पसल तथा स्टेशनर्स

**रेसुङ्गा नगरपालिका-१, क्याम्पसरोड, तम्घास, गुल्मी**
**फोन : ०७९-५२०७०९, मो. ९८५७०२९०२**

**प्रो. गोपाल बस्नेत**

**पुस्तक, स्टेशनरी र जनक शिक्षा सामग्री केन्द्र लि.को बिक्रेता**

# बुबालाई सम्झिंदा

✍ **शान्ता के.सी. कुँवर**
**रे.न.पा.-२, गुल्मी**
**हाल : अमेरिका**

२०५५ साल मङ्सिर १७ गते म घरकी जेठी बुहारी भएर भित्रिएको दिन । बुबाआमा भर्खरका हुनुहुन्थ्यो, भाइ-बहिनीहरू कलिला र साना-साना । घरमा एकदम राम्रो संस्कार थियो र घरको वातावरण अत्यन्तै रमाइलो । छोरी र बुहारीमा कुनै भिन्नता थिएन । 'घर' माया, ममता, सद्भाव र सहकार्यले बन्छ, ढुङ्गा-माटोले होइन भन्ने राम्रो उदाहरण थियो हाम्रो घर । यस्तो वातावरण पाउँदा म धेरै खुशी भएँ ।

सरल, स्पस्टवक्ता, ज्ञान र साहित्यले भरिपूर्ण, सकरात्मक सोंच भएका मीठो स्वरका धनी बुबा अत्यन्तै प्रकृतिप्रेमी र सानादेखि ठूलासम्म सबैलाई माया र सम्मानपूर्वक व्यवहार गर्ने हुनुहुन्थ्यो । आफूलाई सधैं सफासुग्घर पारेर चिटिक्क मिलेको ढाका टोपीमा डायरीले हातलाई सजाएर मर्निङवाकबाट बुबाको दिन सुरू हुन्थ्यो । स्वतन्त्र विचार र स्वतन्त्र जीवन, अनि अत्यन्तै माया गर्ने सन्तानहरू र **'आमा'** जस्तो जीवनसाथीको साथ र माया थियो बुबालाई । बुबाले आमालाई अत्यन्तै माया गर्नुहुन्थ्यो । घरमा एकछिन आमालाई नदेखे सोधिखोजी गरिहाल्नुहुन्थ्यो ।

मेरो व्यक्तिगत अनुभवमा मैले बुबाबाट सधैं माया र हौसला पाएँ । हाम्रो सानो प्रगतिमा पनि बुबा अत्यन्तै खुशी हुनुहुन्थ्यो । बुबासँग फोनमा कुरा गर्दा उहाँको भरिएर आएको आवाजमा सधैं हामीप्रतिको माया छचल्किएको अनुभूति हुन्थ्यो । उहाँले दिने आशीर्वादले एक किसिमको ऊर्जा दिन्थ्यो । साँच्चै बुबाजस्तो अभिभावक पाउनु हाम्रा लागि गौरव र भाग्यको कुरा हो ।

हाम्रो बिहेपछि बुबाले आफ्नो वर्षौंदेखिको पिउने बानी पनि छोड्नुभएको थियो । त्यो कुराले मलाई उहाँप्रति अझै बढी आदर र श्रद्धाभाव जगायो । म मेरो जन्मदिने बुबाकी कान्छी छोरी, बुबासँग अत्यन्तै नजिक रही उहाँको मायामा हुर्किएकी हुनाले बुबाको महत्त्व राम्रोसँग बुझेकी थिएँ । आफ्नो जन्मदिने बुबालाई असामयिक रूपमा गुमाउन पुगेकी मैले बुबालाई फेरि पाएको अनुभव गरें । बिहेपछिको पहिलो दशैंमा बुबाआमाको हातबाट टीका थाप्दा मेरा आँखा रसाएका थिए, अनि उहाँहरूका पनि । त्यसअघि बुबाका आँखा रसाएको बिरलै देखेकी थिएँ । त्यो समय मेरा लागि अविस्मरणीय छ ।

बुबा नयाँनयाँ ठाउँहरूमा घुमफिर गर्न, नेचुरल पोजमा फोटो खिच्न, परिवारका सदस्यहरूसँग बसेर क्यारेम्बोर्ड र तास खेल्न र रमाइलो गर्न अत्यन्तै मन पराउनुहुन्थ्यो । खानामा मांसाहारीभन्दा बढी शाकाहारी खाना मन पराउनुहुन्थ्यो । त्यसमध्ये साग, सलाद र भाजा (भुजा साँधेको) उहाँलाई विशेष मनपर्थ्यो । एउटा रमाइलो सम्झना, बुबालाई साग खान मन लाग्यो भने जताबाट जे भए पनि अलिकति हरियो मुन्टा ल्याउनुहुन्थ्यो र 'पुरुक्क' पार त भन्नुहुन्थ्यो । अनि खान मिल्ने नमिल्ने विचार गरेर मात्र पकाउनुपर्थ्यो । जति मीठो भए पनि खाना ठिक्क मात्रामा खाने र नमीठो भए कहिल्लै गुनासो नगर्ने बुबाको बानी थियो । उहाँमा कुनै कुराको लोभ-लालच थिएन । बुबा जस्तोसुकै परिस्थितिमा पनि अरूलाई हँसाउनुहुन्थ्यो । आफू जति नै बिरामी भए पनि 'म ठीक छु नि, मलाई राम्रो हुँदैछ, अझै कति राम्राराम्रा कुराहरू सुन्न र देख्न बाँकी छ ।' भन्ने दरिलो आत्मविश्वास व्यक्त गर्नुहुन्थ्यो ।

अमेरिकाका विभिन्न ठाउँहरूमध्ये एउटा फ्लोरिडाको ज्याक्सनभिल भन्ने ठाउँ बुबालाई अत्यन्तै मन पर्थ्यो । पहिलो पटक अमेरिका आउँदा 'ज्याक्सनभिल ! ज्याक्सनभिल !!' शीर्षकको कविता पनि लेख्नुभएको थियो । बुबा स्वर्गीय भएपछि उहाँको अस्तु (केही भाग) अमेरिकामा रहेका हामी परिवारका सबै सदस्यहरूको उपस्थितिमा ज्याक्सनभिलकै समुद्रमा सेलायौं । बुबालाई अन्तिम अवस्थामा नजिकबाट देख्न नपाएका हामी र बच्चाहरूलाई केही हदसम्म सन्तुष्टि मिलेको अनुभव गर्‍यौं र बुबालाई पनि खुशी मिल्योहोला भन्ने आशा गर्दछौं ।

'बुबा' हजुर स्वर्गमा हुनुहुन्छ, हजुरको आत्माले सधैं शान्ति पाइरहोस् । हजुरको आशीर्वाद हामीहरूले सधैं पाइरहौं ।

ooo

गुल्मी जिल्लाका साहित्यिक प्रतिभा भेषबहादुर कुँवरको पुण्य स्मृतिमा किरण पुस्तकालय, गुल्मीले 'हाम्रो पुरुषार्थ'को 'कवि प्रयासी स्मृति अङ्क' प्रकाशनमा ल्याउन थालेकोमा यसको सफलताका लागि हार्दिक शुभकामना ।

**रेसुङ्गा बहुमुखी क्याम्पस परिवार**

तम्घास, गुल्मी

फोन : ०७९-५२०१४५

# मैले चिनेको भेषबहादुर सर 'बुबा"

✍ **निराशा के.सी. कुँवर**
**रे.न.पा.-२, गुल्मी**
**हाल : अमेरिका**

म तम्घासमा जन्में हुर्कें र तम्घासमै मेरो पढाइ सुरू भयो । मैले कक्षा १ देखि ४ सम्म रेसुङ्गा प्राथमिक विद्यालयमा पढें । त्यहाँ पढ्दा मैले आमा (अमृता मेडम) लाई चिनें अनि मैले बुबाको नाम पहिलेदेखि नै सुन्दै आएकी थिएँ । तर कक्षा ६ मा गएर महेन्द्र मा.वि.मा पढ्दा बुबासँग पढ्न पाएँ । मेरो त्यो क्लास पूर्व व्यावसायिक शिक्षाको थियो । त्यो क्लास मन नपराउने कमै विद्यार्थी थिए होला जुन क्लासमा बुबाले पढाउनुहुन्थ्यो । विषयवस्तुबाहेक नयाँ-नयाँ कथा, कविता सुन्न पाउँदा सबै जना धेरै खुसी हुन्थे । मैले एक वर्ष मात्र बुबाको क्लास पढें तर पछिसम्म पनि जहाँ भेट भए पनि सर नमस्कार भन्नासाथ टक्क अडिएर के छ भनेर सोध्नुहुन्थ्यो । समयले मलाई घुमाउँदाघुमाउँदा बुबाको घरमा बुहारीको रूपमा ल्यायो । म त्यहाँ गएपछि बुबालाई राम्रोसँग चिन्ने मैका पाएँ । बुबा अति सरल मजाक गर्ने अनि रमाइलो गर्ने प्रकृतिको मान्छे हुनुहुँदो रहेछ । मैले पहिलेदेखि चिनेको भएर होला मलाई कहिले पनि ससुरा बुबा जस्तो भान भएन । मलाई म उहाँहरूको छोरी हो जस्तो लग्थ्यो । बुबा आफ्नै किसिमको हुनुहुन्थ्यो । न कसैको ईर्ष्या गर्ने न कसैसँग बढी घुलमिल गर्ने । साहित्यप्रति रुचि राख्ने भएर होला बुबाको आफ्नै किसिमको जिन्दगी थियो । मैले देख्दा बुबालाई केही कुराको चिन्ता नभएको देख्थें । सायद घरपरिवारको सारा जिम्मेवारी आमालाई दिएको भएर होला । सानासाना कुरामा धेरै खुसी हुनुहुन्थ्यो । त्यसमध्ये पनि छोराछोरीको प्रगतिको कुरा सुन्दा गर्व गर्नुहुन्थ्यो । आफ्ना मनमा लागेका कुराहरूलाई कवितामा उतार्नुहुन्थ्यो । कहिलेकाहीं अचम्म लागेर आउँथ्यो । कुनै ठाउँमा घुम्न गएका छौं भने त्यो ठाँउमा यति धेरै भाव र सुन्दरता देख्नुहुन्थ्यो बुबाले जसलाई कविताको माध्यमबाट हामीले सुन्न पाउँथ्यौं । बुबालाई फोटो खिच्न खुबै मन पर्थ्यो प्रायः गरी हिमालसँग । खाना मीठो होस् या नमीठो जस्तो पकाएर दिए पनि गजब छ भन्नुहुन्थ्यो । कहिलै आफ्नो पीडा देखाउनुभएन । बुबाका अन्तिम दिनहरूमा बुबालाई देख्दा कस्तो पीर लागेर आउँथ्यो । त्यो समयमा पनि हजुरलाई कस्तो छ भन्दा ठिक छ नि भन्ने शब्द अझै मेरा कानमा गुन्जिन्छन् । साथै आफ्ना सन्ततिलाई अगाडि बढ्नुपर्छ केही गर्नुपर्छ भन्नुहुन्थ्यो । बुबासँग बस्दा धेरै पुराना कुराहरू सोधिराख्थें । पहिला कसरी पढ्नुभयो कहाँ गएर जागीर गर्नुभयो भनेर । ती कुराको उत्तर बुबाले रोचकताका साथ दिनुहुन्थ्यो । बुबाले आफ्नो बाल्यकालका कुराहरू सुनाउनुहुन्थ्यो । एउटा टुहुरो बच्चाको संघर्ष अनि हिजोका दिनसम्मको

बुबाको जिन्दगी देख्दा लाग्थ्यो बुबा एउटा ५/६ वर्षको बच्चाको जिन्दगी बाँचेर जानुभयो । हरेक दुःखलाई सुख सम्झेर कसैको नराम्रो नचिताउने, सधै सबैको कल्याण होस् भन्ने मनोकामना राख्नुहुन्थ्यो । बुबाको जिद्दी गर्ने बानी, सधै सबैको राम्रो चिताउने बानी, सानो सानो कुरामा खुसी हुने बानी देख्दा बुबा ठ्याक्कै बच्चा जस्तै लाग्थ्यो ।

बुबाको मन जस्तो स्वच्छ थियो त्यो अनुसार फल पनि मीठो पाउनुभयो । आमा जस्तो जीवनसाथी, यति धेरै माया गर्ने छोराछोरी । बुबाको संस्कारले गर्दा होला छोराछोरी पनि कस्तो कर्तव्यपालक, मिलनसार सहयोगी भावनाका भएका । बुबाको अन्तिम घडीसम्म पनि केही कुराको कमी नगरी बुबाको सेवा अनि इच्छा आकाङ्क्षा पूरा गरिदिनुभएको देख्दा लाग्छ बुबा संसारमै धेरै भाग्यमानी मान्छे हुनुहुँदो रहेछ । कति माया कति ज्ञान बाँडेर जानुभयो । बुबा जहाँ भए पनि सधै खुसी हुनुहुन्छ । बुबा हाम्रो मनमा अमर हुनुहुन्छ । हृदयदेखि श्रद्धासुमन बुबा ।

ooo


## हाम्रो पुरुषार्थले पालिका परिचय नामक नयाँ स्तभ प्रारम्भ गर्ने ।

किरण पुस्तकालय, गुल्मीबाट विगत ४७ वर्षदेखि नियमित रूपमा प्रकाशनमा आइरहेको 'हाम्रो पुरुषार्थ' पत्रिकाले २०७७ साल श्रावणदेखि नयाँ स्तम्भ **'पालिक परिचय'** प्रारम्भ गर्दैछ ।

२०७७ श्रावण–असोजको सम्पूर्णाङ्क ८७ मा इस्मा गाउँपालिकाको परिचय छापिनेछ । इस्मासम्बन्धी ऐतिहासिक ज्ञान भएका लेखक–कविहरूले आफ्नो शोधमूलक रचना २०७७ भाद्र महिनाभित्र पुस्तकालयमा पठाई सहयोग गर्नुहुन हार्दिक अनुरोध छ ।

सम्पादक

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

किरण पुस्तकालय, तम्घास, गुल्मी

# सम्झनामा बुबा हजुर !

✍ **बीमा के.सी. कुँवर**
**रेसुङ्गा नगरपालिका-२, गुल्मी**

आज भोलि भन्दाभन्दै
कत्ति छिटो समयले फट्को मारेछ ।
हजुरले लिएको विश्राम पनि
आज वर्ष दिन पुग्न थालेछ ॥

बिरामी भै हुँदा बिस्तरामा
कमजोर थिएन मन उहाँको कत्ति नि ।
सहेर दुःख, पीर र वेदना मनमा
झल्काउनु भएन मुहारमा यत्ति नि ॥

गर्नुभो सधै देश र समाजको चिन्तन
चलाउनुभो जीवनभर बेथितिविरूद्ध कलम ।
नबिझाउने कसैको मनमा थियो मिठास बोली
नपर्ने कसैको प्रभाव आफ्नै थियो जीवनशैली ॥

थिएन कसैमा ईर्ष्या र द्वेषको भावना
उपकार-भलो चिताउने थियो उच्च मनोकामना ।
बाल, युवा, वृद्ध सबैमा थियो समान व्यवहार
ऊँच नीचताको कतै थिएन उहाँमा भेदभाव ॥

घुमाउरो पाराको बोली ठट्टा गर्ने थियो त्यो स्वभाव
जो कोहीलाई पनि त्यो व्यक्तित्वले पार्थ्यो छिट्टै प्रभाव ।
भन्नुहुन्थ्यो सम्मानजनक जीवन जिउनुपर्छ मान्छे भै
बिताउनुभो सार्थक जीवन उहाँले सबैको मनमुटुमा रही ॥

अनुकरणीय थिए ती हजुरका विचार र आदर्श
राखी जीवन्त पछ्याउने छौं हजुरले देखाएको त्यो मार्ग ।
अधुरै रहन्छन् यहाँ हाम्रा खुशी हजुरविनाको घर
हुने भए अर्को जुनी यस्तै बनोस् एउटै परिवार ॥

ooo

# आदरणीय बुबाप्रति

✍ **माया कुँवर**
**रे.न.पा.-२, गुल्मी**
**हाल - सहायक प्रमुख जिल्ला अधिकारी, म्याग्दी**

आदरणीय बुबा ! हजुरको भौतिक अनुपस्थितिलाई स्वीकारेको कठिन घडी बितेको पनि एक वर्ष पुगेछ । तत्पश्चात् हजुरसँगको सामीप्यताले जन्माएका अमूल्य क्षणहरूको स्मरण गरिरहँदा त्यो तितोपन केही हदसम्म धलमलिएका छन् ।

म कक्षा ६/७ मा पढ्दा नेपाल स्काउटले आयोजना गरेको वक्तृत्वकला प्रतियोगितामा हजुर निर्णायक मण्डलमा रही मैले प्रथम स्थान हासिल गरेको त्यो सुखद संयोग र व्यक्तिगत चिनजानविनाको पहिलो भेट पनि थियो । हजुरको ठट्यौलो शैली र साहित्यप्रतिको दख्खल र लगावका बारेमा मेरा आफ्ना दाजु भगतसिंह खड्काबाट सुनिरहँदा अत्यन्त आश्चर्य र रमाइलो लाग्दथ्यो । नभन्दै परिवारसँगको घुलमिलका कारणले हजुरको परिवारको सदस्य बनी हजुरको व्यक्तित्वलाई समीपबाट जान्न पाउनु मेरो अहोभाग्य हो । हजुरको व्यक्तित्वका हरेक पक्ष सबैलाई चकित र प्रभावित पार्ने खालका थिए । सादा जीवन उच्च विचारका अनुयायी हजुरमा आफ्नो राष्ट्र र समाजप्रतिको जायज चिन्तनले लाग्दथ्यो दूरदराजमा पनि देशप्रतिको चोखो प्रेम सम्भव छ । बुबाले राख्ने राष्ट्रिय-अन्तर्राष्ट्रिय ऐतिहासिक र समसामयिक ज्ञान र उत्सुकतामा हजुरको चनाखोपन प्रष्ट झल्किन्थ्यो । सबेरै उठी सरस्वती वन्दना र रेडियोमा समाचार घन्काई देश विदेशका दैनिक घटनाहरूबाट आफूलाई जानकार राखेपश्चात् मात्र हजुरको दैनिकी सुरू हुन्थ्यो । दैनिक रूपमा दाह्री बनाई नित्य कर्म पूरा गरी अनिवार्य ढाका टोपीसहितको सादा भद्र पोशाकमा बारी छेउमा पुगी आफूलाई प्रस्तुत गरी 'बिहान उठ्दा हिमाल देख्न पाइयोस्' गुनगुनाएको देख्दा प्रकृतिप्रतिको अनौठो प्रेम दर्शिन्थ्यो ।

चिटिक्क परी कोखिलामा डायरी च्यापी लसकलसकका धैर्यको प्रतिबिम्ब दिने पाइलाले बिहान र साँझ अनिवार्य हिँड्ने हजुरको बिरलै बदलिने दैनिकीले अनुशासित हुन प्रेरित गर्दथ्यो । घुमफिर सकाई घरभित्र छिर्दा कहिले के कन्दमूल त कहिले के हरियो परियो बोकेर आई यो असाध्यै मीठो हुन्छ, मिहिनेतसाथ बनाऊ । चरम्म पार्नुपर्छ भनी पकवान तयार भएपछि मीठो मुखले खाई 'स्याम्म खाइयो, स्याबास' भन्दै तृप्त भएको भान गराउनुहुन्थ्यो । एक सितो फाल्नुहुन्न भनी बारम्बार भन्ने गर्नुहुन्थ्यो । खानाप्रति ठूलो सम्मान राख्नुहुन्थ्यो । रैथाने अर्गानिक खानेकुराहरू : सिपलीकान, गाबा, मूला, तरूल, पिंडालु, गिठा, मासको दाल, साग आदि हाम्रो साझा रुचिका परिकार थिए । हाम्रो भान्सा मिल्छ भन्नुहुँदै रमाएर खाएका पलहरू यी कन्दमूलले सिर्जना गरेका प्यारा सम्झनाहरू हुन् ।

अनि दिउसो पख बखडाको रुखमुनि बसी खाजाको राजा भाजा वा चियाको चुस्की लिँदै बाटोमा हिड्ने बुढाबुढीदेखि बच्चा-बच्चीसम्मलाई स-सम्मान सम्बोधन गरी आफै परिचय माग्दै भलाकुसारीमा रमाउनुले हजुरले स्वीकारेको सहअस्तित्व र भाइचाराको सम्मानको अनुभूति हुन्थ्यो । आफ्ना दमाली, साथीभाइ, सम्बन्धीहरूलाई आत्मीय प्रेम गर्ने बानी अनौठो थियो । मेरा गुरु हेमराजसँगको दोस्ती, तँ-तँ, म-म, तर्क वितर्क, ख्यालठट्टा गरेको र अरू थुप्रै साथीहरू जस्तै डबल बी.सी. बुबा, जेदे ठूलाबासँग बिताएका किस्सा सुनाउन खुब उत्साहित भएको देख्दा बुबाको जीवनमा साथीभाइले ठूलो महत्त्व राख्थ्यो भन्ने महसुस हुन्थ्यो । दशैं तिहारबाहेकका स-साना चाडपर्व आउँदा पनि बुबामा हर्षोल्लासले माहोल नै पर्वमय हुन्थ्यो । पर्वअनुसारको पकवान खुब आनन्दले खाएको देख्दा बाल्यकालको उत्साह बुबामा जीवितै देखिन्थ्यो ।

ढोग गरी बुबाबाट आशीर्वादका रूपमा पाइने गहकिला शब्दका लहरहरूले मनलाई गम्भीर बनाई मस्तिष्कलाई पनि सचेत गराउँदथ्यो । शब्द-शब्दले हौसला बढाउँदथ्यो । हामीले हासिल गरेका स-साना उपलब्धिलाई पनि बुबाको गहकिलो स्याबासले अझ अगाडि बढ्न ऊर्जाको काम गर्दथ्यो । म निजामती सेवामा शाखाअधिकृत भएको समाचारले बुबा अत्यन्त गौरवान्वित हुनुभएको त्यो क्षण मेरो जीवनको ठूलो प्रेरणादायी पल हो । 'कुलको गरिमा बढाउन मिहिनेतका साथ डट्नुपर्छ' भन्ने हजुरका शब्दहरू मेरो जीवनभर प्रेरणाका रूपमा रहनेछन् ।

हाम्रो पहिलो सन्तानको जन्म भएपछि आफू रोगले थलिएको अवस्थामा पनि हस्पिटलमा गई, ह्विलचेयरमा बसी कान्छो नातिसँगको पहिलो भेटमा हजुरका आँखा रसाएको क्षण र 'यसले सबैको कल्याण गर्छ, त्यसैले नाम 'कल्याणविक्रम कुँवर' भनी नामकरण गरिदिनुभयो । त्यसै दिनमै आफ्नो नातिलाई दिनुपर्ने स्नेह छताछुल्ल पारिदिनुभयो । 'कल्याण'नाम नै बाबूको लागि हजुरको सदैवको आशीर्वाद थियो । त्यसैले त मृत्युमाथि विजय प्राप्त गर्‍यौं । 'कल्याण' नाम झन्पछि झन् अर्थपूर्ण र प्यारो लाग्दै गएको छ । पछुतो छ त केवल हजुरको व्यक्तित्वलाई उसले जान्ने गरी भोग्न नपाएकोमा तर हामीले कल्याणलाई दिनुपर्ने संस्कारमा हजुरका मूल्यमान्यता खम्बा हुनेछन् । 'सुखमा नमात्तिनू, दुःखमा नआत्तिनू' भनिरहनुहुन्थ्यो । आफूलाई रोगले च्यापेर शिथिल हुँदा पनि जीवनका हरेक पक्षहरूप्रति सकारात्मक हुनुहुन्थ्यो । दुखाइले छटपटाउँदासमेत परिवारलाई ठीक छु भनी आश्वासन दिनुभयो । हजुरको अदम्य साहस र आत्मबल हाम्रो लागि सदैव अनुसरणीय छ । हजुरको अनुपस्थिति सधै खड्किइरहनेछ तर हजुरका मूल्यमान्यता ढोङ र आडम्बर त्यागी सरल र सच्चा बन्नुपर्छ, मीठो बोली वचनले इष्टमित्रलाई न्यानोपन महसुस गराउनुपर्छ, समाज र देशको भलोमा सधै तत्पर रहनुपर्छ, आदि हाम्रो जीवनका मार्गदर्शन रहनेछन् । हजुरबाट पाएको निःशर्त स्नेहबाट हामी धन्य छौं । हजुरको अभिभावकत्व पाएकोमा सदैव गर्व गर्छौं । जहाँ हुनुहुन्छ मुस्कुराइरहनुभएको छ, हामीलाई मार्गदर्शन गराइरहनुभएको छ भन्नेमा विश्वस्त छौं । धेरै धेरै श्रद्धासुमन बुबा हजुरलाई ।

ooo

# मैले चिनेको बुबा

✍ **सन्तोषी पोखरेल कुँवर**
**रे.न.पा.-२, धागिथुम, गुल्मी**

संघर्षशील जीवनलाई सहजता र सरलताका साथ कसरी जिउने भन्ने कुरा आफैमा लुकेको हुन्छ । कुनै दिन यो कुरा मलाई बुबाले सिकाउनुभएको थियो ।

**बुबासँगको पहिलो संवाद**

म घरकी कान्छी बुहारी, बुबाको र मेरो संवाद मेरो विवाहपछि मात्रै भयो । बुबासँगको त्यो संवाद नै मेरो जीवनको सबैभन्दा प्रिय र अविस्मरणीय बन्न पुग्यो । विवाहको दिन (फाल्गुन २४, २०७१) साँझ, म र मेरो श्रीमान् (हेमन्त) आशीर्वाद लिन बुबा बस्नुहुने कोठामा गयौं । ढोग गरेपछि आफ्नो अगाडि भएको कुर्सीमा बस्न आग्रह गर्नुभयो र बुबासँगको मेरो पहिलो संवाद यसरी सुरू भयो :

बुबा : हाम्रो घरमा स्वागत छ तिमीलाई ।
म : धन्यवाद बुबा ।
बुबा : तिमीलाई घरमा बोलाउने प्रिय नाम के हो ?
म : सबैजना नानी भन्नुहुन्छ र बाबाचाहिँ कान्छी छोरी ।
बुबा : उसो भए आजदेखि म पनि 'नानी' भनेर बोलाऊँ त ?
म : हस् बुबा, हजुरलाई जे ठीक लाग्छ ।
बुबा : हाम्रो घरका सबै बुहारीको नाम दुई अक्षरको छ, शान्ता, निरू, बिमा, माया, तिम्रो मात्र ठूलो भयो सन्तोषी । फेरि मैले सबैलाई नामले बोलाउँछु । त्यसैले नानी भन्दा पनि 'सन्तु' भनेर बोलाउँछु, कस्तो लाग्छ ?
म : एकदम राम्रो छ बुबा । झन् नयाँ नाम पाएँ, खुशी लाग्यो ।

लगत्तै बुबाले भन्नुभयो - ल उसोभए जाऊ सन्तु च्या बनाएर ल्याऊ ।

बुहारीहरूलाई छोरीको स्थान दिने बुबाको यो गुणबाट म निकै प्रभावित बनेकी थिएँ ।

**बुबालाई नजिकबाट चिन्ने मौका**

विवाहलगत्तै भूकम्प गयो (२०७२ वैशाख १२), त्यसपछिको १ महिना बुबासँग घरमा समय बिताउने र बुबालाई अझै नजिकबाट चिन्ने सुअवसर पाएँ । सबेरै उठ्ने, रेडियो सुन्ने (रेडियोमा कति पटक बुबाकै स्वरमा बुबाले रेकर्ड गराएका कविता सुन्न पाइन्थ्यो), दैनिक नित्यकर्म, खानपिन, घुम्ने, सम्पूर्ण कार्यहरू बुबाका प्रायः एउटै समयमा हुन्थ्ये र त्यो कुराले मलाई प्रभावित पार्थ्यो ।

## बुबाको आमाप्रतिको माया र लगाव

आमा र बुबाको सम्बन्ध साह्रै माया लाग्दो थियो । कहींबाट बुबा घरमा आउँदा आमालाई देख्नुभएन भने बुबाको एउटै प्रश्न हुन्थ्यो । 'आमा कहाँ गई र ?' सकेसम्म बुबाले आमा आफ्नो वरिपरि भएको रुचाउने । त्यो देख्दा मैले हाम्रो जोडीमा पनि त्यो प्रकारको आत्मीयता र माया सधैं रहोस् भन्ने कामना गर्थें ।

## बुबाको प्रिय आशीर्वाद

बुबाले कुनै पनि चाडपर्वहरू, विशेष दिनहरू (जन्मदिन, वैवाहिक वर्षगाँठ) मा दिने आशीर्वादका शब्द साह्रै घतलाग्दा हुन्थे । रमाइलो कुरा, बुबाले परिवारका सबै जनालाई समान सोंच्ने भएर होला त्यही एउटै आशीर्वाद दिनुहुन्थ्यो फरक हुन्थे त केवल नाम र वर्षहरू । कहिलेकाहीं घरमा बुबाले यसरी आशीर्वाद दिनुहुन्छ भनेर मुखमा कण्ठ भएको बुबाको आशीर्वाद बुबाको तरिकाले क्यारीकेचर गर्नुहुन्थ्यो मेरो श्रीमान् र दाइहरूले अनि बुबा हाँस्नुहुन्थ्यो ।

## बुबाको आत्मबल र बुबासँगको मेरो साथ

पछिल्लो समय बुबालाई रोगले च्याँप्दै गयो । काठमाडौं बस्ने भए पनि, क्याम्पसको होस्टेलमा बस्ने भएर, बेला-बेला बुबालाई भेट्न आउँथें । आएर कस्तो छ बुबा अहिले भनेर सोध्दा, जति गाह्रो भए पनि मुस्कुराएर ठीक छ भन्नुहुन्थ्यो । रोगलाई राम्रोसँग बुझेकी मैले बुबाको आत्मबल र आफूलाई जस्तो अवस्थामा पनि सकरात्मक राख्ने प्रवृत्ति देखेर अचम्म मान्थें । त्यो समयमा मलाई जन्मदिने बाबा र बुबाको उस्तै अवस्था भएर पनि होला मेरो बुबासँग छुट्टै लगाब थियो । बुबाले पनि आफ्ना र मेरो बाबाका भोगाइ साट्न के कस्तो छ बुबालाई भन्दै कुरा गर्नुहुन्थ्यो र कुनै दिन दुबैलाई सन्चो भएर घर जाने भन्दै विश्वासिला कुराहरू गर्नुहुन्थ्यो । पछिल्लो समय बुबाले मलाई नराम्रो लाग्छ भनेर होला पहिला त्यति खोजी गर्ने बुबाले बाबाको अन्तिम समयको केही सोध्नुभएन । बरू आफै म बुबाको सुन्निएको हात, खुट्टा र शरीरलाई स्पर्श गर्दै बाबालाई स्पर्श गरेको अनुभूति गर्थें । बुबामा नै बाबालाई देखेकी थिएँ मैले तर त्यो पनि केबल ४५ दिन मात्र सीमित भयो । त्यसपछि बुबाको साथ पनि छुट्यो ।

## तस्वीरप्रेमी बुबा

तस्वीर खिच्न रुचाउने रमाइलो बानी थियो बुबामा । आफू बिरामी भएको समयमा पनि आफूलाई भेट्न आउने हरकोहीसँग तस्वीर लिन खोज्नुहुन्थ्यो, चाहे उठ्न नसकेर बेडमै किन नहोस् । अन्त्यमा पनि बुबाको स्मृतिमा आउनुभएका सम्पूर्ण जनहरू, कोही बुबाका मित्र त कोही बुबाका विद्यार्थी र कोही बुबाले योगदान पर्स्याउनुभएका संघ-संस्था, सबैले बुबाको योगदानलाई सम्मान गर्दै गरेका प्रशंसाहरूबाट पनि बुबाको व्यक्तित्वलाई नजिकबाट बुझ्न पाएँ । हार्दिक श्रद्धासुमन बुबा ।

ooo

# मामासँगका केही संस्मरणहरू

✍ **कमला मरासिनी**
**रेसुङ्गा नगरपालिका-१, गुल्मी**

म सानै थिएँ । मलाई भर्खर जस्तै लाग्छ, आमासँग मामाघर आएकी थिएँ । मामाले राति सबै दाइभाइसँग बसेर कथा सुनाउनुभएको थियो सुनकेस्री नानीको । मैले मामालाई सुत्नै दिएकी थिइनँ । फेरि भन्नु-फेरि भन्नु मामा भनेर मैले करकर गर्थें । कति रमाइलो थियो त्यो कथा । पछि मामा तीजमा आमालाई लिन आउनुभएको थियो, चारपाला हाम्रो घरमा । हाम्री आमा त सधै जसो चाड पर्वमा माइत जान पाउनु हुँदैनथ्यो । त्यसैले ठूलो बाबाको छोरी, दिदी र म मामासँग मामाघर जान हिँड्थ्यौं । त्यति बेला गाडी चल्दैनथे । हामी हिडेर दुवीचौरभन्दा पारिपट्टि एउटा सिमलको रुखमुनि शीतलमा थकाइ मारिरहेका थियौं । त्यति नै बेला मामाले एउटा गीत गाउनुभएको थियो । 'यो कान्तिपुरमा सपनाको सुरमा' यति मिठास थियो त्यो गीतमा कि सबै थकाइ मेटियो । अनि हामी हिड्दै मामाघर आनन्दसँग पुग्यौं । त्यो दिनको सुमधुर भाका । त्यसपछि एक पटक म मामाघर आएको धेरै दिन भैसकेको रहेछ । मलाई घर जान मन लागेर मामासँग रोइराखेकी थिएँ अनि मामाले मलाई फकाउँदै आज त परेवा हो हिड्न हुँदैन परेवाले सबै बाटो छेकिदिन्छन् । अनि अर्को दिन आज त झन् कौवाको दिन हो हिड्न हुँदैन कौवाले बाटो छेकिदिन्छन् भन्नुभयो । म राति पनि रोइरहें अनि मामाले एउटा ब्याट्री नभएको लाइट ल्याएर दिदै भन्नुहभयो । ल हेर्नुस् राति भयो । लाइटमा ब्याट्री छैन । हिड्नु हुँदैन बाघले खान्छ । भोलि जाउँला भन्नुभयो अनि अर्को दिन दाइसँग म घरमा गएँ । त्यो दिनमा मलाई फकाउँदाको खुशी । फेरि म ठूली भैसकेकी थिएँ । मेरो विवाह भैसकेको थियो । म मामाघरमै थिएँ । मामा मेरो छेउमा आएर बस्नुभो अनि के छ भान्जी कस्तो छ तपाईंलाई ? दुःख छ कि छैन भन्दै सोध्न लाग्नुभयो । मैले भनें मलाई केही दुःख छैन । म खुशी छु । अनि मैले किन र मामा भन्दै सोधें । मामाले भन्नुभयो मलाई माग्न आउँदा मेरो बाबा मामासँग सोध्न जानुभएको रहेछ । छोरीलाई सानो चिया पसल गर्ने केटोलाई मागेका छन् हजुरकी भान्जी दिन मिल्छ कि मिल्दैन । केटाको त्यही हाई स्कूलको चोकनिर चिया पसल छ रे हेर्नुहोला भन्नुभाको रहेछ । अनि मामाले हेर्नुभएछ र यत्तिको मिहिनेत गर्ने केटोलाई बेस्सरी दिन हुन्छ । सम्पत्ति त मिहिनेतीको हातमा हुन्छ भन्नुभएको रहेछ । त्यसैले मेरो चिन्ता गर्नुभएको रहेछ । मेरो जबाफ सुनेपछि मामाले मलाई भान्जी गर्व छ हजुरमाथि भन्नुभएको थियो । त्यो दिन ममाथि गर्व गरेको कुरा । पछि एक पटक हामीले चिया पसल बेचेर अरू केही गर्ने विचार गरेर मामालाई सोधेका थियौं । अनि मामाले भन्नुभएको थियो एउटा खुट्टा राख्ने ठाउँ

नहुँदासम्म अर्को खुट्टा उचाल्नु हुँदैन । त्यो दिन दिएको अर्ती सधै सबैलई काम लाग्ने खालको छ ।

पछि मामा बिरामी परिसक्नुभएको थियो । म त सधै जसो चाड पर्व औंसी पूर्णिमामा मामाघरमै हुन्थें र अहिले पनि हुन्छु । एक दिन हाम्रो विवाहको पच्चीस वर्ष पूरा भएको थियो । त्यो दिन पनि भाइ रमेश र छोरो अर्जुनले मावली परिवारसँग विवाहको वर्षगाँठ पर्व मनाउने अवसर मिलाइदिएका थिए । त्यो दिन मलाई मामाले आशीर्वाद दिनुभएको थियो । दाम्पत्य जीवन सुखमय बितोस् । राम र लक्ष्मण जस्ता छोराहरू छन् । तिनीहरूबाट पनि सुखशान्ति मिलोस् । कसैको सामु शिर झुकाउन नपरोस् । गौरवशाली जीवन बितोस् । आगामी दिनहरू अझ सफल हुदै जाऊन् । सायद त्यो मामाको आशीर्वाद मेरो लागि अन्तिम पटक थियो होला । भर्खरै जस्तो लाग्छ मलाई । म धन्य छु र मलाई मेरो मामाले सुनाएका कथा, सुनाएका गीत र मामाले दिएको माया आशीर्वाद र ममाथि गरेको गर्व हजुरको यो विश्वासलाई जोगाएर राख्न सकूँ यो आशीर्वाद मलाई सधै दिनुहोला । हजुरलाई स्वर्गलोक प्राप्त होस् । हार्दिक श्रद्धाञ्जलि ।

ooo

**दिन रात आरा हजुर दिन चिरे चरर ।**
**जानै लाग्यो जानै लाग्यो जीवन पर पर ।**
**कहाँबाट ? किन आयौ ? जाने कहाँ अनि ?**
**प्रश्न, तर्क मनमा छोडी उल्र्यो 'आई डण्ट' भनी**
**आखिर हिंड्छन् कालको मुख भर्ने दिन गनी**
**ईश्वर को हो ? भनी सोधे भन्छन् 'मै हुँ' पनि**
**आँसु बररर हजुर मनै धररर ।**
**मानव धर्म मानव पूजा झरम झररर ।**

*- कवि प्रयासीको 'बादल'मा प्रकाशित 'समयको गीत'को एक अंश*

# मेरो लागि बुबाको मार्गदर्शन

✍ **गायत्री कुँवर कार्की**
**छत्रकोट-३, गुल्मी**

चरित्रवान् छोरी तिमी धैर्यशील बन्ने गर
कर्मशील बन तिमी नतिजामा सन्तोष गर ।
यस्तै अर्ती दिनुहुन्थ्यो दुःख सागर उर्ल्या बेला
हजुरको प्रेरणाले यो जीवनमा पक्कै ऊर्जा देला ॥

मान्छे भई नबिर्सनु मानवता नै हाम्रो धर्म
अजम्बरी भएजस्तै नगरे है कर्म ।
जन्मपछि मरण पक्का प्रकृतिको नियम नै पक्का हो
हाम्रो जीवन कर्कलोमा ढल्फलाको पानी झैँ हो ॥

जिउँदा राम्रो कर्म गर तछाडमछाड गर्न छोड,
सम्पन्नता खोजी गर्दा राम्रा कृतिहरू जोड ।
जाँदा लाने केही होइन, सत्कर्ममा जीवन मोड
सकेसम्म विचारका हानिकारक झार गोड ॥

विनय र शिष्टताले मान्छे सानो हुने हैन
चर्को स्वर ठाडो बोली सभ्यताको गुण हैन ।
अरूलाई सम्मान गर्दा सम्मानित हुन्छौ तिमी
क्षमाशील बन्ना सके अझै महान् बन्छौ तिमी ॥

विचित्रको संसारमा आयौं हामी खालि हात
मिति पुग्दा दैव कोही जान्न हाम्रो साथ ।
बाँच्दा गर राम्रो कर्म लाने आखिर धर्म नै हो
मीठो प्रीति, राम्रो कृति, जीवनको मर्म नै हो ॥

सुख दुःख चक्र झैँ हो जीवनमा घुमिरहने,
संघर्ष र धीरता हो, सफलतालाई चुमिरहने ।
सकेसम्म यस्तै जीवन दर्शनलाई लिएकी छु
इज्जतमा दाग लाग्ला, भनी ध्यान दिएकी छु ॥

ईश्वर समीप मनका पीडा, इच्छालाई फेरेकी छु
यथार्थता जीवनको बुझी रुन छाडेकी छु ।
बुबाप्रति समर्पित केही पंक्ति कोरेकी छु
वैकुण्ठमा बास रहोस् दुबै हात जोडेकी छु ॥

ooo

# बुबाका सिर्जना, सम्बन्ध र स्मृतिमा म

✍ **मायालक्ष्मी कुँवर**
**रे.न.पा.-२, गुल्मी**
**हाल : अष्ट्रेलिया**

बुबाको प्रथम वार्षिकीको अवसर पारेर हाम्रो पुरुषार्थको कवि प्रयासी स्मृति अङ्क प्रकाशन गर्न लाग्नुभएकोमा किरण पुस्तकालय परिवारप्रति हार्दिक आभारी छु । बुबाको जीवन खुल्ला किताब जस्तै भएकोले उहाँको बारेमा मैले अवगत गराउनु आवश्यक ठान्दिनँ । उहाँका कृति, प्रकृति र प्रस्तुतिमा उहाँको व्यक्तित्व सहजै प्रतिनिधित्व हुन्छ । उहाँकी छोरीको रूपमा आफ्ना केही सीमित बुझाइहरू राख्ने सानो प्रयास गर्दछु ।

## पारिवारिक पृष्ठभूमि र व्यक्तित्वको विकास

हाम्रा हजुरबुबा प्रतिमान कुँवर धार्मिक कार्यक्रमका लागि भजन संकलन गर्ने र गाउने गर्नुहुन्थ्यो । हजुरआमाको पनि संगीतमा उत्तिकै लगाव थियो रे । उहाँहरूकै प्रभावस्वरूप बुबामा सानैदेखि गीत संगीतप्रति गहिरो रुचि जागृत भयो । सानै उमेरमा हजुरबुबा र हजुरआमाको देहान्त भएपछि बुबाको सम्पूर्ण जिम्मेवारी उहाँकी फुपूले लिनुभएछ । फुपूले बुबालाई सिर्जनात्मक काममा लगाउने प्रयत्न गरिरहनुहुन्थ्यो रे । हरेक दिन बुबाको कविता सुनेर मात्र निदाउने उहाँको बानी थियो रे । विद्यालयका गुरुहरू एवं साथीहरूको प्रोत्साहन र आमाको पूर्ण साथसहयोगले बुबाको सांगीतिक र साहित्यिक यात्राले अझै गति लियो ।

## अनुशासन र सादापन

फुपूले बुबालाई गीतसंगीतमा रमाउन ऊर्जा थप्नेमात्र नभई व्यक्तित्व विकासमा पनि बलियो जग बसाल्नु भएको कुरा बुबाले बारम्बार गर्नुहुन्थ्यो । उहाँले बुबालाई मिहिनेती बन्न, धैर्यवान् बन्न, परोपकारी हुन, सत्संगमा रहन र अनुशासित बन्न प्रोत्साहित गरिरहनुहुन्थ्यो । बुबा आफ्नो दैनिक समयतालिकालाई अनुशासनका साथ पालना गर्नुहुन्थ्यो । बिहान उठेर आफ्नो नित्यकर्म गरिसकेपछि मर्निङ्वाकमा जाने, साथीहरूसँग भेटघाट तथा भलाकुसारी गर्ने, खाना खाने, गीतसंगीत रचनामा लाग्ने, परिवारसँग समय बिताउने र विश्राम लिने काम समयतालिकाअनुसार नै गर्नुहुन्थ्यो । यसमा कसैले बाधा पुऱ्याएमा उहाँलाई मन पर्दैनथ्यो ।

बुबालाई तडकभडकको कृत्रिम जीवनशैलीमा पटक्कै रुचि थिएन । नयाँ मात्र नभई पुराना लुगा पनि चिटिक्क पारेर हिड्न सकिन्छ भन्नुहुन्थ्यो । यसमा हजुरबुबा र हजुरआमाको सादा जीवनशैलीको प्रभाव देखिन्छ ।

## आर्थिक चेतना

बुबाको वित्तीय व्यवस्थापनको पक्ष चुस्त रहन्थ्यो । उहाँको आर्थिक अनुशासनको विकासमा उहाँका मामाको महत्त्वपूर्ण भूमिका छ भन्नुहुन्थ्यो । सानो हुँदा बुबाको आर्थिक जिम्मेवारी उहाँका मामाले हेर्नुहुन्थ्यो रे । बुबाले आफ्ना मामासँग सञ्चित आफ्नै पैसा पनि आवश्यक परेको बेला चलाउनु पर्दा मामालाई विभिन्न काममा सघाएर रिझाउनुहुन्थ्यो रे । बुबाले आफ्नो तलब पेन्सनबाट व्यक्तिगत खर्च, पुस्तक प्रकाशन खर्च र घर खर्च कति गर्ने भनेर पहिल्यै निर्धारण गर्नुहुन्थ्यो ।

हामीलाई पनि सानैदेखि बचत गर्न सिकाउनुहुन्थ्यो । कमाएको पैसा जोगाउन मात्र नभई आफूसँग भएको साधन र स्रोतको जतनसाथ प्रयोग गर्नु पनि बचत हो भन्नुहुन्थ्यो । नयाँ सामान विनासोंच किन्नुभन्दा मिलेसम्म पुराना सामानबाट निर्वाह गर्न सिकाउनुहुन्थ्यो । यसको प्रभाव उहाँका कुराकानी र व्यवहारमा मात्र नभई उहाँका रचनामा पनि यदाकदा परेको हुन्छ । खाम्सेपानीमा कसरी भविष्यको बजार बस्न सक्छ भनेर लेखेको कविता यसको एउटा उदाहरण हो ।

## कुशल अभिभावक र मार्गदर्शक

बुबा एक साहसिक व्यक्तित्व मात्र नभएर असल अभिभावक र मार्गदर्शक पनि हुनुहुन्थ्यो । उहाँले आफ्नो जीवनको लामो खण्ड अध्यापन कार्यमा लगाउनुभएको थियो । उहाँले सीपमूलक र जीवनोपयोगी शिक्षामा जोड दिदैं निकै रोचक शैलीमा पढाउनुहुन्थ्यो । घरमा पनि बुबाले हामीलाई दिनहुँ कथा र कविता सुनाएर मनोरञ्जन आत्मीयता र शिक्षा एकैपटक दिनुहुन्थ्यो । साँझ परेपछि घरमा गीत गाउने, नाँच्ने र रमाइलो गर्ने सांगीतिक वातावरण हुन्थ्यो ।

बुबाले हामीलाई फुर्सदको समयलाई सीपमूलक र सिर्जनात्मक कार्यमा लगाउन प्रोत्साहन गर्नुहुन्थ्यो । बुबाले आफ्नो काम गरिरहँदा पनि परिवारका सबै सदस्यहरूको गतिविधिमा पनि ध्यान पुर्‍याइरहनुहुन्थ्यो । केही अनावश्यक कुरा वा काम गरेको थाहा पाउनेबित्तिकै कडा सजाय पाइन्थ्यो ।

## हामीमा बुबाको व्यक्तित्वको प्रभाव

बुबाको बहुआयामिक व्यक्तित्वको प्रभाव हामी सबै सन्तानहरूमा प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा परिरहेको थियो । समय, श्रमप्रति सजग र अनुशासित रहने, कला

र संस्कृतिको जगेर्ना गर्ने स्वभाव ईश्वर दाइमा देख्छु । बुबाले जस्तै कथा, गीत सुनाउँदै ज्ञान र अनुशासन सिकाउने र परिवारका सबै सदस्यहरूलाई भावनात्मक रूपमा जोड्ने कला विजय दाइमा पनि प्रतिबिम्बित हुन्छ । सम्बन्धहरूमा आर्थिक हैसियत, धार्मिक आस्था इत्यादिबारे जानकारी राख्ने, सामाजिक अन्तर्क्रियामा सक्रिय रहने । परिस्थतिको सही आँकलन गर्न र असामान्य परिस्थितिमा पनि सहजताका साथ सामना गर्न सक्ने बुबाको कार्यकुशलता किरण दाइमा देखिन्छ ।

अध्यापनलाई पेशाको रूपमा कम र स्वान्तःसुखायको रूपमा बढी लिने, विद्यार्थीहरूमाझ विषयगत मात्र नभई अतिरिक्त ज्ञान प्रभावकारी ढंगले सम्प्रेषण गर्ने र चिरस्थायी सम्बन्ध बनाउने गुण कान्छो भाइ हेमन्त, ईश्वरी दाइ, विजय दाइ र रमेश दाइमा देखिन्छ ।

**सम्बन्ध तथा सञ्जाल**

बुबाले भ्रमणमा विशेष रूचि राख्ने र भेटे जतिका मान्छेहरूसँग परिचय गर्ने, सहृदयता बढाउने र सम्बन्धलाई जीवनपर्यन्त कायम राख्नें कोसिस गर्नुहुन्थ्यो । उहाँको बोलीमा मिठास र नरमपन थियो । आफूलाई चित्तै नबुझ्ने कुरामा बाहेक कसैलाई पिरमर्का पर्ने गरेर नबोल्ने र कदाचित् त्यस्तो अवस्था आएमा हास्यरस मिसाएर आफ्ना विचार राख्नुहुन्थ्यो । यिनै विशिष्ट स्वभावले गर्दा उहाँका अनगिन्ती सम्बन्धहरू स्थापित हुन पुगे । पत्नीँ, परिवार, छिमेकी, इष्टमित्र, मितबुबाहरू, सहकर्मी र संसारभर छरिएका विद्यार्थीहरू सबैसँग बुबाका अटुट सम्बन्धहरू हाम्रा लागि सधै उदाहरणीय र स्मरणीय रहिरहनेछन् ।

**बुबासँगको मेरो न्यानो सम्बन्ध**

जेठी दिदीको असामयिक देहान्तले बुबा, आमा गहिरो शोकमा पर्नुभएको थियो रे । म आमाको गर्भमा रहेको बेला उहाँले दिदीलाई सपनामा खेल्दै गरेको देख्नुभएछ । दिदीले सपनामा 'म आएँ ।' भनेर हराउनुभएछ । त्यसपछि दिदी कहिल्यै पनि सपनामा आउनु भएन रे । मेरो जन्मपछि बुबाआमाले दिदीलाई सन्तानको रूपमा पुनः पाएको अनुभूति गर्नुभएछ । म पाँच कक्षामा पढ्दै गर्दा तत्कालीन रेसुङ्गा नि.मा.वि.का प्रधानाध्यापक चिरञ्जीवी शर्माबाट मैले दिदीको मृत्यु, आमाबुबामा परेको शोक बारे बुझ्ने मौका पाएँ । यसबाट बुबासँग मेरो सामीप्यता अझ प्रगाढ बन्न पुग्यो ।

मैले सानैदेखि बुबाका रचनाहरू रुचिपूर्वक पढ्ने, विविध साँस्कृतिक कार्यक्रममा बुबाका रचनाहरूमा स्वर दिने, बुबाका कुराहरू चाखपूर्वक सुन्ने गर्दथें । म उहाँबाट धेरै प्रभावित थिएँ । उहाँले हामी सबै सन्तानको व्यक्तित्व, कला, शिक्षालगायत हरेक पक्षलाई नजिकबाट नियाल्ने र उचित मार्गदर्शन गर्नुहुन्थ्यो ।

बुबाको आग्रहमा उहाँको **'बादल हो'** भन्ने गीत मैले मेरै स्वरमा पुनःरेकर्ड गराएपछि उहाँ हर्षविभोर हुँदै गीत संगीतमा धेरै शक्ति हुन्छ, अझै अगाडि बढ्नू भनेर आशीर्वाद दिनुभएको थियो ।

बुबा र म भावनात्मक रूपमा निकै निकट थियौं । उहाँले हर्ष र आपात्‌विपद्‌को घडीमा मलाई सधै सम्झिनुहुन्थ्यो । राति मदिरासेवन गरेर घर फर्किदा बाटोमा लड्नुभयो भने जति टाढाबाट पनि मलाई बोलाउनुहुन्थ्यो । सघन उपचार कक्षमा जीवनको लागि संघर्ष गरिरहँदा पनि बुबाले मलाई र गौरवलाई बोलाउनुहुन्थ्यो रे । यस्तो अवस्थामा म बुबासँग हुन नपाउँदा आफूलाई धेरै विवश महसुस गर्थें ।

बुबाको स्वर्गवास हुनुभन्दा केही महिनाअगाडि म उहाँलाई भेट्न नेपाल गएकी थिएँ । बुबालाई नाजुक अवस्थामा देख्दा म भावशून्य भएँ । तर रोगलाई जित्न सक्ने उहाँको अदम्य आत्मबल देखेर आफूलाई बलियो बनाएँ । उहाँले जस्तो सुकै परिस्थितिमाथि पनि विजय प्राप्त गर्न सकिन्छ भन्ने सन्देश दिन खोज्नु भएको थियो । सायद बुबाको त्यस्तो अवस्थामा पनि आमालगायत दाइ भाउजूहरूको निरन्तर समर्पण र सेवाभाव देख्दा कालले हाई गरेजस्तो लाग्यो । बुबाको स्वास्थ्य अवस्थामा छिट्टै सुधार आउला भन्ने आशा लागेर आउँथ्यो ।

विधिको विधान र परिस्थितिको अगाडि हाम्रो केही जोड चलेन । असमयमा नै बुबाको भौतिक शरीरले हाम्रो साथ छोड्यो । तर बुबाका सिर्जना, सम्बन्ध र स्मृति हामीसँग सधै रहिरहने छन् । उहाँको व्यक्तित्व, शैली र स्वभाव मेरो दाइभाइ र बाहिनीमा प्रतिविम्बित भइरहेको छ । उहाँले बनाएका सम्बन्धहरू जीवित रहिरहने नै छन् । उहाँको माया, ममता र आत्मीयता आमाको हृदयबाट अविछिन्न प्रवाहित भइरहनेछ ।

ooo


**क्षयरोग (टी.बी.) जो कसैलाई पनि लाग्न सक्छ ।**

**नियमित उपचार गरे क्षयरोग (टी.बी.) पूर्ण रूपमा निको हुन्छ ।**

**नेपाल क्षयरोग निवारण संस्था**

**जिल्ला शाखा, गुल्मी, तम्घास**

# बुबाविनाको घर

✍ **दयालक्ष्मी कुँवर**
**सानी छोरी**
**रे.न.पा.-२, गुल्मी**

यो सानो घर यो सानो आँगन स्वर्ग झैँ सुन्दर ।
लाग्दछ यस्तो शून्य छ आज नपाउँदा हजुर ।।

साथीभाइ सँगै ठट्यौली गर्दै बसेको आँगन ।
रित्तो छ आजकाल छैनन् नि कोही भएछ सुनसान ।।

भैदिन्छ साँचो कि जस्तो लाग्छ कल्पना मनको ।
निराश हुन्छु आउँछ फेरि पुरानो झझल्को ।।

गुन्जन छाड्यो रेडियो पनि त्यो सानो कोठामा ।
त्यो मीठो बोली आउँछ कि कतै हजुरको ओंठमा ।।

हजुरको इच्छा देखेर कति बाँचने रहर ।
लाग्थेन कहिल्यै जानुहुन्छ भनी छाडेर संसार ।।

मलिन देख्छु आमाको मुहार हजुरविनाको ।
आउँदो हो याद हजुर सँगै काटेका दिनको ।।

आउँदैन लाग्छ हजुरविना न कुनै चाडपर्व ।
काँ पाउँला अब हजुरका आशीष त्यो न्यानो संसर्ग ।।

यस्तो यो दिन कहिल्यै आउला भन्ने नै थिएन
हजुरको त्यो अन्तिम क्षणमा भेट्न नि पाइएन ।।

रहेनन् यहाँ हजुरका सपना क्यै पनि अधुरा ।
गर्वथ्यो आफ्ना सन्तानमाथि गर्नेछौं सब पूरा ।।

गर्वले छाती फुल्दछ हुँदा हजुरको सन्तान ।
सौभाग्यशाली बन्नका लागि शुभाशीष पाऊँ न ।।

ooo

# दाजु भेषबहादुर कुँवरप्रति श्रद्धासुमन !

✍ **शारदा पन्थी खनाल**
**रे.न.पा.-१, गुल्मी**

कला र गला यहीं छ भौतिक शरीर कहाँ गयो ?
हे दाजै हजुर नहुँदा यो ठाउँ शून्य नै भैरह्यो ॥
संसार छोडी जानुभो हामीलाई यहाँ रूवाई ।
वैकुण्ठ पुरी बासमा दैवको साथमा सुहाई ॥

खेलेका पाखा पखेरा देखिन्छन् आज अँधेरा ।
रेसुँगा हेरी अर्जुन टोलाउँछन् पानी पँधेरा ॥
स्वरमा-स्वर मिलाउने कोइली चरी रूँदैछन् ।
वसन्त आयो फूलका कोपिला दुःखी हुँदैछन् ॥

मनमा देश दुखेको शब्दमा संदेश कोरेर ।
सिर्जना बिऊ रोपेर साहित्यसुधा छरेर ॥
कला र कृति मर्दैन यो लोकमा रहिरहन्छ ।
आत्मा हो उडी गएको तस्वीर हाँसिरहन्छ ॥

अरूको मनमा नदुख्ने स्वार्थको लागि नचुक्ने ।
ठट्यौलो बोली मिजास स्वाभिमान थियो नझुक्ने ॥
हजुरको अर्ती उपदेश सक्दिनँ मैले बिर्सन ।
दिनु त मैले के छ र सम्झनाभित्र आँसु छ ॥

हिडन कान्छी बारीमा जाऊँ कुतलीकोसा खानलाई ।
नाइ-नाइ मेरो मन छैन कुतलीकोसा खानलाई, तिमीसित जानलाई॥
भनेर गीत गाएको महेन्द्र मा. वि. स्कूल ।
पचासौं वर्ष भए होला सम्झना आउँछ झल्झल ॥

आत्माले शान्ति पाइरहोस् यही छ मेरो कामना ।
फूलको माला चढाई हार्दिक श्रद्धासुमन ॥

ooo

# गुरुसँग जोडिएका यादहरू

✍ **निर्मला श्रेष्ठ**
**रे.न.पा.-१, गुल्मी**

केही वर्ष यता मेरो बसाइ काठमाडौं सरेको थियो । म आफ्नै कार्यव्यस्ततामा तल्लीन थिएँ । अरूको खबर त्यति लिनदिन असमर्थ थिएँ । केही कारणले र आफैभित्रका गुम्साहटले गर्दा ।

यस्तैमा मेरी बहिनी सरिताले त्यहाँ बस्दा सरलाई भेट्न गए हुन्थ्यो नि भनेर फोन गरिन् । को सर के भएको छ र भनेर मैले एकै सासमा बोलें । अनि बहिनीले भनिन् - भेषबहादुर सर कस्तो बिरामी हुनुहुन्छ । अनि मैले मोबाइल नम्बर र ठेगाना मागें तर मैले उनीसँगबाट प्राप्त गर्न सकिनँ र मैले लक्ष्मी बस्नेत बहिनीबाट हाम्रो आदरणीय म्याडमको नम्बर पाएँ र फोन गरें । अनि सन्चो-बिसन्चोको कुरा भयो, हाम्रा बच्चाहरूको र बसाइँ सरेको कुरा भयो अनि भेट्न आउँछु भन्दा डाएलाइसिस चलिराखेको छ, म घर बसेको बेला बोलाउँछु भन्नुभयो, मैले हुन्छ भनें ।

यस्तैमा म पनि दाङ आउने-जाने हुन्थ्यो, समय पनि अलि गैसकेको थियो । म्याडमको फोनको पर्खाइमा बसें । सायद उहाँ पनि बिरामी हेर्दा र भेट्न आउनेहरूसँग कुरा गर्दा मेरो फोन बिर्सिनुभो होला । अलि केही समयपछि फेसबूकमा श्रद्धाञ्जलिको फोटोसहित पोस्ट पढ्दा हो या होइन भनेर मैले निधो गर्न बहिनीलाई फोन गरें । बहिनीबाट हो भन्ने जबाफ आएपछि एकछिन स्तब्ध भएँ । जीवन मरण निश्चित छ । कति चोट सहिसकेको यो हृदयलाई फेरि बाल्यकालदेखि आँखा देखाउने सद्गुरूको देहावसानले फेरि एकपटक मुटु चिर्न बाध्य बनायो ।

बाल्यकालको स्मरण गर्दा मेरो आदरणीय गुरुको ढाकाटोपी शिरमा, गहुँगोरो वर्णको, ठिक्कको हाइट, सरल मिजासिलो स्वभाव, मलाई अझै पनि झलमल मेरो अगाडि 'नेपालकी छोरी हुँ म' भन्ने गीत गाएर नचाएको याद ताजा छ । मैले उहाँको अनुहार दर्शन गर्न नपाएको शायद ३५, ३६ वर्ष भए पनि मलाई त्यो पढाएको, रिसाएको, पिटेको सबै कुरा याद छ ।

एक पटकको कुरा हो शायद यस्तै ३-४ कति कक्षा हो थाहा भएन हामीलाई ट्युशन पढाउन सर घरमै आउनुहुन्थ्यो र हामीसँग अरू २, ४ जना पनि थिए नाम याद छैन । हामीलाई पढाउँदा पढाउँदै खोइ के जानेनौ ? जाओ गएर फर्सीको पात ल्याओ भन्नुभयो । म र बहिनी सरिता खुशी हुँदै ठूला ठूला पात छानेर लग्यौं, सुमित्राले सानो पात लगी । सर हामीसँग साह्रै रिसाएर ल

तिमीहरू पशु हौ । यही घाँस खाऊ भनेर हामीलाई भन्नुभयो । हामी डरले कुचुकुचु गरेको याद छ । निल्न के गरें भुलें । तर जे होस् त्यति नगरेको भए हामी बाटो बिराएर एकातिर लाग्थ्यौं कि के हुन्थ्यो भन्न सकिंदैन ।

उहाँ धेरै राम्रो गुरु हुनुहुन्थ्यो, अक्षर राम्रो नभएमा पनि हामीलाई मुर्गा बनाउन पछि पर्नुहुन्थेन । गीत, कविता, लेखेर उहाँ कवि पनि कहलाउनुभएको थियो । उहाँको पढाउने शैली धेरै राम्रो थियो जसको फलस्वरूप आज हामी जहाँ पनि अडिन टिक्न सकेका छौं ।

हाम्रो सम्बन्ध एउटा शिक्षक र विद्यार्थीको मात्र नभएर पारिवारिक सम्बन्ध थियो । म सरको घर ट्युशन पढ्न जाँदा फ्रकको गोजाभरि भुटेका मकै भरेर जान्थें । खाँदैखाँदै जाँदा बाटो काट्न सजिलो हुन्थ्यो । अनि सरका घरमा आफ्ना सानासाना बाबुहरू थिए । अहिले सबै आफ्नो घरपरिवारसँग रहेछन् । म धेरै भो त्यहाँ नगएको । कसैलाई नचिने पनि मेरा सबै माइती हुनुहुन्छ । मलाई माया लाग्छ ।

जन्मपछि मृत्यु अवश्य निश्चित छ तर यो आफूमाथि आइपर्दा धेरै गाह्रो हुँदोरहेछ । तर यो प्रकृतिको, दैवको नियमलाई टारेर टर्दैन । त्यसैले त्यसलाई खुशीसाथ स्वीकारौं र बाँकी हाम्रो जीवन पनि हाँसी हाँसी बाँचौं । यही मेरो शुभकामना ।

ooo


## हार्दिक अनुरोध

- ❑ फोहर सकेसम्म कम उत्पादन गर्न र जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं ।
- ❑ जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, सम्बन्ध विच्छेद एवम् बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- ❑ घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- ❑ सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ/छैन, प्रत्येक वर्षको साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।
- ❑ सवारीसाधन जथाभावी रूपमा पार्किङ्ग नगरौं ।
- ❑ आफ्नो टोललाई हप्ताको एक दिन नियमित रूपमा सफा गर्ने गरौं ।
- ❑ आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं ।
- ❑ नगरपालिकामा तोकिएको कर शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।
- ❑ रूख रोपौं, वातावरण संरक्षण गरौं, हरियाली बढाऔं, स्वच्छ वातावरण बनाऔं ।
- ❑ खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।

**रेसुङ्गा नगरपालिका, गुल्मी**

# GRANDCHILDREN'S MEMORIES OF 'BUWA'

✍ **Gaurav Bikram Kunwar**

I'm very proud to be named by Buwa. It makes me feel like I'm his pride, his Gaurav. So, I hope that I'm able to make him proud of me in my life through not the things I say, but the things that I do. My fondest memories of him are when he'd sing 'Hara Hara Ganga' and then I called him 'Aye budo' and then he started yelling at me and calling me 'Thukkapaaji'. And that memory just always makes me so happy because even when he was yelling at me, I was always able to still feel his love in his words. I remember being mischievous by sneaking into his room, exploring, and then taking out all capsule medicines, playing with his sharp Gillette blades, and eventually cutting myself with it. For little moments, I really admired how he knew to take care of himself, his respect for nature and scenery by going on walks every day, and his curtness where he would be straight to the point. You always knew that what you were getting was the full authentic him, and not a version where he was just trying to please you. I loved playing carrom board with him, his returns were astonishing and deadly accurate. I always respected his love for his country and how proud he was of wearing his Dhaka topi. Weather it was in the house, restaurant or anywhere in America, he was never seen without it. Never in his head was he like 'oh no what will these foreigners think of it? Will people make fun of me for it?' Instead, he was always proud of his actions, and to me that confidence in oneself is extremely respectable. Lastly, my most recent memorable event with him was the day that I got into Georgia tech. It was calling him and hearing him hold back his tears and telling me 'shabbash' that made me feel so happy that I was doing anything to live up to my name of Gaurav and being his pride. And although, I want to live my life like him, not caring about 'what others will think' and being confident in who I am and backing up the choices I make, I am going to make sure that I make Buwa proud of me as his grandson, not through any words I might preach or anything I might tell people 'I'm going to do it one day in the future', but through actual actions.

## ✍ Pratistha Kunwar :

Buwa is an unforgettable person to me. There are many factors that cause him to be so unforgettable. I have many great memories with him; he had his special and unique style, and he was very creative. The main reason why Buwa was unique was because of his approach to life, he was always calm and took his time. He reminded me of a tranquil ocean. He was a peaceful man.

The earliest memory that I remember is with him. He carried me to a cow shed in our home in Dhagithum. He took me toward the calf and made this strange but soothing sound that I will never forget. I was afraid of the calf at first, but after he made the sound I calmed down. My parents have a picture of that moment and every time I see it, I can remember the sound he made, how he looked, and how quickly I calmed down after being scared. I remember whenever Aama gave Buwa his insulin shot I would count out loud how many times he would grunt because of the pain, and sometimes he would purposely grunt many times. We would laugh about it after it was over.

Buwa had his own, unique style. He always wore a collared shirt, formal pants, a 'Dhaka topi', sometimes a knitted vest when it was cold, and sandals. He never changed his style, especially his 'Dhaka topi'. It did not matter where he was, he always wore it. Buwa was also very creative. He would easily come up with poems about random things. When he came to America and we were living in a neighborhood called Alumni Village he made up a few lines of a poem. I remember the chorus he sang, 'Alumni gaun, Alumni gaun; swargajastothaun, swargajastothaun.' I can still remember his beautiful voice singing it. We were on our walk and he told me that he made a poem and I asked if I could hear it, I am so glad I asked to hear it. He would also make a special birthday speech on my every birthday instead of just saying 'happy birthday'.

Buwa taught me a special lesson one day. At the time it did not affect me greatly but now it does. One day we were walking and me and Aama were far ahead of him. I asked why he walked so slowly, and he said, 'If I take little steps, I will be less tired when I reach my destination.' Now I have realized that this does not just apply to

walking, it applies to goals too. You should take big steps, but you should not overwhelm yourself so take small steps to reach your goal, that way you will not be tired. I wish Buwa was here to see the goals I hope to reach in the future, he will always be watching us and when I reach those goals, he will be proud of me from heaven. I love and miss you a lot Buwa, you are truly unforgettable.

## ✍ Nishant Bikram Kunwar

I feel very proud and honored that I am a grandson of such an amazing person like Buwa. Buwa is someone I will forever cherish and look up to as a role model. I have always strived to try to be the type of person that Buwa was. He was a very kind, very talented, and caring person that was loved by many. As I remember Buwa, I recall all of the joyful and great moments I was able to share with him and also all the times he would cheer me up as we both smiled. Buwa had a gleaming smile and would embrace many with kindness and love (including me) and I hope as he watches me as a star, I will always be able to make him proud of what I have done and will do in the future. When I had heard that he had joined god I was very distraught, but I knew he would always still be there for me and everyone else, looking over us.

I'm so lucky to have been able to share so many fond memories with Buwa. One of my favorites is the time he and Aama had visited us in Florida when I was very young. Buwa and I would always go on joyful walks and ride a very particular swing, that I miss a lot since it is very special to me. We had decided to nickname the swing the 'Ramjhula' and many times we would go there to laugh and smile, this would create many everlasting and happy memories with Buwa, that I love to think back on. Buwa always knew what to do in order to make me smile and laugh. I shared many other instances like this with him, like the time I had dressed very similar to Buwa for a photo that I will always love and remember in my heart. In the photo Buwa and I had each worn a Dhaka topi along with a pair of glasses and also wore a big bright smile. Whenever I look at the photo again, I always smile and feel very happy and lucky.

Buwa has left an ever-lasting impression on me which always makes me want to be kind to others and care for them for as long as I will live. I will forever miss Buwa, but I know that he is in a much better place where he is very happy. Also, I will never forget Buwa for as long as I live, and I will always cherish every single second I was able to spend with him as I am so lucky to have the chance to have done that.

## ✍ AabhaKhusi Kunwar

Buwa had a very big, golden heart and he still does. He was a very caring and loving person. Buwa was the happiest person alive. He always had the brightest smile and eyes. He would always wear a knitted vest and a Topi. He was like my best friend; I would never let go of him. He might have passed away, but he still lives in my heart.

One of my best memories with Buwa was seeing him when I came back from school. He gave me the best hug I have ever had. I know that he will always look after me when I am troubled. He would always cheer me up when I was sad. Nobody will ever make me forget him even if they make me lose my memory. I will never forget him even in the afterlife.

When I heard that the God gained this saint, my heart shattered to millions of pieces. But I knew he was still with me. Buwa was always happy, I never saw him being sad. He was always determined, loyal, and fair. The number one thing he loved to do most was to help others. Buwa was a voice that everyone listened to. He had the most encouraging words and the best hugs.

One evening, I was playing on the trampoline in our backyard and a question popped into my head. I got off the trampoline and went to Baba to ask him the question, 'Baba, where is Buwa now?' Baba pointed to the brightest star in the night sky and said, 'That is Buwa there, because he was the brightest human in Earth.' From that day on, I would always go outside in the evening, look up at the brightest star in the sky and wonder about my hero, Buwa. I love and miss him so much, but I am glad that I can see him every night.

ooo

# मभित्र जीवित भेषबहादुर कुँवर 'प्रयासी'

✍ **सबिन बस्नेत**
**रे.न.पा.-२, गुल्मी**

खै मान्छेको जीवन के हो र कतिसम्म पर जान्छ भन्नै नसकिने । आज छ भोलि छैन । कसैले हाँस्दा-हाँस्दै र कोही बोल्दाबोल्दै संसारबाट अस्त हुनुपरेको छ । तर बाचुन्जेलको एउटा हुटहुटीले कुदाइरहेको यात्री मान्छे नै रैछ कि भन्ने आभासको ज्वलन्त उदाहरण भेषबहादुर कुँवर सर नै हो कि जस्तो लाग्दैछ ।

सन्तोषी सदा सुखी भने झैं भेषबहादुर सरले जीवनलाइ सधै फूल झैं मुस्कुराउन सिकाउनुभयो भन्ने मेरो ठहर छ । किनकि जीवन भएर मुस्कुराउनु र नभएर मुस्कुराउन सक्नुभित्र नै अमरत्व लुकेको कल्पना गर्न सकिन्छ । सात जना छोराछोरीका धनी उहाँ सधै सडकमा भेटिनुहुन्थ्यो । शिरमा ढलक्क ढल्केको ढाका टोपी, चट्ट मिलेको शरीरको कपडा, आंखामा अलि बढी पावरको हल्का कालो चश्मा र हातमा डायरी लिएर सधै मन्द चालमा अघि बढिरहेको भेटिनु हुन्थ्यो । उहाँलाई भेट्दा यस्तो लाग्थ्यो उहाँमा बिल्कुलै पारिवारिक मोह नै छैन । अझै भनौं निस्फिक्री, बेपरबाह कुनै चिन्ता वा कुण्ठा बोके जस्तो बिल्कुलै लाग्दैनथ्यो । उहाँको एउटै दैनिकी तर उत्साहप्रद सधै उस्तै । मनमा असन्तोष भए पनि बाहिर कति पनि देखिन नदिने कुशल कालिगढी कला । उहाँको हिडाइ बारे धेरैपछि आएर एक दिन सोधेको थिएँ - सर तपाईंको हिडाइको चाल त कसैले पनि थाहा पाउदैनन् नि ? उहँको प्रतिउत्तर हुन्थ्यो - हो नि । मैले बाटोको सूक्ष्म किरा मर्न सक्छन् भनेर नै हल्का टेकेको नि बाबू । मन्द हाँसो । उहाँलाई बोली पिच्छे रमाइलो ठट्टा गरिरहनुपर्थ्यो ।

सानोमा स्कुल पढ्दै गर्दा सुनेको कवि लक्ष्मीप्रसाद देवकोटाले आफ्नो सरकारी जागिरबाट आएको मासिक तलव गरिब मान्छे र केटाकेटीलाई मिठाइँ बाँडेर सक्थे अरे । यो सुन्दा अनौठो र अपत्यारिलो लाग्थ्यो । "खोज्छन् सबै सुख भनी सुख कहाँ छ ? आफू मिटाई अरूलाई दिनु जहाँ छ ।" कवि देवकोटाले आफ्नो कविताभित्र आफैलाई खोजेजस्तो उनको जीवन कहानी पढ्दा लाग्थ्यो । हो त्यस्तै स्वच्छन्दतावादी जीवनको केही अंश भेषबहादुर सरमा निर्वाध रूपमा केलाउन सकिन्थ्यो । मधुर बोली, सानाबाबूको संबोधन, घरैपिच्छे अडिएर केही संवाद गर्ने बानी, बिहान र बेलुकाको दुई चक्र घुमाइ, जागिरपछिको दैनिकी जस्तो लाग्थ्यो । बाटामा केटाकेटी भेटिए ठट्टा गर्ने र केही दिने बानी असाध्य मन पर्थ्यो । आजकल ठुला मान्छे भनिनेहरू समाजका सबै उमेरका मानिसहरूसँग जोडिन खोजेको देखिदैन । नबोलेर नै भद्र भइने जस्तो गर्छन् ।

अनि भाते गोष्ठीमा उनीहरू नै पुस्ताअन्तर र संस्कृति लोभको कुरा गरेर थाक्दैनन् । बास्तवमा पछिल्लो पुस्तालाई आफूसँगै हिडाएन भने, अनुभव सुनाएन भने उनीहरूले आदरसम्मान गरेनन् वा संस्कृति र मूल्य मान्यता भुले भनेर गुनासो गर्नुको कुनै तुक छैन ।

भेषबहादुर कुँवर आफैमा एउटा स्वच्छन्दतावादी प्रकृतिप्रेमी कवि भएकाले पनि होला समाजमा कायम भएको पुरानो संरचनालाई कवितामा जस्तै भत्काएर मौलिकता सिर्जना गर्न खोज्ने व्यक्तिको रूपमा मैले पाएको थिएँ । उहाँ ठुलाबडा भनिनेको चालढालसँग त्यति सहमत नभएको कुरा कविताबाट मात्रै होइन जीवनशैलीबाट पनि बुझ्न सकिन्थ्यो । कविताका पात्र कान्छी, माइली, ठूला र तल्लारे कान्छा जस्तासँग नै बढी संगत गर्न रुचाउने उहाँ समाजको छिनाझपटी र दाउपेचबाट थाकेर पर बसेर नियालिरहेको अन्वेषण कर्ता जस्तो केही चीजको खोजीमा हिडेको भान हुन्थ्यो । प्रकृतिका पात्रमार्फत ढोंगीप्रति झटारो हान्ने उहाँमा पुराना लोकलयको अमिट छाप पाउन सकिन्थ्यो । उहाँले गाएको धर्मराज थापाको गीत **'हो हो माले हो'** र **'हे कान्छी ठट्टैमा'** भर्खरै गाएको जस्तो लाग्छ । उहाँको जादूमय स्वर अहिले उहाँको सन्तानमा पनि पाउन सकिन्छ । उहाँलाई समग्रमा हेर्दा मोफसलमा रहेकै कारण ठगिएको एउटा टिठ लाग्दो पात्रको रूपमा बुझ्न त्यति गाह्रो हुँदैनथ्यो । रेडियो नेपालको बारम्बार ढोका ढकढक्याउन नसक्ने उहांको हक्की स्वभावले नै प्रतिभाको खानी भएर पनि ओझेलिनु पर्दा मनमा गहिरो चोट बोकेर हिडेको हो कि भन्ने मेरो अडकलबाजी रहेको थियो । तर बास्तविकता कहिले उहाँबाट सुन्ने मौका जुरेन ।

कवि हरिभक्त कटुवाल झैं मौनतामा हराएर नै अन्तिम श्वाससम्म बस्ने विकल्पबाहेक अरू उहाँसग सायद थिएन । नेपाली संस्कृति नै भनौं हातको कौडी बजार बजार दौडी भने झैं बाचुन्जेल मान्छेको सही मूल्याङ्कन गर्न नसकेकै कारण उहाँ जस्ता अमूल्य कलाकार हामी बीच त्यसै गुमनाम बन्नुपर्ने स्थिति छ । बजारमा नक्कली कलाकार र कविले कब्जा जमाइरहेको अवस्था छ । कवि भेषबहादुर कुँवर प्रयासी जीवनका सबै रंग बाँचेर पनि जिन्दगीको सही अर्थ खोज्दा खोज्दै फराकिलो क्षितिज भेट्टाउन नसकेका अभागी पात्र हुन् भन्दा फरक पर्दैन । मभित्र अन्तस्करणमा जीवितै रहेका एक शिक्षक र कविप्रति हार्दिक श्रद्धा सुमन छ ।

ooo

पुस्तक, पत्र-पत्रिका किनेर पढ्ने बानी बसालौं ।

पुस्तकालय परिचय

# बडिखेलमा दुई करोडको सामुदायिक पुस्तकालय

ललितपुर जिल्लाको गोदावरी नगरपालिका वडा नं. ४ बडिखेलमा जिल्लाकै नमूना पुस्तकालय बन्दै छ । गोदावरी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रका अध्यक्ष र रिड नेपालका अध्यक्षले यससम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरी शान्ति भोलन्टियर एसोसियशन नेपालको मुख्य आर्थिक सहयोगमा बन्न लागेको सामुदायिक पुस्तकालयमा स्थानीय तह र स्थानीय बासिन्दाबाट समेत आर्थिक सहयोग जुटाइनेछ ।




'अब बन्ने पुस्तकालय भवन गोदावरी नगरपालिकाको गौरव हुनेछ । यो यहाँका युवा तथा समुदायको भाग्य हो, 'पुस्तकालयका बारेमा बोल्दै नगरपालिकाका प्रमुख गजेन्द्र महर्जनले भन्नुभयो – 'पुस्तकालय निर्माणका लागि चाहिने जग्गा नगरपालिकाले उपलब्ध गराइसकेको छ र भवन बनाउन तथा पुस्तकालय संचालनका लागि चाहिने थप आर्थिक स्रोत जुटाउन पनि नगरपालिका तयार छ ।' भूकम्पले ध्वस्त पारेको ललितपुरको बडिखेलमा सामुदायिक पुस्तकालय

स्थापना भई सञ्चालनमा रहेको छ । तर भवनको अभावमा पुस्तकालयले आफ्ना कार्यक्रमहरू संचालन गर्न अप्ठ्यारो भएकाले रिड नेपालको समन्वय र प्राविधिक सहयोगमा २ करोड रूपैयाँको लागतमा पुस्तकालय भवन बन्न लागेको हो ।

काम सुरू भएको १० महिनामा सम्पन्न हुने पुस्तकालय भवनमा पुस्तकालय कक्ष, बालकक्ष, महिला कक्ष, सूचनासञ्चार तथा प्रविधि कक्ष, श्रव्यदृश्य कक्ष, विपद् जोखिम न्यूनीकरण कक्ष र सभाहल हुनेछन् । शान्ति भोलन्टियर एसोसियशनको सहयोगमा बन्न लागेका ४ वटा सामुदायिक पुस्तकालयमध्ये यो पहिलो पुस्तकालय हो ।

रिड नेपालले बितेका २८ वर्षमा ४२ वटा जिल्लाका ६८ स्थानमा पुस्तकालय बनाइसकेको छ । सामुदायिक पुस्तकालयको विशेषता भनेकै समुदायको विशेष सहयोगमा पारदर्शी हुने र तोकेको समयमा काम सम्पन्न गर्ने हो । सबैको सशक्त प्रयासले भवन निर्माण सम्पन्न गरी समयमा नै नयाँ भवनबाट पुस्तकालय सञ्चालन गर्न हामी सफल हुनेछौं', रिड नेपालका अध्यक्ष भोला कुमार श्रेष्ठले भन्नुभयो ।

स्थानीय समुदाय, नगरपालिकाका प्रमुख र वडा नम्बर ४ का अध्यक्षसमेतको उपस्थितिमा भएको कार्यक्रममा शान्ति भोलन्टियर एसोसियशन नेपालका राष्ट्रिय निर्देशक ताकाले रिड नेपालको पुस्तकालयमार्फत स्थानीय समुदायमा काम गर्ने मोडल निकै प्रभावकारी भएको बताउनुभयो । ताकाले अगाडि थप्नुभयो, 'जसरी बालबालिकाको शारीरिक विकासका लागि पोषणको जरूरी हुन्छ त्यसरी नै मानव समुदायको विकासका लागि ज्ञानको आवश्यकता हुन्छ र यस्तो ज्ञान बाँड्ने उपयुक्त थलो भनेको सामुदायिक पुस्तकालय नै हो ।'

ग्रामीण शिक्षा तथा विकास, रिड नेपालको सहयोगमा बनेका सबै पुस्तकालयमा न्यूनतम खर्च धान्नका लागि केही न केही आम्दानीको स्रोत पहिचान गरिएको हुन्छ । बडिखेलमा समेत पुस्तकालय भवनको अगाडिपट्टि ५ वटा सटर बनाउने र यसबाट आएको आम्दानीले पुस्तकालयको न्यूनतम खर्च चलाउने व्यवस्था गरिएको छ ।

'नयाँ भवन बनेपछि बडिखेल सामुदायिक पुस्तकालयले समुदायको आर्थिक, सामाजिक तथा शैक्षिक विकासमा ठूलो सहयोग पुऱ्याउनेछ ।' सामुदायिक पुस्तकालयका अध्यक्ष वशिष्ठ अधिकारीको विश्वास छ ।

रिड नेपालको सहयोगमा 'नेपालीले सक्छौं अभियानअन्तरगत' नेपालभित्रैबाट संकलन भएको पैसाले भने अहिलेसम्म दुईवटा पुस्तकालय भवन बनेका छन् ।

**– भारद्वाज**

ooo

# कवि प्रयासीको स्मृतिमा

२०७६ सालमा किरण पुस्तकालयले पुस्तकालय व्यवस्थापन समितिका दुई जना पूर्वपदाधिकारी र सदस्यहरू गुमाउनुपर्दा पुस्तकालयका दुईवटा बलिया खम्बाहरू ढलेको अनुभव ब्यहोर्नुपर्‍यो । पुस्तकालयका पूर्व कोषाध्यक्ष भेषबहादुर कुँवर र पूर्व सदस्य हरिप्रसाद गौतमको दुई महिनाको अन्तरमा एकै सालभित्र निधन भयो । वि.सं. १९९५/०८/१५ मा जुभुङ्मा जन्मेका हरिप्रसाद गौतमको २०७६/०४/१५ मा निधन भयो भने २००५/०५/१९ मा तम्घास धागिथुममा जन्मेका भेषबहादुर कुँवरको २०७६/०२/१७ मा निधन भयो । दुबै जनाको उपचारको क्रममा काठमाडौंमा निधन भएको थियो । दुबै जनाप्रति पुस्तकालयले भिन्दाभिन्दै शोक सभाको आयोजना गरी श्रद्धाञ्जलि व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गरेको थियो र १-१ दिन शोक प्रकट गर्न पुस्तकालय बन्द गरिएको थियो ।

स्वर्गीय हरिप्रसाद गौतमले पुस्तकालयको भवन निर्माणको क्रममा जुभुङ्देखि तम्घाससम्म भवन छाउने ढुङ्गा बोकाउन र निर्माण कार्य सम्पन्न गर्न विशेष योगदान दिनुभएको थियो । पञ्चायती शासनकालमा उहाँ गुल्मी जिल्ला पञ्चायतको उपसभापति भई कार्यवाहक सभापति भएर पनि काम गर्नुभएको थियो । उहाँ लामो समयसम्म किरण पुस्तकालय व्यवस्थापन समितिको सदस्य भएर पुऱ्याउनुभएको योगदानको लागि पुस्तकालयको स्वर्णजयन्तीका अवसरमा सम्मानित हुनुभएको थियो ।

स्वर्गीय भेषबहादुर कुँवर 'प्रयासी'ले पुस्तकालयको स्थापनाकाल २०२५ सालदेखि स्वर्णजयन्ती मनाउने वर्ष २०७५ सम्म पुस्तकालयको विकास र विस्तारमा निरन्तर योगदान पुऱ्याउनुभएकोले स्वर्णजयन्तीको अवसरमा उहाँलाई पनि सम्मान गरिएको थियो ।

२०२८ सालमा पहिलो पटक किरण पुस्तकालयको कोषाध्यक्षमा चयन भएका भेषबहादुर कुँवरले २०७२ सालसम्म पुस्तकालय सञ्चालक समितिको कोषाध्यक्ष भई कुशलतापूर्वक आफ्नो पदीय दायित्व पूरा गर्नुभएको थियो । स्वर्गीय भेषबहादुर कुँवरलाई २०३० सालमा प्रकाशन प्रारम्भ भएको 'हाम्रो पुरुषार्थ' को सहायक सम्पादकमा छनोट गरेपछि २०७५ सम्म उहाँले यो जिम्मेवारी निरन्तर प्राप्त गर्नुभएको थियो । लामो समयसम्म 'हाम्रो पुरुषार्थ' को सहायक सम्पादक भई निरन्तर पुऱ्याएको सहयोग र गुल्मी जिल्लाको साहित्यिक क्षेत्रमा दिएको योगदानको कदर गर्दै 'हाम्रो पुरुषार्थ' को सम्पूर्णाङ्क ८६ लाई 'कवि प्रयसी स्मृति अङ्क'को रूपमा प्रकाशन गर्ने योजना बनाइएको थियो । सोहीअनुरूप यस स्मृति अङ्कमार्फत स्वर्गीय कविप्रति पुस्तकालय हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछ ।

स्मृति-अङ्क प्रकशन गर्ने समयमा संसारभरि यस्तो रोगको महामारी फैलियो जसले विश्वका २१२ देश र २ वटा अन्तर्राष्ट्रिय पानी जहाजहरू संक्रमित हुन पुगे । यस संक्रमणबाट सारा विश्व त्रस्त भयो । सिङ्गो संसार बन्द भयो । विद्यालय, महाविद्यालय, विश्वविद्यालय, पुस्तकालय, कार्यालय, उद्योग, कलकारखाना, व्यापार-व्यवसाय सबै प्रकारका यातायात पूरै बन्द भए ।

चीनको वुहान शहरबाट शुरू भएको Covid-19 नाम दिइएको कोरोना भाइरसको संक्रमणबाट पूरै संसार हल्लिइरहेको बेला नेपाल अलग रहनसक्ने अवस्थै थिएन । नेपालमा पनि यस रोगका १-२ ठाउँमा लक्षण देख्नेबित्तिकै नेपाल सरकारले २०७६ साल चैत्र ११ गतेदेखि 'Lock Down'को घोषणा गर्‍यो । बन्दाबन्दीको समयमा पनि कोरोना भाइरसबाट पीडित मान्छेहरूको संख्या दिनप्रतिदिन बढ्दै गइरहेकोले बन्दाबन्दीको अवधि पटक पटक गरी नेपालमा २०७७ जेठ ५ गतेसम्मका लागि बढाइयो । त्यसले गर्दा 'हाम्रो पुरुषार्थ' को नियमित प्रकाशनमा असर पर्‍यो । पूर्व घोषित 'कवि प्रयासी स्मृति अङ्क'को प्रकाशनमा व्यवधान उत्पन्न भयो । सबै आ-आफ्नो घरमा थुनिएको अवस्थामा चाहे जस्तो काम गर्न सक्ने सम्भावना नै भएन । थुनिएर घरमा बस्दा पनि के के गर्न सकिन्छ भनेर हामीहरूले प्रयास गरिरह्यौं । इन्टरनेटको सुविधा प्रयोग गरेर हुन सक्नेसम्मको प्रयत्न गर्ने हामीले अठोट गर्‍यौं । हाम्रो अठोट पूरा गराउन कवि भेषबहादुर कुँवरका सुपुत्र रमेशजङ्ग कुँवरको सक्रिय सहयोग प्राप्त भयो । बन्दले गर्दा पत्रिका के निस्कन सक्ला र भन्ने सोंचमा रहेका व्यक्तिहरूलाई हामी फोनमार्फत झकझक्याउन थाल्यौं । तम्घासमा घरमै एकान्तवासमा बसेर प्रेसहरूसँग सम्पर्क गर्न थालियो । कवि प्रयासीलाई चिन्ने साथी, शिष्यहरूलाई आफ्ना संस्मरण लेखी पठाउन अनुरोध गरियो । टाइप गर्ने, प्रूफ पढ्ने, सच्याउने साथीहरूसँग सम्पर्क गरियो । चतुर्भुज पन्थी, विजय पन्थी, कृष्ण पन्थी, सरोजविक्रम कुँवर र अर्जुन मरासिनीको रातदिनको मिहिनेतबाट यो स्मृति-अङ्क प्रकाशनमा ल्याउन सहयोग पुगेको हो । उहाँहरूको सहयोगका लागि हामी हार्दिक आभार प्रकट गर्दछौं । यसमा लेख रचना दिई सहयोग गर्ने सम्पूर्ण लेखक र कविहरू तथा मुद्रण कार्यमा सघाउने सुशीला प्रिण्टर्स, तम्घास गुल्मीलाई हामी हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । २०७७ असारभित्र प्रकाशनमा ल्याउने 'हाम्रो पुरुषार्थ'को यो अङ्क विश्वाव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरसको सन्त्रासको माझमा पनि अनेकौं कठिनाइसित संघर्ष गर्दै र जुध्दै २०७७ जेठ ६ गते कवि प्रयासीको वार्षिक पुण्य तिथि ज्येष्ठ कृष्णद्वादशीका दिन प्रकाशनमा ल्याउन सकेकोमा हामीलाई खुशी लागेको छ ।

कवि प्रयासीलाई हामी अरू केही दिन सक्दैनौं । हाम्रा आफ्ना आत्मीय भावनाहरूलाई स्मृति र शब्द श्रद्धाञ्जलिको रूपमा 'हाम्रो पुरुषार्थ' को सम्पूर्णाङ्क ८६ समर्पण गरेका छौं ।

***– सचिव***

ooo

# नौलो सृष्टि : सानो दृष्टि

### १. श्री भागवत सार तथा भजन-संग्रह




गुल्मी सानो ग्वादीमा वि.सं. २००७ सालमा जन्मी ३५ वर्ष शिक्षा सेवा गरी नेपाल सरकारको उपसचिव पदबाट सेवानिवृत्त रामजीप्रसाद ज्ञवालीले श्री भागवतसार तथा भजन-संग्रह २०७६ असोज महिनामा प्रकाशित गर्नुभएको छ ।

पद्यात्मक रूप दिएर श्रीमद्भागवत महापुराणजस्तो गूढ गम्भीर ग्रन्थको सारसंक्षेप प्रस्तुत गर्नु फलामका च्यूरा चपाउनुजस्तै हो । यस्तो दुःसाध्य कार्यलाई अत्यन्त सरल र सहज ढङ्गबाट प्रस्तुत गर्नुहुने रामजी ज्ञवाली धन्यवादका पात्र हुनुहुन्छ । शुरूमा माहात्म्य र त्यसपछि प्रथम स्कन्धदेखि द्वादश स्कन्धसम्म क, ख को क्रमले 'ठ' स्कन्धसम्म बाँडेर हरेक अध्यायको सारांश पद्यात्मक ढाँचामा प्रस्तुत गरिएको छ । अठासी हजार श्लोकको उक्त बृहत्काय ग्रन्थ सिन्धुलाई विन्दुमा परिणत गरी अमरत्व प्राप्त हुने कार्य गर्नुभएको छ । संस्कृत भाषाका अल्पज्ञानी एवं उक्त भाषा नपढेका केवल साक्षर व्यक्तिहरूले समेत यस ग्रन्थबाट उचित लाभ लिन सक्नेछन् ।

सम्पादक गिरिजा शर्मा रहनुभएको यस ग्रन्थमा जम्माजम्मी २८० पृष्ठ रहेका छन् । प्रकाशनको जिम्मा उहाँकै धर्मपत्नी रमा ज्ञवालीले लिनुभएको छ । १२ स्कन्दको सार छुट्टाछुट्टै प्रस्तुत गरेर पाठकलाई सहज हुने गरी अत्यन्त सरल ढंगबाट प्रस्तुत ग्रन्थको पूर्ण रूप दिइएको छ । भागवत माहात्म्य खण्ड र हरेक स्कन्धलाई पद्यसारमा प्रस्तुत गर्दा ग्रन्थ अत्यन्त ओजिलो बनेको छ । उक्त बृहत्काय ग्रन्थलाई यसरी सारांशमा अत्यन्त परिश्रमका साथ प्रस्तुत गर्नाले संस्कृत भाषाभित्र लुकेको भागवत कथा सर्वसाधारणका लागि अध्ययन, मनन गर्न र पुराणले देखाएको बाटो पछ्याउनसमेत सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ ।

अन्तिमतिरका २५ पृष्ठमा भजनमाला प्रस्तुत गरिएको छ । ईश्वर भजन, भगवान्का अवतार, कृष्णजन्म, कृष्णलीलालगायतका प्रसङ्गहरूलाई भजनको रूपमा प्रस्तुत गरिएको छ । श्री महामुनि वेदव्यासद्वारा प्रणीत श्रीमद्भागवत महापुराणको सारानुवाद गरिएको प्रस्तुत ग्रन्थ सबैका निम्ति पठनीय ग्रन्थ हो ।

## २. रमणीय पवित्र रेसुङ्गा




वित्तीय संघ-संस्थाहरूमा दीर्घकालीन अनुभव प्राप्त गरेका कृष्णबहादुर कुँवर कृषि विकास बैंकको उपमहाप्रबन्धक पदबाट अवकाश प्राप्त व्यक्ति हुन् । उनले हालसम्म १० वटा कृतिहरू प्रकाशित गरेका छन् भने उनका ८ वटा कृतिहरू गरिबी, ग्रामीण विकास, वित्तीयपक्ष, कर्जा, सामुदायिक विकास संस्थानको कानूनी स्थिति आदिसँग सम्बद्ध छन् । ग्रामीण विकास विभाग कीर्तिपुरमा १३ वर्ष लामो अनुभव बटुलेका कुँवर रेसुङ्गा नगरपालिकाको वडा नं. ३ मा जन्मिएका व्यक्ति हुन् । जन्मभूमिको शिर पावनभूमि रेसुङ्गालाई आधार बनाएर 'रमणीय पवित्र रेसुङ्गा' नामक कृति वि.सं. २०७६ मा प्रकाशित भएको छ । यसको प्रकाशनको जिम्मा मानव कल्याण वृद्धाश्रम गुल्मी र वितरणको जिम्मा रेसुङ्गा संरक्षण समितिले लिएको छ ।

८७ पृष्टभित्र मुख्य विषयवस्तु रहेको यस कृतिमा एक पाना सादा र बाँकी चार रंगीन पानाहरूमा रुरुधामदेखि रेसुङ्गा सेरोफेरोका पवित्र मन्दिरहरूका चित्र संकलन गर्नुका साथै अर्जुन क्षेत्रका पुरातात्त्विक महत्त्वका वस्तुहरूका चित्रहरू समावेश छन् । मुख्य अंशमा परिचय, रेसुङ्गाको धार्मिक, वातावरणीय, ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक, आर्थिक र पर्यटकीय महत्त्वलाई समावेश गरिएको छ । प्रकोष्ठहरूअन्तर्गत वन सीमाना, सामुदायिक वनहरू, वन ऐन, हावापानी, डोजरे विकास, युवापुस्ताको आकर्षणको केन्द्र रेसुङ्गा पुण्यभूमिलाई स्मरण गर्दै प्रस्तुत कृतिलाई पूर्ण रूप दिइएको छ । धार्मिक महत्त्वअन्तर्गत पौराणिक ग्रन्थ र किम्बदन्तीहरूमा रेसुङ्गाक्षेत्रका बारेमा उल्लेख भएका विषय सन्दर्भहरू समावेश गरिएको छ । यसको पौराणिक महत्त्व र आनन्द प्राप्ति, अमृतको थोपा परेको रेसुङ्गा, बराह भगवान्को पसिना परेको सिद्धभूमि रेसुङ्गा, ऋष्यशृङ्गको आश्रम, सिङ भएका ऋषिको पर्वत, तपस्यारत सन्तहरू, पोखरी तथा मठ-मन्दिरहरू, अर्जुनक्षेत्र, रुरुक्षेत्रलगायतका मुख्य स्थानहरूको संक्षेपमा वर्णन गरिएको छ ।

रेसुङ्गाको वातावरणीय महत्त्व शीर्षकमा यस क्षेत्रमा पाइने जडीबुटी, वन्यजन्तु, वनस्पति, मुहान तथा खोल्सा-खोल्सीहरू आदिको संक्षेपमा वर्णन गर्नुका साथै सामुदायिक वन र रेसुङ्गाक्षेत्रले पर्यावरणीय सन्तुलन कायम राख्न पुर्‍याएको योगदानका बारेमा चर्चा गर्ने प्रयास गरिएको छ । ऐतिहासिक महत्त्वअन्तर्गत गुल्मी राज्य रेसुङ्गा गुठी र कोटिहोमको प्रसङ्ग उल्लेख गरिएको छ । त्यस्तै रेसुङ्गाको पुरातात्त्विक महत्त्वलाई दर्शाउने सन्दर्भमा संसारको उत्पति, मानव

सृष्टि र रेसुङ्गाको पुरातात्त्विक सन्दर्भ जोडिएको छ । मुख्य शीर्षकमा कम र अन्य सन्दर्भमा लेखकको कलम बढी दौड्न खोजेको छ । त्यस्तै सांस्कृतिक महत्त्व झल्काउने सन्दर्भमा पनि लेखकले नेपालका रैथाने आदिवासीको चर्चा गर्नुका साथै रेसुङ्गाको सांस्कृतिक पक्षका मूल सन्दर्भमा अलि कञ्जुस्याइँ देखाएका छन् । आर्थिक महत्त्वको सन्दर्भलाई विस्तार गर्दा रेसुङ्गाक्षेत्रकै पक्षलाई आधार मानेर यहाँका वन पैदावर, वनस्पति, जडीबुटी आदिको सहयोगलाई विस्तृत चर्चा गर्नुको साटो लेखकको कलम अन्तै दौडेको अनुभव हुन्छ । शीर्षक ७.२ मा उल्लिखित तम्घास जैविक पर्यटकीय नगरी शीर्षकलाई शीर्षक ८ भित्रका उपशीर्षकमा राख्न सकेको भए सुनमा सुगन्ध हुने थियो ।

स्रस्टाले अत्यन्त परिश्रमका साथ यस कृतिमा रमणीय रेसुङ्गालाई ऐतिहासिक, पौराणिक, सामाजिक, सांस्कृतिक, आर्थिक एवं पर्यटकीय महत्त्वका साथ उल्लेख गरेर रुरु-रेसुङ्गाक्षेत्रभित्रका पवित्र मन्दिर, धाम आदिलाई रंगीन (अधिकांश) चित्रहरूमा उतारेका छन् । यो प्रथम संस्करण हो । लेखकको प्रयास श्लाघनीय छ । आगामी संस्करणमा थप निखारसहित कृतिले पूर्णता प्राप्त गरोस् भन्ने कामना गरिन्छ ।




## ३. आँखामा अमेरिका मनमा नेपाल

न्याय सेवामा झण्डै चार दशक लमो समय बिताएका कृष्णप्रसाद बस्याल कविता-संग्रह, शोककाव्य, कानूनसम्बन्धी ग्रन्थका साथै यात्रास्मरणमा बढी कलम चलाउने व्यक्ति हुन् । उनको पछिल्लो यात्रासंस्मरण 'आँखामा अमेरिका : मनमा नेपाल' प्रकाशित भएको छ । विभिन्न ३० शीर्षकमा जम्माजम्मी १५२+१६=१५८ पृष्ठको प्रस्तुत ग्रन्थमा भिस्साको किस्सादेखि **'फर्केर आएँ घर'**सम्मका यात्रा वृत्तान्त उल्लेख गरिएको छ । हरेक प्रसङ्ग मिल्दा तस्वीरहरू पनि समावेश गरेर पाठकलाई अझ आकर्षित गर्ने प्रयास गरिएको छ । भिसा प्राप्त गरेपछि न्यूयोर्क सहरमा पुगी त्यहाँका कलात्मक र आश्चर्यजनक घटना विवरणलाई शब्दचित्रमा उतारिएको छ । लेखकले घुमेका विभिन्न पार्क, तालतलैया, चिडियाखाना, अरेगन र वासिङ्टन राज्यको घुमघाम, डालासको नेपाली समाज र त्यहाँको हिन्दू मन्दिर, सर्वोच्च अदालत, संयुक्त राष्ट्रसंघ भवन, एम्पाएर स्टेट बिल्डिङलगायतका स्थानहरूको अत्यन्त कलात्मक ढाँचामा वर्णन गरिएको छ । यस संस्मरणभित्र २९ वटा भिन्न शीर्षकहरू गद्यमा तयार पारिएको छ भने अन्तिम शीर्षकमा कविले पद्यात्मक ढाँचामा **'फर्केर आएँ घर'** शीर्षकमा अमेरिकी

परिवेश र नेपालको परिवेशसमेतको चर्चा गर्दै नेपाली राजनीति, यहाँको परिवेश आदिको बारेमा व्यङ्ग्यसमेत गरिएको छ । जेजसो भए पनि आफ्नो मातृभूमिको मायाले तानेको प्रसङ्ग लेखकले अत्यन्त आकर्षक शैलीमा व्यक्त गरेका छन् । त्यस्तै **'टेक्सास राज्यतर्फका केही पाइला'** शीर्षकमा **'नेपाली रेस्टुराँ र मलेखुका माछा'** उपशीर्षकमा लेखकले नेपालीपन भेटाएको अनुभव गरेका छन् । त्यस्तै इन्डिया बजारमा रहेको पूरै नेपाली पसलले आफू अमेरिकी भूमिमा हुँदा-हुँदै पनि नेपालीपनको अनुभव गरेको प्रसङ्ग उल्लेख गरिएको छ । आफूलाई छोरी ज्वाइँको मायाले तानेर विदेशी भूमिमा पुगे पनि ५२ दिनमै आफ्नै मातृभूमिमा फर्केको कलात्मक प्रसङ्ग यसरी व्यक्त गरिएको छ :-

**ओर्लें चट्ट विमानबाट सहसा देखें हिमाली छटा**
**लाग्यो स्वागतमा मलाई यिनले पर्खेर बस्छन् यता ।**
**दौडें घुम्न सुदूर किन्तु मनले मानेन क्यै सुन्दर**
**मेरै देश म निम्ति स्वर्ग छ भनी फर्केर आएँ घर ॥**

अन्तिमभन्दा अगाडिको लेख स्वदेश फर्कने क्रममा शीर्षकको अन्त्यमा आफू छिट्टै घर आउनुको कारणबारे लेखक पद्यात्मक रूपमा यसरी व्यक्त गर्दछन् :-

**नब्बे वर्ष उमेर वृद्ध जननी टोलाइ बस्छिन् जहाँ**
**खोज्छन् नेत्र डुलाइ पुत्र र वधू हेरेर बाटो जहाँ**
**पाएँथें अघि मञ्जुरी भ्रमणको दिन्थिन् खुशीले तर**
**के मान्थ्यो मनले तसर्थ म छिटै फर्केर आएँ घर ।**

यात्रा संस्मरणात्मक कृति र विभिन्न फुटकर लेखहरू लेख्दा खारिएका कविले आफूले भ्रमण गरेका महत्त्वपूर्ण स्थानहरूको अत्यन्त सजीव चित्र उतारेका छन् । लेखहरू पढ्दै जाँदा पाठकहरू आफूहरू स्वयं पनि सोही ठाउँमा पुगेको अनुभव गर्दछन् ।

प्रा. गोपीकृष्ण शर्माको भूमिकाबाट विषयवस्तु स्पष्ट हुन्छ । छोरी सन्ध्या र ज्वाइँ कृष्ण खनालले पनि प्रस्तुत संस्मरणका सन्दर्भमा अविस्मरणीय एवं अमूल्य उपहारका रूपमा आफ्ना भावहरू व्यक्त गर्नुभएको छ । लेखकले भावविभोर बन्दै कतिपय शीर्षकमा कविता रचना गर्नुले प्रस्तुत कृति चम्पू काव्यको निकट पुगेको अनुभव हुन्छ ।

### ४ निर्दोषीको आत्मकथा

रोशन थापा गुल्मी जिल्लामा जन्मिएर यसै क्षेत्रमा आफ्नो बाल्यकाल एवं किशोरावस्था पूरा गरेका व्यक्तित्व हुन् । उनी वि.सं. २०६५/०५/१२ गते कर्तव्य ज्यान मुद्दामा फसेर जेल जीवन बिताइरहेका छन् । उनले वि.सं. २०६५/०५/१२

गते कर्तव्य ज्यान मुद्दाको आरोप लागेर क्रमशः गुल्मी जिल्ला कारागार हुँदै देशका विभिन्न कारागारहरूमा कारावासको सजायँ बिताइरहेका छन् । घटनाका समयमा उनी र उनका दुबै दाजुभाइ धेरै टाढा अझ रोशन थापा त घटना घटेकै भनिने समयमा आफ्नो सवारीसाधनमा बिरामी लिएर हस्पिटलमा रहेको भन्ने प्रमाण दिंदा दिंदै पनि उनीमाथि हत्याको आरोप लगाइएको सन्दर्भ प्रस्तुत आत्मकथामा उल्लेख गरिएको छ ।




१०० पृष्ठको आकारमा तयार पारिएको प्रस्तुत आत्मकथामा विभिन्न शीर्षकहरू दिएर छोटा-छोटा अभिव्यक्तिहरू प्रस्तुत गरिएको छ । परिबन्दका कारण निर्दोष रहँदा रहँदै पनि एकै परिवारका दुई दाजुभाइले जेलको नारकीय जीवन बिताउनुपरेको दुःखको यथार्थ चित्र प्रस्तुत गर्नुका साथै भिसेरा र डि.एन.ए. परीक्षण गर्ने प्रमाण नष्ट भैसकेका र पोलिग्राफ टेस्ट गर्नका लागि बारम्बार अनुरोध गर्दा पनि परीक्षण नगरिदिएर जेलमै सडाउन खोज्ने षडयन्त्रकारीहरूलाई हार्दिक नमन गर्दै रोशनले उनीहरूको प्रगतिको कामनासमेत गरेका छन् ।

द्वन्द्वकालमा बाबुलाई अपहरण गरी लाससमेत गयब गरेको, परिवारका सदस्यहरूलाई पनि विभिन्न शारीरिक र मानसिक यातान दिने गरेका विविध सन्दर्भलाई यस आत्मकथाभित्र समेटिएको छ । ६८ वटा विभिन्न शीर्षकमा राखिएको प्रस्तुत आत्मकथामा आफ्नो वरपरका शहीदहरू, पारिवारिक जीवनकथा, केन्द्रीय कारागार, बाबुको हत्याका प्रसङ्ग, परिवारभित्रका सदस्यहरूको मृत्यु, हतकडी, जन्जिर र जेलले बितेका ११ वर्षका दुःखद क्षणलाई रोशनले प्रस्तुत गरेका छन् । एकातिर सत्यतथ्यको खोजी गरी न्याय दिलाउन अनुरोध गरिएको छ भने अर्कोतिर आफूजस्तै अरू कसैले पनि अन्यायमा पर्न नपरोस् भन्ने कामना गरिएको छ ।

प्रस्तुत आत्मकथाको उचित कृति सम्पादन र भाषिक सम्पादनका पक्षमा निखार ल्याउन बाँकी छ । वर्णविन्यास र अन्य पक्षका केही कसरमसर बाँकी छन् । आगामी दिनमा यी सबै पक्षमा निखार आओस् । रोशन र विष्णुले न्याय पाऊन् । यही कामना ।

**- अकिञ्चन**

ooo

# सुखद कुरा !

२०३१ सालको नववर्ष पार्ने गरी प्रकाशित मेरो 'बादल' (टुक्रा-टाक्री) पाइने सम्भावनाभन्दा टाढा थिएँ म । मेरा शुभचिन्तक दीन पन्थी भने पाइने कुराको नजिकबाट मलाई ढाडस दिनुहुन्थ्यो । कस्तो संजोग किरण पुस्तकालयको पुरानो र्‍याकबाट भेटियो 'बादल' मेरो पहिलो कविता-संग्रह त्यो पनि मेरा प्रिय भाइ पीताम्बर पन्थीले पढेर भ्याएपछि पुस्तक दर्ता नं. ११३ मा पुस्तक थप गर्दिनुभएको रहेछ अनि कति खुसी भएँ त्यो बाहिर छर्नै सक्दिनँ । मलाई मात्र थाहा राखेको छु । भाग्यको लहरमा भन्नुपर्छ मैले कि जुन हौसला साथीहरूबाट प्राप्त थ्यो बुटवलमा त्यो बेला तम्घासमा पनि पछिपछि त आयो तर संजोग भने कृष्णप्रसाद पाण्डे (श्रीकृष्ण अफसेट प्रेस)सँगको भेटले ल्यायो उस्तै उस्तै बुटवल क्याम्पसको सम्झना । उतिबेला मुफतमा छापेको थिएँ र पम्प्लेट झैं बाँडे र सकें तर अब यसको मूल्यमा टेकेर अगाडि बढ्ने प्रण गर्दै मेरो उल्लिखित संस्था र मेरा मित्रहरू दोस्रो संस्करण हैन यो । तर संग्रह जीवित राख्न योगदान दिने श्री किरण पुस्तकालय, दीन पन्थी, पीताम्बर पन्थी, कृष्ण पाण्डे र श्रीकृष्ण अफसेट प्रेस परिवारप्रति हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद !

**– भेषबहादुर कुँवर 'प्रयासी'**

तम्घास-३, धागीथुम, गुल्मी ।

***'बादल'*** *(टुक्रा-टाक्री), दोस्रो संस्करण २०६६ बाट*

ooo

पाठक-प्रतिक्रिया

# 'हाम्रो पुरुषार्थ' इतिहास संरक्षणको महत्त्वपूर्ण स्रोत

सर्वप्रथम मलाई गुल्मी जिल्लाको गौरव त्रैमासिक पत्रिका 'हाम्रो पुरुषार्थ'को ८५ औं अंकको प्रतिक्रिया लेख्ने अवसर जुराइदिनुभएकोमा म हाम्रो पुरुषार्थका सम्पादक मण्डलप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै मैले हाम्रो पुरुषार्थको ८५ औं अंकको बारेमा प्रितिक्रिया लेखिरहँदा अत्यन्तै गर्वानुभूति पनि गरिरहेको छु । किन भने मेरो बुबा स्व. कवि भेषबहादुर कुँवर 'प्रयासी'ले किरण पुस्तकालय स्थापना, यसको सञ्चालन र हाम्रो पुरुषार्थको प्रकाशनमा महत्त्वपूर्ण योगदान दिनुभएको थियो । हो आज उहाँ हामीबीच रहनुभएन तर पनि उहाँ, उहाँका हरेक कृतिहरूमा जीवित हुनुहुन्छ । उहाँले गरेका हरेक कार्यमा उहाँका पसिनाहरूको बासना आउँछ । उहाँका हरेक पसिनाका थोपाहरूबाट आउने बासनाले नै मलाई उहाँका पाइलाका छापहरूलाई पछ्याउनको लागि प्रेरित गरिरहन्छन् ।

अहिले विश्व समुदाय नै कोरोना भाइरसबाट आक्रान्त भैरहेको छ । यस्तो अवस्थामा पनि किरण पुस्तकालयले आफ्नो प्रकाशन 'हाम्रो पुरुषार्थ'लाई निरन्तरता दिनु आफैमा एउटा प्रशंसनीय कार्य हो । यसले प्रकाशकको आफ्ना पाठकहरूप्रतिको जिम्मेवारी बोध गराउँछ । सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक र साहित्यिक महत्त्व बोकेको हाम्रो पुरुषार्थले साहित्यिक क्षेत्रमा योगदान पुर्‍याउने स्रष्टाहरूको पहिचान गरी सम्मान गर्ने काम र नव-प्रतिभाहरूलाई आँगन प्रदान गर्छ । दक्षिण अफ्रिकाका प्रथम राष्ट्रपति नेल्शन मन्डेलाले भनेका थिए - **'शिक्षा भनेको विश्व परिवर्तन गर्ने सबैभन्दा महत्त्वपूर्ण हतियार हो ।'** यदि हामीहरूले आजसम्म विश्वमा भएका हरेक परिवर्तनहरूपछाडिका कारकतत्त्वहरू खोज्ने हो भने शिक्षालाई नै मुख्य कारकतत्त्वको रूपमा पाउँछौं । शिक्षा समाज परिवर्तनको संवाहक हो । शिक्षा र पुस्तकालयबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । शिक्षा भनेको ज्ञान हो भने पुस्तकालय भनेको ज्ञानको स्रोत । किरण पुस्तकालयले हाम्रो पुरुषार्थको माध्यमबाट अनवरत रूपमा हामी र हाम्रो समाजमा ज्ञानको प्रकाश छरिरहेको छ । कतिले प्रत्यक्ष रूपमा अनुभूत गरिरहेका छन् भने कतिले अप्रत्यक्ष रूपमा । यस पत्रिकाले हामी र हाम्रो समाज परिवर्तनको लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । यदि हामीहरूले आज अभ्यास गरिरहेको लोकतन्त्रकै कुरा गर्ने हो भने पनि यसको प्राप्तिको लागि योगदान दिने विभिन्न कारकतत्त्वहरूमध्ये हाम्रो पुरुषार्थ एउटा महत्त्वपूर्ण कारकतत्त्व हो । यो पत्रिका आफैमा पनि हाम्रो इतिहास संरक्षण गर्ने महत्त्वपूर्ण स्रोत हो । नेपाली बृहत्

शब्दकोशका अनुसार इतिहास भनेको अतीतकाल वा विगत समयका घटनाहरूको वर्णन, विश्लेषण र मूल्याङ्कन गर्ने ज्ञानको एक शाखा हो; वा भनौं इतिहास भनेको विगतको अध्ययन हो । वर्तमान समयमा घटेका घटनालाई व्यवस्थित रूपमा लिखित दस्तावेजमा संरक्षण गर्न सक्यौं भने त्यो नै भोलिको लागि दरिलो इतिहासको स्रोत बन्न सक्नेछ । जुन काम २०२५ सालदेखि अनवरत रूपमा हाम्रो पुरुषार्थले गरिरहेको छ ।

हाम्रो पुरुषार्थको ८५ औं अंकमा साहित्यिक क्षेत्रका अलग अलग विधाहरूको संयोजन पाउन सक्दछौं । यसमा हामीहरूले साहित्यिक क्षेत्रका अग्रजहरूदेखि लिएर नव प्रतिभाहरूका रचनाहरू पाउन सक्छौं । जसले धार्मिक, संस्कृतिक, भाषिक, प्राकृतिक, ऐतिहासिक महत्त्व बोकेका विषयहरू पस्किनुभएको छ । यसले सबै उमेर समूहका पाठकहरूलाई समेटेको छ । यस अङ्कमा आनुभाविक व्यक्तिहरूका अनुभव तथा विचारहरूलाई प्राथमिकता दिइएको छ, जुन हामीहरू सबैको लागि अत्यन्तै महत्त्वपूर्ण कुरा हो । हामीहरूले समयमै आनुभाविक व्यक्तिहरूका अनुभव र भोगाइभित्र रहेका यथार्थताहरूलाई समयमै पहिचान गरी आवश्यक कदम चाल्न नसक्दा आज हामीहरू लिम्पियाधुरा, लिपुलेक र भगवान् श्रीरामको वास्तविकता जस्ता कुराहरूमा पनि अन्योलमा पर्नु परिरहेको छ । अहिले परिस्थिति नै त्यस्तो बनिरहेको छ कि हामीहरूले हाम्रो आफ्नै वस्तुलाई पनि आफ्नो भन्नको लागि पनि प्रमाणको आवश्यकता पर्दछ । भगवान् सिद्धार्थ बुद्धको जन्म त भारतमा भएको हो भन्न सक्नेले, हामी परिकल्पना गर्न सक्छौं यस्ता कति धार्मिक, साँस्कृतिक महत्त्व बोकेका अमूल्य सम्पदाहरू प्रमाणविना हाम्रो स्वामित्त्वदेखि फुस्किरहेका छन् भनेर । किनभने ती सम्पदाहरू हाम्रा भए तापनि हाम्रा हुन् भन्ने हामीसँग कुनै आधार नै भेटिदैन; वा भनौं हामीहरूले हाम्रा आधार वा प्रमाणहरूलाई सुरक्षित गर्न नै सकेनौं । हामीहरूले यसमा सोच्नुपर्ने कुरा के हो भने हाम्रो देशका यस्ता धेरै सत्यताहरू, अमूल्य सम्पत्ति र सम्पदाका बारेमा लेखिएका लेखहरू प्रकाशित गरेर आउने सन्ततिहरूको लागि अप्रत्यक्ष रूपमा प्रमाण संरक्षण गर्नको लागि हाम्रो पुरुषार्थले पुर्‍याएको योगदान अतुलनीय छ ।

यसरी हाम्रो समाजमा ज्ञानको प्रकाश छर्ने, हाम्रो कला, साहित्य, संस्कृति, भाषा, र इतिहासलाई प्रवर्धन गर्न महत्त्वपूर्ण योगदान पुर्‍याउने यस किरण पुस्तकालय र यसले त्रैमासिक रूपमा प्रकाशित गर्ने 'हाम्रो पुरुषार्थ'लाई निरन्तरता दिनु हामी सबैको कर्तव्य हो र हामी सबैले आ-आफ्नो ठाउँबाट आ-आफ्नो कर्तव्य निभाउनुपर्छ ।

- **रमेशजङ्ग कुँवर**

- रेसुङ्गा नगरपालिका-२, गुल्मी

**ooo**

# किरण पुस्तकालयका विशिष्ट/आजीवन सदस्यको परिचय

## विशिष्ट सदस्य



नाम : **गणेशपुण्य श्रेष्ठ**
पिता/माता : गौरीनारायण/भुवनदेवी श्रेष्ठ
धर्मपत्नी : पम्फादेवी श्रेष्ठ
हजुरबुबा : हरिलाल उपाध्याय पन्थी
जन्ममिति : वि.सं. २००६ जेठ १० गते
ई.सं. १९४९ मे २३
ठेगाना : बुटवल-११, देवीनगर, चौपारीटोल संस्था, रूपन्देही
शिक्षा : असामान्य
सम्पर्क नं. : ९८४७२१८०७८
संलग्नता : १. नेवाः समाज, गुठी, बुटवल-११, २. लुम्बिनी वाङ्मय प्रतिष्ठान, बुटवल, ३. दैनिक पत्र, बुटवल मिडिया प्रकाशन, बुटवल, ४. निजामती सेवामा पूर्व राष्ट्रसेवक, ५. संस्थापक-बैंसालु पुस्तक पसल ।
कृति : अतीतको पानाभित्र लुकेको वर्तमान (प्रकाशित), फुटकर लेख कविताहरू पत्रपत्रिकाहरूमा प्रकाशित र अन्य कृति प्रकाशोन्मुख ।

---

## आजीवन सदस्य



नाम : **चमेली के.सी. कुँवर**
पिता/माता : इन्द्रबहादुर/शिवकला के.सी.
पति : चनकबहादुर कुँवर
जन्ममिति : वि.सं. २०२८/०६/०४
ठेगाना : रेसुङ्गा नगरपालिका-२, धागिथुम, गुल्मी
शिक्षा : अ.न.मी. (आई.ए. अध्ययन)
सम्पर्क नं. : ०७९-५२०६६४, ९८६७३२९२३०
संलग्नता : सिनियर अ.न.मी., गुल्मी जिल्ला अस्पताल, तम्घास, गुल्मी ।
पूर्व कार्यसमिति सदस्य - जनज्योति धागिथुम आमा समूह ।
पूर्व वि.व्य.स. सदस्य - रेसुङ्गा माध्यमिक विद्यालय, तम्घास ।
पूर्व सञ्चालक समिति सदस्य : लेकाली साकोस, तम्घास ।
कृषि, भेटनरी, स्वास्थ्य, वन आदिका विभिन्न महिला समूहमा आबद्ध ।

## आजीवन सदस्य



नाम : **भरत आचार्य**
पिता/माता : ज्ञानहरि/अम्बिका आचार्य
जन्ममिति : वि.सं. २०२९ साल
ठेगाना : वाङ्ला, अर्घाखाँची
शिक्षा : बी.ई. सिभिल इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक, नेपाल
मास्टर्स इन इन्जिनियरिङ लमार विश्वविद्यालय, अमेरिका
बी.एस्सी. त्रिभुवन विश्वविद्यालय, नेपाल
मास्टर्स इन सोसोलोजी एण्ड एन्थ्रोपोलोजी (अपूर्ण), त्रिभुवन विश्वविद्यालय, नेपाल
सम्पर्क नं. : ०१–४००८६३४, ९८५१११५०९१
E-mail : acharyabharat@hotmail.com
संलग्नता : एस्.ओ.एस्. बालग्राम (२०५३-०६३ सम्म विभिन्न पदमा)
सन् २००७ देखि २००९ सम्म अमेरिकामा न्यूक्लियर इञ्जिनियरिङ्ग र फोहोर प्रशोधन इञ्जिनियरिङ्गमा परामर्श दिने संस्थमा सेवा, हाल - वाङ्गला इन्जिनियरीङ एण्ड डेभलपर्स, वाङ्गला पब्लिक सेफि्ट ट्रेनिङ सेन्टरमा कार्यरत ।
नेपालमा आम सुरक्षा (विपद्व्यवस्थापन)को लागि क्याम्पस र विश्वविद्यालयमा आवश्यक व्यवस्था गरिनुपर्छ भन्ने मान्यतामा क्रियाशील ।

---

## हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरूको नामावली

| क्र.सं. | ग्राहकको नाम | ठेगाना |
|---|---|---|
| ९२४. | श्री गणेश पुण्य श्रेष्ठ | बुटवल-११ देवीनगर, रूपन्देही, मो.नं. ९८४७२१८०७८ |
| ९२५. | भरत आचार्य | वाङ्ला, अर्घाखाँची । मो.नं.:९८५१११५०९१ |

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको सङ्क्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैङ्कमा 'कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष' खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघसंस्थाहरूले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आह्वान गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ ।

बैङ्कको नाम : राष्टिय वाणिज्य बैङ्क

शाखा : सिंहदरबार परिसर

खाताको नाम : कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष

खाता नं. : १९६००००११०१

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना तथा प्रसारण विभाग**

## कवि प्रयासीका शैक्षिक, साहित्यिक, सांस्कृतिक र सामाजिक क्रियाकलापका केही चित्रात्मक झलकहरू ।



कवि दम्पती



पारिवारिक कार्यक्रममा




देवकोटा-जयन्ती र किरण पुस्तकालयको वार्षिकोत्सवमा




द रेयूकाई नेपालद्वारा आयोजित कार्यक्रममा



महेन्द्र माध्यमिक विद्यालयमा सम्मान ग्रहण गर्दै



वृक्षरोपण गर्दै



'हाम्रो पुरुषार्थ'का सम्पादक शशि पन्थीका साथ




बङ्गलादेशबाट फर्किएका छात्रछात्रलाई पुरस्कार प्रदान गर्दै




किरण पुस्तकालयद्वारा आयोजित पश्चिमाञ्चल क्षेत्रस्तरीय कविगोष्ठी कार्यक्रममा



स्काउट स्यालीमा सहाभागिता



महेन्द्र माध्यमिक विद्यालयको सांस्कृतिक कार्यक्रममा गीत गाउँदै



स्काउट कार्यक्रमलाई सम्बोधन गर्दै



स्काउट दिवसका सहभागीहरूसँग



सिद्धबाबा माध्यमिक विद्यालयमा कविता वाचन गर्दै कवि प्रयासी



महेन्द्र माध्यमिक विद्यालयमा कवि प्रयासीद्वारा सम्मान ग्रहण



किरण पुस्तकालयमा कविता वाचन गर्दै कवि प्रयासी

# कवि प्रयासीका केही कविता र कृतिहरू






सुशिला प्रिन्टर्स, गुल्मी (५४०४५०)